# मण्डलीको सिद्धान्त र अभ्यास



shepherds
GLOBAL CLASSROOM

# मण्डलीको सिद्धान्त र अभ्यास

shepherds
GLOBAL CLASSROOM

Shepherds Global Classroom संसारभरका उदीयमान ख्रीष्टियन अगुवाहरूका लागि पाठ्यक्रम प्रदान गरेर ख्रीष्टको शरीरलाई सुसज्जित गर्न अवस्थित छ। हामी विश्वको हरेक देशमा आत्मिक प्रशिक्षकहरूको हातमा २०-पाठ्यक्रमको पाठ्यसामग्रीको औजार राखेर स्वदेशी तालिम कार्यक्रमहरू गुणा गर्ने लक्ष्य राख्दछौं।

यो पाठ्यक्रम नि: शुल्क डाउनलोडको लागि https://www.shepherdsglobal.org/courses मा उपलब्ध छ।

मुख्य लेखक: डॉ. स्टीफन के. गिब्सन Dr. Stephen Gibson

प्रतिलिपि अधिकार © २०२३ Shepherds Global Classroom

दोस्रो संस्करण अंग्रेजीबाट नेपाली मा अनुवाद गरिएको हो।

सबै अधिकार सुरक्षित छ।

तेस्रो-पक्ष सामग्रीहरू उनीहरूको सम्बन्धित मालिकहरूको प्रतिलिपि अधिकार हो र विभिन्न इजाजतपत्रहरू अन्तर्गत बाडिएको छ।

धर्मशास्त्र पाठ © नेपाल बाइबल सोसाइटी १९९७, २००६, २००९, २०१२। प्रतिलिपि अधिकार सर्वाधिकार सुरक्षित छ। बाइबल संस्करण: नेपाली नयाँ परिमार्जित संस्करण (एनएनआरभी) https://www.bible.com/bible/१४८३/GEN.१.NNRV मा हेर्न सक्नु हुन्छ।

अनुमति सूचना:

यस पाठ्यक्रमलाई निम्न दिशानिर्देशहरू अन्तर्गत मुद्रण र डिजिटल ढाँचाहरूमा स्वतन्त्र रूपमा मुद्रित र वितरण गर्न सकिन्छ: (१) पाठ्यक्रमको विषय सूची कुनै पनि किसिमले परिवर्तन गर्न सकिने छैन; (२) प्रतिलिपिहरू फाइदाको लागि बिक्री गर्न सकिने छैन; (३) शैक्षिक संस्थाहरूले शिक्षण शुल्क लिए तापनि यस पाठ्यक्रमको प्रयोग/प्रतिलिपि गर्न स्वतन्त्र छन्; र (४) Shepherds Global Classroom अनुमति र पर्यवेक्षण बिना पाठ्यक्रम अनुवाद गर्न सकिने छैन।

# बिषय सूची


पाठश्रृङ्खलाको सिंहावलोकन ........ ५

(१) एउटै परमेश्वर र एउटै मण्डली ........ ७

(२) ख्रीष्टियनको एकता ........ १५

(३) स्थानीय मण्डली ........ २३

(४) मण्डलीका संघहरू ........ २९

(५) मण्डलीको सदस्यता ........ ३५

(६) सँगै जीवन बाँड्दै ........ ४५

(७) संसारमा मण्डली ........ ५१

(८) स्थानीय मण्डलीको समर्थन ........ ५७

(९) दशांश ........ ६३

(१०) बप्तिस्मा ........ ६९

(११) प्रभु भोज ........ ७७

(१२) मण्डलीको अनुशासन ........ ८५

(१३) ख्रीष्टियन अगुवाको चरित्र ........ ९३

(१४) आत्मिक वरदानहरु ........ १०१

(१५) मण्डलीको परिपक्वताको लागि प्रश्नहरु ........ १११

कार्यभारको अभिलेक ........ ११७

# पाठश्रृङ्खलाको सिंहावलोकन

## पाठश्रृङ्खलाको विवरण

यस पाठश्रृङ्खलाले पृथ्वीमा परमेश्वरको कार्यको केन्द्रबिन्दुको रूपमा मण्डलीको बाइबलीय अवधारणा प्रस्तुत गर्दछ। विद्यार्थीले ख्रीष्टियनको एकता, मण्डलीको सदस्यता, संगति, सेवकाईको आर्थिक सहयोग, दशांश, बप्तिस्मा, प्रभु भोज, मण्डलीको अनुशासन र मण्डलीको परिपक्वताको संकेतहरू बारे बुझाई प्राप्त गर्नेछन। यस पाठश्रृङ्खलाले मण्डलीको जीवन र कामको लागि सिद्धान्तहरू र अनुप्रयोगहरूको व्याख्या गर्दछ।

## पाठश्रृङ्खलाको उद्देश्यहरू

१. मण्डलीको पहिचान र बाइबलीय वर्णन बुझ्न।
२. मण्डलीको लागि परमेश्वरको योजना, र मण्डलीमा परमेश्वरको कार्य हेर्न।
३. मण्डलीमा सदस्य र अगुवाको जिम्मेवारीहरु सिक्न।
४. स्थानीय मण्डलीको समर्थन, प्रशासन र विकासको लागि सिद्धान्तहरू लागू गर्न।
५. मण्डलीको बारेमा सिकाउनका लागि बिषय सूची र संरचनाले सुसज्जित हुनु।

## कक्षा अगुवाहरूका लागि निर्देशनहरू

कक्षा अगुवाहरुको नोटहरू पाठको विशिष्ट भागहरूको लागि निर्देशनहरूको साथ पाठश्रृङ्खलाभरि समावेश गरिएको छ। *तिनीहरूलाई इटालिक गरिएको छ।*

**छलफलका प्रश्नहरू** र **कक्षामा गतिविधिहरू** ► द्वारा संकेत गरिएको छ। छलफलका प्रश्नहरूको लागि, कक्षाको अगुवाले प्रश्न सोध्नुपर्छ र विद्यार्थीहरूलाई जवाफको लागि छलफल गर्न समय दिनुपर्छ। यदि एउटै विद्यार्थीले प्रायजसो पहिला जवाफ दिन्छ वा कोही-कोही विद्यार्थीले बोलेनन् भने, अगुवाले कसैलाई यस्तो प्रश्न सिदै सोध्न सक्छन्: " सुरेश, तपाईंले यस प्रश्नको जवाफ कसरी दिनुहुनेछ ?"

पाठश्रृङ्खलामा धेरै **धर्मशास्त्रहरू** प्रयोग गरिएको छ। कक्षामा ठूलो स्वरमा पढ्नुपर्ने अनुच्छेदहरू तीर बुलेट बिन्दुहरूद्वारा सङ्केत गरिएको छ। अन्य समयमा धर्मशास्त्रका सन्दर्भहरू पाठको कोष्ठकहरूमा दिइएका छन्। उदाहरणका लागि: (१ कोरिन्थी १२:१५)। ती सन्दर्भहरू पाठमा दिइएका भनाईहरूको लागि समर्थन हुन्। कोष्ठकका अनुच्छेदहरू सधैं पढ्नु आवश्यक छैन।

प्रत्येक पाठमा इतिहासका कुनै न कुनै धर्मशास्त्रीबाट कम्तीमा दुईवटा **ब्लक उद्धरणहरू** हुन्छन्। जब कक्षा ब्लक उद्धरणमा आउँदछ, कक्षाको अगुवाले विद्यार्थीलाई उद्धरणलाई पढ्न र व्याख्या गर्न सोध्न सक्छ।

एउटा पाठ बाहेक सबै **सात सारांश भनाईहरुको** साथ समाप्त हुन्छ। यो पाठको उद्देश्य विद्यार्थीलाई यी बुँदाहरू बुझ्नु हो। विद्यार्थीहरूले यी सारहरू अध्ययन र याद गर्नुपर्छ। विद्यार्थीहरूले **प्रत्येक** सारको बारेमा **एक अनुच्छेद लेख्नुपर्छ** र ती अनुच्छेदहरू अर्को कक्षाको सुरुमा (सात अनुच्छेदहरू) कक्षाको अगुवालाई दिनुपर्छ। प्रत्येक अनुच्छेदमा विद्यार्थीले कक्षामा नभएको व्यक्तिलाई जस्तै भनाईलाई, किन यो एक महत्त्वपूर्ण अवधारणा हो सहित व्याख्या गर्नुपर्छ। अर्को कक्षाको सुरुमा, कक्षाको अगुवाले धेरै विद्यार्थीहरूलाई आफ्ना अनुच्छेदहरू सम्पूर्ण समूहसँग बाड्ने गर्नुपर्छ।

साथै अर्को कक्षाको सुरुमा, विद्यार्थीहरूले आफ्नो ज्ञानको लिखित परीक्षणको रूपमा सम्झनाबाट सात सारांश भनाईहरू लेख्नेछन्। कक्षाको अगुवाले परीक्षामा विद्यार्थीहरूले लिखित नोटहरू नहेर्ने वा एकअर्कालाई सहयोग नगर्ने कुरा सुनिश्चित गर्नुपर्छ। यदि एक विद्यार्थीले सूची लेख्न सक्षम भएन भने, उसले पछि पुन: प्रयास गर्ने तालिका बनाउन सकिन्छ।

पाठश्रृङ्खलाको एउटा उद्देश्य विद्यार्थीहरूलाई शिक्षक बन्न तयार पार्नु हो। कक्षाको अगुवाले विद्यार्थीहरूलाई उनीहरूको शिक्षणको सीप विकास गर्ने अवसर दिनुपर्छ। उदाहरणका लागि, कक्षाको अगुवाले कहिलेकाहीं विद्यार्थीलाई पाठको छोटो भाग कक्षामा पढाउन दिनुपर्छ।

**शिक्षण अभ्यासको कार्यभार**: पाठश्रृङ्खलाको क्रममा, विद्यार्थीले आफ्नो कक्षामा नभएको व्यक्ति वा समूहलाई पाठ, वा पाठको केहि भाग पढाउनु पर्छ। विद्यार्थीले सिकाउनका लागि सामग्री छनौट गर्न सक्दछन्। यो तीन पटक गर्नुपर्छ, विभिन्न सामग्री सँग। यो कार्यभारको लागि तालिका बनाईएको छैन। विद्यार्थीले आफैले अवसरहरू सिर्जना गर्नुपर्छ र उसले कार्यभार पूरा गरेको सुनिश्चित गर्नुपर्छ। विद्यार्थीले प्रत्येक पटक शिक्षण सत्र पूरा गर्दा कक्षाको अगुवालाई प्रतिबेदन दिनुपर्छ।

**अरु कार्यभारहरु**: अन्तरवार्ता, धर्मशास्त्र अध्ययन, लेखन वा परीक्षा पनि यसै पाठश्रृङ्खलाभरि समावेश गरिनेछ। कुनै पनि लिखित कार्यभारहरू निम्न कक्षाको सुरुमा दिनुपर्छ। कक्षाको अगुवाले सधैं कार्यभारको छलफलको नेतृत्व गर्नुपर्छ र थुप्रै विद्यार्थीहरूले आफूले सिकेका वा लेखेका कुराहरू बाँड्नुपर्छ।

यदि विद्यार्थी **Shepherds Global Classroom बाट प्रमाणपत्र कमाउन** चाहन्छ भने, उसले कक्षा सत्रहरूमा उपस्थित हुनुपर्दछ र कार्यभारहरू पूरा गर्नुपर्छ। पूरा भएका कार्यभारहरूको अभिलेखकको लागि पाठश्रृङ्खलाको अन्त्यमा एक फारम प्रदान गरिएको छ।

# पाठ १
# एउटै परमेश्वर र एउटै मण्डली

## परिचय

► तपाई किन मण्डली जानुहुन्छ ?

जब मानिसहरूले मण्डली जाने बारे कुरा गर्छन्, तिनीहरूको मतलब एक तालिका अनुसारको आराधना सेवाको लागि मण्डली भवनमा जानु हो।

धेरै मानिसहरू परमेश्वरको बारेमा सिक्न मण्डलीमा जान्छन् भन्छन्। कहिलेकाहीं परमेश्वरबाट टाढा महसुस गर्ने मानिसहरू परमेश्वरको उपस्थिति महसुस गर्ने आशामा मण्डलीमा जान्छन्। परमेश्वरलाई चिन्ने मानिसहरू आराधनामा उहाँको उपस्थिति अनुभव गर्ने आशामा मण्डलीमा जान्छन्। मण्डली परमेश्वरको बारेमा हो। मानिसहरूले मण्डलीको आराधना सेवाहरूमा परमेश्वरको उपस्थिति अनुभव गर्न सक्षम हुनुपर्छ।

तर मण्डली एउटा भवन होइन, र यो आराधनाको लागि संगति मात्र होइन। मण्डली विश्वासीहरूको समूह हो जो मण्डली हुनको लागि एकसाथ प्रतिबद्ध छन्। त्यसैले, जब हामी मानिसहरूले मण्डली हेर्ने वा मण्डलीमा आउने बारेमा कुरा गर्छौं, हाम्रो मतलब विश्वासीहरूको समूह हो। जब हामी मण्डली परमेश्वरको बारेमा हो भन्छौं, हाम्रो मतलब केवल भवन र आराधना सेवा परमेश्वरको बारेमा हो भन्ने होइन। प्रतिबद्ध विश्वासीहरूको समूहले सँगै बिताएको जीवन परमेश्वरको बारेमा हो।

## मूल शब्द

ग्रीक शब्द *एक्लेसिया ekklesia* (G१६७७/G1677)[1] नयाँ नियममा "मण्डली" भनेर सामान्यतया अनुवाद गरिएको शब्द हो। पहिलो शताब्दीमा यो ग्रीक शब्द सबैले प्रयोग गर्थे। जब एक सहरका नागरिकहरूलाई एक बैठकको लागि बोलाइन्छ, यस बैठकलाई *एक्लेसिया* भनिन्थ्यो।

यो शब्द नयाँ नियममा ११७ पटक प्रयोग गरिएको छ, तर ती सबै घटनाहरूले मण्डलीलाई बुझाउँदैन। कोही-कोहीले अन्य प्रकारका बैठकहरूलाई सङ्केत गर्छन् (प्रेरित १९:३२, ३९, र ४१)।

सुसमाचार हरेक जाति, सामाजिक वर्ग, स्थान र पेशाका मानिसहरूलाई दिइएको छ। जसरी सहरका सबैले बैठकको घोषणा सुन्न सक्थे, त्यसरी नै कुनै पनि वर्गका मानिसहरूलाई सुसमाचारको प्रस्ताव प्राप्त गर्नबाट अलग गरिएको छैन।

मण्डली मानिसहरूको समूह हो जसले सुसमाचारको बोलावटमा जवाफ दिन्छ। तिनीहरू ख्रीष्ट र उहाँको मण्डलीप्रति प्रतिबद्ध मानिसहरूको एउटा विशेष, विविध समूह गठन गर्न हरेक वर्गका मानिसहरूबाट आउँछन्।

---

[1] यो ग्रीक शब्दको लागि (Strong's Concordance number) हो।

## मण्डलीमा परमेश्वर पिता

त्रिएकका व्यक्तिहरू — पिता, पुत्र र पवित्र आत्मा — मण्डलीका विश्वासीहरूसित विशेष तरिकामा सम्बन्धित हुनुहुन्छ।

**परमेश्वरले मण्डलीमा गर्नुभएका कामहरूको निम्ति अनन्ततासम्म उहाँ महिमित हुनुहुनेछ।**

> उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन (एफिसी ३:२१)।

किनभने परमेश्वरको महिमाको लागि मण्डली अवस्थित छ, परमेश्वरको अनादर हुने कुनैपनि कार्य मण्डलीले गर्नु हुँदैन। मण्डलीले परमेश्वर कस्तो हुनुहुन्छ भन्ने बारेमा मानिसहरूलाई गलत बुझाइ दिने वा परमेश्वरको सट्टा कुनै व्यक्तिलाई केन्द्रबिन्दु बनाउने कुनै पनि काम गर्नु हुँदैन।

**मण्डली परमेश्वरको परिवार हो।**

> यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन् (गलाती ६:१०)।
>
> तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर: "हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्" (मत्ती ६:९)।

किनभने मण्डली परमेश्वरको परिवार हो, परमेश्वरमा विश्वास नगरेसम्म र उहाँसँग सम्बन्ध नराखेसम्म कुनै पनि व्यक्तिलाई साँच्चिकै मण्डलीमा हुन सम्भव छैन। कुनै पनि व्यक्ति मण्डलीका मानिसहरूलाई चिनेर मात्र मण्डलीमा प्रवेश गर्दैन। उनीहरु परमेश्वरसँगको सम्बन्धमा आएर र त्यसपछि परमेश्वरका जनहरूसँग सम्बन्ध गाँस्न प्रतिबद्ध भएर मण्डलीमा प्रवेश गर्दछ।

► परमेश्वरलाई आफ्नो पिताको रूपमा पाउनुको अर्थ के हो ?

## मण्डलीमा ख्रीष्ट

**मण्डली निर्माण गर्ने येशू नै हुनुहुन्छ।** येशूले मण्डलीको अन्तिम सफलताको प्रतिज्ञा गर्नुहुन्छ।

> म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन् (मत्ती १६:१८)।

**येशूले मण्डलीसँग हुने प्रतिज्ञा गर्नुभयो।**

> ...म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु (मत्ती २८:२०)।
>
> किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु (मत्ती १८:२०)।

> "व्यक्तिगत वाक्यांश 'मेरो मण्डली' ले येशूलाई सङ्केत गर्छ, मत्तीको अनुसार, जानाजानी प्रार्थना, प्रचार र अनुशासनको निरन्तर समुदाय गठन गर्ने उद्देश्य थियो। उहाँले आफ्ना चेलाहरूलाई बोलाउनुभयो र तालिम दिनुभयो र उहाँको स्वर्गारोहण पछि तिनीहरूलाई डोऱ्याउन पवित्र आत्माको आउनु हुनेछ भनि प्रतिज्ञा गर्नुभयो।"
> - थोमस ओडेन,
>
> *आत्मामा जीवन*

**ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ।** यस संसारमा मण्डली उहाँको शरीर हो। मण्डलीसँग ख्रीष्टको व्यक्तिगत सम्बन्ध हामीले बुझ्न सक्ने भन्दा पनि निकै गहिराईमा छ।

> र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ (एफिसी १:२२-२३)।
>
> किनभने हामी उहाँका शरीरको अङ्ग हौं (एफिसी ५:३०)।

"येशू ख्रीष्ट जहाँ हुनुहुन्छ, त्यहाँ क्याथोलिक [विश्वव्यापी] मण्डली छ।"
- इग्नाटियस
(स्मिर्नालाई लेखेको पत्रमा)

मण्डलीको सदस्य ख्रीष्टको शरीरको अङ्ग भएको हुनाले, जबसम्म कुनै पनि व्यक्तिले व्यक्तिगत रूपमा येशूलाई मुक्तिदाताको रूपमा उसको विश्वास नराखेसम्म र ख्रीष्टको अधिकारलाई प्रभुको रूपमा स्वीकार नगरेसम्म उ साँच्चिकै मण्डलीको भाग हुन सम्भव छैन।

► कस्तो प्रकारको व्यक्तिलाई ख्रीष्टको शरीरको अङ्ग भन्न सकिन्छ ?

## मण्डलीमा पवित्र आत्मा

प्रारम्भिक मण्डली पवित्र आत्माको उपस्थिति र शक्तिको बारेमा सचेत थियो भनेर प्रेरितको पुस्तकले देखाउँछ। पवित्र आत्मालेप्रचार गर्नको लागि प्रेरणा र शक्ति दिनुभयो (प्रेरित २:११)। उहाँले मानिसहरूलाई विशेष सेवकाईमा बोलाउनुभयो (प्रेरित १३:२)। उहाँले तिनीहरूलाई सेवकाईको लागि सही ठाउँहरुमा डोऱ्याउनुभयो (प्रेरित १६:६-१०)। उहाँले सैद्धान्तिक मुद्दाहरू समाधान गर्नुभयो (प्रेरित १५:२८)।

**पवित्र आत्मा मण्डलीको विश्वव्यापी मिशन पूरा गर्नको लागि महान् निर्देशक हुनुहुन्छ।**

कुनै पनि एकल मानव संगठनले सम्पूर्ण कार्य पूरा गर्ने आशा गर्न सक्दैन। परमेश्वरले मिसनरीहरूलाई बोलाउनुहुन्छ र पठाउनुहुन्छ, र उहाँले हरेक भौगोलिक क्षेत्रका आवश्यकताहरू जान्नुहुन्छ।

एक व्यक्ति पवित्र आत्माद्वारा पुनर्जन्मको आश्चर्यकर्मको अनुभव गरेर मण्डलीमा प्रवेश गर्दछ। पुनर्जन्म एक अलौकिक अनुभव भएकोले, सुसमाचार प्रचार अलौकिक तवरमा पवित्र आत्माद्वारा निर्देशित र सशक्त हुन्छ। सुसमाचार प्रचारको परिणामलाई प्राकृतिक कारणहरूले व्याख्या गर्न सकिंदैन।

**मण्डलीको जीवन आत्मामा जीवन हो।**

प्रारम्भिक मण्डलीमा आराधना पवित्र आत्माद्वारा निर्देशित थियो। उहाँले विभिन्न सदस्यहरू मार्फत बोल्नुभयो (प्रेरित ४:३०-३१)। पवित्र आत्माले आराधनाको योजनाबद्ध कार्यक्रम कुनै पनि समयमा परिवर्तन गर्न सक्नुहुन्छ।

मण्डली अन्य सबै प्रकारका मानव संगठनहरूभन्दा फरक छ। मण्डलीका सदस्यहरू एक-अर्कासँग संगतिमा हुन्छन् किनभने तिनीहरू परमेश्वरसँग सम्बन्धमा हुन्छन् र तिनीहरूको आत्मिक जीवन हुन्छ। परिवर्तित नभएको व्यक्ति मण्डलीलाई मन पराए तापनि र मण्डलीका मानिसहरूको मित्र भए तापनि वास्तवमा त्यो संगतिमा हुँदैन।

पवित्र आत्माले आत्मिक वरदानहरू दिनुहुन्छ ताकी यी मण्डलीका सदस्यहरूले एकअर्काको सेवा गर्न प्रयोग गर्नुपर्ने हुन्छ (१ कोरिन्थी १२:४-७)। यरूशलेममा प्रारम्भिक मण्डलीको सुरुवाती दिनहरूमा, सदस्यहरूको प्रतिबद्धता र एकता यति बलियो थियो कि आधुनिक विश्वासीहरूलाई त्यो कल्पना गर्न गाह्रो छ। मण्डलीका सदस्यहरूले सँगै जीवन बिताउन सकून् भनेर मानिसहरूले सम्पत्ति बेचे र पैसा दिए। जब हननिया र सफीराले झूट बोले, तिनीहरू मारिए किनभने तिनीहरूको पापले पवित्र आत्माले मण्डलीमा गरिरहनुभएको अद्भुत कार्यको अनादर गऱ्यो (प्रेरित ४:३२-३५, प्रेरित ५:१-४)।

**मण्डलीको एकता आत्माको जीवनद्वारा पूरा भएको हुन्छ।**

मण्डली (भवन होइन, तर विश्वासीहरूको समूह) लाई "जीवित परमेश्वरका मन्दिर" भनिन्छ किनभने मण्डलीमा आत्मा एक विशेष तरिकामा बस्नुहुन्छ (२ कोरिन्थी ६:१६)। जहाँ ख्रीष्टियन एकता भएको आत्मिक मन्दिरलाई हानि पुऱ्याउने कुनै पनि व्यक्तिलाई गम्भीर न्यायको फैसला सुनाइनेछ (१ कोरिन्थी ३:१६-१७)।

► पवित्र आत्माद्वारा आफूलाई शक्तिशाली भएको दाबी गर्ने तर मण्डलीमाथि आक्रमण गर्ने र विभाजन गर्ने व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

## मण्डलीद्वारा प्रकट गरिएको परमेश्वर

मण्डलीले मानिसहरूलाई परमेश्वरलाई सम्झन, परमेश्वरमा ध्यान केन्द्रित गर्न र परमेश्वरद्वारा परिवर्तनको अनुभव गर्न मदत गर्छ।

परमेश्वरद्वारा मण्डली रचना र सृष्टि गरिएको हो। पृथ्वीका अन्य कुनै पनि ठाउँभन्दा बढी, परमेश्वरलाई प्रेम गर्ने मानिसहरूले परमेश्वरको इच्छा जानीबुझीकन पूरा गर्ने ठाउँ नै मण्डली हो। त्यसकारण, मण्डलीले संसारलाई परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउँछ।

► मण्डलीलाई हेरेर मानिसहरूले परमेश्वरबारे के-कस्ता कुराहरू देख्नुपर्छ ?

मण्डलीलाई हेरेर, मानिसहरूले परमेश्वर मायालु र दयालु हुनुहुन्छ, सबै मानिसहरूको ख्याल राख्नुहुन्छ, क्षमा दिनुहुन्छ, सत्यताको समर्थन गर्नुहुन्छ, प्रतिबद्धताहरू राख्नुहुन्छ र पापीहरूलाई प्रेम गर्दा पापलाई घृणा गर्नुहुन्छ भनेर देख्नुपर्छ।

► मण्डली परमेश्वरको बारेमा छ भनेर सम्झेर मानिसहरूले कस्ता त्रुटिहरू हटाउँछन् ?

## आराधना

मण्डली परमेश्वरको लागि अवस्थित भएकोले, मण्डलीको आराधना परमेश्वरमा केन्द्रित हुनुपर्छ। जब आराधना मानव अगुवाहरु वा कलाकारहरूमा केन्द्रित हुन्छ, त्यो मानव-केन्द्रित हुन्छ, जुन मूर्तिपूजा हो। गलत आराधना शारीरिक हुन्छ, जसले केही मानिसहरूलाई उच्च तुल्याउँछ र प्राकृतिक चाहनाहरूलाई आकर्षित गर्छ। गलत आराधना शैतानिक पनि बन्न सक्छ किनभने आराधकहरुले आफूलाई परमेश्वरबाट नआएका भावनाहरू र आत्माहरूको अधीनमा बसिरहेका हुन्छन्।

## एक विश्वव्यापी मण्डली

► एक बिद्यार्थीले समूहको लागि एफिसी ४:१-६ पढ्नुपर्छ। यस खण्डले मण्डलीको बारेमा मुख्य कुरा के भन्छ ?

पावलले विश्वासीहरूलाई एकतामा रहन आह्वान गरे। एकताको कारण यो हो कि त्यहाँ एउटै मात्र मण्डली छ, जसरी त्यहाँ एउटै परमेश्वर र एउटै सुसमाचार छ। सबै साँचो ख्रीष्टियनहरू एउटै शरीरमा हुन्छन्। त्यहाँ एउटै ख्रीष्टियन धर्म र एउटै मण्डली छ किनभने एउटै परमेश्वर हुनुहुन्छ।

एउटा विश्वव्यापी मण्डली छ भन्ने तथ्यलाई १ कोरिन्थी १२:१३ मा जोड दिइएको छ, जहाँ पावलले विश्वास गर्ने अन्यजातिहरू सबै एउटै शरीरमा आउँछन् भनी भनेका थिए।

सार भनेको आधारभूत ख्रीष्टियन विश्वासहरूको भनाई हो। प्रारम्भिक ख्रीष्टियन सारलाई "प्रेरितहरूको सार" भन्थियो जसमा "म क्याथोलिक मण्डलीमा विश्वास गर्छु" भन्ने भनाई समावेश थियो। सारमा *क्याथोलिक* शब्दले रोमन क्याथोलिक मण्डलीलाई उल्लेख गर्दैनथ्यो। यसको अर्थ "विश्वव्यापी" वा "पूर्ण" थियो। सारले भनिरहेको थियो कि त्यहाँ एउटै मण्डली छ जहाँ सबै ठाउँ तिर ख्रीष्टियनहरु द्वारा प्रतिनिधित्व गरिएको छ।

► एक बिद्यार्थीले समूहको लागि एफिसी २:२० पढ्नुपर्छ।

मण्डली एउटै जगमा निर्माण गरिएको छ: प्रेरितहरू र अगमवक्ताहरूले प्रकट गरेको सेवकाई र सत्यता; र येशू ख्रीष्टको सेवकाई, सन्देश, प्रायश्चित, र निरन्तर जीवन। त्यहाँ एउटै जग र एउटै मण्डली छ।

चीनमा एउटा धर्म छ जसलाई पूर्वी चट्याङ भनिन्छ। येशूको काम समाप्त भएको छ र परमेश्वरले आधुनिक समयको लागि नयाँ मसीह पठाउनुभएको छ भनी तिनीहरू विश्वास गर्छन्। नयाँ मसीह एक चिनियाँ महिला हुन् जसले नयाँ शिक्षाहरू सिकाउँछिन्।

► पूर्वीय चट्याङ धर्मका कुनैपनि व्यक्तिलाई तपाईं के उत्तर दिनुहुन्छ ?

विश्वव्यापी मण्डलीको एकताको अर्थ एउटै संगठन सम्पूर्ण मण्डली हो भन्ने होइन। संसारमा सबै ठाउँको मण्डलीको लागि परमेश्वरको उद्देश्य पूरा गर्न कुनै पनि एउटा संगठन नजिक आउँदैन येशूले आफ्ना प्रेरितहरुलाई सबै ख्रीष्टियनहरु एउटै संगठनमा भएको आशा नगर्न भन्नुभयो (मर्कूस ९:३८-३९)।

रोमन क्याथोलिक मण्डलीले परमेश्वरको सम्पूर्ण मण्डली भएको दाबी गर्दछ। मोर्मोन हरू र यहोवाका साक्षीहरू पनि यही दाबी गर्छन्।

► आफ्नो संगठन पृथ्वीमा परमेश्वरको सम्पूर्ण मण्डली हो भनी दाबी गर्ने व्यक्तिलाई तपाईं के भन्न चाहनुहुन्छ ?

## एउटै मण्डली प्रति स्थानीय मण्डलीको जवाफदेहिता

स्थानीय मण्डलीले स्वतन्त्र रूपमा सिद्धान्त विकास गर्ने कुरामा स्वतन्त्र महसुस गर्नुहुँदैन। एक ठाउँमा, पावलले निर्देशनहरू दिए, त्यसपछि भने कि यो परमेश्वरको मण्डलीहरूमा यसरी गरिएको थियो (१ कोरिन्थी ११:१६)। उहाँले एउटा मण्डलीलाई भन्नुभयो कि तिनीहरूले केही सेवकहरूलाई स्वीकार गर्नुपर्छ किनभने तिनीहरूले अन्य मण्डलीहरूको प्रतिनिधित्व गर्थे (२ कोरिन्थी ८:२३-२४)। कुनै मण्डलीले अन्य सबै मण्डलीहरू भन्दा फरक सिद्धान्तहरू राख्ने निर्णय गर्नु गलत हुनेछ भनेर उनले स्पष्ट रूपमा संकेत गरिरहेका थिए।

कोरिन्थीका मण्डली आत्मिक वरदानहरूले आशिषित भएका थिए। तिनीहरूले आफैलाई स्वतन्त्र भएको सोच्न थाले, अरू कसैको कुरा सुन्नु आवश्यक थिएन। पावलले तिनीहरूको सोचाइ र अभ्यासलाई सच्याए र तिनीहरू परमेश्वरको वचनको मूल होइनन् भनेर सम्झाए; यो अरूहरूबाट तिनीहरूकहाँ आएको थियो र तिनीहरूकहाँ एक्लै आएको थिएन (१ कोरिन्थी १४:३६)। उनले आफ्नो मण्डलीमा आत्मिक रूपमा ज्ञानेन्द्रिय भएकाहरूले पावलको निर्देशनलाई परमेश्वरबाट प्रेरित भएको रूपमा चिन्नेछन् भनी बताए।

स्थानीय मण्डली स्व-शासित र स्व-पालित हुनुपर्छ; तर यसलाई सैद्धान्तिक स्थिरता, तालिमका स्रोतहरू र विश्व मिशन दृष्टिकोणको लागि विश्वव्यापी मण्डलीसँग सम्बन्ध चाहिन्छ।

आज त्यहाँ धेरै प्रकारका मण्डलीहरू र विभिन्न प्रकारका शिक्षाहरू छन्, यद्यपि तिनीहरू बाइबल को अनुसरण गर्ने दाबी गर्छन्। एउटा मण्डली विश्वव्यापी मण्डलीप्रति उत्तरदायी हुनुको अर्थ यसले वरपरका अन्य सबै मण्डलीहरूजस्तै हुने कोसिस गर्नुपर्छ भन्ने होइन। यसले ख्रीष्टियन धर्मका सिद्धान्तहरू कायम राख्नुपर्छ जुन नयाँ नियमको मण्डलीको सुरुमा अत्यावश्यक थियो। यो मण्डलीहरूको संगठनको भाग पनि हुनुपर्छ जसले एक-अर्काप्रति जवाफदेहीता प्रदान गर्दछ।

सैद्धान्तिक स्थिरताको लागि, स्थानीय मण्डलीमा तीनवटा कुरा हुनुपर्छ:

१. बाइबल नै पूर्ण अधिकार हो भन्ने यकिन
२. ऐतिहासिक ख्रीष्टियन धर्मका अत्यावश्यक सिद्धान्तहरू
३. असल ईश्वरशास्त्र भएका मण्डलीहरूको संगतिमा संगठन

यस पाठमा हामी सूचीमा दोस्रो अध्ययन गर्दैछौं। हामी अर्को पाठमा मण्डलीको सङ्गठनहरूबारे कुरा गर्नेछौं।

स्थानीय मण्डलीले प्रारम्भिक मण्डलीको अत्यावश्यक ख्रीष्टियन शिक्षाहरूको विपरीत सिद्धान्तहरू स्वीकार गर्न स्वतन्त्र महसुस गर्नु हुँदैन। ती सिद्धान्तहरू केही प्रारम्भिक सारहरूमा बताइएको छ। प्रेरितहरूको सार, निसेनको सार र चाल्सेडोनियनको सारले सुरुदेखि नै ख्रीष्टियन धर्मको लागि अत्यावश्यक सिद्धान्तहरू बताउँछ। यसमा त्रिएकका सिद्धान्तहरू र ख्रीष्ट र पवित्र आत्माको ईश्वरत्वका सिद्धान्तहरू समावेश छन्। यदि कुनै मण्डलीले ती सारका सिद्धान्तहरूलाई अस्वीकार गर्छ भने, उसले आफूलाई ख्रीष्टियन भन्नु हुँदैन, किनकि यो फरक धर्म हो।

## निसेनको सार

> म बिश्वास गर्दछु, एक सर्वशक्तिमान पिता, स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने माथि, जसले सबै दृश्य र अदृश्य थोकहरु बनाउनु भयो।
>
> र एक पुत्र प्रभु येशू ख्रीष्ट माथि, परमेश्वरको एक मात्र पुत्र , सारा संसारका एक मात्र पिता, प्रभुका प्रभु, ज्योतिको पनि ज्योति, सत्य परमेश्वरका सत्य प्रभु, एक मात्र नबनाईएका, परमेश्वरको एउटै स्वरुपमा बनिएका, सबै थोकहरु उहाँ द्वारा बनिए, जो हामी मानिसहरुका लागि र मुक्तिको निम्ति स्वर्गबाट तल ओर्लनुभयो। पवित्र आत्माद्वारा कन्या मरियमको कोखमा गर्भधारण हुनुभयो र मानवको रुपमा जन्मनुभयो। जो पन्तियस पिलातसद्वारा कुसमा टागिनुभयो, दुख र कष्ट भोग्नुभयो र गाडिनुभयो र तेश्रो दिनमा मरेकाहरुबाट बिउँतनुभयो र धर्मशाश्त्र अनुसार स्वर्गमा उचालिनुभयो र परमेश्वरको दाहिने हातपट्टि बिराजमान हुनुहुन्छ र उहाँ फेरि महिमाका साथ जिउँदा र मरेकाहरुको न्याय गर्नलाई आउनुहुनेछ, जसको राज्यको कहिल्यै अन्त्य हुँदैन।
>
> र म बिश्वास गर्दछु, पवित्र आत्मा परमेश्वर माथि, जसले जीवन दिनुभएको छ, जो पिता र पुत्रद्वारा अभिप्रेरित हुनुहुन्छ। जो पिता र पुत्रसँगै महिमित र आराधनाको योग्य हुनुहुन्छ। जुन कुरा अगमबक्ताहरुद्वारा पनि घोषित गरियो।
>
> र म बिश्वास गर्दछु , एक पवित्र विश्वमण्डली र प्रेरितीय मण्डलीमाथि। पापमोचनको निम्ति एकमात्र बप्तिष्मा मैले स्वीकारर गर्दछु र मृतकको पुनरुत्थान र संसारको आउने जीवनको निम्ति म हेर्दछु।

यदि कुनै व्यक्तिले निसेनको सारको कुनै एउटा भनाइसित सहमत नभएको निर्णय गर्छ भने के हुन्छ ? किनभने यी सिद्धान्तहरू मण्डलीले सुरुदेखि नै पालना गर्दै आएको छ, यदि उसले एउटालाई अस्वीकार गर्छ भने, उसले आफुसँग सत्यताको बुझाइ भएको दाबी गरिरहेको छ जुन मण्डलीसँग २,००० वर्षदेखि थिएन। यदि कुनै मण्डली वा व्यक्तिले प्रेरितहरूको सार, निसेनको सार र चाल्सेडोनियनको सारको सिद्धान्तहरू थामी राख्दैन भने, तिनको सिद्धान्तलाई विश्वास गर्नु हुँदैन। सारका सिद्धान्तहरूले सुसमाचारलाई समर्थन गर्दछ। यदि कुनै व्यक्तिले सारको सिद्धान्तलाई अस्वीकार गर्छ भने, उसले सुसमाचारको खण्डन गरिरहेको हुन सक्छ।

► कुनै पनि व्यक्तिले म ईसाई हुँ भन्छ तर निसेनको सारको भनाइसित असहमत हुन्छ भने तपाईं के भन्नुहुन्छ ?

## सात सारांश भनाई

१. एक स्थानीय मण्डली भनेको विश्वासीहरूको समूह हो जसले एक विशेष स्थानमा मण्डली हुन एकसाथ प्रतिबद्ध हुन्छन्।
२. मण्डलीले संसारलाई परमेश्वरको स्वभाव देखाउँछ।
३. आत्माको जीवन नै मण्डलीको जीवन र एकता हो।
४. मण्डलीको सदस्यता परमेश्वरसँगको सम्बन्ध र विश्वासीहरूको समूहप्रतिको प्रतिबद्धतामा आधारित हुन्छ।
५. त्यहाँ एउटा ख्रीष्टियन धर्म पछयाउने एउटा विश्वव्यापी मण्डली छ किनभने मण्डली एउटै परमेश्वरको बारेमा हो।
६. कुनै पनि मानव संगठन पृथ्वीमा परमेश्वरको सम्पूर्ण मण्डली होइन।
७. एउटा स्थानीय मण्डलीले विश्वव्यापी मण्डलीका आवश्यक, ऐतिहासिक सिद्धान्तहरू कायम राख्नुपर्दछ।

## पाठ १ को कार्यभारहरु

१. पाठ १ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. यस पाठश्रृङ्खलाको क्रममा, तपाईंले तपाईको कक्षामा भाग नभएको व्यक्ति वा समूहलाई पाठ, वा पाठको अंश सिकाउनु पर्नेछ। तपाईं कुन सामग्री सिकाउने हो छनौट गर्न सक्नुहुन्छ। तपाईंले विभिन्न सामग्रीको साथ, यो तीन पटक गर्नु पर्छ। आफ्नो शिक्षण अवसरहरूको तालिका आफैं बनाउनुहोस् र पढाएपछि कक्षाको अगुवालाई प्रतिबेदन दिनुहोस्।

# पाठ २

# ख्रीष्टियनको एकता

## परिचय

► विद्यार्थीले समूहको लागि निम्न काल्पनिक कथा पढ्नुपर्छ।

कुनै समयमा त्यहाँ एउटा यस्तो शहर थियो जहाँ नदीबाट बाढी आउने खतरा थियो। शहरका मानिसहरूले बालुवाका झोलाहरू भर्न र नदीको किनारमा राख्न टोलीहरू बनाए। मानिसहरूले उत्साहका साथ काम गरे, र टोलीमा एउटै भावना विकास भयो। टोलीहरूले चाँडै नै आफ्नो नाम आफै राखे। त्यहाँ सहर बचाउनेहरु, बालुवा सावेलहरू, र खोला अवरोधकहरू राखे। टोलीको पहिचान महत्त्वपूर्ण भयो। प्रत्येक टोलीका सदस्यहरूले मिल्दोजुल्दो शर्ट लगाए। उनीहरूले आफ्नो टोली कसरी उत्कृष्ट थियो भन्ने बारेमा कुरा गरे। तिनीहरूले अन्य टोलीहरूको कामको आलोचना गरे।

जब एक खोला अवरोधकले सहर बचाउनेबाट ठेलागाडा सापटी लिन आग्रह गरे, उनीहरूले उसलाई त्यो ठेलागाडालाई लिन अनुमति दिएनन्, किनकि उनीहरूले सोचे कि उनीहरूलाई पछि यसको आवश्यकता हुन सक्छ। जब बालुवा सावेलहरूसँग झोलाहरू समाप्त भयो, उनीहरूले थप झोलाहरु ल्याउनको लागि एक घण्टा पर्खनुपऱ्यो, यद्यपि अन्य टोलीहरूसँग अझै पनि अतिरिक्त झोलाहरु थिए। टोलीहरूले बिर्सेका थिए कि उनीहरू सबैको एउटै मिशन थियो। मिशनको कुल सफलता भन्दा प्रत्येक टोलीको सफलता बढी महत्त्वपूर्ण देखिन्थ्यो।

► कहिलेकाहीं मण्डलीहरूले कथामा भएका टोलीहरू जस्तै कसरी कार्य गर्छन् ?

बाइबलले ख्रीष्टियन एकताको महत्त्वलाई बलियो तरिकाले जोड दिन्छ। पावलले कोरिन्थीको मण्डलीको विभाजनलाई यस प्रश्नद्वारा खण्डन गरे, “के ख्रीष्ट बाँड़िनुभएको छ र ?” (१ कोरिन्थी १:१३)। उहाँले एफिसीलाई आत्माको एकता कायम राख्न भन्नुभयो, औंल्याउँदै कि, “शरीर एउटै छ... एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा” (एफिसी ४:४-५)। येशूले विश्वासीहरू एक होऊन् भनेर हृदयदेखि प्रार्थना गर्नुभयो ताकि संसारले उहाँ पिताबाट आउनुभएको हो भनी विश्वास गरून् (यूहन्ना १७:२१)।

सुरुदेखि नै, मण्डलीले आफूलाई एकै भएको ठान्थे। प्रेरितहरूको सारमा यो भनाई समावेश छ: “म विश्वास गर्छु ... पवित्र क्याथोलिक मण्डलीमा; सन्तहरूको संगतिमा।” निसेनको सारमा यो भनाइ समावेश गरिएको छ: “म एउटै क्याथोलिक र प्रेरितीय मण्डलीमा विश्वास गर्छु।” *क्याथोलिक* शब्दको अर्थ पूर्ण र विश्वब्यापी हो। *प्रेरितीय* शब्दको अर्थ यो हो, मण्डली प्रेरितहरूद्वारा स्थापित गरिएको थियो र अझै पनि प्रेरितहरूको शिक्षालाई पछ्याउँदछन्।

प्रारम्भिक सारहरूले ख्रीष्टियन धर्मको अत्यावश्यक सिद्धान्तहरू व्यक्त गर्थे।मण्डलीले यी सारहरुलाई स्वीकार नगर्ने कुनै पनि व्यक्तिलाई ख्रीष्टियन मान्दैनथ्यो, किनकि यी सारहरू अत्यावश्यक ख्रीष्टियन धर्मलाई परिभाषित गर्ने उद्देश्यले बनाइएका थिए। त्यसकारण, यदि कुनै व्यक्तिले त्यहाँ साँचो मण्डलीहरू छन् जो एउटै विश्वव्यापी मण्डलीको भाग होइनन् भनेर सोच्दछ भने त्यो धर्मविधर्मी हो।

## सम्प्रदायहरू

पृथ्वीमा भएको मण्डली धेरै शताब्दीदेखि एउटै संगठनमा सङ्गठित भएको छैन। यसको सट्टा, मण्डलीहरूको धेरै अलग-अलग समूहहरू छन्। एउटै संगठन बनाउने मण्डलीहरूको एउटा समूहलाई सम्प्रदाय भनिन्छ।

ई.सं. ४५१ मा, सैद्धान्तिक असहमतिका कारण ओरिएन्तल अर्थोडक्स रोमन क्याथोलिकवादबाट अलगिएको थियो। आज ओरिएन्ट अर्थोडक्समा क्षेत्रीय मण्डलीको संगठनहरू छन्: कप्टिक, इथियोपियाली, इरिट्रियाली, मलंकारा सिरियाली, सिरियाक र अर्मेनियाली अपोस्टोलिक।

ई.सं. १०५४ मा, पूर्वी अर्थोडक्सी रोमन क्याथोलिकवादबाट अलग भएको हो। आज पूर्वी अर्थोडक्सीमा १५ क्षेत्रीय मण्डलीको संगठनहरू छन्, जसमा रूसी अर्थोडक्स मण्डली, सर्बियाली अर्थोडक्स मण्डली र साइप्रसको मण्डली समावेश छन्।

ती विशाल विभाजनहरू बाहेक, ती शताब्दीहरूमा मण्डलीका अन्य समूहहरू रोमी मण्डलीबाट अलग्गिएका थिए।

प्रोटेस्टेन्ट सुधारबाद १५०० को दशकमा भएको थियो। रोमी मण्डलीले साँचो सुसमाचार अब स्पष्ट रूपमा प्रचार गर्दैन भन्ने विश्वासले गर्दा थुप्रै मण्डलीहरू रोमी क्याथोलिकवादबाट अलग्गिएका थिए। त्यहाँ अन्य धेरै मुद्दाहरू थिए, राजनीतिक मुद्दाहरू सहित, तर सिद्धान्त सबैभन्दा महत्त्वपूर्ण थियो।

सुधारबादबाट धेरै सम्प्रदायहरू बनेका थिए। इङ्गल्याण्ड देशमा मण्डलीहरू इंग्ल्याण्डको मण्डली मिलेर बनेको थियो। जब तिनीहरूले अन्य देशहरूमा मण्डलीहरू स्थापना गरे, तिनीहरूलाई एपिस्कोपल मण्डली भनिन्थ्यो।

प्रेस्बिटेरियन मण्डलीहरु सुधारवादीहरुको प्रभावबाट आएका थिए: स्विट्जरल्याण्डमा जोन केल्भिन, स्कटल्याण्डमा जोन नक्स, र अन्य। आज धेरै प्रेस्बिटेरियन सम्प्रदायहरू छन्।

जर्मनीमा मार्टिन लुथरको सेवकाईबाट लुथरन मण्डली सुरु भएको थियो। अरू थुप्रै देशहरूमा पनि लुथरन मण्डलीहरू छन्।

एनाब्याप्टिस्टहरूले सुधारबादले धर्मशास्त्रीय सुसमाचारलाई पूर्णतया पुनर्स्थापित गरेको छैन भनी विश्वास गरे। आराधना अशास्त्रीय समारोहहरू बिना हुनुपर्छ र बप्तिस्मा केवल ख्रीष्टमा परिवर्तन गर्नेहरूका लागि मात्र हो, बालबच्चाहरुका लागि होइन भन्ने तिनीहरूको विश्वास थियो। तिनीहरूबाट धेरै देशहरूमा ब्याप्टिस्टहरूको सम्प्रदायहरू आएका छन्।

सन् १९०६ मा पेन्टेकोस्टल मण्डलीहरु लस एन्जलसमा भएको जागृतिबाट सुरु भएको थियो। संसारका थुप्रै देशहरूमा पेन्टेकोस्टल र क्यारिज्म्याटिक सम्प्रदायहरूको ठूलो विविधता अवस्थित छ। तिनीहरूसँग धेरै विविधताका सिद्धान्तहरू छन्।

अहिले हजारौं सम्प्रदायहरू छन् जसले आफूलाई ख्रीष्टियन हुँ भनेर दाबी गर्छन्। त्यहाँ हजारौं स्वतन्त्र मण्डलीहरू छन् जुन कुनै पनि सम्प्रदायको भाग होइनन्।

सम्प्रदाय प्रायः मानिसहरूको समूहबाट सुरु हुन्छ जसले विश्वास गर्छन् कि उनीहरू जुन मण्डलीमा रहेको छन् त्यसले महत्त्वपूर्ण सत्यलाई अस्वीकार वा व्यवास्ता गर्दछ। तिनीहरूले सैद्धान्तिक रूपमा सही हुने अभिप्रायले नयाँ सम्प्रदाय सुरु गर्छन्। समयबित्दै जाँदा, तिनीहरूले आफ्ना सिद्धान्तहरू विकास गर्न जारी राख्छन्, र अन्य सम्प्रदायहरू भन्दा फरक हुँदै जान्छन्। तिनीहरूले आराधनाको उचित रूप र ख्रीष्टियन जीवनको विवरणहरूको बारेमा पनि विभिन्न परम्पराहरू पनि विकास गर्छन्।

कहिले काहिँ सुसमाचारसँग सम्प्रदायहरु सुरु हुन्छ। यदि कुनै क्षेत्रमा धेरै जना येशूमा फर्किएको छ भने र तिनीहरको हेरचाहा कुनै सम्प्रदायले गरेको छैन भने, एउटा नयाँ सम्प्रदाय बन्न सक्छ। एउटा सम्प्रदाय कुनै विशेष देशमा मिसन संगठनको कामबाट सुरु हुन सक्छ।

अधिकांश ख्रीष्टियन सम्प्रदायहरूले आफूलाई साँचो ख्रीष्टियन भएको दाबी गर्दैनन्। यदि कुनै संगठनले पृथ्वीमा परमेश्वरको सम्पूर्ण मण्डली भएको दाबी गर्छ भने, त्यसमा विश्वास गर्नु हुँदैन।

► तपाईंलाई मण्डली र सम्प्रदायका कति फरक नामहरू थाहा छ ?

अविश्वासीहरूले ख्रीष्टियन धर्मको विभाजन र विविधताको कारण यसको विरोध गर्छन्। थुप्रै अविश्वासीहरू ख्रीष्टियन धर्मका विभिन्न सम्प्रदायहरू एकअर्काको विरोधाभास गर्छन् भन्ने सोचाइ राख्छन्। संसारका थुप्रै मानिसहरू ख्रीष्टियनहरु बीच कुनै प्रकारको एकता छैन भन्ने सोच्छन्।

► मण्डलीहरू बीचको एकतालाई अस्वीकार गर्ने केही व्यवहारहरू के-के हुन्के के हुन् ?

मण्डलीहरूले ती कुराहरूलाई जोड दिन्छन् जसले तिनीहरूलाई अरु मण्डलीहरूभन्दा फरक बनाउँदछ, यद्यपि ती कुराहरू विश्वासको आधारभूत सिद्धान्तहरू होइनन्। कहिलेकाहीं मण्डलीहरूले, वास्तवमा नबुझिकन अरु मण्डलीहरूलाई पाखण्ड, सम्झौता वा अन्य पापहरूको आरोप लगाउन तुरुन्तै कदम चाल्छन्। कुनै-कुनै मण्डलीहरूले आधारभूत ख्रीष्टियन सिद्धान्तहरूमा विश्वास गरे तापनि अन्य मण्डलीहरू ख्रीष्टियन होइनन् भन्छन्।

महान् आज्ञा पूरा गर्न मण्डलीहरू एकताबद्ध भएको देखिंदैन। मण्डलीहरुले व्यवसाय जस्तै प्रतिस्पर्धा गरिरहेको जस्तो देखिन्छ। धेरै अगुवाहरूले आफ्नो संगठनको नाम नभएको सेवकाईलाई मदत गरेमा श्रम र स्रोतहरू खेर जाने ठान्छन्।

सायद सबै ख्रीष्टियनहरू एकतामा हुनुपर्छ भन्ने कुरामा सबै ख्रीष्टियनहरू सहमत होलान्, तर त्यो एकताले कस्तो रूप लिनुपर्छ भनेर धेरैलाई थाह छैन। पहिलो, हामी विश्वव्यापी मण्डलीको एकताको बारेमा कुरा गर्नेछौं; त्यसपछि, हामी स्थानीय मण्डलीको एकताको बारेमा कुरा गर्नेछौं।

## विश्वव्यापी मण्डलीको एकता: संस्थागत संघ होइन

कोही-कोही मानिसहरू सबै मण्डलीहरू एउटै संगठनमा एकताबद्ध हुनुपर्छ भन्ने सोच्छन्। तिनीहरू धेरै अलग-अलग संगठनहरुको अस्तित्वको अर्थ भनेको मण्डली एकतामा छैन भनेर सोच्छन्। तिनीहरूले मण्डलीको सार र मण्डलीका संस्थाहरूबीच कुनै ठ्याक्कै भिन्नता ठम्याउनै सक्दैनन्; त्यसकारण, तिनीहरूका लागि एकता भनेको संस्थाहरूको एकता हो भन्ने छ।

► सबै ख्रीष्टियन संगठन र मण्डलीहरू एउटै संगठनमा एकताबद्ध हुनुपर्छ भन्ने सोचाइ राख्ने व्यक्तिलाई तपाईं के भन्न चाहनुहुन्छ ?

संस्थाहरूले आफ्नो सैद्धान्तिक भिन्नताले कुनै महत्व राख्दैन भन्ने निर्णय नगरी जोडिन सक्दैनन्। एकताबद्ध हुन, तिनीहरूले केही आधारभूत सिद्धान्तहरूमा सहमत हुनैपर्छ र तिनीहरूका अरू थुप्रै सिद्धान्तहरू असहमत हुनेहरूबाट छुट्याउन पर्याप्त महत्त्वपूर्ण छैनन् भनेर निर्णय गर्नुपर्छ।

सबै मण्डलीहरूलाई एउटै संगठनमा एकताबद्ध गर्ने सम्पूर्ण प्रयास ख्रीष्टियन एकता भनेको संस्थागत एकता हो भन्ने विचारमा आधारित छ। येशू आफैले पनि आफ्नो पार्थिव सेवकाईको दौडान आफ्ना सबै अनुयायीहरूलाई एउटै संगठनमा हुनुपर्छ भनेर माग गर्नुभएन, जुन यस घटनाले देखाउँछ:

> तब यूहन्नाले भने, "गुरुज्यू, एक जनाले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं, र हामीले त्यसलाई मनाही गर्‍यौं। किनकि त्यसले हामीहरूसँग तपाईंको अनुसरण गर्दैन।" तर येशूले तिनलाई भन्नुभयो, "तिनलाई मनाही नगर। किनभने जो तिम्रो विरुद्धमा छैन, त्यो तिम्रो पक्षमा हुन्छ।" (लूका ९:४९-५०)।

येशूका बचनहरूले देखाउँछन् कि कोही हाम्रो संगठनको भाग नभए तापनि, तिनीहरूले हामीले जस्तै परमेश्वरको काम गरिरहेका हुन सक्छन्। निस्सन्देह, त्यहाँ एउटा ख्रीष्टियन एकता छ जुन कुनै एक संस्थामा हुनु समावेश छैन।

शताब्दियौंदेखि येशूको पार्थिव सेवकाईपछि त्यहाँ त्यस्ता संस्थाहरू छन् जसले आफूलाई सम्पूर्ण मण्डली भएको दाबी गर्दै आएका छन्, कुनै पनि छुट्टै सङ्गठनहरू ख्रीष्टियन थिएनन् भनेर भन्दै छन्। येशूले आफ्ना चेलाहरूको समूहलाई सम्पूर्ण मण्डली हो भनी दाबी गर्नुभएन, जबकि उहाँ भौतिक रूपमा यसको अगुवाइ गर्न उपस्थित हुनुहुन्थ्यो।

कहिलेकाहीं मानिसहरूले *अदृश्य मण्डली* भन्ने शब्द प्रयोग गर्छन्। *अदृश्य मण्डली* शब्दले सबै ख्रीष्टियनहरू समावेश भएको सदस्यता सूची भएको कुनै दृश्य संगठन छैन भन्ने तथ्यलाई जनाउँछ। साथै, ख्रीष्टियन सङ्गठनहरूमा यस्ता सदस्यहरू हुन्छन् जो साँच्चै ख्रीष्टियन होइनन्। त्यसकारण, हामी कुनै विशेष संगठनलाई औंल्याउन सक्दैनौं र यो विश्वव्यापी मण्डली हो भनेर भन्न सक्दैनौं।

विश्वव्यापी मण्डली एउटै संगठन नभए तापनि, सबै ख्रीष्टियनहरु बीचको एकता देख्न सकिन्छ। येशूले प्रार्थना गर्नुभयो कि विश्वासीहरू एकतामा हुनेछन् र भन्नुभयो कि परिणाममा संसारले उहाँमाथि विश्वास गर्नेछन् (यूहन्ना १७:२१)। यसको अर्थ ख्रीष्टियन एकता ख्रीष्टियनहरूले र संसारले कुनै न कुनै रूपमा देखिनुपर्ने हुनुपर्दछ।

► जब तपाईंले म ख्रीष्टियन हुँ भनी भन्ने व्यक्तिलाई भेट्नुहुदा, उहाँसँग ख्रीष्टियन एकता राख्न सक्षम हुनको लागि तपाईंलाई के आवश्यक छ ?

## ख्रीष्टियन एकताको आधार

स्थानीय मण्डलीको एकता बाइबलीय शिक्षा, अनुग्रहको अनुभव र आत्माको जीवनमा आधारित छ। स्थानीय मण्डलीभन्दा बाहिरका ख्रीष्टियनहरूको एकताको एउटै आधार छ, यद्यपि कम विवरणको साथमा पनि।

एकताको आधार बताउने अर्को तरिका यो हो: यदि कुनै व्यक्तिले आफूले मुक्ति पाएको छ भनेर गवाही दिन्छ, आत्मिक जीवन पाएको जस्तो देखिन्छ र आधारभूत ख्रीष्टियन सत्यtaमा विश्वास गरेको देखिन्छ भने, ख्रीष्टियन संगति सम्भव छ। सङ्गति तबसम्म जारी रहन सक्छ जबसम्म ति व्यक्ति परमेश्वरसँगको सम्बन्धमा र बाइबलप्रति आज्ञाकारितामा बाँचिरहेको देखिन्छ।

ख्रीष्टियन एकता सिद्धान्तको हरेक विवरणमा सहमतिमा निर्भर गर्दैन। सबै ठाउँका मण्डलीले सिद्धान्तको सबै विवरणहरूमा सहमत हुन सम्भव छैन। प्रेरितहरूको पनि असहमति थियो (गलाती २:११-१४)।

विश्वासीहरूका समूहहरूले बाइबल अध्ययन गर्छन् र आफूले विश्वास गरेको कुराको छलफल गर्छन्, आफू सही छु भनेर निश्चित गर्ने प्रयास गर्छन्। तिनीहरूले ख्रीष्टियनहरूका केही अन्य समूहहरूको सिद्धान्तहरूसँग सहमत भएका छैनन् भन्ने कुराको तिनीहरूले महसुस गर्छन्।

त्यहाँ केही सिद्धान्तहरू छन् जुन ख्रीष्टियन विश्वासको लागि आधारभूत र आवश्यक छन्। यदि कुनै व्यक्तिले ती सिद्धान्तहरूमा विश्वास गर्दैन भने, उसले सुसमाचारलाई बुझ्न र विश्वास गर्न सक्दैन।

अनि त्यहाँ सिद्धान्तहरूको लामो सूची छ जुन कुनै विशेष मण्डलीले विश्वास गर्छन। धेरैजसो मण्डलीहरूले यो बुझ्छन् कि सबै ठाउँमा सबै ख्रीष्टियनहरू सबै सिद्धान्तहरूमा सहमत हुँदैनन्। बाइबलमा कुनै सिद्धान्त निहित भए तापनि, सबैले बाइबललाई उस्तै तरिकाले बुझ्न सक्दैनन्।

► आधारभूत सिद्धान्तका केही उदाहरणहरू के हुन् ? आधारभूत नभएका अरू केही सिद्धान्तहरू के हुन् ?

> "यदि तपाईंको हृदय सही छ भने, जसरी मेरो हृदय तिम्रो हृदयमा छ, तब मलाई धेरै कोमल स्नेहले प्रेम गर, एक मित्रको रूपमा जो एक भाई भन्दा नजिक छ; ख्रीष्टमा एक भाइको रूपमा, नयाँ यरूशलेमको एक सँगी नागरिकको रूपमा, एउटै युद्धमा संलग्न एक जना सँगी सिपाही, हाम्रो मुक्तिको उही कप्तानको अधीनमा। मलाई येशूको राज्य र धैर्यको एक साथीको रूपमा र उहाँको महिमाको संयुक्त उत्तराधिकारीको रूपमा प्रेम गर्नुहोस्।"
>
> - जोन वेस्ले,
>
> "*एकताको आत्मा*"

केही आधारभूत शिक्षाहरू परमेश्वरको स्वभाव, ख्रीष्ट र पवित्र आत्माको ईश्वरत्व, ख्रीष्टको प्रायश्चित, र विश्वासद्वारा अनुग्रहबाट मुक्तिको बारेमा छन्।

केही सिद्धान्तहरू जुन आधारभूत छैनन् ती आराधनाका रूपहरू र ख्रीष्टियन जीवनको बारेमा विवरणहरू बारे विश्वासहरू हुन्। हामीले गर्ने सबै कुरामा बाइबलीय हुने प्रयास गर्नु महत्त्वपूर्ण छ, तर हामीले यो बुझ्नुपर्छ कि सबै साँचो ख्रीष्टियनहरूले यी विवरणहरूमा सहमत हुनेछैनन्।

## साँचो मण्डलीका चिन्हहरू

साँचो मण्डलीका चिन्हहरूको प्राचीन अवधारणा रोमन क्याथोलिक मण्डली र सुधारकहरू दुवैले कायम राखेका थिए। शताब्दीयौंदेखि मसीहीहरूले साँचो मण्डलीका चार चिन्हहरू एकता, पवित्रता, क्याथोलिकता र प्रेरितता हुन् भनी विश्वास गर्दै आएका छन्। ती शब्दहरूलाई विभिन्न तरिकाले परिभाषित गरिएको छ।

यहाँ केही सरल परिभाषाहरू छन्। *एकताको* अर्थ यो हो कि मण्डलीमा सबै साँचो ख्रीष्टियन समावेश छन्, यद्यपि औपचारिक सूचीमा हुनु आवश्यक छैन। *पवित्रताको* अर्थ यो हो कि मण्डली पापको विरुद्धमा खडा हुन्छ र पापबाट मुक्तिमा विश्वास गर्दछ। *क्याथोलिकताको* अर्थ यो हो कि मण्डलीले कुनै पनि संस्कृतिमा कुनै पनि ठाउँमा सान्दर्भिक रूप लिन सक्छ, आवश्यक सत्यलाई कायम राखेको क्रममा। *प्रेरितताको* अर्थ यो हो कि मण्डलीले प्रेरितहरूले स्थापित गरेको मौलिक विश्वास धारण गर्छ।

## मण्डली प्रतिस्पर्धाको त्रुटि

कहिलेकाहीं कुनै क्षेत्रका मण्डलीहरू एकसाथ संगै यति नजिक हुन्छन् कि मानिसहरूले कुन मण्डलीमा भाग लिन चाहने हो भनेर सजिलै छनौट गर्न सक्छन्। मण्डलीका मानिसहरूले आफ्नो मण्डली अन्य मण्डलीहरूभन्दा राम्रो छ भनेर समुदायका मानिसहरूलाई देखाउने कोसिस गर्न सक्छन्। तिनीहरू अन्य मण्डलीहरूसँग प्रतिस्पर्धा गर्छन् र आफ्नै मण्डलीलाई अझ आकर्षक बनाउने कोसिस गर्छन्। यदि मानिसहरूको संख्या बढ्दै गयो भने तिनीहरूको मण्डली सफल हुन्छ भन्ने तिनीहरू सोच्छन्।

मण्डलीहरूबीचको प्रतिस्पर्धा मण्डलीको गलत बुझाइमा आधारित छ। धेरै मानिसहरूले मण्डली ग्राहकहरूलाई आकर्षित गर्ने व्यवसाय जस्तै हो भनि सोच्छन जस्तो लाग्छ। वा तिनीहरू सोच्छन् कि यो एक देखाउने ठाउँ जस्तै हो जुन दर्शकहरूलाई आकर्षित गर्न आवश्यक छ। यी कुराहरु मण्डलीका गलत धारणाहरू हुन्।

मण्डली एक आत्मिक परिवार हो। राम्रो परिवारका सदस्यहरूले एकअर्काको हेरचाह गर्ने कोसिस गर्छन्। तिनीहरूले परिवारका आवश्यकताहरू पूरा गर्न मिलेर काम गर्छन्। तिनीहरु आफ्नो सम्बन्धका कारण सँगै समय बिताउँछन्।

मण्डली विश्वासको परिवार हो, जुन परमेश्वर र एक-अर्कासितको सम्बन्धमा आधारित छ। तिनीहरू सुसमाचार र मण्डलीको पारिवारिक जीवनबाट आकर्षित हुने नयाँ सदस्यहरू चाहन्छन्। मण्डलीले सुसमाचार संचार गर्न र मण्डलीको जीवन प्रदर्शन गर्ने कुरामा ध्यान केन्द्रित गर्नुपर्छ। त्यसपछि तिनीहरूले ठिक मानिसहरूलाई आकर्षित गर्नेछन्, मानिसहरू जो परिवारको हिस्सा बन्न इच्छुक छन्।

► यदि कुनै मण्डलीले त्यस क्षेत्रका अन्य मण्डलीहरूसँग प्रतिस्पर्धा गर्न खोज्छन् भने, प्रतिस्पर्धाले मण्डलीलाई कसरी परिवर्तन गर्नेछ ?

## स्थानीय मण्डलीको एकता

► स्थानीय मण्डलीका विश्वासीहरू किन प्रारम्भिक ख्रीष्टियन सारहरूमा पाइने सिद्धान्तहरू भन्दा पनि बढी सिद्धान्तहरूमा आपसी सहमत हुनुपर्छ ?

एक ख्रीष्टियनले अन्य ख्रीष्टियनहरूको गवाही स्वीकार गर्न सक्छ जसले आफ्ना सबै सिद्धान्तहरू पालना गर्दैनन्, जबसम्म तिनीहरूले आधारभूत ख्रीष्टियन सिद्धान्तहरू पालना गर्छन् र ख्रीष्टियन जीवन प्रदर्शन गर्छन्। तथापि, एक जना ख्रीष्टियनले व्यक्तिगत रूपमा आफूले सही ठानेको कुरा अभ्यास गर्नुपर्छ, त्यसैले उसले सबै ख्रीष्टियनहरूसँग सेवकाईमा भाग लिन सक्दैनन्। उदाहरणका लागि, यदि कुनै पास्टरले बाइबलले ख्रीष्टमा परिवर्तन हुनेहरूलाई बप्तिस्मा दिनु भन्छ भनी विश्वास गर्छ भने, उसले ख्रीष्टमा परिवर्तन हुनेहरूलाई बप्तिस्मा दिन आवश्यक छैन भनेर सिकाउने मानिसहरूको समूहलाई पास्टरिय कार्य गर्न सक्दैनन्।

अर्को उदाहरण: यदि कुनै व्यक्तिले अन्य भाषाको वरदान आत्माले भरिएको प्रमाण होइन भनी विश्वास गर्छ भने, अन्य भाषामा नबोल्ने मानिसमा पवित्र आत्मा छैन भनी विश्वास गर्ने मानिसहरूसँग सेवकाईमा भाग लिन तिनलाई गाह्रो हुनेछ। तिनीहरूको संगतिको लागि समस्याहरू हुने थिए किनभने तिनीहरूले उहाँको गवाही स्वीकार्ने थिएनन्। सेवकाईको सहकार्यमा समस्याहरू हुनेछन् किनभने तिनीहरूले नयाँ ख्रीष्टमा परिवर्तन भएकाहरूलाई अन्य भाषामा बोल्ने अनुभवमा नेतृत्व गर्न कोसिस गर्नेछन्।

यदि कुनै व्यक्तिले बाइबलीय रूपमा गलत छ भन्ने विश्वास गर्ने कुनै काम गर्छ भने, उसले आफ्नै विवेकको उल्लंघन गर्छ। उसले परमेश्वरबाट निन्दा पाउनेछ किनभने उसले बाइबलले निषेध गरेको कुरामा विश्वास गरे तापनि केही गर्ने छनौट गरेको छ ( रोमी १४:२२-२३ हेर्नुहोस् )।

एक ख्रीष्टियनले विभिन्न सिद्धान्तहरू भएका मानिसहरू वास्तविक ख्रीष्टियन हुन् भनेर विश्वास गर्न सक्छ, तर उसले धेरैजसो सिद्धान्तहरूमा सहमत हुने मानिसहरूको समूहमा संगति र सेवा गर्नुपर्छ। यसको अर्थ यो हो कि स्थानीय मण्डलीसँग विश्वव्यापी मण्डलीको आधारभूत सिद्धान्तहरूभन्दा बाहिर जाने सिद्धान्तको भनाई हुनुपर्छ।

► कुनै पनि व्यक्तिको लागि हरेक मण्डलीका सिद्धान्तहरूसँग सहमत हुने प्रयास गर्नु किन गल्ती हुनेछ ?

## निष्कर्ष

हरेक ख्रीष्टियनले अरूप्रतिको आफ्नो मनोवृत्तिमा सन्तुलन राख्नुपर्छ। उसले अरू ख्रीष्टियनहरू वास्तविक ख्रीष्टियन होइनन् भनेर भन्नु हुँदैन किनभने तिनीहरूका आधारभूत नभएका सैद्धान्तिक विवरणहरूमा भिन्न हुन्छन्। तथापि, उसको स्थानीय मण्डलीसँग घनिष्ठ सङ्गति गर्नुपर्छ जसले तिनीहरूलाई सङ्गति गर्न र सँगै सेवकाई गर्न दिने सिद्धान्तहरूलाई एकसाथ राख्छ।

## सात सारांश भनाईहरु

१. बाइबलले ख्रीष्टियन एकतालाई जोड दिन्छ।
२. प्रारम्भिक मण्डलीले मण्डलीको एकतालाई एउटा अत्यावश्यक सिद्धान्तको रूपमा विश्वास गर्थ्यो।
३. मण्डलीले सबै ख्रीष्टियनहरूलाई एउटै संगठनमा ल्याएर एकतालाई पूरा गर्न सक्दैन।
४. ख्रीष्टियन एकता बाइबलीय सिद्धान्त, अनुग्रहको अनुभव र आत्माको जीवनमा आधारित छ।
५. सबै ठाउँका ख्रीष्टियनहरूले ख्रीष्टियन धर्मका केही आधारभूत सिद्धान्तहरूमा सहमत हुन्छन्।
६. विभिन्न मण्डलीका ख्रीष्टियनहरू सिद्धान्तहरूको विवरणमा सहमत हुनेछैनन्।
७. स्थानीय मण्डलीले विस्तृत सिद्धान्तहरूको भनाईमा सहमति हुनुपर्छ।

## पाठ २ को कार्यभारहरु

१. पाठ २ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस् । सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन । अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला । छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस् । अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस् ।

२. यस पाठश्रृङ्खलाको क्रममा, तपाईंले तपाईको कक्षामा भाग नभएको व्यक्ति वा समूहलाई पाठ, वा पाठको अंश सिकाउनु पर्नेछ । तपाईं कुन सामग्री सिकाउने हो छनौट गर्न सक्नुहुन्छ । तपाईंले विभिन्न सामग्रीको साथ, यो तीन पटक गर्नु पर्छ । आफ्नो शिक्षण अवसरहरूको तालिका आफैं बनाउनुहोस् र पढाएपछि कक्षाको अगुवालाई प्रतिबेदन दिनुहोस् ।

३. अन्तरबार्ताको कार्यभार: तीनवटा फरक-फरक मण्डलीका सदस्यहरूसँग कुरा गर्नुहोस् र तिनीहरूले अन्य मण्डलीहरूलाई कसरी हेर्छन् भनी सोध्नुहोस् । सबै ख्रीष्टियनहरूबीच कस्तो एकता छ जस्तो तिनीहरू ठान्छन् ? यी तीनवटा वार्तालापबाट एउटा अनुच्छेद लेख्नुहोस् ।

# पाठ ३

# स्थानीय मण्डली

## परिचय

► स्थानीय मण्डली के हो ? यो अरू सबै प्रकारका समूहहरूभन्दा कसरी भरक छन् ?

स्थानीय मण्डलीको यो परिभाषालाई सात वटा अत्यावश्यक तत्वहरूमा विभाजन गर्न सकिन्छ। यी तत्वहरू यस पाठशृङ्खलामा थप व्याख्या गरिएको छ।

**स्थानीय मण्डलीको व्याख्या**

स्थानीय मण्डली विश्वासीहरूको समूह हो जसले आत्मिक परिवार र विश्वासको समुदायको रूपमा कार्य गर्दछ; पश्चात्ताप गर्ने सबैलाई सुसमाचार र मण्डलीको संगति प्रस्ताव गर्दै; बप्तिस्मा र प्रभु भोजको अभ्यास गर्दै; आराधना, संगति, सुसमाचार प्रचार र चेलापनमा सहयोग गर्दै; पवित्र आत्माको वरदानद्वारा ख्रीष्टको शरीरको कार्य पूरा गर्दै; परमेश्वरको वचनमा समर्पित; बाइबलीय सिद्धान्तमा आधारित एकताको, अनुग्रहको अनुभव, र आत्माको जीवनको साथमा।

तल, परिभाषाको प्रत्येक भागहरूको थप व्याख्याको साथ दोहोर्याइएका छन्।

► निम्न प्रत्येकको लागि, यो किन मण्डलीको आवश्यक विशेषता हो भनेर छलफल गर्नुहोस्। यदि कुनै मण्डलीमा यो विशेषताको अभाव छ भने केही परिणामहरू के हुनेछन् ?"

"विश्वासीहरूलाई परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा मात्र बाँच्नका लागि छुट्टाछुट्टै बोलाइएको छैन तर तिनीहरूलाई एकसाथ बोलाइएको छ र एक जातिको रूपमा एकैसाथ बाँधिएको छ।"
- थोमस ओडेन,
*आत्मामा जीवन*

**स्थानीय मण्डली विश्वासीहरूको समूह हो जसले आत्मिक परिवार र विश्वासको समुदायको रूपमा कार्य गर्दछ ...**

मण्डली मसीही विश्वासद्वारा निर्मित एउटा समूह हो। यो संसारको कुनै पनि अन्य समूह भन्दा बलियो सम्बन्ध छ।

**... पश्चात्ताप गर्ने सबैलाई सुसमाचार र मण्डलीको संगति प्रस्ताव गर्दै ...**

मण्डलीले जातीय समूह वा मानिसहरूका वर्गहरूलाई बहिष्कार गर्न सक्दैन र अझै पनि सुसमाचारप्रति विश्वासयोग्य हुन सक्दैन। कुनै साझा जातीयता वा सामाजिक वर्ग आवश्यक छैन। साथै, यदि मण्डली सुसमाचारप्रति विश्वासयोग्य छ भने केही पापहरूलाई क्षमा गर्न अस्वीकार गर्न सकिदैन।

"ख्रीष्टको दृश्य मण्डली विश्वासी मानिसहरूको एउटा मण्डली हो जसमा परमेश्वरको शुद्ध वचन प्रचार गरिन्छ र संस्कारहरू ख्रीष्टको नियम अनुसार विधिवत् रूपमा सञ्चालन गरिन्छ..."

*- मेथोडिस्ट मण्डलीको धर्मका लेखहरू*

**... बप्तिस्मा र प्रभु भोजको अभ्यास गर्दै ...**

येशूले यी समारोहहरूको लागि मण्डलीलाई निर्देशन दिनुभयो। बप्तिस्माले येशूमा परिवर्तनद्वारा मण्डलीमा प्रवेश गर्नुलाई बुझाउँछ। प्रभु भोजले सुसमाचारमा प्रकट गरिएको अनुग्रहलाई प्रतिनिधित्व गर्दछ।

**… आराधना, संगति, सुसमाचार प्रचार र चेलापनमा सहयोग गर्दै …**

यी मण्डलीका अत्यावश्यक उद्देश्यहरू हुन्। यी महत्त्वपूर्ण उद्देश्यहरू पूरा गर्न मण्डलीको लागि सहयोग आवश्यक छ।

**… पवित्र आत्माको वरदानद्वारा ख्रीष्टको शरीरको कार्य पूरा गर्दै …**

मण्डलीका आत्मिक कार्यहरू मानवीय क्षमताले मात्र पूरा गर्न सकिंदैन।

**… परमेश्वरको वचनमा समर्पित …**

मण्डलीले आफ्नो सुसमाचार, सिद्धान्त र अधिकारको लागि बाइबलमा निर्भर छ। यदि कुनै मण्डलीले बाइबलको आज्ञा पालन नगर्ने निर्णय गर्‍यो भने, मण्डलीले सिकाउने आफ्नो अधिकार गुमाउँछ।

**… बाइबलीय सिद्धान्तमा आधारित एकताको, अनुग्रहको अनुभव, र आत्माको जीवनको साथमा।**

मण्डलीका सदस्यहरू एक-अर्काप्रति प्रतिबद्ध हुन सक्छन् किनभने तिनीहरूसँग यी तीन चीजहरू एकसाथ छन्। यी तीनै चीज बिना, साँचो ख्रीष्टियन संगति अस्तित्वमा रहँदैन।

## मण्डलीमा परमेश्वरको लगानी

► एक बिद्यार्थीले समूहको लागि एफिसी ३:१-१० पढ्नुपर्छ। पावलले आफ्नो सेवकाईको बारेमा के-कस्ता कुराहरू भने ?

पावलले भने कि उनको सेवकाईको एक महत्त्वपूर्ण भाग मण्डलीको व्याख्या गर्नु थियो, त्यसैले हामी जान्दछौं कि मण्डलीको व्याख्या गर्नु आजको सेवकाईको एक महत्त्वपूर्ण भाग हुनुपर्छ। अन्यजातिका विश्वासीहरूलाई मण्डलीमा ल्याइनेछ र मण्डलीले संसारमा परमेश् वरको बुद्धि प्रदर्शन गर्नेछ भनेर परमेश्वरले योजना बनाउनुभयो।

हामीले मण्डली कुनै भवन होइन भन्ने कुरा सम्झनु पर्छ। मण्डलीको धेरै पहिले पुस्ताको समयमा ख्रीष्टियनहरूसँग मण्डली भवनहरू थिएन। यसको अर्थ यो हो कि जब नयाँ नियमले मण्डलीको बारेमा कुरा गर्छ, यसले मानिसहरूको बारेमा कुरा गरिरहेको हुन्छ।

परमेश्वरको योजनाको लागि मण्डली कति महत्त्वपूर्ण छ भनी एफिसीले व्याख्या गर्छ।

> र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ (एफिसी १:२२-२३)।

यस पदले येशू मण्डलीको शिर हुनुहुन्छ र मण्डली उहाँको शरीर हो भनी बताउँछ। यसले यो भन्छ कि मण्डलीमा परमेश्वरको पूर्णता छ।

एउटा ठूलो शहरको लागि सबै पानी उपलब्ध गराउने एउटा नदीको कल्पना गर्नुहोस्। लाखौं मानिसहरूले पानी प्रयोग गर्छन्, तैपनि तिनीहरूले जाति मात्रामा प्रयोग गर्छन नदीमा बग्ने पानीभन्दा कम छ। यो कति पानी हो भनेर कल्पना गर्न गाह्रो छ।[2]

---

[2] अर्को उदाहरण: त्यहाँ एउटा कार्बोनाइट नामक कम्पनी छ जसले व्यक्तिगत कम्प्युटरहरूको ब्याकअप गर्दछ। तिनीहरूले तपाईंको कम्प्युटरमा भएको सबै चीजहरू सुरक्षित राख्न सक्दछन् यदि यसमा केहि कुरा भयो भने। कल्पना गर्नुहोस्, हजारौं कम्प्युटरका सामग्रीहरू समावेश गर्न तिनीहरूले कस्तो प्रकारको भण्डारण राख्नुपर्दछ !

तर परमेश्वरको पूर्णताको बारेमा के छ ? यदि परमेश्वरले संसारको लागि आफ्नो आशिष्, अनुग्रह र शक्ति खन्याउनको लागि एउटा भाँडो वा पठाउने माध्यम बनाउनुभयो भने, कस्तो प्रकारको भाँडोले परमेश्वरको पूर्णतालाई थाम्ने छ ? यस पदले भन्छ कि मण्डली त्यो भाँडो हो। मण्डलीले संसारको लागि परमेश्वरको आशिषहरु समावेश गर्दछ।

याद गर्नुहोस, परमेश्वरको आशिषहरू भएको मण्डली भवन होइन, तर ख्रीष्टियन संगतिमा भएका मानिसहरूको समूह हो।

यस संसार सुरु हुनु भन्दा अगाडि नै मण्डलीको लागि परमेश्वरको योजना अस्तित्वमा थियो। त्यसोभए मण्डलीको लागि परमेश्वरको मनमा कस्तो उद्देश्य थियो ?

एफिसी ३:१०-११ मा फेरी हेर्नुहोस्।

> ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो।

वाक्यांश ध्यान दिनुहोस्, “विभिन्न किसिमका ज्ञान।” परमेश्वरसँग जीवनका हरेक परिस्थिति र हरेक पक्षको लागि ज्ञान छ। परमेश्वरको ज्ञान ब्रह्माण्डमा, आत्मिक संसार सहित, परमेश्वरले मण्डली मार्फत के गर्नुहुन्छ भन्ने कामहरूद्वारा प्रकट हुनुपर्छ। एक व्यक्तिले मण्डलीमा देखेका कुराहरूद्वारा परमेश्वरको बारेमा आफ्नो समझ प्राप्त गर्दछ। मण्डलीलाई देख्दा मानिसलाई परमेश्वरको आराधना गर्न उत्प्रेरित हुनुपर्छ। उसले मण्डलीमा काम गर्दा परमेश्वरको ज्ञान देख्नुपर्छ। संसारले यी सबै कुराहरू शनिबारको आराधना सेवाबाट देख्ने छैन। तिनीहरूले यसलाई हरेक दिन र जीवनको हरेक परिस्थितिमा मण्डलीको कार्यद्वारा देख्छन्।

► जीवनका केही परिस्थितिहरूका उदाहरणहरू के के हुन् जहाँ परमेश्वरको ज्ञान महत्त्वपूर्ण छ ?

के परमेश्वरको धेरै गुनाको ज्ञानमा पारिवारिक समस्याहरू, गरिबी, बेरोजगारी, अपर्याप्त आवास, कमजोर शिक्षा, किशोर-किशोरीले गरेको अपराध, बालबालिकाको बेवास्ता, चिकित्सा आवश्यकताहरू, र अन्य मानवीय समस्याहरूको ज्ञान समावेश छन्? अवश्य पनि यसले गर्छ। संसारले परमेश्वरको ज्ञानलाई कसरी हेर्छन ? तिनीहरूले यसलाई मण्डलीद्वारा प्रदर्शित भएको देख्नुपर्छ, जसरी मण्डलीले विश्वासको समुदायमा परमेश्वरका समाधानहरू कसरी जीवित छन् भनेर प्रदर्शन गर्दछ।

► एक बिद्यार्थीले समूहको लागि एफिसी ३:२०-२१ पढ्नुपर्छ।

परमेश्वरले बनाउनुभएका हरेक कुराको उद्देश्य परमेश्वरको महिमा गर्नु हो। मण्डली त्यही ठाउँ हो जहाँ परमेश्वरको विशेष महिमा हुन्छ, किनभने

- त्यहाँ उहाँले प्रेम र छुटकाराको प्रदर्शन गर्नुहुन्छ।
- उहाँको स्वरूपमा बनाइएका प्राणीहरूले स्वेच्छाले उहाँको आराधना र आज्ञा पालन गर्ने ठाउँ यही हो।
- विश्वासको परिवारले परमेश्वरबाट आशिष् पाएको जीवन प्रदर्शन गर्ने ठाउँ यही हो।
- छुटकारा पाएका मानिसहरू सुसमाचार प्रचारद्वारा अरूको छुटकारामा भाग लिने ठाउँ यही हो।

मण्डलीले अहिले जे गरिरहेको छ, त्यसद्वारा परमेश्वरको विश्वव्यापी, अनन्त महिमा हुनेछ। तपाईंको स्थानीय मण्डलीले गर्ने काम परमेश्वरको महिमाको अनन्त स्मारकको रूपमा खडा हुनेछ।

## स्थानीय मण्डलीको पर्याप्तता

बाइबलले एउटा मण्डलीको बारेमा कुरा गर्छ, तर यसले स्थानीय मण्डलीहरूको बारेमा पनि कुरा गर्दछ। उदाहरणका लागि, प्रेरित यूहन्नाले एसियाका सातवटा मण्डलीलाई लेखे (प्रकाश १:४)। पावलले "परमेश्वरका मण्डलीहरू" उल्लेख गरे (१ कोरिन्थी ११:१६)।

स्थानीय विश्वासीहरु एउटा मण्डलीको भाग हो, तैपनि यसलाई मण्डली पनि भनिन्छ। नयाँ करारका थुप्रै प्रेरितहरुले लेखेका पत्रहरू विशेष स्थानका मण्डलीहरूलाई सम्बोधन गरिएका छन्।

► कुनलाई परमेश्वरको मन्दिर, एकल विश्वव्यापी मण्डली वा स्थानीय मण्डलीलाई भन्न सकिन्छ ?

एफिसी २:२०-२१ मा, पावलले भने कि मूल जगमा रहेको एउटा मण्डली, परमेश्वरको मन्दिर हो। पद २२ मा, तिनले एफिसीका विश्वासीहरू परमेश्वरको घर हुन् भनी बताए। अर्को पदमा तिनले कोरिन्थीका विश्वासीहरूलाई तिनीहरू परमेश्वरको मन्दिर हुन् भनेर बताए (१ कोरिन्थी ३:१६)। त्यसकारण, हामी देख्दछौं कि एउटै विश्वव्यापी मण्डली परमेश्वरको मन्दिर हो; यद्यपि स्थानीय मण्डली पनि हो।

► कुनलाई ख्रीष्टको शरीर भन्न सकिन्छ, एकल विश्वव्यापी मण्डली वा स्थानीय मण्डलीलाई ?

पावलले एउटै मण्डलीलाई ख्रीष्टको शरीरको रूपमा बताय (एफिसी १:२३)। तथापि, कोरिन्थीको मण्डलीलाई पत्र लेख्दै, पावलले यसो भने: "तिमीहरू ख्रीष्टका शरीर हौ" (१ कोरिन्थी १२:२७)। तिनले कोरिन्थीका विश्वासीहरू मात्र ख्रीष्टको शरीरको भाग हुन् भनेर भनेनन्। तिनीहरू त्यस ठाउँका लागि ख्रीष्टको शरीर थिए।

परमेश्वरले प्रत्येक विश्वासीले एउटा पूर्ण मण्डलीको रूपमा काम गरेको चाहनुहुन्छ, तिनीहरूलाई आवश्यक पर्ने सबै कुराहरू एक ठाउँको लागि ख्रीष्टको शरीर हुनुपर्छ।

> "मण्डलीका सबै अत्यावश्यक तत्त्वहरू मण्डलीको यस प्रारम्भिक चौखण्ड विवरणमा भ्रुणीय रूपमा उपस्थित छन् [प्रेरित २:४२]:
> प्रेरितीय सिद्धान्त, समुदाय, संस्कार, र साझा आराधना।"
>
> - थोमस ओडेन,
> *आत्मामा जीवन*

पावलले स्थानीय मण्डलीका सदस्यहरूलाई आँखा, खुट्टा र हातजस्ता शरीरका अङ्गहरूसित तुलना गरे। निस्सन्देह, शरीरका अंगहरू काम गर्न एकै ठाउँमा एकसाथ हुनुपर्दछ। उहाँले तिनीहरूलाई शरीरको अङ्ग हुन् र शरीरका अन्य अङ्गहरू संसारभरि छरपष्ट छन् भनेर भनिरहनुभएको थिएन। तिनीहरू त्यस ठाउँको लागि सम्पूर्ण शरीर थिए।

पावलले कोरिन्थीहरूलाई सम्पूर्ण मण्डली एकै ठाउँमा भेला हुँदा केही कुराहरू गर्नुपर्ने कुरा बताए (१ कोरिन्थी ५:४-५)। उहाँले स्पष्ट रूपमा विश्वव्यापी मण्डलीको कुरा गरिरहनुभएको थिएन, तर स्थानीय मण्डलीको कुरा गरिरहनुभएको थियो। स्थानीय विश्वासी(मण्डली)ले मण्डलीको रूपमा काम गर्दा यसको विशेष अधिकार हुन्छ।

परमेश्वरले स्थानीय मण्डलीका लागि आवश्यक पर्ने पवित्र आत्माका वरदानहरू दिनुहुन्छ। मण्डलीका सदस्यहरूले विश्वासीको आवश्यकता पूरा गर्न विभिन्न वरदानहरूसँगै मिलेर काम गर्छन्।

किनभने स्थानीय विश्वासी ख्रीष्टको शरीर, परमेश्वरको मन्दिर र मण्डली हो, यो जहाँ छ त्यहाँको मण्डली हुनु पर्याप्त छ।

स्थानीय मण्डलीको पर्याप्तताको अर्थ स्थानीय निकायसँग आफ्नो स्थानमा सेवकाईको लागि आवश्यक पर्ने वरदानहरू र स्रोतहरू छन् भन्ने हो। अन्य कतैबाट सहयोग नपाए तापनि स्थानीय मण्डलीले मण्डलीको रूपमा काम गर्न सक्छ। मण्डलीका स्थानीय अगुवाहरूले विश्वासीहरुलाई स्थानीय सेवकाईको लागि दर्शन र लक्ष्यहरू विकास गर्न मदत गर्छन्। मण्डलीले सेवकाईलाई आर्थिक रूपमा सहयोग गर्न र मण्डलीका सदस्यहरूको हेरचाह गर्न मिलेर काम गर्छन्।

## मण्डलीको आवश्यकता

नयाँ ख्रीष्टमा परिवर्तन भएकाहरुलाई मण्डलीको जीवनमा नल्याएसम्म तिनीहरूलाई संरक्षण गर्न गाह्रो छ। स्थानीय मण्डलीमा भाग नलिए सम्म विश्वासीलाई राम्ररी चेला बनाउन सकिंदैन। मण्डलीको अनुभव बिना कुनै व्यक्तिलाई सेवकाईको लागि प्रशिक्षित गर्न सकिंदैन।

जबसम्म त्यहाँ मण्डली हुँदैन तबसम्म कुनै समुदायमा सुसमाचारको दृश्य रूप हुँदैन। दृश्य रूप मण्डली भवन होइन, तर परमेश्वरसँगको सम्बन्धमा जीवन प्रदर्शन गर्ने विश्वासको कार्यरत परिवार हो। जबसम्म त्यहाँ मण्डली हुँदैन, तबसम्म संख्रीष्टियन हुनुको अर्थ के हो भनेर बुझ्न सक्दैन। कुनै समुदायमा त्यहाँ मण्डली नभएसम्म पूर्ण रूपमा सुसमाचार प्रचार गरिएको मान्न सकिँदैन।

## सात सारांश भनाईहरु

१. ख्रीष्टमा परिवर्तन भएका व्यक्तिलाई जातीयता, सामाजिक स्तर वा उसको विगतको पापको कारण मण्डलीबाट बहिष्कृत गर्नु हुँदैन।

२. मण्डलीका कार्यहरू मण्डलीमार्फत पवित्र आत्माको कार्यद्वारा मात्र पूरा गर्न सकिन्छ।

३. मण्डलीको एकता बाइबलीय सिद्धान्त, अनुग्रहको अनुभव र आत्माको जीवनमा आधारित छ।

४. परमेश्वरले मण्डलीमा गर्नुभएका कामहरूद्वारा उहाँको बुद्धि संसारमा प्रकट हुन्छ।

५. स्थानीय मण्डलीको पर्याप्तताको अर्थ स्थानीय निकायसँग आफ्नो स्थानमा सेवकाईको लागि आवश्यक पर्ने वरदानहरू र स्रोतहरू छन् भन्ने हो।

६. मण्डली ख्रीष्टमा परिवर्तन गर्नेहरूको संरक्षण गर्नको लागि, विश्वासीहरूलाई चेला बनाउनको लागि र सेवकहरूलाई तालिम दिनको लागि आवश्यक छ।

७. जबसम्म मण्डली त्यहाँ हुँदैन तबसम्म एउटा समुदाय पूर्ण रूपमा सुसमाचार प्रचार गरिएको हुँदैन।

## पाठ ३ को कार्यभारहरु

१. पाठ ३ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. लेखन कार्यभार: एफिसी ५:२५-३२ पढ्नुहोस्। ख्रीष्ट र मण्डलीबीचको सम्बन्धबारे केही वाक्यहरू लेख्नुहोस्।

# पाठ ४

# मण्डलीका संघहरू

## कक्षाको अगुवालाई नोट

*यस पाठको तयारीको लागि सामग्रीको खाँचो छ। यस पाठमा मण्डलीहरू र तिनीहरूको संघ बीचको सम्बन्धबारे छलफल गरिएको छ। यदि विद्यार्थीहरू कुनै मण्डलीबाट छन् जुन कुनै संघमा आबद्ध छन् भने, कक्षाका अगुवाले कक्षामा पुनरावलोकनका लागि संघको आवश्यकताहरूको प्रतिलिपि प्राप्त गर्नुपर्छ।*

## मण्डलीका संघहरुको परिभाषा

► तपाईं जुन मण्डलीको संघ वा सम्प्रदायबाट हुनुहुन्छ, त्यसको नाम के हो ?

जब कुनै ख्रीष्टियनले विभिन्न स्थानीय मण्डलीका ख्रीष्टियनहरूलाई भेट्छन्, तब प्रश्नहरू उठ्न थाल्छ। तिनीहरूले उनीहरुको विश्वास र अभ्यासहरू तिनीहरूभन्दा किन फरक छन् भनेर प्रश्न सोध्छन्। त्यहाँ विभिन्न प्रकारका मण्डलीहरूबीच सैद्धान्तिक भिन्नताहरू छन् भनेर तिनले याद गरे। यहाँ आराधनाका शैलीहरुमा ठूलो भिन्नताहरू छन्।

मण्डलीको सदस्यले आफ्नो स्थानीय मण्डली भन्दा फराकिलो धार्मिक पहिचान खोज्न सक्छ। उहाँले यो हेर्न चाहनुहुन्छ कि उहाँको मण्डली मण्डलीहरूको एक श्रेणीको भाग हो जसले समान सिद्धान्तहरूमा विश्वास गर्दछ र एकसाथ सँगै सहकार्य र संगति गर्दछ। उहाँले आफ्नो मण्डली संसारको एक मात्र मण्डली हो जसको आफ्नो विशेष विश्वास र अभ्यासहरू छन् भन्ने महसुस गर्न चाहनुहुन्न।

► एक वा दुई जना विद्यार्थीहरूले आफ्नो जस्तै अरू मण्डलीहरूसँगको सम्पर्कबाट कसरी लाभ उठाउन सक्छन् भनेर व्याख्या गर्न सक्छन्।

पाठ १ मा हामीले निम्न भनाई अध्ययन गर्‍यौं:

> सैद्धान्तिक स्थिरताको लागि, स्थानीय मण्डलीमा तीनवटा कुरा हुनुपर्छ:

१. बाइबल नै पूर्ण अधिकार हो भन्ने यकिन।
२. ऐतिहासिक ख्रीष्टियन धर्मका अत्यावश्यक सिद्धान्तहरू।
३. असल ईश्वरशास्त्र भएका मण्डलीहरूको संगतिमा संगठन।

यस पाठमा हामी सूचीको तेस्रोको बारेमा कुरा गर्दैछौं।

**मण्डलीको संघको परिभाषा**

मण्डलीको संघ भनेको मण्डलीहरूको एउटा समूह हो जसको केन्द्रीय अगुवापन हुन्छ, निश्चित विश्वासहरू बाड्ने गर्दछ, निश्चित लक्ष्यहरू सँगै एकसाथ पूरा गर्न प्रतिबद्ध हुन्छन्, र सँगसँगै कुनै न कुनै प्रकारको संगति हुन्छ।

## कमजोर र बलियो संघका प्रकारहरू

कुनै पनि संघलाई एकसाथ राख्ने तत्वहरूको शक्तिको आधारमा "कमजोर" वा "बलियो" भन्न सकिन्छ ।

कमजोर संघहरूमा, केन्द्रीय नेतृत्वको स्थानीय चर्चमाथि धेरै कम अधिकार हुन्छ; सामान्य विश्वासहरूको सूची धेरै छोटो र आधारभूत हुन सक्छ; साझा लक्ष्यहरूको लागि मण्डलीहरूको धेरै सहभागिता आवश्यक नहुन सक्छ; अनि संगति मण्डलीका प्रतिनिधिहरूको बैठकहरू विरलै हुन सक्छ । ती संघहरूमा, प्रत्येक मण्डलीको सम्पत्ति स्थानीय मण्डलीको स्वामित्वमा हुन्छ; र स्थानीय मण्डलीले जुनसुकै बेला संघ छोड्न मन लागे रोज्न सक्छ । यदि मण्डलीहरूले उनीहरुको आवश्यकता पूरा गर्दैन भन्ने कुराको महसुस गरिसके पछि तिनीहरूको संघलाई छोड्न सक्छन् ।

कमजोर संघका सदस्यहरूले सामान्यतया स्थानीय मण्डलीको स्वायत्ततामा जोड दिन्छन् । तिनीहरू संघले स्थानीय मण्डलीलाई शासन गरोस् भन्ने चाहँदैनन्, त्यसैले तिनीहरूले संघको अधिकारलाई सावधानीपूर्वक सीमित गर्छन् । त्यसकारण, कुनै संघलाई "*कमजोर*" भन्नुको अर्थ यो होइन कि यो आफ्नो उद्देश्यमा असफल भइरहेको छ । कमजोर संघका सदस्यहरू केन्द्रीय अधिकार कमजोर होस् भन्ने चाहन्छन् । अधिकार विकेन्द्रीकृत हुन्छ र स्थानीय मण्डलीहरूद्वारा कार्यरत हुन्छ ।

► 'कमजोर"संघहरूको बारेमा के राम्रो छ जस्तो तपाईंलाई लाग्छ *?*तिनीहरूको बारेमा के राम्रो छैन ?

बलियो संघहरूमा, केन्द्रीय अगुवापनसँग स्थानीय अगुवाहरूलाई अपदस्थ गर्ने अधिकार हुन्छ; सामान्य विश्वासहरूको सूचीले धेरै मुद्दाहरू समावेश गर्दछ; अनि विश्वासीहरूले साझा लक्ष्यहरूको लागि दिने अपेक्षा गरिन्छ; र विश्वासीहरूको एकअर्कासँग बारम्बार सम्पर्क हुन्छ । मण्डलीका सम्पत्तिहरू संघको स्वामित्वमा हुन सक्छन् । यदि त्यसो हो भने, व्यक्तिगत मण्डलीहरूले संघलाई छोड्ने छनौट गर्न सक्दैनन् ।

बलियो संघका सदस्यहरूले केही प्रकारका समस्याहरूको समाधानको लागि केन्द्रीय अगुवापनमा हेर्ने गर्छन् । तिनीहरूले स्थानीय मण्डलीप्रतिको प्रतिबद्धतासँगै संघप्रतिको प्रतिबद्धतामा पनि जोड दिन्छन् ।

विभिन्न प्रकारका मण्डलीका संघहरू अस्तित्वमा छन् । एउटा सङ्गतिमा बलियो वा कमजोर सङ्गतिका सबै विशेषताहरू नहुन सक्छन्, तर तिनीहरूमा कुन-कुन विशेषताहरू छन् भन्ने आधारमा यसलाई कमजोर वा बलियो को रूपमा वर्गीकृत गर्न सकिन्छ । बलियो सङ्गतलाई अक्सर "सम्प्रदाय" भनिन्छ ।

► "बलियो" संघहरुको बारेमा तपाईंलाई के राम्रो लाग्छ ? तिनीहरूको बारेमा के राम्रो छैन ?

► मण्डलीका कस्ता संघहरूको बारेमा तपाईंलाई थाहाँ छ ? तिनीहरूलाई तपाईं कसरी वर्णन गर्नुहुन्छ ?

## सम्प्रदायको जिम्मेवारीहरु

मण्डलीको बलियो संघलाई सम्प्रदाय भन्न सकिन्छ । यसको अर्थ यो होइन कि यसमा बलियो संघका सबै विशेषताहरू छन्, तर यसलाई कमजोर भन्दा पनि बलियोको रूपमा वर्णन गर्न सकिन्छ ।

स्थानीय मण्डलीहरूको सेवा गर्न एउटा राम्रो सम्प्रदाय अवस्थित छ । धेरैजसो स्थानीय मण्डलीहरूले एक्लै राम्रोसँग गर्न नसक्ने कामहरू मिलेर पूरा गर्न सम्प्रदायले मण्डलीहरूलाई मद्दत गर्दछ ।

> "मण्डलीसँग संस्कार वा समारोहहरूको आदेश दिने शक्ति छ, र विश्वासका विवादहरूमा अधिकार छ, र अझै पनि मण्डलीको लागि लिखित परमेश्वरको वचनको विपरीत कुनै पनि कुरा तोक्नु कानूनी छैन ..."
>
> *- इङ्गल्याण्डको मण्डलीको धर्म सम्बन्धी लेखहरू*

१. **यसले अन्य प्रकारका मण्डलीहरू भन्दा भिन्न रूपमा पहिचानको भावना प्रदान गर्दछ।** स्थानीय मण्डलीका सदस्यहरूलाई थाह छ कि तिनीहरू आफ्नो क्षेत्रका अन्य मण्डलीहरू भन्दा फरक छन्। तिनीहरूलाई आफ्ना सिद्धान्तहरू बाँड्ने मण्डलीहरूको समूहको भाग हो भनेर थाह पाउन प्रोत्साहित छन्।

२. **यसले सिद्धान्तस्थापित गर्छ।** स्थानीय मण्डलीले अरू कसैको कुरा नसुनेर आफ्नो सिद्धान्त परिवर्तन गर्न र विकास गर्न स्वतन्त्र महसुस गर्नुहुँदैन। सम्प्रदायले ख्रीष्टियन धर्मको ऐतिहासिक, आवश्यक सिद्धान्तहरू धारण गर्नुपर्छ, तर तिनीहरूसँग धर्मशास्त्रीय विश्वास गर्ने थप विस्तृत सिद्धान्तहरू पनि हुनुपर्छ।

३. **यसले पास्टरहरू र मण्डलीका सदस्यहरूको लागि योग्यताहरू निर्धारण गर्दछ।** मण्डलीका पास्टर हरू र सदस्यहरूले निरन्तर मसीही उदाहरण बसाल्न सकोस् भनेर सम्प्रदायले स्तरहरू तोक्नुपर्छ। योग्यताहरू १ तिमोथी ३ र तीतस १ मा प्रदान गरिएको कुराको आधारमा हुनुपर्छ, तर प्रत्येक संस्कृतिको लागि स्पष्ट पार्नु आवश्यक छ।

४. **यसले चर्च प्रशासनको एक प्रणाली प्रदान गर्दछ।** सम्प्रदायले स्थानीय मण्डलीलाई मण्डलीमा मानिसहरूलाई नियुक्त गर्ने र जवाफदेहिता कायम गर्ने प्रणाली प्रदान गर्नुपर्छ।

५. **यसले पास्टरहरूलाई तालिम दिने माध्यम प्रदान गर्दछ।** भविष्यका पास्टरहरूलाई तालिम दिन थुप्रै मण्डलीहरूसँग स्रोत र सामग्रीहरू छैनन्। सम्प्रदायले पहुँचयोग्य र व्यावहारिक तालिमको कार्यक्रम विकास गर्नुपर्छ।

६. **यसले मण्डलीहरूमा पास्टरहरूको नियुक्तिलाई मार्गदर्शन गर्दछ।** मण्डली विनाका पास्टरहरू र पास्टरहरू बिनाका मण्डलीहरूलाई सम्प्रदायगत अगुवाहरूले मदत गर्न सक्छन्। असल सम्प्रदायका अगुवाहरूले सबै निर्णयहरूमा मण्डलीका विश्वासयोग्य स्थानीय अगुवाहरूको आदर गर्नेछन्।

७. **यसले स्थानीय मण्डलीलाई संकट आइपर्दा मार्गदर्शन प्रदान गर्दछ।** यदि स्थानीय मण्डली कुनै मुद्दामा विभाजित छ वा विश्वासिलो नेतृत्व छैन भने, सम्प्रदायिक अगुवाहरूले मदत गर्नुपर्छ।

८. **यसले मिशन र मण्डली स्थापनाको प्रयासहरू समन्वय र समर्थन गर्दछ।** मण्डलीहरूको समूहले मिसन कार्यको लागि एउटा दर्शन साझा गर्नुपर्छ। तिनीहरूले स्रोतहरू संयोजन गर्छन् र मिशन लक्ष्यहरू पूरा गर्न मानिसहरूलाई समर्थन गर्छन्।

९. **यसले स्थानीय मण्डलीको तुलनामा ठूलो मात्रामा सङ्गति प्रदान गर्दछ।** सदस्यहरूलाई सम्प्रदायका अन्य मण्डलीका सदस्यहरूसँग समय बाँड्न प्रोत्साहित गरिन्छ।

१०. **यसले मण्डलीहरूलाई एकसाथ ल्याउने कार्यक्रमहरूमा व्यवस्थित गर्दछ।** सम्प्रदायले अधिवेशन र सम्मेलनहरू आयोजना गर्नुपर्छ जसले मण्डलीहरूलाई सङ्गति गर्न र एकसाथ लक्ष्यहरू राख्न मदत गर्दछ।

> " संसारको सुसमाचार प्रचार गर्नु स्पष्ट रुपमा ख्रीष्टियन धर्मको उद्देश्य हो। तर यस मिशनको पूर्तिको लागि मण्डलीको आवश्यक छ, किनकि यसको पुरा गर्ने कामको लागि उपकरणवादी एजेन्सीहरू अन्यथा सम्भव छैनन्।"
>
> - जोन मिले,
> *सुव्यवस्थित ईश्वरशास्त्र*

**११. यसले अगुवाहरूलाई सल्लाह र प्रोत्साहन दिन मण्डलीहरूमा पठाउँछ।** संघको नेतृत्वबाट कोही न कोही वर्षमा कम्तीमा एक पटक प्रत्येक मण्डलीमा जानुपर्छ, र अझ धेरै पटक जादा झन् राम्रो हुन्छ।

**१२. यसले स्थानीय सेवकाईको वित्तीय स्थायित्व विकास गर्न सल्लाह प्रदान गर्दछ।** संघले स्थानीय मण्डलीको सम्भाव्यतालाई जोड दिनुपर्छ र तिनीहरूलाई आर्थिक परिपक्वतातर्फ डोऱ्याउनु पर्दछ।

यदि कुनै सम्प्रदायले यी उद्देश्यहरू सही तरिकाले सेवा गर्छ भने, मण्डलीको उद्देश्य पूरा गर्न यो एउटा बहुमूल्य मदत हुन सक्छ। अधिकांश स्थानीय मण्डलीहरूको लागि माथि उल्लिखित सबै जिम्मेवारीहरू एक्लै पूरा गर्न असम्भव हुनेछ। सम्प्रदायका अगुवाहरूले स्थानीय मण्डलीहरूको सेवा गर्नका लागि यो सम्प्रदाय अस्तित्वमा छ भन्ने कुरा सम्झनु पर्दछ।

► अब हामीले देखेका छौं कि सम्प्रदायहरूले आफ्ना मण्डलीहरूको लागि के गर्न सक्छन्, यस प्रश्नलाई विचार गरौं: साधारणतया तिनीहरूसँग हुने समस्याहरूबाट टाढै रहेर मण्डलीले कमजोर संघको फाइदा कसरी लिन सक्छ ?

► मण्डलीले कसरी बलियो संघको फाइदा उठाउन सक्छ जब कि साधारणतया आफूसित हुने समस्याहरूबाट टाढै रहन सक्छ ?

## सम्प्रदायको लागि स्थानीय मण्डलीको प्रतिबद्धता

यो सूची प्रत्येक सम्प्रदायको लागि ठ्याक्कै एउटै हुनेछैन, तर यो सम्प्रदायहरूले सामान्यतया आफ्ना मण्डलीहरूको के आवश्यक पर्दछ भन्ने सामान्य विवरण हो।

स्थानीय मण्डलीले निम्न कार्यहरू गर्न प्रतिबद्ध छ:

१. सम्प्रदायको सैद्धान्तिक भनाईलाई स्वीकार गर्न, सिद्धान्तहरू सिकाउन, र मण्डलीमा विपरीत सिद्धान्तहरू सिकाउन अनुमति नदिन।
२. सिकाउनु र सदस्यहरूलाई एकरूप ख्रीष्टियन जीवन बिताउन आवश्यक छ।
३. अधिवेशन तथा अन्य कार्यक्रमहरूमा भाग लिन र तिनीहरूले सक्दो खर्च सहयोग गर्न।
४. हाजिरी, रूपान्तरण, कर्मचारी र आयको सही वार्षिक प्रतिबेदन प्रदान गर्न।
५. यस सम्प्रदायका अन्य मण्डलीहरू र अगुवाहरूसित एकता कायम राख्न र द्वन्द्वहरूलाई बाइबलीय तरिकामा सामना गर्न।
६. समान प्रतिबद्धता आवश्यक पर्ने कुनै पनि अन्य संगठनसँग भाग नलिन।

*यदि विद्यार्थीहरू कुनै मण्डलीबाट हो जो कुनै संघमा आबद्ध छन् भने, संघको आवश्यकताहरू हेर्न केही मिनेट लिनुहोस्।*

► के तपाईंको मण्डलीको संघ अन्तर्राष्ट्रिय मिसन संघले सुरु गरेको थियो ? यदि त्यसो हो भने, मण्डलीहरू र मिसन संघ बीचको सम्बन्ध वर्णन गर्नुहोस् /

## मिसन र यसको मण्डलीको संघ बीचको सम्बन्ध

कहिलेकाहीं मण्डलीहरू अन्तर्राष्ट्रिय मिसन संघसँग सम्बन्धमा हुन्छन्। मिसनले मण्डलीहरू सुरु गर्न सक्छ, वा अवस्थित मण्डलीहरू मिसनसँग सम्बद्ध हुन सक्छन्। मिसनसँग जोडिएका मण्डलीहरूले एउटा संघ बनाउँने गर्छन्।

सुरुवातमा, विदेशी मिसनरीहरू त्यस देशमा बस्न सक्छन् र संघका अगुवा हुन सक्छन्। समयबित्दै जाँदा, राष्ट्रिय पास्टरहरूबाट अगुवापन विकसित हुन्छ। विदेशी मिसनरीहरूले मण्डलीको संघको प्रत्यक्ष नेतृत्व गरिरहन नपरोस् भनेर अगुवाहरू विकास गर्ने लक्ष्य मिसनमा हुनुपर्छ।

जब राष्ट्रिय संघका अगुवाहरू विकसित भए पछि, संघमा तीन स्तरहरू हुन्छन्: मिशन अगुवापन, संघ अगुवापन, र स्थानीय मण्डलीको पास्टरहरू। संघका अगुवाहरूले पास्टरहरूसँग प्रत्यक्ष रूपमा काम गर्छन्। मिसनका अगुवाहरूले प्रायः संघका अगुवाहरूसँग काम गर्छन्।

केही मिसनहरूले बलियो केन्द्रीय अगुवापन प्रदान गर्छन् जसले मण्डलीहरूको बलियो संघ बनाउँदछ। अन्य मिसनहरूले मण्डलीहरूको कमजोर संघलाई मद्दत प्रदान गर्छन् र तिनीहरूमाथि कुनै अधिकार दाबी गर्दैनन्।

यदि तीनै तहबीचको सम्बन्धलाई स्पष्ट रूपमा व्याख्या गरिएन भने त्यहाँ असमझदारी हुन सक्छ। कहिलेकाहीं मण्डलीका मानिसहरूले मिसनका अगुवाहरूलाई उनीहरूको आवश्यकताको बारेमा सम्पर्क गर्छन् किनभने उनीहरूले सोच्छन् कि मिशन चाहिँ स्रोतसाधनको हिसाबले अधिक उदार छ। कहिलेकाहीं संघको अगुवापनलाई बेवास्ता गर्दै, मिसन अगुवाहरूले मण्डलीसँग प्रत्यक्ष रूपमा काम गर्छन्। यसले संघको अगुवाहरूलाई अलमल्ल पार्छ किनभने यसले उनीहरूको भूमिका अस्पष्ट बनाउँछ।

अघिल्लो खण्डमा हामीले सम्प्रदायको जिम्मेवारीहरूको बारेमा सूचीबद्ध गरेका थियौं। मिसनद्वारा सुरु गरिएको मण्डलीको संघमा, जिम्मेवारीहरू संघका अगुवाहरूले र मिसन अगुवाहरूले मिलेर काम गरेर पूरा गर्छन्। एक निश्चित समयको अन्तरालमा, संघका अगुवाहरूले बिस्तारै थप जिम्मेवारी अधिक भाग लिनुपर्छ। एक परिपक्व संघको आदर्श अवस्था भनेको यो हो कि यसले कुनै मिसनबाट सहयोग नपाएता पनि यसले राम्रोसँग काम गर्न सक्छ।

## सात सारांश भनाईहरु

१. मण्डलीहरूको संघले स्थानीय मण्डलीको स्थिरतालाई मदत गर्छ।
२. केन्द्रीय अगुवापन कत्तिको महत्वपूर्ण छ भन्ने आधारमा संघहरूलाई "कमजोर" वा "बलियो" भन्न सकिन्छ।
३. "कमजोर" संघका सदस्यहरूले स्थानीय मण्डलीहरूको स्वायत्ततामा जोड दिन्छन्।
४. "बलियो" संघका सदस्यहरूले स्थानीय मण्डलीप्रतिको प्रतिबद्धतासँगै संघप्रतिको प्रतिबद्धतामा जोड दिन्छन्।
५. मण्डली कुनै सम्प्रदायमा हुन सक्दैन र अर्को संघमा पनि हुन सक्दैन जसमा बलियो प्रतिबद्धताको खाँचो पर्छ।
६. मण्डलीहरूलाई सहयोगद्वारा आफ्नो उद्देश्य पूरा गर्न मदत गरेर एउटा सम्प्रदाय अस्तित्वमा छ।
७. अन्तर्राष्ट्रिय मिसनले बिस्तारै संघको अगुवापनलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ।

## पाठ ४ को कार्यभारहरु

१. पाठ ४ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. परिक्षा: अर्को कक्षा सत्रको सुरुमा, तपाईंले एउटा सम्प्रदायको कम्तिमा १० ओटा जिम्मेवारीहरू र स्थानीय मण्डलीको यसको सम्प्रदायप्रतिको प्रतिबद्धताहरू कम्तिमा पाँच ओटा स्मरणबाट लेख्नुपर्नेछ।

# पाठ ५
# मण्डलीको सदस्यता

## परिचय

> "ती प्रथम विश्वासीहरूले मण्डलीलाई प्रेम गर्थे किनभने तिनीहरूले येशूलाई प्रेम गर्थे।"
> - ल्यारी स्मिथ,
> *म विश्वास गर्छु: ख्रीष्टियन विश्वासको आधारभूत कुराहरू*

► के कोही व्यक्ति ख्रीष्टियन हुन सक्छ र मण्डली बिना ख्रीष्टियन जीवन बिताउन सक्छ ?

मानिसहरू मण्डलीमा आउनुका थुप्रै असल कारणहरू हुन सक्छन् । कोही व्यक्ति सिक्न, परमेश्वरको उपस्थिति महसुस गर्न, स्वीकार्यता र मित्रता महसुस गर्न, प्रोत्साहित हुन्, परिवर्तन हुन, अरूसँग परमेश्वरको उपासना गर्न, परमेश्वर र उहाँका जनहरूप्रति प्रतिबद्धता देखाउन, मण्डलीको सेवकाईमा सहायता गर्न, र परमेश्वरले के गर्नुहुनेछ भनेर हेर्नको लागि मण्डलीमा आउन सक्छ ।

यदि कुनै व्यक्ति मण्डलीमा आउँदैन भने, माथिको सूचीका कुराहरू उसको लागि महत्त्वपूर्ण हुदैन । कुन प्रकारको व्यक्तिले यी कुराहरूको वास्ता गर्दैन ?

उपस्थित हुनाले कुनै व्यक्ति ख्रीष्टियन हो भनेर प्रमाणित गर्दैन, तर यदि कुनै व्यक्ति सम्भव भएसम्म मण्डलीमा उपस्थित भइरहेको छैन भने, सायद ऊ पनि ख्रीष्टियन होइन ।

► मण्डलीको सदस्यता किन महत्त्वपूर्ण छ ? के यदि मण्डलीमा जानु र ख्रीष्टियन हुनु मात्र पर्याप्त छैन र ?

## मण्डलीको सदस्यता परमेश्वरको योजना प्रतिको प्रतिबद्धता हो

अघिल्लो पाठमा हामीले पावलको सेवकाईको प्राथमिकता मण्डलीको व्याख्या गर्नु थियो भनेर देख्यौं । पावलले मण्डलीलाई जोड दिए किनभने मण्डली संसारभरि मुक्तिको योजना लागू गर्ने परमेश्वरको तरिका हो ।

प्रेरित पावलले भने,

> सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू (एफिसी ३:९-१०) ।

"रहस्य" परमेश्वरको आफ्नो पूर्णता व्यक्त गर्ने र मण्डलीमा आफ्नो बुद्धि प्रकट गर्ने योजना हो । मण्डली ती मानिसहरूको संगति हो जसले परमेश्वरको योजना अनुसार जवाफ दिएका छन् र त्यसप्रति आफूलाई समर्पित गरेका छन् । यदि कुनै व्यक्तिले मण्डलीप्रति प्रतिबद्ध छैन भने, उसले परमेश्वरको योजनाप्रति प्रतिबद्ध छैन ।

► मानिसहरूले मण्डलीको सदस्यता लिन इन्कार गर्नुका केही कारणहरू के-के हुन् ?

## परमेश्वरको साँचो घर

परमेश्वर प्रत्येक विश्वासीभित्र बस्नुहुन्छ, तर उहाँ मण्डलीमा (प्रतिबद्ध विश्वासीहरूको समूह) एक विशेष तरिकामा बस्नुहुन्छ। यी पदहरूले परमेश्वर कहाँ बस्नुहुन्छ भनी बताउँछ भन्ने हेर्नुहोस् :

> उहाँमा [येशू ख्रीष्ट] पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ (एफिसी २:२१-२२)।

परमेश्वर मण्डलीमा बस्नुहुन्छ। मण्डली, विश्वासीहरूको समूह, त्यो घर हो जुन परमेश्वर आत्माद्वारा बस्नुहुन्छ।[3] मण्डलीमा परमेश्वरको बासस्थान उद्देश्यहरूका लागि हो जुन व्यक्तिहरूले पूरा गर्न सक्ने भन्दा टाढाको कुरा हो। यदि कुनै व्यक्तिले मण्डलीमा प्रतिबद्ध हुन अस्वीकार गर्छ भने, उसले परमेश्वरको यो योजनाको हिस्सा हुन अस्वीकार गरिरहेको हुन्छ।

## परमेश्वरको परिवार

जब उसले पापको दोषी छु भनी मान्छ तब मानिसले आफ्नो आत्मिक पहिचान भेट्टाउँछ, त्यसपछि परमेश्वरको प्रेम, अनुग्रह र स्वीकार्यताको अनुभव हुन्छ। जब उसले पश्चाताप गर्छ र ख्रीष्टमा आफ्नो विश्वास राख्छ, उसले परमेश्वरको सन्तान बन्छ। यो एक व्यक्तिले पाउने सबै भन्दा महत्त्वपूर्ण पहिचान हो।

विश्वासीको परमेश्वरको परिवारको सदस्यको रूपमा आत्मिक पहिचान पनि छ (एफिसी २:१९)। अरु विश्वासीहरू उसको आत्मिक भाइहरु र बहिनीहरू हुन्। उसले भेट्ने कुनै पनि साँचो ख्रीष्टियन सँग उसको आत्मीयता महसुस हुन्छ।

मण्डली परमेश्वरको विश्वव्यापी परिवारको रूपमा र साथै परमेश्वरको स्थानीय परिवारको रूपमा कार्य गर्ने स्थानीय मण्डलीको रूपमा पनि अवस्थित छ। कुनै भाइ वा बहिनीलाई खाँचो छ भने, उसलाई स्थानीय आत्मिक परिवारले तिनलाई मदत गर्छ। जसरी एक विश्वासीले आफ्नो आत्मिक परिवारले आफूलाई मदत गर्न तयार भएको आशा गर्न सक्छ, त्यसरी नै उसले पनि परिवारप्रति प्रतिबद्ध र अरूलाई मदत गर्न तयार हुनुपर्छ। यदि आफ्नो समय र स्रोतसाधन यसमा समर्पित गर्ने विश्वासीहरू नभएको भए परिवारबाटको मदत प्राप्त हुने अस्तित्वमा हुने थिएन।

कोही व्यक्तिले मदत माग्छन् तर अरूलाई मदत गर्न कहिल्यै उपलब्ध हुँदैनन्। परिवारप्रति प्रतिबद्ध हुनुको अर्थ के हो भन्ने कुरा उनीहरूले बुझेका छैनन्।

अरू मानिसहरूले आफ्नो हेरचाह आफै गर्छन् र अरू सबैले पनि त्यस्तै गरून् भन्ने आशा राख्छन्। तिनीहरूले अरूको आवश्यकताको लागि आफ्नो जिम्मेवारी छन् भनि बुझ्दैनन्।

► परमेश्वरको परिवार प्रतिको प्रतिबद्ध हुनुपर्छ भनेर तपाईंले कुनै व्यक्तिलाई कसरी व्याख्या गर्नुहुन्छ *?*

---

[3] १ कोरिन्थी ६:१९ मा, व्यक्तिगत विश्वासीको शरीरलाई पवित्र आत्माको मन्दिर भनिन्छ; त्यसैले व्यक्तिहरूलाई परमेश्वरको बासस्थानको रूपमा सोच्नु गलत होइन। सोही प्रेरितहरुले लेखेको पत्रमा अन्यत्र स्थानीय निकायलाई सामूहिक रूपमा परमेश्वरको मन्दिर भनिएको छ (१ कोरिन्थी ३:१६-१७)।

## व्यक्तिवादको त्रुटि

एक व्यक्तिले व्यक्तिगत रूपमा परमेश्वरको सत्यतामा विश्वास गर्नुपर्छ र व्यक्तिगत रूपमा परमेश्वरको आज्ञा पालन गर्ने छनौट गर्नुपर्छ। परमेश्वरसँगको मानिसको सम्बन्ध तब सुरु हुन्छ जब उसले पश्चात्ताप गर्छ र ख्रीष्टमा विश्वास गर्छ। परमेश्वरसँगको उसको सम्बन्ध अरू कसैमा निर्भर गर्दैन। प्रत्येक विश्वासीसँग परमेश्वरको वचन बुझ्नको लागि डोऱ्याउन पवित्र आत्मा हुन्छ।

तथापि, थुप्रै मसीहीहरू आफ्नो मनोवृत्तिमा असाध्यै स्वतन्त्र भएका छन्। तिनीहरूका आफ्नै धारणाहरू तिनीहरूको अन्तिम अधिकार बन्छन्। तिनीहरू धर्मशास्त्रको आफ्नै व्याख्यामा मात्र विश्वास गर्छन्। तिनीहरू आफ्नो वरदान मण्डलीको सफलतामा समर्पण गर्नुको साटो व्यक्तिगत रूपमा सफल हुन तिनीहरूले वरदानहरू प्रयोग गर्न चाहन्छन्। तिनीहरूका महत्त्वपूर्ण निर्णयहरू तिनीहरूको आफ्नै विचार, आफ्नै भावना र आफ्नै इच्छाहरूमा आधारित हुन्छन् र मण्डलीको बुद्धिद्वारा निर्देशित हुँदैनन्।

धेरै मानिसहरूले मण्डलीको उद्देश्य बताउन सक्दैनन्। तिनीहरूले व्यक्तिहरूलाई केही फाइदाहरू प्रदान गर्न मात्र यसलाई मूल्यवान् ठान्छन्। तिनीहरू यसमा एक परिवार जस्तै प्रतिबद्ध छैनन्। तिनीहरू कुनै पनि आत्मिक अधिकार स्वीकार्दैनन्। तिनीहरू चाडै मण्डली छोड्न र कुनै समस्या छ भने अर्को को खोजी गर्न तत्पर हुन्छन्। यो समस्या जताततै छ, तर कुनै संस्कृतिका मानिसहरूमा आत्मिक तवरमा स्वतन्त्र हुने प्रयास गर्ने प्रवृत्ति बढी हुन्छ किनभने तिनीहरूको संस्कृतिले व्यक्तिगत स्वतन्त्रतामा जोड दिन्छ।

थुप्रै मण्डलीहरूले मानिसहरू आत्मिक तवरमा स्वतन्त्र छन् भन्ने अनुमानलाई स्वीकारेका छन्। व्यक्तिहरूले कसरी उत्तम नतिजा प्राप्त गर्न व्यक्तिगत निर्णयहरू गर्न सक्छन् भनेर प्रवचनहरूले निर्देशन दिन्छ। थुप्रै मण्डलीहरू मानिसहरूको टोलीद्वारा नेतृत्व गरिन्छ जसले कार्यक्रम सञ्चालन गर्छन्, र मण्डली दर्शकहरूको भीड हुन्छ। अर्को प्रकारको मण्डली पास्टरको व्यक्तिगत उद्यम हो, र उसले मानिसहरूलाई राख्न र उनीहरूको आर्थिक सहयोग सङ्कलन गर्न पर्याप्त लाभ हरू प्रदान गर्ने प्रयास गर्दछ।

मण्डलीको नयाँ नियमको चित्र भनेको एक स्थानीय भक्त विश्वासीहरुको समूह हो जसले जिम्मेवारी बाँड्ने गर्दछ। सहयोगी मानिसहरू, प्रतिबद्ध भक्त विश्वासीहरुको रूपमा बाहेक मण्डलीले आफ्नो जिम्मेवारी पूरा गर्न असम्भव छ। नयाँ नियमका धेरैजसो प्रेरितहरुले लेखेका पत्रहरू व्यक्तिहरूलाई सम्बोधन गरिएको होइन, तर मण्डलीहरूलाई सम्बोधन गरिएको छ, र त्यसरी नै व्याख्या गरिनुपर्छ र लागू गरिनुपर्छ।

## नयाँ करारमा पाइने स्थानीय चर्चका केही उद्देश्यहरू

► सूचीको प्रत्येक बुँदाको लागि, भक्त विश्वासीहरुले कसरी यो जिम्मेवारी बाँड्न सक्छ र एक जना व्यक्तिले भन्दा अझ राम्रोसँग कसरी गर्न सक्छ भनेर छलफल गर्नुहोस्।

१. सुसमाचार प्रचार गर्नुहोस् (मत्ती २८:१८-२०)।
२. भक्त विश्वासीहरुको रूपमा आराधना गर्नुहोस् (१ कोरिन्थी ३:१६)।
३. सिद्धान्त कायम राख्नुहोस् (१ तिमोथी ३:१५, यहूदा ३)।
४. पास्टरहरूलाई आर्थिक सहयोग गर्नुहोस् (१ तिमोथी ५:१७-१८)।
५. मिसनरीहरू पठाउनुहोस् र समर्थन गर्नुहोस् (प्रेरित १३:२-४, रोमी १५:२४)।
६. खाँचोमा परेका सदस्यहरूलाई मदत गर्नुहोस् (१ तिमोथी ५:३)।
७. पापमा फस्ने सदस्यहरूलाई अनुशासन दिनुहोस् (१ कोरिन्थी ५:९-१३)।
८. बप्तिस्मा र प्रभुको भोजको अभ्यास गर्नुहोस् (मत्ती २८:१९, १ कोरिन्थी ११:२३-२६)।
९. विश्वासीहरूलाई परिपक्वताको लागि चेला बनाउनुहोस् (एफिसी ४:१२-१३)।

यी मध्ये धेरैजसो कामहरू एक जना व्यक्तिले स्वतन्त्र रूपमा पुरा गर्न सक्दैनन्। तिनीहरू विश्वासीहरूको समूहको सहयोग र नेतृत्वको संरचनामा निर्भर हुन्छन्।

परमेश्वरले प्रत्येक विश्वासीलाई स्थानीय मण्डलीप्रति प्रतिबद्ध हुन र त्यस मण्डलीलाई संसारमा आफ्नो उद्देश्य मदत गरेर पूरा गर्न बोलाउनुहुन्छ। कुनै सदस्यले मण्डलीमा सेवा नगरेसम्म, उसले ख्रीष्टको शरीरको अङ्गको रूपमा आफ्नो उद्देश्य पूरा गर्दैन।

परमेश्वरसँग विश्वासीहरूको स्थानीय निकायको लागि एउटा योजना छ। उहाँले जे कुराहरू आवश्यक छ र सदस्यहरूबाट प्रतिबद्धताको आवश्यकताहरु दिनुहुन्छ।

> "यो प्रत्येक ख्रीष्टियनको कर्तव्य हो, ख्रीष्टमा आफ्नो विश्वासको खुलेआम दाबी गर्नु मात्र होइन, तर आफ्नो समुदायमा विश्वासीहरूको शरीरसँग सङ्गतिमा प्रवेश गर्नु, र मण्डलीको सदस्यताको जिम्मेवारी आफैमा लिनु पनि हो।"
> - विली र कल्बर्टसन,
> *ख्रीष्टियन ईश्वरशास्त्रको परिचय*

## शरीरको रूपक

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:१२-२७ पढ्नुपर्छ।

पावलले मण्डलीका सदस्यहरूले भौतिक शरीरका अङ्गहरू जस्तै मिलेर काम गर्नुपर्छ भने। एउटा अङ्गले अरूबाट स्वतन्त्र हुने कोसिस पनि गर्नु हुँदैन। एउटा अङ्गले अरू बिना धेरै कुरा हासिल गर्न सक्दैन।

एक जना ख्रीष्टियनले मण्डलीको जीवनमा उसको क्षमताको महत्त्व भेट्टाउँछ भन्ने कुरा बुझ्नुपर्छ। जसरी आँखा वा कान शरीरको लागि काम गर्ने बाहेक अरु कामको लागि बेकार हुन्छ, त्यसरी नै कुनै व्यक्तिले मण्डलीको प्रतिबद्ध सदस्यको रूपमा काम नगरेसम्म परमेश्वरको इच्छामा महत्त्वपूर्ण उद्देश्य भेट्टाउन सक्दैन।

## सदस्यताको प्रक्रियाहरू

► एक बिद्यार्थीले समूहको लागि प्रेरित २:४६-४७ पढ्नुपर्छ।

प्रभुले हरेक दिन मण्डलीमा थप्दै जानुभयो। मण्डलीको प्रारम्भिक दिनहरूमा मण्डलीमा सामेल हुनु जटिल कुरा थिएन। ख्रीष्टमा परिवर्तन र विश्वासको गवाही सदस्यताको आधारभुत थियो। औपचारिक सदस्यता प्रक्रिया वा सदस्यता नियमहरूको सूची बिना पनि, मण्डलीमा को छ भनेर हेर्न सजिलो थियो।

प्रायजसो मण्डली औपचारिक सदस्यता बिना नै सुरु हुन्छ। सुरुमा मण्डलीमा सेवकाईको टोली हुन्छ। त्यसपछि, सेवकाईमा प्रतिक्रिया जनाउने र त्यसमा संलग्न हुने स्थानीय मानिसहरू थपिन्छन्। यो समूह व्यावहारिक कुराहरू, आत्मिक विषयहरू, भविष्यको लागि दृष्टिकोण र सँगै जीवन बाँड्ने पक्षहरूबारे छलफल गर्न बारम्बार भेला हुन्छ। त्यहाँ सदस्यताको सूची छैन, तर त्यहाँ प्रतिबद्ध व्यक्तिहरू को हुन् भनेर सबैलाई थाहा छ।

जब मण्डली बढ्दै जान्छ, त्यहाँ प्रश्नहरू खडा हुन्छन्। धेरै मानिसहरू मण्डलीमा जान्छन् र क्रियाकलाबहरूमा भाग लिन्छन्; तर मण्डलीका मानिसहरू को हुन्? मण्डली चाहिँ साक्षी हुनुपर्छ, तर मण्डलीका मानिसहरू को हुन् भनेर समुदायलाई थाह छैन भने त्यो कसरी साक्षी हुन सक्छ? हामी मण्डलीलाई शरीरमा भएका अरूलाई मदत गर्न प्रतिबद्ध हुन सिकाउँछौं, तर ती को हुन् भनेर तिनीहरूले कसरी थाहाँ पाउन सक्छन्? यदि कुनै व्यक्तिले सुधारको जवाफ दिन इन्कार गर्छ र खुला पापमा जीवन बिताउँदछ भने, विश्वासी भई जीवन बिताउने विश्वासीहरूको मूल समूहबाट उसलाई कसरी अलग गर्न सकिन्छ?

धेरै आधुनिक मण्डलीहरूमा व्यापक सदस्यताको आवश्यकताहरू छन्। तिनीहरूसँग सिद्धान्तको भनाई, सदस्यको जीवनशैलीको लागि नियमहरू, र परीक्षण अवधि हुन्छ। नयाँ ख्रीष्टमा परिवर्तन भएका व्यक्तिका लागि छिटै ती मण्डलीहरूको सदस्य बन्न सजिलो हुदैन।

ख्रीष्टमा नयाँ परिवर्तन भएका व्यक्तिलाई तुरुन्तै मण्डलीको संगतिमा स्वीकार गरिनुपर्ने आवश्यक छ। उ एक-अर्का प्रतिको प्रतिबद्ध विश्वासीहरूको समूहको भाग हुन आवश्यक छ। ख्रीष्टमा परिवर्तन हुँदा उसले ख्रीष्टियन नभएका साथीहरू गुमाउँछन् र उसलाई ख्रीष्टियन संगतिको खाँचो पर्छ।

ख्रीष्टमा नयाँ परिवर्तन गर्ने व्यक्तिलाई पनि अरू ख्रीष्टियनहरूसँगको घनिष्ठ सङ्गतबाट आउने चेलापनको खाँचो छ। उससँग आफ्नो जीवन साटासाट गर्ने मानिसहरूका मूल्य मान्यताहरूले उसलाई आकार दिईनेछ।

यदि कुनै ख्रीष्टमा परिवर्तन गर्ने व्यक्तिले उच्च सदस्यता आवश्यकताहरू जुन उसले बुझ्न नसक्नुको कारण मण्डलीमा सामेल हुन सक्दैन भने के हुन्छ ? यदि उसलाई सदस्यताबाट बाहिर राखियो भने, उसले महसुस गर्दछ कि उसलाई मण्डलीमा स्वीकार गरिएको छैन। उसलाई तत्काल कुनै न कुनै प्रकारको सदस्यता चाहिएको छ। प्रारम्भिक मण्डलीले ख्रीष्टमा परिवर्तन गर्नेहरूलाई चाँडै सदस्यको रूपमा सामेल गराउन सक्षम थियो।

**साधारण सदस्यता/ संगतिको सदस्यता**

यदि मण्डलीले ख्रीष्टमा परिवर्तन गर्नेहरूलाई चाँडै सदस्य बनाउन राम्रो काम गऱ्यो भने, मण्डलीको सदस्यतामा परिपक्व ख्रीष्टियनहरू नभएका मानिसहरू समावेश हुनेछन्। ख्रीष्टमा नयाँ परिवर्तन भएका व्यक्तिहरूले मण्डलीका सबै महत्त्वपूर्ण सिद्धान्तहरू बुझ्दैनन्। तिनीहरूले परिपक्व ख्रीष्टियन जीवनशैली विकास गरेका हुदैनन्। त्यसकारण, तिनीहरू मण्डलीको लागि निर्णय गर्न जिम्मेवार व्यक्तिहरु हुनुहुँदैन। मण्डलीको सदस्यतामा परिपक्व ख्रीष्टियन नभएका मानिसहरू समावेश हुने भएकोले, मण्डलीको साधारण सदस्यताले मण्डलीको निर्देशनको बारेमा निर्णय गर्नु हुँदैन।

साधारण सदस्यताभित्र परिचालक निकाय गठन गर्ने सदस्यहरू हुनुपर्दछ। मण्डलीको परिचालक निकाय परिपक्व मसीहीहरू मिलेर बनेको हुनुपर्छ जसले मण्डलीले सिकाएका सिद्धान्तहरू र जीवनशैली बुझ्छन्। यो त्यो समूह हो जसले मण्डलीको लागि निर्णय गर्दछ। यस समूहको सदस्यतामा मण्डलीको सामान्य सदस्यता भन्दा उच्च आवश्यकताहरू हुनुपर्दछ। यस समूहका मानिसहरूले मण्डलीमा शिक्षक र अगुवाको रूपमा सेवा गर्न सक्छन्। परिचालक निकायले मण्डली त्यसको शिक्षा र उद्देश्यप्रति सत्य रहिरहोस् भनेर पक्का गर्दछ।

साधारण सदस्यताले साँचो ख्रीष्टमा परिवर्तन भएका व्यक्तिहरुलाई स्वीकार्छ जो मण्डलीप्रति प्रतिबद्ध छन्। साधारण सदस्यताको लागि आवश्यकताहरू ख्रीष्टियन धर्मको आधारभूत कुराहरू र त्यस विशेष मण्डली प्रतिको प्रतिबद्धता हो। ख्रीष्टमा परिवर्तन गर्ने व्यक्ति साँच्चिकै परिवर्तित भएको देखिन्छ भने उसलाई तुरुन्तै साधारण सदस्यतामा स्वीकार गर्न सकिन्छ। ख्रीष्टमा परिवर्तन गर्ने व्यक्तिले मण्डलीमा संगति र संलग्नता प्राप्त गर्दछ जुन उसलाई तुरुन्तै आवश्यक पर्दछ। कुनै-कुनै मण्डलीहरूले साधारण सदस्यतालाई "संगति" भन्छन्।

► ख्रीष्टमा नयाँ परिवर्तन भएका व्यक्तिले किन चाँडै मण्डलीमा सामेल हुनु आवश्यक छ ?

► माथि वर्णन गरिएको सदस्यताको प्रणालीमा, संगति के हो, र यसको सदस्य कस्तो प्रकारको व्यक्ति हो ? परिचालक निकाय भनेको के हो र यसको कस्तो प्रकारको मानिसहरुको सदस्य हो ?

**परिपक्व ख्रीष्टियनको सदस्यता**

दोस्रो प्रकारको सदस्यताको लागि सदस्यहरू सैद्धान्तिक रूपमा स्वस्थ र पर्याप्त परिपक्व हुनु आवश्यक छ ताकि उनीहरूलाई मण्डलीको निर्णयहरूमा मतदान गर्न भरोसा गर्न सकियोस्। यस समूहले मानिसहरूलाई पास्टर सहित सेवाका पदहरूमा निर्वाचित गर्छ। तिनीहरूले या त व्यावसायिक निर्णयहरूमा मतदान गर्छन् वा ती निर्णयहरू बनाउने प्रतिनिधिहरूको समूहलाई निर्वाचित गर्छन्।

सदस्यताले मण्डलीको सरकारलाई नियन्त्रण गर्ने भएकोले, ख्रीष्टमा नयाँ परिवर्तन हुने व्यक्तिलाई तुरुन्तै सदस्यतामा स्वागत गर्न सकिंदैन। मण्डलीमा जति बढी रूढिवादी र सतर्कता हुन्छ, सदस्यता आवश्यकताहरूको सूची त्यति नै लामो हुन्छ र ख्रीष्टमा परिवर्तन हुनेहरु र सदस्यता बीचको समयावधि त्यति नै लामो हुन्छ। मण्डलीले ख्रीष्टमा परिवर्तन हुने व्यक्तिको आधारभूत विवरणको सट्टा, एक परिपक्व ख्रीष्टियनले गर्नुपर्ने सबै कुराहरू समावेश गर्न सदस्यता आवश्यकताहरू निर्धारण गर्दछ। ख्रीष्टमा परिवर्तन हुने व्यक्तिले मण्डलीको सदस्य हुन योग्य नभएता पनि वर्षौंसम्म मण्डलीको जीवनमा भाग लिन सक्छ। कोही-कोही ख्रीष्टमा परिवर्तन गर्नेहरू सदस्य हुन नसक्ने भएकोले छोड्न सक्छन्।

**भक्त विश्वासीको सदस्यता**

कुनै-कुनै मण्डलीहरूमा, सामान्यतया आराधनमा उपस्थित हुनेहरूलाई सदस्य मानिन्छ। कुनै अन्य अधिकारीहरूले मण्डलीको व्यवसायको निर्णय गर्न सक्छन्, तर मण्डलीमा उपस्थित हुने जो कोही पनि सदस्य हुन्। मण्डलीले तिनीहरूसँग सदस्यहरूको सूची नभएको दाबी गर्न सक्छ। तथापि, सदस्यहरूको कुनै सूची नभएको दाबी गर्ने मण्डलीमा पनि, को भित्र छ र को छैन भनेर निर्धारण गर्ने अलिखित प्रणाली छ।

भक्त विश्वासीहरुको सदस्यता भएको मण्डलीमा, मण्डलीको नियन्त्रण पास्टर वा प्रभावशाली परिवारका अगुवाहरूको हातमा हुन सक्छ।

यदि कुनै युवा मण्डलीमा अन्तिम अधिकार भक्त विश्वासीहरुको सदस्यतामा छ भने, केही वर्षमा यो कस्तो हुनेछ भनेर भविष्यवाणी गर्ने कुनै तरिका हुने छैन।

यदि भक्त विश्वासीहरुको सदस्यता भएको पुरानो मण्डलीमा स्थिरता छ भने, सम्भवतः यसलाई पारिवारिक समूहले वा बलियो ले, दीर्घकालीन पास्टरले नियन्त्रण गरेका हुन सक्छन्। त्यहाँ तिनीहरूलाई काम पुरा गर्ने तरिकाको नियमहरू व्याख्या गर्न गाह्रो हुनेछ, तर तिनीहरूले नियन्त्रणमा भएकाहरूलाई भरोसा गर्छन्। लिखित नीतिहरू अस्तित्वमा नहुन सक्छन् वा बेवास्ता गर्न सकिन्छ। जब पास्टर वा अन्य अगुवाहरूलाई प्रतिस्थापित गरिन्छ, मण्डलीमा ठूलठूला परिवर्तनहरू द्वारा गएको हुन सक्छन्।

► माथि वर्णन गरिएका दुई सदस्यताको प्रणालीहरूमा तपाईं के फाइदा र बेफाइदा देख्नुहुन्छ ?

► निम्न दुई उदाहरणहरु हेर्नुहोस्, एउटा संयुक्त राज्य अमेरिकाको मण्डलीको र अर्को फिलिपिन्सको मण्डलीको बिषयमा। यी दुई विवरणमा छलफल गर्नुहोस् कि तपाईंले चिनेका मण्डलीहरूमा मण्डलीको सदस्यतासँग कसरी तुलना गरिन्छ।

## उदाहरण एक

### भिक्टरी च्यापल संगति

भिक्टरी च्यापलका अधिकांश गतिविधिहरूमा उपस्थित हुनको लागि सर्वसाधारणहरूलाई आमन्त्रित गरिएको छ, जसमा आराधना सेवाहरू, घरेलु भक्त विश्वासीहरुका बैठकहरू र बाइबल अध्ययनहरू समावेश छन्। सबैले आराधना, आवश्यकताहरू बाँड्न, प्रार्थना गर्न, भक्त विश्वासीको भोजन, व्यवस्थित छलफल, र अनौपचारिक संगतिमा भाग लिन सक्छन्। तथापि, नयाँ नियमले स्थानीय मण्डली बनाउने मानिसहरूको समूहलाई पहिचानयोग्य हुनुपर्छ भनेर संकेत गर्दछ। के मानिसहरू मण्डली हुन् भनेर सार्वजनिक रूपमा यो थाहा पाउनुपर्छ। यस्तो पहिचानयोग्य समूह बिना, यो असम्भव छ कि मण्डलीसँग संसारसामु स्पष्ट गवाही छ, साँचो ख्रीष्टियन संगति बाँड्नु जुन मित्रताभन्दा बाहिर ख्रीष्टियन एकतामा आधारित छ, बाइबलीय मण्डलीले अनुशासनको अभ्यास गर्दछ, र मण्डलीको सेवकाईको लागि एकसाथ जिम्मेवारी वहन गर्दछ। त्यसकारण, भिक्टरी च्यापलको सेवाहरूको जिम्मेवारी भक्त विश्वासीहरु भित्रको "संगति" भनिने समूहमा निर्भर गर्दछ।

### संगतिमा रहेकाहरूले पूरा गरेका मापदण्डहरू

आत्मिक वृद्धिका चिन्हहरू अरू पनि थुप्रै विशिष्टताहरू छन् भनेर हामी थाहाँ पाउँछौं, तर तलको सूचीले एकता र साँचो ख्रीष्टियन संगतिको लागि आवश्यक लाग्ने आधारभूत कुराहरू प्रदान गर्दछ।

#### (१) आत्मिकी जीवन

परमेश्वरसँग आज्ञाकारी सम्बन्धमा हिंड्नको लागि ख्रीष्टमा परिवर्तन, आत्मिक इच्छा र प्रतिबद्धताको प्रमाण प्रदर्शन गर्नुहोस्।

#### (२) बाइबलीय नैतिकता

यौन अनैतिकता, लागूपदार्थको अवैध प्रयोग, सुर्तीजन्य पदार्थ र रक्सीजन्य पदार्थबाट टाढै रहनुहोस्।

#### (३) मण्डलीको प्रतिबद्धता

स्वास्थ्य, अन्य सेवकाई वा शनिवारको लागि रोक्न नसकिने एक प्रकारको काममा रोजगारीले बाधा पुऱ्याएको अवस्थामा बाहेक मण्डलीका सबै सेवाहरूमा विश्वासयोग्य भई उपस्थित हुनुहोस्।

मण्डलीको भेटीमा दशांश दिनुहोस्।

#### (४) सैद्धान्तिक एकता

भिक्टरी च्यापलको विश्वासको भनाईको एकता र बुझाइ आवश्यक छ। पास्टरले प्रत्येक उम्मेदवारसँग छलफल र निर्देशनको समय साझा गर्नुहुनेछ।

#### (५) व्यावहारिक नैतिकता

सबै सम्बन्धहरूमा इमानदारीता र प्रतिबद्धताहरूप्रति विश्वासयोग्यता कायम राख्नुहोस्। संगतिमा भएकाहरूप्रति प्रेम र वफादारीसँग मिल्दो व्यवहार कायम राख्नुहोस्।

**नीतिहरू**

हामीले थाहा गर्यौं कि केही नयाँ सदस्यहरू निरन्तरता हुने छैनन्, तर हामी परिक्षण अवधि नराख्ने छनौट गर्छौं, किनकि ख्रीष्टमा नयाँ परिवर्तन हुने व्यक्तिहरूलाई मण्डलीमा तुरुन्तै संलग्न हुनु आवश्यक पर्दछ।

पास्टरले उम्मेदवारको अन्तर्वार्ता लिएपछि संगतिको लागि प्रस्ताव गरिएको नामलाई परिचालक निकायले मूल्याङ्कन गर्नेछ।

संगतिमा स्वीकृत येशूमा परिवर्तन भएको व्यक्तिले पहिले नै बप्तिस्मा नलिएको भए उसको लागि बप्तिस्माको निर्धारित तालिका बनाइनेछ।

यदि संगतिमा कुनै विश्वासीले आवश्यकताहरूको उल्लङ्घन गरेको पाइयो भने, परिचालक निकायले विश्वासीलाई संगतिबाट हटाउन सक्छ वा उसलाई परिक्षणकालको लागि र जवाफदेहीताको अवधिको लागि अनुमति दिन सक्छ, त्यसपछि उसको मुद्दालाई पुनर्विचार गरिनेछ।

**उदाहरण दुई**

**फिलिपिन्सको बाइबल मेथोडिस्ट मण्डली**

येशू ख्रीष्टलाई मेरो मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गरेपछि, उहाँको मृत्युमा विश्वास गरेर, उहाँको रगत बगाउदै गरेको र उहाँको पुनरुत्थान मेरो मुक्तिको लागि पूर्ण कार्यको रूपमा, अब म ख्रीष्टको विश्वव्यापी शरीरसँग एकताबद्ध छु। तर जसरी शरीरका धेरै अङ्गहरू छन्, त्यसरी नै ख्रीष्टको शरीर पनि छ। निष्कपट प्रार्थनाको माध्यमबाट, म फिलिपिन्स बाइबल मेथोडिस्ट मण्डली परिवारसँग एकताबद्ध हुन पवित्र आत्माले डोऱ्याएको महसुस गर्छु — यसको संगति, विश् वास र आत्मिक अनुशासनको लागि परमेश् वरले मलाई झन्-झन् सक्षम पार्नुभएको छ। यसो गर्दा, म आफूलाई परमेश्वर र अन्य सदस्यहरूप्रति निम्न कुराहरू गर्न प्रतिबद्ध गर्दछु:

**पहिलो, मेरो मण्डलीको एकताको रक्षा गर्न**

- अरू सदस्यहरूप्रति प्रेमको कार्य गरेर (१ पत्रुस १:२२)
- गफ गर्न वा निन्दा गर्न अस्वीकार गरेर (एफिसी ४:२९)
- यसका नियुक्त गरिएका अगुवाहरूलाई पछयाएर (हिब्रू १३:१७)
- परमेश्वरको अनुग्रहबाट बाहिरिएका भाइबहिनीहरूप्रति दया राखेर (गलाती ६:१-२)

**दोस्रो, मेरो मण्डलीको जिम्मेवारीमा बाड्न**

- यसको वृद्धिको लागि प्रार्थना गरेर (१ थेसलोनिकी १:१-२)
- मण्डलीमा नआएकाहरूलाई उपस्थित हुन निमन्त्रणा दिएर (लूका १४:२३)
- आगन्तुकहरूलाई न्यानो स्वागत गरेर (रोमी १५:७)
- मानिसहरूलाई येशू ख्रीष्टसँग परिचय गराएर (प्रेरित ८:३३-३५)

**तेस्रो, मेरो मण्डलीको सेवकाईको सेवा गर्न**

- आत्मिक वरदानहरू खोजि गरेर (१ पत्रुस ४:१०)
- पास्टरहरूसँग सेवा गर्न सुसज्जित भएर (एफिसी ४:११-१२)
- सन्तहरू, भोका, नाङ्गै, रोगी, एकल महिला, अनाथ, र झ्यालखानामा परेकाहरूको सेवा गर्ने दासको हृदय विकास गरेर - साधन र अवसर प्रदान गरिएको छ (मत्ती २५:३१-४६, फिलिप्पी २:३-७)

**चौथो, मेरो मण्डलीको गवाहीलाई समर्थन गरेर**

- विश्वासयोग्य भई उपस्थित भएर (हिब्रू १०:२५)
- प्रचार गरिएझैं परमेश्वरको वचनलाई नम्रतापूर्वक ग्रहण गरेर, र त्यसको ज्योतिमा हिंडेर (१ यूहन्ना १:९-१०)
- पवित्र जीवनलाई पछ्याएर (हिब्रू १२:१४, फिलिप्पी १:२७)
- गल्तीहरू स्वीकार गरेर (याकूब ५:१६)
- प्रभु भोजमा भाग लिएर (१ कोरिन्थी ११:२३-२६)
- नियमित रूपमा दिएर (लेवीहरू २७:३०, १ कोरिन्थी १६:२, २ कोरिन्थी ९:७)

यसमा हस्ताक्षर _________ दिनमा _______________ गरियो

सदस्यको हस्ताक्षर _________________________________

स्वीकृत गर्ने: _________________________________ स्थानीय मण्डलीको पास्टर

## सात सारांश भनाईहरु

१. परमेश्वर विश्वासीहरूको समूहमा विशेष तरिकाले बस्नुहुन्छ।
२. मण्डली परमेश्वरको परिवार हो, जहाँ विश्वासीहरू पारिवारिक सम्बन्धप्रति प्रतिबद्ध हुन्छन्।
३. मण्डलीको सदस्यता मण्डलीको लागि परमेश्वरको योजनाप्रति प्रतिबद्ध हुने एउटा तरिका हो।
४. भक्त विश्वासीहरुले मण्डलीका जिम्मेवारीहरू सँगै बाँड्नुपर्छ।
५. मण्डलीको जीवनमा प्रयोग गर्दा व्यक्तिको क्षमता सबैभन्दा मूल्यवान् हुन्छ।
६. ख्रीष्टमा नयाँ परिवर्तन भएका व्यक्तिलाई तुरुन्तै मण्डलीमा सामेल गराउनु आवश्यक छ।
७. मण्डलीको सदस्यताको लागि परिपक्वताको आवश्यकता हुनु हुँदैन।

## पाठ ५ को कार्यभारहरु

१. पाठ ५ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. लेखन कार्यभार: तपाईंको मण्डलीमा उपस्थित हुने व्यक्तिहरू प्रतिबद्ध सदस्यहरूको प्रतिशत अनुमान लगाउनुहोस्। तपाईंको मण्डलीमा कोही व्यक्ति कसरी सदस्य बन्छ भन्ने कुराको वर्णन गर्नुहोस्।

# पाठ ६

# सँगै जीवन बाँड्दै

## पेन्तिकोस पछिको मण्डली

► एक बिद्यार्थीले समूहको लागि प्रेरित २:४२-४७ पढ्नुपर्छ। पेन्तिकोसपछि मण्डलीको संगतिबारे तपाईंले के विवरण देख्नुहुन्छ ?

पेन्तिकोसको केही समयपछि, प्रेरितले मण्डलीको जीवनबारे वर्णन गरे। "विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए।" मण्डलीको सामुदायिक जीवनलाई समर्थन गर्न धेरै मानिसहरूले सम्पत्ति बेचेका थिए। तिनीहरू मन्दिरमा आराधना गर्न र तिनीहरुको घरमा सङ्गतिको लागि पनि बारम्बार भेला हुन्थे।

जुन समयमा पवित्र आत्माको काम तिनीहरूमाझ उच्चतम स्तरमा थियो, त्यस समयमा मण्डलीको सामुदायिक जीवन सबैभन्दा गहिराइमा थियो। ती प्रारम्भिक विश्वासीहरूका लागि, मण्डलीको हिस्सा हुनुको अर्थ शनिबारको सेवामा उपस्थित हुनु भन्दा धेरै बढी थियो। विश्वासीहरूले हरेक दिन जीवन सँगै बाँड्थे।

> "धर्मशास्त्र र सार दुवैमा ख्रीष्टियन संगतिलाई अनुग्रहको माध्यमको रूपमा चित्रण गरिएको छ।"
> - विली र कल्बर्टसन,
> *ख्रीष्टियन ईश्वरशास्त्रको परिचय*

## परिवारको जीवन

नयाँ नियममा, मण्डलीलाई परिवार भनिन्छ (गलाती ६:१०, एफिसी ३:१५)। विश्वासीहरूलाई परमेश्वरका सन्तान भनिन्छ (गलाती ३:२६, १ यूहन्ना ३:२), र एकअर्कालाई भाइ र बहिनी भनिन्छ (याकूब २:१५, १ कोरिन्थी ५:११)।

आधुनिक समयसम्म संसारका अधिकांश भागहरूमा परिवार जसरि बुझिएको छ कल्पना गरौं। नातेदारहरूको सञ्जालले एउटा कुल बनायो, जुन एउटा जनजातिको हिस्सा थियो। विस्तारित परिवारले सुरक्षा, न्यायमा पहुँच, जमिनको स्वामित्व, रोजगारी, विवाहयोग्यता, शिक्षा, वृद्धावस्था सहयोग, अनाथ सहयोग र विधवा सहायता प्रदान गर्थ्यो। ती कुराहरू पारिवारिक सम्बन्धभन्दा बाहिर मुश्किलले उपलब्ध थिए।

त्यस किसिमको संस्कृतिमा परिवारका सबै व्यक्तिले एउटै धर्म पछ्याउद थिए। धर्मलाई व्यक्तिगत छनौटको रूपमा लिइदैन थियो। छोराछोरीहरूलाई परिवारको धार्मिक परम्पराबारे प्रशिक्षण दिइन्थ्यो।

ख्रीष्टियन धर्ममा परिवर्तन भएका थुप्रै मानिसहरूलाई तिनीहरूका परिवारले अस्वीकार गरे। परिवारले साधारण तरिकाले प्रदान गरेको सबै कुरा तिनीहरूले गुमाए। मण्डली तिनीहरूको लागि नयाँ परिवार बन्यो। त्यसैले तिनीहरूले एक-अर्कालाई भाइ-बहिनी भनेर बोलाउँथे। मण्डलीका मानिसहरूले एक-अर्कालाई मदत गरे र एक-अर्कामा निर्भर रहे।

यदि मण्डलीका मानिसहरूले एकअर्कालाई शनिबार मात्र देख्छन भने, तिनीहरू सोच्न थाल्छन् कि शनिबारको सभा मात्र मण्डली हो। नयाँ नियमका मण्डलीहरू हप्ताको एक विशेष दिन भेला हुन्थे, तर मण्डली हरेक दिन जीवित र सक्रिय थियो।

> " किनकि मण्डली परमेश्वरको परिवार हो, जहाँ जन्म र रगतले हामी पनि सम्बन्धित छौं - सम्पदा र प्रेमको समुदाय जुन हामी नयाँ जन्मद्वारा प्रवेश गर्छौं, येशूको रगतद्वारा बचाइएका छौं। "
> - ल्यारी स्मिथ,
> *म विश्वास गर्छु: ख्रीष्टियन विश्वासको आधारभूत कुराहरू*

► हरेक दिन जीवन बाँड्ने मण्डलीको लागि परिस्थिति कसरी फरक हुन सक्छ ?

हप्ताभरि भक्त विश्वासीहरुको सेवा गर्नु आराधन सेवाको गर्नु जत्तिकै महत्त्वपूर्ण छ भनेर पास्टरहरूले थाहा पाउनुपर्छ। मण्डलीको सेवाहरूमा प्रयोग गरिने वरदानहरू मात्र होइन, सबै प्रकारका आत्मिक वरदानहरू र क्षमताहरू आवश्यक छन्। प्रत्येक व्यक्तिको सेवा गर्नको लागि एउटा तरिका छ। समुदायका मानिसहरूले आत्मिक परिवारको हिस्सा हुनुको वास्तविक अर्थ के हो भनेर देख्नेछन्।

**विश्वासको परिवारको रूपमा, मण्डलीले मानव संसाधनहरू प्रतिबद्ध गर्दछ र संगतिमा रहेकाहरूको लागि सबै प्रकारका आवश्यकताहरू पूरा गर्न ईश्वरीय संसाधनहरू फेला पार्छ, जीवनको हरेक पक्षमा परमेश्वरको बुद्धि संसारलाई प्रदर्शन गर्दछ र मुक्ति नपाएकाहरूलाई ख्रीष्टमा परिवर्तन हुन र परिवारमा प्रवेश गर्न निमन्त्रणा दिन्छ।**

### साझा जीवनका पक्षहरू

यदि मानिसहरू सँगै जीवन बिताइरहेका छन् भने, तिनीहरूको सँगैको समयले निम्न पक्षहरू समावेश गर्नेछ।

१. **सेवकाई योजनाबद्ध छ र सँगै सम्पन्न गरिन्छ।** धेरै मण्डलीहरूमा, मण्डलीको सबै योजना र कामको लागि एउटा सानो टोली जिम्मेवार हुन्छ। मण्डलीमा भएका सबै व्यक्तिले मण्डलीको काममा भाग लिन सक्षम हुनुपर्छ, यहाँसम्म कि ख्रीष्टमा नयाँ परिवर्तन गर्ने व्यक्तिहरु समेत।

२. **आवश्यकताहरू एकसाथ पूरा हुन्छन्।** यदि कुनै व्यक्तिलाई कुनै समस्या छ भने, उसले मदतको लागि मण्डलीका साथीहरूमा भर पर्न सक्षम हुनुपर्छ। यसको अर्थ यो होइन कि कुनै व्यक्तिलाई गैरजिम्मेवार हुन अनुमति दिनुपर्छ, तर यदि उसले आफूले सक्ने काम गरिरहेको छ भने, मण्डलीको परिवारले मदत गर्न तयार हुनुपर्छ।

३. **काम सँगै सम्पन्न हुन्छ।** विश्वासीहरूले संगतिमा कसैलाई मद्दत गर्न सँगै मिलेर काम गर्दा बलियो सम्बन्ध विकास हुन्छ। तिनीहरूले आफ्नो परिवारहरुलाई सहयोग गर्न पनि सँगै काम गर्न सक्छन्।

४. **फुर्सदको समय सँगै बिताइन्छ।** मण्डलीक मानिसहरूले खाना खाँदा, भेटघाट गर्दा र गतिविधिहरु गर्दा रमाइलोको लागि एकसाथ भेला हुनुपर्छ।

५. **जीवनका विशेष क्षणहरू एकसाथ मनाइन्छ।** सबै संस्कृतिहरूले जीवनका समान विशेष घटनाहरू मनाउँदैनन्। मानिसहरूले मनाउने केही विशेष समयहरू यी जन्मदा, निश्चित उमेरमा पुग्दा, स्कूल सुरु गर्दा, स्कूल समाप्त गर्दा, बप्तिस्मा लिदा, जन्मदिन मनाउदा, विवाह गर्दा, छोराछोरी जन्माउदा, अन्त्येष्टि गर्दा र अन्य विशेष समयहरू हुन्। अन्य धर्मका मानिसहरूले सामान्यतया यो समय मनाउन विशेष समारोहहरू छन्। मण्डलीसँग पनि जीवनका विशेष समयहरू एकसाथ बाँड्ने तरिका पनि हुनुपर्छ।

### पुरानो नियमको दशमांश

पुरानो नियममा दशांश भनेको मन्दिरलाई र यसको आराधना गर्ने व्यक्तिहरूलाई समर्थन गर्नु मात्र थिएन। एकल महिलाहरू, अनाथहरू र विदेशी आप्रवासीहरूको आर्थिक आवश्यकताहरू पूरा गर्नको लागि पनि दशांश थियो (व्यवस्था २६:१२)। यो विशेष भोजहरू आयोजना गर्नको लागि पनि थियो (व्यवस्था १२:१७-१८)। दशांशको प्रयोगले यो हामीलाई देखाउँछ कि जीवनका सबै पक्षहरू एकसाथ मण्डलीको लागि सान्दर्भिक छन्।

### संगति र अर्थशास्त्र

► एक बिद्यार्थीले समूहको लागि याकूब २:१५-१६ पढ्नुपर्छ। ख्रीष्टियन संगतिको बारेमा यी पदहरुले के संकेत गर्दछ ?

कहिलेकाहीँ मानिसहरू यसरी जीवन बिताउँदछन् मानौं आर्थिक आवश्यकताहरू विश्वासीहरूको संगतिसँग सम्बन्धित छैनन्। तर धर्मशास्त्रले हामीलाई बताउँछ कि विश्वासको परिवारको हिस्सा हुनुको अर्थ हामीले आवश्यकताहरू प्रति जवाफ दिनुपर्छ।

संगतिको अर्थ जीबन बाड्नु हो — आत्मिकी अनुभवहरु मात्र होइन, तर दैनिकी जीवन पनि हो। यसमा वित्तीय संसाधनहरूको साझेदारी समावेश गर्न सकिन्छ (२ कोरिन्थी ९:१३, २ कोरिन्थी ८:४, रोमी १५:२६)। यरूशलेमको प्रथम शताब्दीको ख्रीष्टियन समुदायमा, कसैलाई पनि उसलाई चाहिएको कुराको कमी थिएन (प्रेरित ४:३४-३५), , किनभने मानिसहरूले तिनीहरुसँग भएका कुराहरू बाँडेका थिए।

जब त्यहाँ मण्डलीको आर्थिक सहायतामा भेदभाव भएको थियो, सेवकाईमा बाधा पुगेको थियो। जब समस्या सच्याइयो, सुसमाचारले ख्रीष्टमा परिवर्तन हुने व्यक्तिहरूको संख्या बढाउँदै गयो (प्रेरित ६:१, ७)।

इ. सं १२५ मा एरिस्टाइड्स नाउँ गरेका एक जना ख्रीष्टियनले यस्तो लेखे:

> तिनीहरू सबै नम्रतामा र दयामा हिँड्छन्, र तिनीहरू माझमा झूट कुराहरु पाइँदैन, र तिनीहरू एकअर्कालाई प्रेम गर्छन्। तिनीहरूले एकल महिलालाई तुच्छ ठान्दैनन् र टुहुरालाई दुःखी पनि गर्दैनन्। जससँग त्यो कुराहरु छन्, उसले नभएकोलाई त्यो कुराहरु उदारतापूर्वक वितरण गर्दछ। यदि तिनीहरूले कुनै अपरिचित मानिसलाई देख्छन् भने, तिनीहरूले उसलाई आफ्नो छानामुनि ल्याउँछन् र उसको निम्ति आनन्दित हुन्छन् जसरी तिनीहरु आफ्नै भाई हुन्: किनकि तिनीहरू आफूलाई दाजुभाइ भन्छन्, शरीरको पछि होइन, तर आत्मा र परमेश्वरको पछि हो; तर जब तिनीहरूका कुनै गरिबहरु मध्य एक कोही संसारबाट बितेर जान्छ, र तिनीहरूमध्ये कसैले उसलाई देख्छ, तब उसले आफ्नो क्षमता अनुसार आफ्नो दफनको प्रबन्ध गर्छ; अनि यदि तिनीहरूले आफ्नो मसीहको नाउँको खातिर तिनीहरूको कुनै पनि संख्यामध्ये कसैलाई कैद गरिएको छ वा उत्पीडन गरिएको छ भन्ने सुने भने, तिनीहरू सबैले उसको आवश्यकताहरू पूरा गर्छन्; र यदि यो सम्भव छ कि उसलाई छुटकारा दिन सकियो भने, तिनीहरूले उसलाई छुटकारा दिन्छन्। र यदि तिनीहरूमध्ये कोही गरीब र खाँचोमा परेको मानिस छ, अनि तिनीहरूसँग आवश्यकताहरूको प्रशस्तता छैन भने, तिनीहरू दुई वा तीन दिन उपवास बस्छन् ताकि तिनीहरूले खाँचोमा परेकाहरूलाई तिनीहरूको आवश्यक भोजन आपूर्ति गर्न सकून्।

मण्डलीलाई सताएका रोमन सम्राट जुलियन द अपोस्टेटले (ई. सं. ३६१-३६३), ख्रीष्टियनहरूको बारेमा यो भनाइ दिए: “ईश्वरहीन गालीलका मानिसहरूले तिनीहरको गरिबहरूलाई मात्र होइन, हाम्रा गरिबहरूलाई पनि खुवाउँछन्।”[4]

यदि मण्डलीले पश्चात्तापको प्रचार गर्छ तर पश्चात्ताप गर्ने व्यक्तिलाई विश्वासको परिवारमा निम्त्याउँदैन जहाँ उसले आफ्नो नयाँ जीवन कसरी जिउन सकिन्छ भनेर सिक्छ भने मात्र मण्डलीले आफ्नो जिम्मेवारीको आधा भाग पूरा गरिरहेको हुन्छ। उदाहरणका लागि, यदि मण्डलीले एउटी स्त्रीलाई अनैतिक सम्बन्धको कारणले गर्दा समर्थन गर्न सकिंदैन भन्छ भने, मण्डलीले उनीलाई विश्वासको परिवारमा कसरी समर्थन पाउनेछ भनेर पनि बताउनुपर्छ।

संसारका कुनै-कुनै भागमा हामी यस प्रकारको ख्रीष्टियन समुदाय प्रदर्शन गर्ने भक्त विश्वासीहरू देख्छौं। यो पूर्ण संगतिले सदस्यहरूको आर्थिक मामिलामा हेरचाह गर्ने मात्र होइन तर सेवकाईको लागि ठूलो सशक्तीकरण पनि प्रदान गर्छ।

> [बोलिभियामा] गरिबहरूका यी मण्डलीहरूमा छ जुन बाँच्नको लागि भण्डारेपन भन्न सकिन्छ। गरिबहरूको बिचमा स्थापना भएको लोकप्रिय मण्डलीहरू परम्परामा, राज्यको सहयोगमा, धनी हितकारीहरूको दानमा, वा व्यावसायिक मन्त्रीहरूको निकायमा निर्भर हुन

[4] ख्रीष्टियनहरुलाई “ईश्वरहीन” वा “नास्तिक” भनिन्थ्यो किनभने तिनीहरूले एउटै मात्र परमेश्वरमा विश्वास गर्थे र उहाँ अदृश्य हुनुहुन्छ, बरु धेरै दृश्य मूर्तिहरूमा विश्वास गर्नुको सट्टा।

सक्दैनन्। तिनीहरू संगतिहरू हुनुपर्दछ जहाँ सदस्यहरू समुदायलाई जिउन, बढ्न, विश्वासको प्रचार गर्न र बाँच्नको लागि सेनामा भर्ति हुन्छन्। जीवनको समग्रताको भण्डारीपनलाई पूर्ण मिसनरी परिचालनको रूपमा अनुभव गरिएको छ। विकसित र स्थापित मण्डलीहरूको सन्दर्भमा प्राप्त गर्न अझ धेरै गाह्रो हुने कुरा भनेको सामान्य परिचालन हो - ख्रीष्टियन समुदायको सर्वाङ्गीण कल्याणमा पूर्ण सहभागिता। गरिबहरूको मण्डलीहरूमा, यस्तो परिचालन समुदायको सामान्य जीवनशैली हो। जीवन र सेवकाईको अन्य कुनै रूप सम्भव छैन।[5]

मण्डलीका सदस्यहरूको जिम्मेवारी लिन एउटा मण्डलीसँग धेरै पैसा हुनुपर्छ भनेर हामी अनुमान गर्न सक्छौं। तर बोलिभियाका गरिबहरूका मण्डलीहरूमा यस प्रकारको समुदाय प्रदर्शन भइरहेको छ।

प्रत्येक समाजका मानिसहरूले सार्वजनिक अर्थतन्त्रको माध्यमबाट आर्थिक रूपमा जीवन साझेदारी गर्छन्। हामीले हामीलाई आवश्यकपर्ने सामानहरू किन्छौं र पैसा कमाउन काम गर्छौं।

> "[ख्रीष्टियन हुने इच्छा देखाउनुहोस्]... विशेष गरी विश्वासी घरानाका मानिसहरूलाई भलाइ गरेर... अरूको सट्टा तिनीहरूलाई काममा लगाउने, एक-अर्काबाट किन्ने, व्यापारमा एक-अर्कालाई सहयोग गर्ने; र यति धेरै भन्दा धेरै किनभने संसारले आफ्नैलाई प्रेम गर्नेछ, र तिनीहरूलाई मात्र।"
> - जोन वेस्ले
> "मेथोडिस्ट भनिने मानिसहरूको समाजका लागि नियमहरू"

परिवारमा अर्को किसिमको अर्थतन्त्रले काम गर्छ। प्रत्येक सदस्यले परिवारका लागि गर्ने काम डलरको रकममा मापन गरिँदैन। प्रत्येक व्यक्तिले निकै कडा हिसाबकिताब नराखीकन आफूले गर्न सक्ने तरिकाले मदत गर्ने अपेक्षा गरिन्छ। पारिवारिक सम्बन्धको सन्दर्भमा सहयोग दिइन्छ। यो आशा गरिएको छैन कि प्रत्येक सदस्यले समान चीजहरू गर्न वा समान मूल्यको काम गर्न सक्षम हुनेछ, तर उसले जे गर्न सक्छ त्यो गर्नुपर्छ। यदि परिवारको कुनै सदस्यले आफूले गर्न सक्ने काम गर्न इच्छुक छैन भने, उसलाई यसको बारेमा सामना गर्नुपर्ने हुन्छ र अरूबाट उसले चाहेको सहयोग नपाउन सक्छ।

भक्त विश्वासीहरुको अर्थतन्त्र सार्वजनिक अर्थतन्त्रभन्दा पनि पारिवारिक अर्थतन्त्र जस्तै हुनुपर्छ। यसलाई काम गर्नको लागि, भक्त विश्वासीहरुको सम्बन्धहरू सतही मित्रताभन्दा बाहिर जानुपर्छ। जब कुनै व्यक्तिले आफ्नै स्रोतसाधनमा गैरजिम्मेवार भएर वा अरूलाई मद्दत गर्न अनिच्छुक भएपछि मदत माग्दा खेरी प्रश्नहरू सोधिनेछन्।

भक्त विश्वासीहरुले आफ्ना मानिसहरू बीच यो सम्बन्ध विकास गर्न सिक्छन्। तिनीहरूले त्यस्ता मानिसहरूलाई मण्डलीको बारेमा व्याख्या गर्न सक्षम हुनुपर्छ जसले कहिल्यै कसैलाई मद्दत गर्दैनन् तर मद्दत माग्छन्। तिनीहरूले अरूसँग सहकार्य गर्न नसक्ने मानिसहरूलाई सिकाउनुपर्छ। नैतिक मामिलामा आफ्नो झुकाव पछ्याउन स्वतन्त्र महसुस गर्ने र गोठालाको सुधारप्रति प्रतिक्रिया नदेखाउनेहरूको सामना तिनीहरूले गर्नैपर्छ।

► मण्डलीका सदस्यहरूले एकअर्कालाई कसरी मदत गर्न सक्छन् भन्ने केही उदाहरणहरू के के हुन्? (गैंचा हेरचाह, बाल हेरचाह, रोजगारी, संकटको अवस्था)

## व्यावहारिक निर्देशनहरू

► एक बिद्यार्थीले समूहको लागि १ तिमोथी ५:३-१६ पढ्नुपर्छ।

यस खण्डले मण्डलीले आवश्यकता भएका सदस्यहरूलाई कसरी सहयोग गर्नुपर्छ भन्ने बारे व्यावहारिक निर्देशन दिन्छ। पद १६ ले भन्छ कि मानिसहरूले आफ्ना परिवारका सदस्यहरूको हेरचाह गर्नुपर्छ ताकि मण्डलीले ती मानिसहरूको हेरचाह गर्न सकोस् जसलाई मदत गर्ने कोही छैन। सदस्यहरूको आर्थिक हेरचाह गर्नु मण्डलीको जिम्मेवारी हो भनी प्रेरितले मानेका छन्।

---

[5] Samuel Escobar, in *The Urban Face of Mission: Ministering the Gospel in a Diverse and Changing World*. Edited by Manuel Ortiz and Susan S. Baker. (Phillipsburg: P & R Publishing, २००२), १०५।

निस्सन्देह, यदि प्रत्येक सदस्य मण्डलीमाथि आर्थिक रूपमा निर्भर भए भने, मण्डलीले कसैलाई पनि मदत गर्न सक्दैनथ्यो। मण्डलीले वास्तवमा यसको खाँचो भएका मानिसहरूलाई मदत गर्न सकोस् भनि यस खण्डले व्यावहारिक निर्देशनहरू दिन्छ।

यस खण्डले विशेष गरी एकल महिलाको बारेमा बोल्दछ, तर यी सिद्धान्तहरू अरू मानिसहरूलाई पनि लागू गराउन सकिन्छ। हामी जान्दछौं कि मण्डलीको अरूको लागि जिम्मेवारी छ: याकूब २:१५-१६ ले हामीले भाइ वा बहिनीको आवश्यकताप्रति प्रतिक्रिया जनाउनुपर्छ भनेर बुझाउँछ; याकूब १:२७ मा एकल महिलाहरू र अनाथहरूको उल्लेख गरिएको छ।

सदस्यहरूको आर्थिक सहयोगको बारेमा मण्डलीका तीन सिद्धान्तहरू :

१. **परिवारको पहिलो जिम्मेवारी छ।** मण्डलीले उनीहरूलाई सहयोग गर्नु नपरोस् भनेर परिवारका सदस्यहरू खाँचोमा परेका आफन्तहरूलाई मदत गर्न जिम्मेवार छन् (१ तिमोथी ५:४, १६)। यदि कुनै व्यक्तिले आफ्नो परिवारलाई मदत गर्दैन भने, ऊ विश्वासी हुँदैन (५:८)। यदि कुनै पास्टरले मण्डलीमा कसैलाई खाँचो परेको देख्छ भने, उसले त्यस व्यक्तिका आफन्तहरूले मदत गर्न के गर्न सक्छन् भनेर पत्ता लगाउनुपर्छ।

२. **विश्वासयोग्य सदस्य मदतको हकदार छ।** एउटी विधवा विश्वासयोग्य ख्रीष्टियनको रूपमा बाँचेकी र अरूलाई मदत गरेकी छिन् भने मदतको हकदार हुन्छे (५:१०)। यही सिद्धान्त विधवाहरू बाहेक अरूलाई पनि लागू हुनेछ, यदि तिनीहरू खाँचोमा परेका छन् र आफ्नो भरणपोषण गर्न असमर्थ छन् भने।

३. **एक सदस्यले आफ्नो र अरूको लागि जे गर्न सक्छ त्यो गर्नुपर्छ।** एक जना ख्रीष्टियनले अरूलाई आशिष् दिन सक्ने कुराहरु गर्नुपर्छ (५:१०)। यदि उनीसँग रोजगार छैन भने, उसले मानिसहरूलाई मदत गर्ने अन्य तरिकाहरू फेला पार्न सक्छ। काम गर्न इच्छुक नभएको व्यक्तिलाई मण्डलीले साथ दिनु हुँदैन (२ थेसलोनिकी ३:१०)।

► एक बिद्यार्थीले समूहको लागि २ थेसलोनिकी ३:६-१२ पढ्नुपर्छ /

यस खण्डले हामीलाई प्रारम्भिक मण्डलीको जीवनको बारेमा धेरै कुरा बताउँछ। यहाँ पावलले तिनीहरूले काम गर्न नपरोस् भनेर सहयोगको लागि मण्डलीमा भर परेका मानिसहरूको समस्याको बारेमा छलफल गर्छन्। तिनीहरूले आफ्नो समय मानिसहरूलाई भेट्न र गफ फैलाउनमा बिताउँथे।

यसले हामीलाई त्यस समयको चर्चको बारेमा के बताउँछ ? तिनीहरू आफ्ना सदस्यहरूको हेरचाह गरिरहेका थिए। चर्चमा कोही पनि भोको नहोस् भनेर सुनिश्चित गर्ने जिम्मेवारी चर्चको थियो। तिनीहरू एक परिवार जस्तै थिए।

तिनीहरू एउटा परिवारजस्तै भएकोले, अल्छी हुने र अरूमा भर पर्न सक्ने सम्भावना हुने थियो। पावलले तिनीहरूलाई भने कि सबैले आफूले गर्न सक्ने कामहरू गर्नुपर्छ। यदि कोही व्यक्तिले आफूले गर्न सक्ने काम गर्न इच्छुक छैन भने, उसलाई अरूले दिएको खाना खान पनि दिनु हुँदैन।

मण्डलीले सबै प्रकारका आवश्यकताहरू पूरा गर्ने परिवारजस्तै हुनु अचम्मको कुरा हो। यसो हुनको लागि, मण्डलीसँग अनुसरण गर्नुपर्ने सिद्धान्तहरू हुनैपर्छ। समर्थनको लागि मण्डलीमा भर पर्नेहरूका लागि मण्डलीले आवश्यकताहरू राख्नुपर्छ। आवश्यकताहरु बिना, मण्डलीमा चाँडै अल्छी मानिसहरूले भरिएर धेरै बोझ बन्नेछ र आवश्यकताहरू पूरा गर्न सक्षम हुनेछैन।

पास्टर र डिकनहरूले मण्डलीलाई परिवारको रूपमा काम गर्न मार्गदर्शन गर्नुपर्छ। तिनीहरूले प्रेमको साथ आवश्यकताहरूको जवाफ दिनै पर्छ। तथापि, प्रेमको अर्थ तिनीहरू सत्य बोल्न इच्छुक छन् भन्ने हो। यदि कुनै व्यक्तिले जिम्मेवारी लिइरहेको छैन भने, कोही न कोहीले उसलाई यस विषयमा कुरा गर्न तयार हुनुपर्छ। यदि कुनै व्यक्तिले अरूलाई मदत गर्दैन र आफूलाई समर्थन गर्न सक्दो प्रयास गर्दैन भने, मण्डलीले उसलाई समर्थन गरिरहनु हुँदैन।

जब कसैले मदत माग्दा खेरी प्रश्नहरु सोध्नु सही कुरा हो। के उसले अरूलाई मदत गर्न इच्छुक छन् ? के उसले सकेसम्म काम गर्छ ? के उसले आफ्नो पैसा बुद्धिमानीसाथ चलाउँछन् ? के उसले आफ्नो परिवारको जिम्मेवारी लिन्छन् ?

धेरै मानिसहरू मदत माग्न मण्डलीमा आउँछन्। मण्डलीमा मानिसहरू पहिलो चोटि आउँदा तिनीहरूले जिम्मेवारी देखाउनुभन्दा पहिले नै तिनीहरूको हेरचाह गर्ने तरिका हुनुपर्छ। त्यसपछि, सम्बन्ध विकास गर्न को लागि एक तरिका हुनुपर्छ। मण्डलीको संगतिको भाग हुन आफूले के गर्नुपर्छ भन्ने कुरा त्यस व्यक्तिले थाहा पाउनुपर्छ।

## सात सारांश भनाईहरु

१. मण्डलीमा पवित्र आत्माको कार्यले सदस्यहरूलाई सँगै जीवन साझेदारी गर्ने घनिष्ठ सम्बन्धमा ल्याउँदछ।
२. मण्डली एउटा यस्तो परिवार हो जसले हरेक दिन जीवन साझा गर्दछ र हरेक आवश्यकता पूरा गर्न सँगै काम गर्दछ।
३. मण्डलीले पश्चाताप गर्ने पापीलाई विश्वासको परिवारमा आमन्त्रित गर्दछ जहाँ उसले आफ्नो नयाँ जीवनलाई निरन्तरता दिन सिक्छ।
४. जब मण्डली हरेक दिन सञ्चालित हुन्छ, त्यहाँ प्रत्येक विश्वासीको लागि सेवकाईको स्थान हुन्छ।
५. सँगै बिताएको मण्डलीको समयमा सेवकाई, आवश्यकताहरु, काम, फुर्सद र उत्सवको समय समावेश हुन्छ।
६. ख्रीष्टियन संगतिमा भौतिक स्रोतसाधनको बाँडफाँड समावेश हुन्छ।
७. आफू र अरूलाई मदत गर्न आफूले गर्न सक्ने काम नगर्ने मानिसहरूलाई मण्डलीले मदत गर्नु पर्दैन।

## पाठ ६ को कार्यभारहरु

१. पाठ ६ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. लेखन कार्यभार: तपाईंको मण्डलीका मानिसहरूले आराधन सेवाहरू बाहेक सँगै जीवन बिताउने विभिन्न तरिकाहरू के के हुन् ?

# पाठ ७

# संसारमा मण्डली

## समाजमा मण्डली

► समाजमा मण्डली कसरी संलग्न हुनुपर्छ ?

यर्मियाले कैदमा रहेका यहूदीहरूलाई तिनीहरू भएको मूर्तिपूजक समाजसँगको तिनीहरूको सम्बन्ध कस्तो हुनुपर्छ भनी लेखे। ती यहूदीहरू तिनीहरूको इच्छाविपरीत त्यहाँ थिए; ति समाजको धर्म मूर्तिपूजक थियो; तिनीहरुको सरकार दमनकारी थियो र तिनीहरुको राष्ट्रलाई नष्ट गरेको थियो; अनि तिनीहरू त्यस दिनको पर्खाइमा थिए जब तिनीहरू त्यहाँबाट जान सक्थे। सायद तिनीहरुले सोचेका थिए कि तिनीहरु त्यस समाजका समस्यामा संलग्न हुँदैन।

यी मानिसहरूको निम्ति परमेश्वरले अगमवक्तालाई दिनुभएको सन्देश सुन्नुहोस्:

> मैले तिमीहरूलाई निर्वासित गरेको सहरको भलो चिताओ, र त्यसको निम्ति परमप्रभुसित प्रार्थना गर। किनभने त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नति हुनेछ (यर्मिया २९:७)।

यहाँ "भलो" भनेर अनुवाद गरिएको शब्दलाई सामान्यतया शान्तिको रूपमा अनुवाद गरिन्छ। यसले शान्तिलाई मात्र होइन, तर शान्तिसँगै सम्बन्धित आउने आशिषलाई पनि जनाउँछ। यसले परमेश्वरको आशिषलाई जनाउँछ। मूर्तिपूजक देशमा परमेश्वरका यी आराधकहरूले मूर्तिपूजक समाजका मानिसहरूलाई ती आशिषहरू ल्याउने प्रयास गर्दा परमेश्वरको आशिष् पाउने थिए !

संसारका समस्याहरू पापको मूल समस्याबाट आउँछन्। व्यक्तिहरू र संगठित शक्तिहरूले परमेश्वरको वचनको सम्मान गर्दैनन्। मण्डली संसारका समस्याहरूको बारेमा बोल्नको लागि अद्वितीय रूपमा योग्य छ किनभने मण्डलीले परमेश्वरको वचनको व्याख्या गर्न र परमेश्वरको बुद्धि प्रदर्शन गर्न सक्छ। मण्डलीले समाजका पापहरूको विरुद्धमा बोल्नु मात्र होइन तर समाज कस्तो हुनुपर्छ भनेर व्याख्या गर्न र प्रदर्शन गर्ने कार्य गर्नुपर्छ।

> "ख्रीष्टियन मण्डली त्यो समुदाय हो जस मार्फत पवित्र आत्माले छुटकारा दिन र वरदानहरू वितरण गर्न प्रशासन गर्नुहुन्छ, जुन माध्यमहरू र जसद्वारा परमेश्वरले ख्रीष्टमा आफ्नो मेलमिलापको कार्यलाई मानवतासामु प्रस्तुत गर्नुहुन्छ। परमेश्वरको आफ्नै आगमनको उत्सव मनाउन संसारबाट मण्डलीलाई बोलाइएको छ, र परमेश्वरको आफ्नै आगमन र अपेक्षित फिर्तीमा केन्द्रित परमेश्वरको राज्यको घोषणा गर्न संसारमा फर्कन बोलावट गरिएको छ।"
> - थोमस ओडेन,
> *आत्मामा जीवन*

## मण्डली र छिमेक

► मण्डलीको सफलताका संकेतहरू के-के हुन् ?

सफलताको सांसारिक अवधारणाको साथ, एक व्यक्तिले सोच्न सक्छ कि मण्डली सफल हुन्छ यदि यसको ठूलो जनमत छ, एक ठूलो बजेट छ, र एक ठूलो भवन छ।

ख्रीष्टियनहरूलाई थाहाँ छ कि ती कुराहरूको अर्थ परमेश्वरको नजरमा सफल हुनु होइन, तर ती कुराहरूबाट हामी अक्सर प्रभावित हुन्छौं। हामी सामान्यतया सोच्छौं कि यदि एक पास्टरको यस्तो मण्डली छ भने त्यो पास्टर सफल हुन्छ।

सफलताको अझ महत्त्वपूर्ण मापन भनेको मण्डलीको सेवकाईको कारण हुने वास्तविक ख्रीष्टमा रूपान्तरणहरूको संख्या हो। विश्वासीहरूको आध्यात्मिक वृद्धि पनि धेरै महत्त्वपूर्ण छ, तर मापन गर्न गाह्रो छ। मण्डलीको सफलताको एउटा महत्त्वपूर्ण प्रदर्शन भनेको यसले आफ्नो छिमेकमा गरेको परिवर्तन हो।

► यस भनाइबारे तपाईंले के सोच्नुहुन्छ ?

> स्थानीय मण्डलीको सफलता प्रत्यक्ष रूपमा यस मापनसँग जोडिएको हुनुपर्छ कि यसले समग्र रूपमा यसको नजिकको छिमेकलाई रूपान्तरण गर्दछ। कुनै पनि अन्य सफलताको कारक दोस्रो स्थानमा छ।[6]

सुसमाचारले ख्रीष्टमा परिवर्तन भएकाहरू भन्दा धेरै टाढा सम्म प्रभाव पार्छ। ख्रीष्टमा परिवर्तन भएकाहरू र ख्रीष्टियन सिद्धान्तहरूअनुसार जीवन बिताउन थाल्ने प्रत्येक व्यक्तिले अरूलाई प्रभाव पार्छ। येशूले भन्नुभयो कि उहाँका अनुयायीहरू पृथ्वीको नुन र ज्योति हुन्।

ख्रीष्टियन सिद्धान्तहरू स्वतन्त्रता र न्यायको जग हुन् र समाज सुधारको आधार हुन्। यदि कुनै मण्डलीले मानिसहरूलाई ख्रीष्टियन सिद्धान्तहरू पालन गर्न उत्प्रेरित गरिरहेको छ भने, समाजले स्वतन्त्रता र न्याय स्थापित गर्न प्रभावित हुनेछ।

यी कुराहरु स्थानीय समुदायमा लागू हुन्छ। यदि छरछिमेकका मानिसहरूलाई बचाइँदैछ भने, छिमेकमा परिवर्तन हरू हुनुपर्दछ।

► थुप्रै मानिसहरूलाई मसीही सिद्धान्तहरू पछयाउनको लागि उत्प्रेरित गरेको भए तपाईंको छिमेकमा कस्तो परिवर्तन हुने थियो ?

मण्डलीको सेवकाईबाट छरछिमेकमा प्रभावित हुनुको अर्थ के होला ? अपराध, बाल दुर्व्यवहार र बेवास्ता, अनैतिक व्यवहार, हिंसा, जातीय भेदभाव, अवैध व्यवसाय, शोषण व्यवसाय र बर्बरतामा कमी आउनेछ। भाडामा लिनेहरू अझ विश्वासयोग्य हुनेछन्। जमिन्दारले सुरक्षित घर उपलब्ध गराउनेछन्। धेरै भन्दा धेरै मानिसहरूले आफ्नो घरको स्वामित्व लिन सक्नेछन्। व्यवसायीहरूले कर्मचारी विकास गर्न इच्छुक हुनेछन्। कर्मचारीहरूको कामको लागि राम्रो चरित्र हुनेछ।

मण्डलीको आत्मिक प्रभाव पहिलो प्राथमिकता हो, तर यदि आत्मिक प्रभाव वास्तविक छ भने, यी कुराहरु छिमेकमा देखिने परिवर्तनहरूमा प्रदर्शित हुनेछ।

### गरिबहरूलाई सेवकाई

► येशूले दोस्रो ठूलो आज्ञा के हो भन् नुभयो ?

► एक बिद्यार्थीले समूहको लागि लूका १०:२५-२९ पढ्नुपर्छ।

व्यवस्थाको एक जना पण्डितले येशूलाई अनन्त जीवन कसरी प्राप्त गर्ने भनेर प्रश्न गरे। येशूले सोध्नुभयो, "व्यवस्थामा के लेखिएको छ ?" जवाफ दिदै, त्यस मानिसले ती दुई महान् आज्ञाहरू मिलाए। उसले भन्यो कि उसले परमेश्वरलाई आफू जस्तै छौ तेस्तौ प्रेम गर्नुपर्छ र आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नुपर्छ (लूका १०:२७)। येशूले भन्नुभयो उसको जवाफ सही थियो, र भन्नुभयो, "त्यसै गर, र तिमी जिउनेछौ।" यस्तो प्रेम भएको व्यक्तिले अनन्त जीवन पाउँछ।

---

[6] John Perkins, quoted by Daniel Hill in "Church in Emerging Culture," in *A Heart for the Community*. Edited by John Fuder and Noel Castellanos. (Chicago: Moody Publishers, २००९), २०३।

त्यसपछि त्यो मानिसले सोध्यो, "मेरो छिमेकीचाहिँ को हो त ?" उसले सोचेको थिएन कि उसले सबैलाई प्रेम गर्नु पर्थ्यो। उसले आफूले प्रेम गर्नुपर्ने मानिसहरूको एउटा साँघुरो वर्ग भेट्टाउन चाहन्थे, ताकि तिनले आफ्नो आवश्यकता पूरा गरिरहेको महसुस गर्न सकून्। येशूले यस प्रश्नको जवाफ एउटा कथाद्वारा दिनुभयो।

► छिमेकीलाई प्रेम गर्ने उदाहरणको रूपमा येशूले कस्तो कथा सुनाउनुभयो ?

► एक बिद्यार्थीले समूहको लागि लूका १०:३०-३७ पढ्नुपर्छ।

येशूले सामरीको कथालाई आफ्नो छिमेकीलाई आफूजस्तै प्रेम गर्नुको अर्थ के हो भन्ने उदाहरणको रूपमा बताउनुभयो। प्रेमले हामीलाई खाँचोमा परेका व्यक्तिप्रति जवाफ दिनको लागि उत्प्रेरित गर्छ।

येशूले आफ्नो मिशन लूका ४:१८-१९ मा बताउनुभयो:

> परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।

यस भनाइले "येशू किन आउनुभयो ?" भन्ने प्रश्नको जवाफ दिन्छ। येशूले यी कार्यहरु गर्नको लागि अभिषेक हुनुभएको थियो भन्नुभयो। पुरानो नियममा उहाँबारे भविष्यवाणी गरिएको उद्देश्य यही नै थियो।

येशूको मिशनले मण्डली अर्थात् संसारको "ख्रीष्टको शरीर "-लाई निर्देशन दिन्छ। येशूले भन्नुभएको पहिलो गर्नु पर्ने कुरा भनेको गरिबहरूलाई सुसमाचार प्रचार गर्नु हो। यदि मण्डलीले गरिबहरूलाई बेवास्ता गर्छ वा बहिष्कार गर्छ भने यसले आफ्नो लक्ष्य पूरा गरिरहेको हुदैन। येशूले भन्नुभयो कि गरिबहरूलाई स्वर्गको राज्यले आशिषित गर्दछ (लूका ६:२०)। प्रेरित याकूबले भन्यो कि परमेश्वरले गरिबहरूलाई विश्वासमा धनी बनाउन रोज्नुभएको छ (याकूब २:५)। परमेश्वरले संसारका गरिब र कमजोरहरूलाई प्रयोग गरेर आफ्नो शक्ति देखाउन रोज्नुभएको छ (१ कोरिन्थी १:२७-२९)। मण्डलीले गरिबहरूलाई सुसमाचार प्रचार गर्न विशेष प्रयास गर्नुका धेरै कारणहरू छन्। एउटा कारण यो हो कि सुसमाचार गरिबहरूको माझमा धेरै भन्दा धेरै छिटो फैलिन्छ।

येशूले आफ्नो सेवकाईबारे बताउनुभएको विवरणले उहाँले पृथ्वीको अवस्था पनि परिवर्तन गर्ने आशा गर्नुभएको थियो भनेर देखाउँछ।

► एक बिद्यार्थीले समूहको लागि मीका ६:६-८ पढ्नुपर्छ। अगमवकताले कस्तो प्रश्न सोधिरहेका थिए ?

मीका अगमवक्ताले परमेश् वर आफ्ना उपासकहरूबाट साँच्चै के चाहनुहुन्छ भन् ने प्रश्नबारे विचार गरे। कोही-कोही मानिसहरूले गाईवस्तुको बथान बलि वा बालबलिको लागि पनि पर्याप्त हुन्छ कि भनेर सोधेका थिए। यो परमेश्वरको योग्य हुनको लागि पर्याप्त ठूलो बलिदान खोजेर फेला पार्ने कुरा महत्व होइन भनेर मीकाले व्याख्या गरे। परमेश्वरले आफ्ना आवश्यकताहरू प्रकट गर्नुभएको छ। न्याय गर्न र अरूलाई न्याय दिलाउन मदत गर्न कामको लागि हामी जिम्मेवार छौं।

दयाले अधिकारको दयालु प्रयोगलाई मात्र बुझाउँदैन। दयाले आवश्यकताहरू बाट छुटकारा पाउन पनि सङ्केत गर्छ। सामरीको कथामा परमेश्वरले आज्ञा गर्नुभएको प्रेमको उदाहरण हो भनेर येशूले भन्नुभयो किनभने सामरीले दया र करुणा देखायो। उसले आफूले देखेका आवश्यकताहरूको जवाफ दिए (लूका १०:३३-३४)। कहिलेकाहीं मण्डलीहरूले आत्मिक आवश्यकताहरूमा मात्र ध्यान केन्द्रित गर्नुपर्छ भन्ने सोचाइ राख्छन्। उनीहरूलाई लाग्छ कि गरिबीको मुद्दाका लागि उनीहरू जिम्मेवार छैनन्। तथापि, बाइबलमा गरिबहरूलाई झन्डै ४०० पटक उल्लेख गरिएको छ। गरिबहरूका समस्याहरू परमेश्वरको चासोको विषय हुन्। असल सामरीले जस्तै मण्डलीहरूले पनि मदतको खाँचो परेकाहरूलाई प्रेम देखाउनुपर्छ।

► एक बिद्यार्थीले समूहको लागि इजकिएल १६:४९-५०पढ्नुपर्छ। यी पदहरूले सदोमको कुन पापबारे बताउँछ ?

सदोम को शहर यौन विकृति को पाप को लागि सम्झना गरिन्छ; तर शहरको दुष्टता त्यति एक्लो मात्र थिएन। सदोमका मानिसहरूले आफ्नो सम्पन्नतालाई आफ्नो लागि फुर्सतको समय प्रदान गर्नको लागि प्रयोग गरे र गरिब र खाँचोमा परेकाहरूलाई मदत गर्दैनथे।

## पेरिश अवधारणा

जब कुनै मण्डलीले कुनै निश्चित छिमेकको जिम्मेवारी लिन्छ, त्यो क्षेत्रलाई मण्डलीको पेरिस भनिन्छ। ऐतिहासिक रूपमा, ठूला मण्डलीको संगठनहरूले प्रत्येक स्थानीय मण्डलीले एक विशिष्ट भौगोलिक क्षेत्रको सेवा गर्ने अपेक्षा गरेको हुन्छ। यो संसारका धेरै भागहरूमा रोमन क्याथोलिक मण्डली, जर्मनीको लुथरन मण्डली र ग्रेट ब्रिटेनमा इङ्गल्याण्डको मण्डलीको चलन हो। धेरै जसो प्रोटेस्टेन्ट सम्प्रदायहरूमा एउटै अर्थमा पेरिस हुँदैनन्।

एउटा मण्डलीले आफूलाई आफ्नो समुदायको लागि मण्डली ठान्नु कस्तो हुनुपर्छ होला कल्पना गर्नुहोस्। पेरिशका सबैलाई थाहा हुनेछ कि पास्टर को हुन् र उनी प्रार्थना गर्न, प्रोत्साहन दिन र सल्लाह दिन उपलब्ध हुन्छ, चाहे तिनीहरू उसको मण्डलीमा उपस्थित भए वा नभएता पनि। जब उनी समुदाय माझ भ्रमण गर्थे, उनको प्राथमिक लक्ष्य तिनीहरूलाई मण्डलीमा उपस्थित हुन मनाउनु थिएन। बरु, उसले मण्डलीको सेवकाई तिनीहरूकहाँ लैजाँदै थिए।

मण्डलीले छरछिमेकका आवश् यकताहरू पूरा गर्ने सेवकाईहरू प्रदान गर्नेछ, जस्तै: पारिवारिक परामर्श, युवाहरूलाई सल्लाह दिने र चरित्रमा आधारित जागिरको तालिम दिने। यी कुराहरु मण्डलीको उद्देश्यसँग असम्बन्धित छैनन्। यी त्यस्ता क्षेत्रहरू हुन् जहाँ बाइबलीय उत्तरहरू महत्त्वपूर्ण छन्, र मण्डलीले व्यावहारिक क्षेत्रहरूमा परमेश्वरको वचनको बुद्धि बाँड्ने गर्नुपर्छ। समाजमा भएका गलत कुराहरू औंल्याउन सजिलो छ, तर मण्डलीले समाज कस्तो हुनुपर्छ भनेर वर्णन गर्नैपर्छ।

► परमेश्वरको वचनद्वारा परिवर्तन गर्न सकिने तपाईंको छिमेकमा कस्ता आवश्यकताहरू छन् ?

पुरानो नियमका अगमवक्ताहरूले भूमि र मानिसहरूलाई जुन परमेश्वरमा सम्बन्धित छ भनि हेरे र सबैलाई परमेश्वरको करार पालन गर्न आह्वान गरे। तिनीहरूले परमेश्वरको योजना पछ्याउँदा समुदायमा आएका आशिषहरु र अनाज्ञाकारिताबाट आउने श्रापहरूबारे प्रचार गरे।

पास्टरले आफ्नो समुदायलाई परमेश्वरको अधीनमा रहेको आफ्नो पेरिशको रूपमा हेर्नुपर्छ। परमेश्वर जमिन्दार र शासक हुनुहुन्छ जसले मानिसहरूलाई उहाँको योजना अनुसार यदि तिनीहरुले जीवन बिताउछ भने आशिष् दिने प्रस्ताव राख्नुहुन्छ। पास्टरले समुदायका मानिसहरूलाई निरन्तर परमेश्वरको निर्देशनमा बाँच्न आह्वान गर्नुपर्छ। उसले परमेश्वरको आशिष् लिएर बाँच्नुको अर्थ के हो र परमेश्वरसँगको सम्बन्धमा आउन तिनीहरूलाई प्रोत्साहन दिनुपर्छ।

> "येशूको शरीरको रूपमा, मण्डली भनेको संगतिमा रहेको समूह हो जुन उहाँको इच्छा पूरा गर्न र उहाँको राज्यको हितको प्रतिनिधित्व गर्न अवस्थित छ।"
> - ल्यारी स्मिथ,
> *म विश्वास गर्छु: ख्रीष्टियन विश्वासको जगका कुराहरू*

पेरिश अवधारणाको अर्थ यो होइन कि छिमेकमा सबै जना मण्डलीको सदस्य हुन्। मण्डलीमा परमेश्वरसितको सम्बन्धमा बाँच्न प्रतिबद्ध व्यक्तिहरू मात्र समावेश छन्, तर समुदाय मण्डलीबाट प्रभावित भएको हुन्छ।

पेरिश अवधारणाको अर्थ यो होइन कि छिमेकले मण्डलीलाई नियन्त्रण गर्दछ र यसको मूल्यहरू निर्धारीत गर्दछ। मण्डलीलाई परमेश्वरले आज्ञा दिनुभएको छ, उहाँको वचन पालन गर्दछ, र छरछिमेकमा परमेश्वरको राज्यको वकालत गर्दछ।

मण्डलीलाई नुन र ज्योति भनिएको हुनाले (मत्ती ५:१३-१४), मण्डलीलाई यसको छिमेकमा फरक बनाउनको लागि बोलाएको छ।

## सुसमाचारमा प्राथमिकता

थुप्रै मन्त्रालयहरूले छरछिमेकका मानिसहरूको भौतिक आवश्यकतापूरा गर्ने कार्यक्रमहरू सञ्चालन गर्छन्। तिनीहरू समुदायको आवश्यकतापूरा गर्छन् र मानिसहरूलाई व्यावहारिक तरिकामा मदत गर्दा मित्र बन्छन् र सुसमाचारको लागि ध्यान आकर्षित गर्छन् भनी सोच्छन्। तिनीहरूको लक्ष्य सुसमाचार बाँड्ने अवसरहरू सिर्जना गर्नु हो। तिनीहरूले तिनीहरुको ख्याल राख्छन् भनेर देखाउन चाहन्छन्।

तिनीहरूको सूत्र यो हो: कार्यक्रम, त्यसपछि सम्बन्ध, त्यसपछि सुसमाचार। तथापि, मदतका कार्यक्रमहरू गलत हुने धेरै तरिकाहरू छन्। मद्दतले दाता/प्राप्तकर्ताको सम्बन्ध बाहेक अरु कुनै सम्बन्ध सिर्जना गर्न सक्दैन।

कहिलेकाहीं सुसमाचार दिइएका कुराहरूभन्दा अलग देखिन्छ, र मानिसहरूले सुसमाचारमा चासो नदेखाएता पनि मदत पाउन सक्छन्। कार्यक्रममा काम गर्ने व्यक्तिहरू मदत प्रदान गर्न व्यस्त हुन्छन र सुसमाचार बाँड्नको लागि समय नहुन सक्छन्। प्राप्तकर्ताहरूले सकेसम्म सक्दो धेरै लिन सक्छन्, त्यसपछि अरूबाट मद्दत खोज्नको लागि त्यहाँ  छोडी अन्त जान्छन।

सूत्रलाई घुमाउन आवश्यक पर्छ। मण्डलीले सबै सँगको पहिलो सम्पर्कको रूपमा सुसमाचारलाई जोड दिनुपर्छ।

► सुसमाचार के हो ?

जब कुनै मण्डलीले संसारलाई सुसमाचार प्रस्तुत गर्छ, मण्डलीमा नयाँ जीवनको विवरण समावेश गर्न तिनीहरू विश्वासी हुनैपर्छ। मुक्ति एउटा व्यक्तिगत निर्णय होइन जसले मानिसलाई अनौठो, नयाँ जीवनमा एक्लो छोड्छ। पापीहरूले सामान्यतया सुसमाचार स्वीकार गर्दैनन् जबसम्म तिनीहरू सुसमाचार प्रस्तुत गर्ने विश्वासको समुदायप्रति आकर्षित हुँदैनन्।

येशू र प्रेरितहरूको सेवकाईमा, हामी देख्छौं कि सुसमाचार परमेश्वरको राज्यको सुसमाचार हो। यो सन्देश हो कि पापीलाई क्षमा गर्न सकिन्छ र परमेश्वरसँगको सम्बन्धमा आउन सकिन्छ। उ पापको शक्तिबाट मुक्त हुनेछ र नयाँ सृष्टिमा बनिएको हुनेछ। उ विश्वासको परिवारमा प्रवेश गर्दछ, जहाँ उसका आत्मिक भाइहरु र बहिनीहरूले तिनलाई प्रोत्साहन दिन्छन् र तिनको आवश्यकतापूरा गर्न मदत गर्छन्।

मण्डलीले आफ्नो प्राथमिक लक्ष्य सुसमाचार संचार गर्नु हो भनेर हेर्नुपर्छ। आत्माहरूको उद्धारको लागि काम गर्नु भनेको मण्डलीको बारेमा हो भनेर सबैले जान्नु पर्छ। त्यसपछि, मण्डलीले सुसमाचारमा चासो राख्ने मानिसहरूलाई आकर्षित गर्छ। सुसमाचारको सेवकाईले एउटा सम्बन्ध सिर्जना गर्छ।

त्यसपछि मण्डलीले मण्डलीसँग सम्बन्ध भएका मानिसहरूलाई मदत गर्छ। हुन सक्छ ती सबै मानिसहरूले अझै सम्म पनि मुक्ति पाएका छैनन्, तर तिनीहरू मण्डलीको सुसमाचारको सेवकाईद्वारा आकर्षित भएका छन्।

त्यसोभए, उल्टो सूत्र हो सुसमाचार, त्यसपछि सम्बन्ध, त्यसपछि मद्दत (कार्यक्रम होइन)। मण्डलीले केवल मद्दतको लागि कार्यक्रमहरू प्रदान गर्ने संस्था मात्र हुनु हुँदैन। यसको सट्टामा, मण्डली भनेको मानिसहरूको समूह हो जसले तिनीहरूसँग सम्बन्धमा रहेका मानिसहरूलाई मद्दत गर्दछ। यदि तिनीहरूले कार्यक्रमहरू सुरु गरे भने, मानिसहरू सम्बन्ध बिना नै कार्यक्रमहरूको लागि आउनेछन्।

## सात सारांश भनाईहरु

१. प्रभावकारी मण्डलीले आफ्नो छिमेकमा परिवर्तन ल्याउँछ।
२. हामीले आवश्यकताहरू प्रति जवाफ दिएर छिमेकीहरूप्रतिको प्रेम देखाउनै पर्छ।
३. मण्डलीले आफ्नो मिशन पूरा गर्न गरिबहरूको सेवा गर्नुपर्छ।
४. मण्डलीले आफ्नो भौगोलिक क्षेत्रका मानिसहरूको सेवा गर्नुपर्छ।
५. मण्डलीले समाज कस्तो हुनुपर्छ भनेर वर्णन र प्रदर्शन गर्नुपर्छ।
६. सुसमाचारको सेवकाई मण्डलीको पहिलो प्राथमिकता हो।
७. मण्डलीले सम्बन्धको सन्दर्भमा मानिसहरूलाई मदत गर्नुपर्छ।

## पाठ ७ को कार्यभारहरु

१. पाठ ७ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. अन्तरबार्ताको कार्यभार: मण्डली नजाने धेरै मानिसहरूसँग कुरा गर्नुहोस्। उनीहरूलाई छिमेकमा मण्डलीको प्रभाव बारे वर्णन गर्न तिनीहरूलाई सोध्नुहोस्। सारांशमा लेख्नुहोस्।

# पाठ ८
# स्थानीय मण्डलीको समर्थन

## येशूका निर्देशनहरू

► एक बिद्यार्थीले समूहको लागि लूका १०:१-९ पढ्नुपर्छ। येशूले चेलाहरूलाई सेवकाई गर्न पठाउनुहुँदा दिनुभएको निर्देशनबारे के असामान्य छ ?

चेलाहरूलाई धेरै गाउँहरूमा सुसमाचार प्रचार गर्न पहिलो व्यक्ति हुन पठाइएको थियो। येशूसँग सबै शक्ति र स्रोतहरू थिए र उहाँले तिनीहरूलाई जे चिज पनि दिन सक्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई आवश्यक पर्ने सबै कुरा किन्न र अरू मानिसहरूको आवश्यकता पूरा गर्न पर्याप्त पैसा दिन सक्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई आफ्नो लागि र आफूले प्रचार गरेका मानिसहरूको लागि रोटी र माछा बढाउने शक्ति दिन सक्नुहुन्थ्यो। तिनीहरूले भ्रमण गरेका हरेक गाउँमा खाना उपलब्ध गराउन सक्थे।

बरु, उहाँले तिनीहरूलाई बिना पैसा पठाउनुभयो। उहाँले तिनीहरूलाई गाउँका मानिसहरूको सहयोगमा निर्भर रहन भन्नुभयो। चेलाहरू येशूको निर्देशन अनुसार गए, र तिनीहरूका आवश्यकताहरू प्रदान गरिएको थियो (लूका २२:३५)।

► येशूले तिनीहरूलाई किन यसरी पठाउनुभयो ?

तिनीहरूको सेवकाईले ठिक मानिसहरूलाई आकर्षित गऱ्यो। किनभने तिनीहरूले पहिला सुसमाचार प्रचार गरे, तिनीहरूले सुसमाचारमा चासो राख्ने मानिसहरूलाई आकर्षित गरे। तिनीहरूको खाँचो भएकोले तिनीहरूले मदत गर्न चाहने मानिसहरूलाई आकर्षित गरे। मण्डलीको सुरुवातको लागि तिनीहरूसँग सबै भन्दा उत्तम मानिसहरू थिए।

यदि तिनीहरू आफूलाई चाहिने सबै कुराहरू लिएर र मानिसहरूलाई दिने कुराहरू लिएर गाउँहरूमा गएको भए के हुन्थ्यो ? तिनीहरूले गलत मानिसहरूलाई आकर्षित गर्न सक्थे। तिनीहरूले केही लिन आएका मानिसहरूको एउटा समूह जम्मा गरेका हुनेथिए। त्यसपछि, केहि कुराहरू दिन जारी राखेर मात्र सेवकाईले निरन्तरता निरन्तरता पाउन सक्थ्यो। अरू दिनुपर्ने कुराहरू नदिइकन सेवकाई अघि बढ्न सक्दैनथ्यो। तिनीहरूले यसको लागि पैसा नतिरेसम्म तिनीहरूले मदत पाउने थिएनन्। तिनीहरूसँग मण्डलीको लागि राम्रो सुरुआत गर्ने मानिसहरूको समूह हुने थिएन।

येशूले उनीहरूलाई दिनुभएको तरिकाले एउटा समूह सुरु भयो जुन मण्डली बन्न सक्थ्यो। यो सुसमाचारको सन्देशप्रति उत्साहित र मद्दत गर्न चाहने मानिसहरूको समूह थियो। मण्डलीहरूले सही तरिकाले सुरुवात गर्नु महत्त्वपूर्ण छ।

## मण्डलीलाई स्थानीय तवरमा समर्थन गर्नुपर्ने कारणहरू

► मण्डलीलाई किन स्थानीय स्तरमै समर्थन गर्नुपर्छ ?तलको सूची हेर्नु अघि, तपाईंले कुन कारणहरू सोच्न सक्नुहुन्छ ?

१. **येशूले हामीलाई एक ठाउँमा सेवकाई सही तरिकाले सुरु गर्नुपर्छ भनेर देखाउनुभयो।** सुसमाचारमा चासो राख्ने र मदत गर्न चाहने मानिसहरूलाई तिनीहरूको सेवकाईले आकर्षित गर्न सकोस् भनेर उहाँले चेलाहरूलाई पैसाबिना बाहिर पठाउनुभयो।

२. **परमेश्वरले नयाँ नियमका मण्डलीहरूलाई दिनको लागि निर्देशन दिनुभयो।** तिनीहरूले यरूशलेमको पहिलो मण्डलीको लागि समर्थन पठाउनु पर्थ्यो (१ कोरिन्थी १६:१-३; २ कोरिन्थी ८:१-७, २ कोरिन्थी ९:१-६)। तिनीहरूले मण्डलीका एकल महिलाहरू र अन्य

खाँचोमा परेका मानिसहरूको हेरचाह गर्नुपर्थ्यो (१ तिमोथी ५:१६; याकूब १:२७, याकूब २:१५-१६)। तिनीहरूले पूर्ण-समय सेवकाईमा मानिसहरूलाई समर्थन गर्नुपर्थ्यो (गलाती ६:६)।

३. **परमेश्वरले प्रत्येक मण्डलीलाई ख्रीष्टको शरीरको रूपमा यसको स्थानमा सुसज्जित गर्नुहुन्छ** (१ कोरिन्थी १२:२७)। यसको अर्थ परिपक्व मण्डलीले निर्णय गर्न र आफ्नै सेवकाईको लागि दर्शन विकास गर्न सक्छ। समर्थन र निर्देशनका लागि बाहिरी अगुवाहरूमा भर पर्दा त्यो हुन सक्दैन। मण्डलीको परिपक्वताको लागि स्थानीय आर्थिक सहयोग आवश्यक छ।

४. **परमेश्वरले दशांश दिने मानिसहरूको आर्थिक अवस्थालाई आशिष् दिनुहुन्छ।** दशांश नदिने मानिसहरूको आर्थिक अवस्थालाई श्राप छ (मलाकी ३:८-१०)।

५. **बाहिरी समर्थनको निर्भरताले स्थानीय मण्डलीलाई असुरक्षित बनाउँछ।** राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्र अनिश्चित छ। यदि टाढाका दाताहरूले दिन बन्द गरे भने, तिनीहरूमा निर्भर मण्डलीहरूले दुःख भोग्नेछन्।

६. **पास्टरहरूलाई तिनीहरूले सेवा गर्ने मानिसहरूले समर्थन गर्नुपर्छ** (गलाती ६:६)। पास्टर विश्वासयोग्य छन् कि छैनन् भनेर स्थानीय मण्डलीलाई थाहा हुन्छ। उसले आफ्नो सेवकाईमा समय बिताउँछन् कि बिताउदैनन् भन्ने कुरा तिनीहरूलाई थाहा छ। उसलाई टाढा-टाढाका मानिसहरूले लामो समयसम्म समर्थन गर्नु हुँदैन।

► टाढाको समर्थनमा भर पर्दा कस्ता समस्याहरू आउँछन्?

### स्थानीय मण्डलीको केन्द्रीयतामा आधारित मिशन वित्तीय नीतिहरू

अन्तर्राष्ट्रिय मिसन वा सम्प्रदायले मण्डलीहरूलाई मदत गर्ने तरिकामा केही सिद्धान्तहरू पछयाउनुपर्छ। मण्डलीलाई अझ बढी परनिर्भर बनाउनुको साटो बलियो बनाउने तरिकामा मदत गर्न संगठन होसियार हुनुपर्छ। यहाँ एक मिशन वा सम्प्रदायले विकास गर्न सक्ने नीतिहरूको केही उदाहरणहरू छन्।

१. **ख्रीष्टियन आर्थिक अवस्थाको जगको रूपमा दशांशलाई जोड दिनुहोस्।** यदि मण्डलीमा दशांश छैन भने, परमेश्वरले मण्डलीको आर्थिक अवस्थालाई आशिष् दिनुहुनेछैन। यदि तिनीहरूले पहिले नै आफूले गर्न सक्ने काम गरिरहेका छैनन् भने, तिनीहरूलाई सेवकाईको आर्थिक अवस्थाबारे गलत बुझाइ छ। बाहिरबाट आएको सहयोगले अवस्था राम्रो हुनुको साटो झनै बिग्रन सक्छ।

२. **नियमित सहयोग दिनुको साटो, परियोजनाहरू गर्नुहोस् जसले केही स्थायी कार्य दिनेछ।** संस्थाले मण्डलीलाई टाढाको सहयोगमा निर्भर बनाउने तलब प्रदान गर्नुको सट्टा मण्डलीलाई आर्थिक रूपमा बलियो बनाउन मद्दत गर्ने परियोजनाहरूमा पैसा खर्च गर्नुपर्छ। जहाँ संगठनबाट मासिक तलब पहिले नै अवस्थित छ, मण्डलीलाई आत्मनिर्भर बन्न संस्थाले एक बाट अर्को अवस्थामा परिवर्तन हुन सक्ने अवस्था बनाउन मद्दत गर्नुपर्छ।

३. **स्थानीय रूपमा कहिल्यै पनि समर्थित हुन नसक्ने सेवकाईहरू सुरु नगर्नुहोस्।** संगठनहरूले काम गर्दासम्म बाहिरी समर्थनमा निर्भर रहने कुराहरू सुरु गर्नु हुँदैन। यसको लक्ष्य स्थानीय मण्डलीसँग सम्बन्धित हुन सक्ने सेवकाईहरू वा उद्यमहरू स्थापना गर्नु हो र स्थानीय रूपमा मर्मत सम्भार गर्न सक्ने हुनु हो। उदाहरणका लागि, एक विद्यालय एउटा स्थानीय मण्डलीको सेवकाई हुनुपर्छ।

   सेवकाईको कुनै पनि प्रयास जुन कहिल्यै पनि स्थानीय रूपमा आर्थिक रुपमा प्रदान गरेर हुने सम्भावना छैन, त्यो छोटो अवधिको कुरा हुनुपर्दछ जसले निर्भरता सिर्जना नगरी तुरुन्तै उद्देश्य पूरा गर्दछ (उदाहरण: अधिवेशनहरू र सेमिनारहरू)।

४. **स्थानीय मण्डलीको नेतृत्वलाई बेवास्ता गर्नुको सट्टा सशक्त बनाउनुहोस्।** जब बाहिरी व्यक्तिहरू वा उच्च ओहदाका अगुवाहरूले खाँचोमा परेकाहरूलाई सिधै मद्दत गर्छन् भने, स्थानीय सेवकाईमा रहेकाहरू प्रभावहीन देखिन्छन्। मण्डलीका मानिसहरूलाई सिधै सहयोग दिनुको सट्टा, संगठनले मण्डलीको अगुवापनलाई आवश्यकताहरू पूरा गर्न सुसज्जित पार्नुपर्छ।

► गलत प्रकारको मिसनले मद्दत गर्ने केही उदाहरणहरू के के हुन् ? सही प्रकारको मद्दत गर्ने केही उदाहरणहरू के के हुन् ?

## उद्योगबाटको सहायताबाट टाढै रहनुहोस्

एउटा मण्डलीलाई "सहायता उद्योग"-ले आफ्नो प्राथमिकताबाट पन्छाउनु हुँदैन। गरिबी निवारणका लागि स्रोत साधन दिन चाहने तर खाँचोमा परेका व्यक्तिसँग प्रत्यक्ष सम्पर्क नराख्ने व्यक्ति र संगठनहरू पनि छन्। "राहत संगठनहरू" ती संगठनहरू हुन् जसले दाताहरूबाट स्रोतहरू सङ्कलन गरेर खाँचोमा परेका मानिसहरूलाई दिन्छन्। कहिले काहीँ सहायताका प्रशासकहरूले तिनीहरूले व्यवस्थापन गरेको स्रोतहरूबाट तलब कमाउँछन्। कहिलेकाहीँ छल गर्ने काम हुन्छ, र दाताहरु र खाँचोमा परेकाहरु दुवैलाई ठगी गरिन्छ। सहायता सही मानिसहरूकहाँ पुग्दा पनि, सहायता उद्योगले मानिसहरूको वास्तविक आवश्यकताहरू बुझ्ने प्रयास गर्नुको सट्टा दातालाई खुसी पार्ने कामहरू गर्छन्।

सहायता उद्योगले सामान्यतया स्थानीय मण्डलीलाई बेवास्ता गर्दछ। यसले सहायता प्राप्त गर्ने मानिसहरूसँग मण्डलीको सम्बन्धलाई वास्ता नगर्ने तरिकामा दिन्छ। मण्डली मार्फत, मानिसहरूको परिस्थिति थाहा भएका अगुवाहरूद्वारा र मण्डलीको महत्त्व झल्काउने तरिकामा दान दिंदा त्यसले अझ राम्रो प्रभाव पार्छ।

यदि कुनै संगठनले गरिबको आधारभूत आवश्यकता (जस्तै खाना) आफ्नो अवस्था परिवर्तन नगरी पूरा गर्छ भने यसले गरिबलाई बढी निर्भर बनाउँछ। यदि तिनीहरूसँग पर्याप्त स्रोतहरू छन् भने, तिनीहरूले आश्रित मानिसहरूको समुदायहरू सिर्जना गर्न सक्दछन्। यदि तिनीहरू लामो समयसम्म जारी रहन्छन् भने, तिनीहरूले आश्रित मानिसहरूको नयाँ पुस्तालाई हुर्काउँदछन्।

एक मिशन सहायता उद्योगको भाग बन्नु हुँदैन र मण्डलीको प्राथमिकताहरू बिर्सनु हुँदैन। यसो गर्नाले अन्ततः मण्डली र आवश्यकता भएका मानिसहरू दुवैलाई हानि पुऱ्याउँदछ।

► सहायता उद्योग र यसले पार्ने असरबारे तपाईंले कस्ता उदाहरणहरू देख्नुभएको छ ?

## गोठालाहरूको मदतको लागि परमेश्वरको योजना

► एक बिद्यार्थीले समूहको लागि व्यवस्था १८:१-५ पढ्नुपर्छ। सेवकाईको लागि आर्थिक सहयोगबारे यस खण्डले हामीलाई के बताउँछ ?

पूर्ण-समय सेवकाईमा मानिसहरूलाई आर्थिक सहयोग गर्नु पुरानो नियमको समयदेखि नै परमेश्वरको योजना थियो। मन्दिरमा पूजाहारीहरूले गरेको कामको लागि तिनीहरूलाई सहयोग गर्नुपर्थ्यो। तिनीहरूले जमिनको अंश पाएनन्, किनभने तिनीहरू खेतीपातीमा व्यस्त हुनु पर्दैनथ्यो।

कहिलेकाहीं जब इस्राएलीहरूले आराधना गर्ने आफ्नो विश्वासयोग्यतालाई इन्कार गर्दा पूजाहारीहरूको समर्थनमा पनि इन्कार हुन थाल्यो। यो इस्राएलको विश्वासघातको संकेत थियो जब मन्दिरका कामदारहरूले मन्दिर छोड्नु पऱ्यो र आफूलाई समर्थन गर्ने अन्य तरिकाहरू खोज्नुपऱ्यो (नहेम्याह १३:१०)।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी ९:१-१४ पढ्नुपर्छ। सेवकाईको लागि आर्थिक सहयोगबारे यस खण्डले हामीलाई के बताउँछ ?

पावलले भने कि परमेश्वरको योजना सुसमाचारका प्रचारकहरूलाई उनीहरूको सेवकाईद्वारा समर्थन गर्नु हो, जस्तै पुरानो नियम प्रणालीको अनुसारमा (१ कोरिन्थी ९:१३-१४)। पावलले यस सिद्धान्तका थुप्रै दृष्टान्तहरू प्रयोग गरे। एक किसानले आफूले उत्पादन गरेको बालीले भरणपोषण गर्छ। गोठालोलाई बगालको उत्पादनले साथ दिन्छ। सैनिकले आफ्नै खर्चमा युद्ध गर्दैन।

प्रेरितले सेवकाईमा पास्टरको पूर्ण ध्यान केन्द्रित हुनुपर्छ भनेर भनिरहेका छन्। सबै भन्दा राम्रो अवस्था भनेको उसले अन्य जागिर छोड्न सक्षम हुनु हो (पद ६)। प्रेरितले सेवकाईले पास्टरकी पत्नीलाई पनि सहयोग गर्न सक्षम हुन सक्नुपर्छ भनी बताउँछ, जसले बालबच्चाहरूलाई पनि बुझाउँछ (पद ५)।

► एक बिद्यार्थीले समूहको लागि १ तिमोथी ५:१७-१८ पढ्नुपर्छ। सेवकाईको लागि आर्थिक सहयोगबारे यस खण्डले हामीलाई के बताउँछ ?

राम्रो नेतृत्व गर्ने एल्डरहरूले दुई गुणा आदर पाउँछन्। पद १८ ले यो आदर भनेको आर्थिक सहयोग हो भनेर देखाउँछ।

► एक बिद्यार्थीले समूहको लागि गलाती ६:६ पढ्नुपर्छ।

सेवकाईबाट लाभ उठाउने व्यक्तिले सेवकाईलाई सहयोग गर्न मदत गर्नुपर्छ।

## मण्डलीको सामान्य सुरुवात

मण्डलीको पहिलो शताब्दीदेखि, अधिकांश मण्डलीहरू घरहरूमा भेला हुने साना समूहहरूको रूपमा सुरु भएको थियो। सुरुका २०० वर्षसम्म मण्डलीका भवनहरू अस्तित्वमा थिएनन्, तैपनि ख्रीष्टियन धर्म द्रुत गतिमा फैलियो। कुनै-कुनै ठूला शहरहरूमा हजारौं मानिसहरू मण्डलीको संगतिमा थिए, तैपनि तिनीहरू समूहहरूमा घरहरूमा भेला हुन्थे।

> "हामी ती आवाराहरूको प्रशंसा नगरौं जो वरिपरि घुमफिर गर्छन् र कुनै मण्डलीसँग एकताबद्ध हुँदैनन्, किनकि तिनीहरूले आफ्ना आदर्शहरू कहीँ पनि महसुस गर्दैनन्, जुन कुराको सधैं अभाव हुन्छ।"
> - फिलिप मेलान्चथोन,
> *लोसी*

जसरि पावलले यात्रा गरे र सुसमाचार प्रचार गरे, उसको प्राथमिकता भनेको हरेक ठाउँमा मण्डली स्थापना गर्नु थियो। त्यस विधिमा पास्टरहरू नियुक्त गर्नु समावेश थियो (प्रेरित १४:२३, तीतस १:५)। प्रत्येक ठाउँका पास्टर एक व्यक्ति थिए जो पहिले नै त्यहाँ बस्थे र संगतिको एक हिस्सा थिए।

पास्टरले सामान्यतया आर्थिक सहयोग बिना नै आफ्नो सेवकाई सुरु गर्छन्। उसले मिसनरीलाई मदत गर्छ वा मिसनरी बिना नै सुसमाचार प्रचार गर्न थाल्छ किनभने उ सँग मदत गर्ने इच्छा हुन्छ। उहाँले सेवकाईको लागि वरदानहरू र क्षमताहरू देखाउन थाल्नुहुन्छ। उसले यो काम पैसाको लागि होइन, तर आत्मिक जोसको कारणले गर्दा गर्दछ।

जसरि विश्वासीहरूको समूह गठन हुँदै जाँदा, त्यसरी नै पास्टरको जिम्मेवारी बढ्दै जान्छ र यसले बढी समय लिन्छ। समूहले पास्टरलाई सहयोग गर्न मद्दत गर्नुपर्छ ताकि उसले सेवकाईमा आफ्नो समय दिन सकून्। सहयोग सुरुमा पूर्ण नहुन सक्छ, तर बिस्तारै बढ्न सक्छ।

► आफू पास्टर बन्न चाहने तर आर्थिक सहयोगको पर्खाइमा रहेको व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

## अपवादहरू

पावलले परमेश्वरको योजना पास्टरलाई समर्थन गर्ने हो भनेर बताए। तथापि, कहिलेकाहीं उसको आफ्नै सेवकाई अपवाद थियो। धेरै ठाउँहरूमा उनले आफूलाई समर्थन गर्न काम गरे (१ थेसलोनिकी २:९, २ थेसलोनिकी ३:८)।

एउटा नयाँ मण्डलीले पास्टरलाई पूर्ण रूपमा समर्थन गर्न सक्षम नहुन सक्छ। कुनै मिसनरी सुसमाचार प्रचार गर्न कुनै नयाँ इलाकामा जाँदा तिनलाई खासै सहयोग नहुन सक्छ। त्यसकारण, प्रचारक परमेश्वरको आह्वान पालन गर्न चाहेकोले प्रचार गर्ने व्यक्ति हुनुपर्छ। उसले सेवकाई गर्नेछ किनभने त्यो उसको हृदयमा छ, चाहे उसलाई पैसा नदिइए तापनि।

यदि कुनै पास्टरले आफैलाई समर्थन गर्नको लागि र आवश्यक परेको बेला बिना तलब प्रचार गर्नको लागि काम गर्न इच्छुक छैनन् भने, तिनमा परमेश्वरप्रतिको प्रेम छैन जुन तिनमा हुनुपर्ने थियो। केही मानिसहरू केवल पैसाको लागि गर्छन् जुन तिनीहरूले परमेश्वरको लागि गर्दैनन्। हामी परमेश्वरको लागि जे पनि गर्न इच्छुक हुनुपर्छ। यदि कुनै पास्टरले आफूलाई समर्थन गर्न आफूलाई धेरै महत्त्वपूर्ण ठान्छन् भने, तिनले पावलको उदाहरण सम्झनुपर्छ। पावल भन्दा ठूलो मिसनरी कहिल्यै अरू कोही थिएनन्, तर उनी सेवकाई पूरा गर्न आवश्यक पर्ने सबै कुरा गर्न इच्छुक थिए।

पावलले भने कि उनले परमेश्वरको बोलावटको कारणले सुसमाचार प्रचार गरे। उनले प्रचार गरे किनभने अन्यथा उसले परमेश्वरलाई खुशी पार्न सक्दैनथे। प्रचारकको विशेष जिम्मेवारी हुन्छ, र यदि उसले आज्ञा पालन गरेन भने परमेश्वरले उसलाई न्याय गर्नुहुनेछ (१ कोरिन्थी ९:१६-१७)।

► आफ्नो सेवकाईको लागि पास्टरको प्रेरणा के हुनुपर्छ ?

प्रेरित पत्रुसले भने कि एल्डर एक गोठालो हो जसले बगालको हेरचाह गर्नुपर्छ, तिनीहरूलाई खुवाउने र रक्षा गर्ने इच्छा राख्नुपर्छ। उसको मनसाय पैसा हुनु हुँदैन (१ पत्रुस ५:१-२)।

डेमास एक जना मानिस थिए जसले प्रेरित पावललाई सहयोग गरेका थिए, तर संसारका कुराहरूलाई प्रेम गरेको कारणले उनलाई छोडेका थिए (२ तिमोथी ४:१०)। चर्चको पहिलो पुस्तामा पावलसँग काम गर्न पाउनु डेमासको लागि कस्तो विशेषाधिकार थियो कल्पना गर्नुहोस्, तैपनि भौतिकवादको कारणले उनले सेवकाई छोडे। केही पास्टरहरूले परमेश्वरलाई भन्दा संसारका कुराहरूलाई बढी प्रेम गर्छन्। तिनीहरूमध्ये कोही-कोहीले सेवकाई छोड्छन्, तर अरूले संसारका कुराहरू प्राप्त गर्ने तरिकाको रूपमा सेवकाई प्रयोग गर्छन्।

झूटा सिद्धान्तका शिक्षकहरूको एउटा विशेषता भनेको तिनीहरूले पैसाको लागि यो कार्य गर्छन् (तीतस १:११, २ पत्रुस २:३)।

► एक बिद्यार्थीले समूहको लागि २ कोरिन्थी १२:१७-१८ पढ्नुपर्छ। यस खण्डबाट हामी पावल र तीतसको बारेमा के सिक्छौं ?

► एक बिद्यार्थीले समूहको लागि फिलिप्पी २:१९-२२ पढ्नुपर्छ। यस खण्डबाट हामी तिमोथीको बारेमा के सिक्छौं ?

पावलले परमेश्वर प्रतिको प्रेमले गर्दा सेवा गर्ने उदाहरणीय जीबन बसाले। तिमोथी र तीतसले तिनको उदाहरण पछयाए (फिलिप्पी २:१९-२२, २ कोरिन्थी १२:१७-१८)।

### वित्तीय जवाफदेहिता

स्थानीय मण्डलीमा आर्थिक कुराको जवाफदेहिता हुनु महत्त्वपूर्ण छ। प्रेरित पावलले हाम्रो लागि एउटा उदाहरण बसाले। जब तिनी एउटा मण्डलीबाट अर्को मण्डलीमा लैजानका लागि पैसा जम्मा गर्दै थिए, तब तिनीसित साक्षीहरू थिए र तिनले गोप्य रूपमा कुनै पनि काम नहोस् भनेर पक्का गरे (२ कोरिन्थी ८:२०-२१)।

पैसाको व्यवस्थापन गर्ने मानिसहरूलाई संसारका मानिसहरूले अविश्वास गर्छन्। तिनीहरूले अनुमान गर्छन् कि धेरै मानिसहरूले आफूले व्यवस्थापन गरेको पैसाबाट चोरी गर्छन्। धेरै पास्टरहरू पैसाको लागि मात्र सेवा गर्छन् भन्ने तिनीहरूको विश्वास छ। स्थानीय मण्डलीको लागि वित्तीय जवाफदेहिताको लागि एउटा प्रणाली हुनु महत्त्वपूर्ण छ जसले तिनीहरूको पास्टरलाई विश्वास गर्न सकिन्छ भनेर प्रमाणित गर्दछ।

► भेटीहरू इमानदारीपूर्वक प्रयोग भइरहेको छ भनेर देखाउन मण्डलीलाई मदत गर्ने केही अभ्यासहरू के-के हुन् ?

आर्थिक कुराको जवाफदेहिताको लागि, भेटीहरू सङ्कलन गर्न र गणना गर्न धेरै व्यक्तिहरू द्वारा गर्नुपर्छ, एक मात्र होइन। पास्टरले बाहेक अरू कसैले पनि पैसा कसरी खर्च हुन्छ भन्ने कुराको अभिलेख राख्नुपर्छ।

केही पास्टरहरूले सबै दशांश तिनीहरूको हो भनेर सिकाउँछन्। बाइबलले सबै दशांश पास्टरलाई दिनुपर्छ भनेर सिकाउँदैन। दशांश धेरै उद्देश्यहरूको लागि प्रयोग गरिएको थियो (व्यवस्था २६:१२)।

पास्टरले मण्डलीको सेवकाईको हेरचाह गर्न दशांश र भेटीहरूको प्रयोगको व्यवस्थापन गर्न मद्दत गर्नुपर्छ। भेटीहरूको विश्वासयोग्य प्रयोग गरेको देखेमा भक्त विश्वासीहरुले अझ धेरै दिन इच्छुक हुनेछ।

### सात सारांश भनाईहरु

१. नयाँ ठाउँमा सेवकाई गर्दा सुसमाचारमा जोड दिनुपर्छ र सही मानिसहरूलाई आकर्षित गर्नुपर्छ।
२. परिपक्व मण्डली बाहिरी समर्थन वा अगुवापनमा निर्भर हुँदैन।
३. संगठनहरूले स्थानीय समर्थनलाई कमजोर नपार्ने गरी मण्डलीहरूलाई सहयोग गर्नुपर्छ।
४. सहायता दिने संगठनहरूले अक्सर मण्डलीको सेवकाईमा बाधा पुर्‍याउँद छन् र परनिर्भरता निम्त्याउँ छन्।
५. मण्डलीले आफ्ना पास्टरलाई समर्थन गर्नुपर्छ ताकि तिनले सेवकाईमा आफ्नो समय दिन सक्छन।
६. मण्डलीमा जवाफदेहिताको एउटा प्रणाली हुनुपर्दछ जसले तिनीहरूको इमानदारीतालाई प्रमाणित गदर्छ।
७. पास्टर आफ्नो परमेश्वरप्रतिको प्रेमले र सेवा गर्ने इच्छाले उत्प्रेरित हुनुपर्छ।

### पाठ ८ को कार्यभारहरु

१. पाठ ८ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. परिक्षा: अर्को कक्षा सत्रको सुरुमा, तपाईंले स्थानीय मण्डलीको समर्थन र चार मिशन वित्तीय नीतिहरूको लागि छ वटा कारणहरू मध्ये कम्तिमा पाँच वटा कारणहरू सम्झनाबाट लेख्न आवश्यक हुनेछ।

# पाठ ९
# दशांश

## परिचय

दशांश केही ठाउँमा विवादास्पद विषय हो । कोही मानिसहरू दशांशको विचार अनुग्रहद्वारा पाइने मुक्तिसित मेल खाँदैन भनी सोच्छन् । तिनीहरूलाई सोच्छन् कि यो मुक्तिको लागि पैसा तिर्नु जस्तो देखिन्छ । कोही-कोही व्यक्तिहरु मण्डलीलाई समर्थन गर्न जिम्मेवार महसुस गर्न चाहँदैनन् । कुनै समयमा पनि दिन मन लागेको कुरा दिन्छन् । यस पाठमा हामी दशांशको बाइबलीय आधार र व्यावहारिक उद्देश्यलाई हेर्नेछौं ।

► दशांश नदिनुको कारणबारे मानिसहरूले के भनेको तपाईंले सुन्नुभएको छ ?

## सबैका परमप्रभु

ब्रह्माण्डका सबै कुराको मालिक परमेश्वर हुनुहुन्छ भनेर एक जना ख्रीष्टियनले यो कुरा बुझेको छ । परमेश्वर हाम्रो सृष्टिकर्ताको रूपमा मालिक हुनुहुन्छ । उहाँले हामीलाई बनाउनुभयो, हामीलाई क्षमता दिनुभयो, र हामीले प्रयोग गर्ने सबै स्रोतहरू सृष्टि गर्नुभयो । सबै कुरा उहाँद्वारा बनाइएको हो, उहाँको शक्तिद्वारा अस्तित्वमा छ, र उहाँको महिमाको लागि अस्तित्वमा छ (कलस्सी १:१६-१७) ।

परमेश्वरले हामीलाई छुटकाराद्वारा पनि आफ्नै बनाउनुभएको छ । उहाँले हाम्रो मुक्तिको लागि मूल्य तिर्नु भएको छ । पापको कारणले हामीले पाउनुपर्ने न्यायबाट उहाँले हामीलाई छुटकारा दिनुभएको छ । येशू हाम्रो लागि मर्नुभएको कारणले हामी उहाँको जीवनको ऋणी छौं (२ कोरिन्थी ५:१४-१५) ।

उहाँले हामीलाई स्वतन्त्रद्वारा पनि आफ्नै बनाउनुभएको छ । पापीहरूको रूपमा हामी शैतान र पापको शक्तिको अधीनमा थियौं । मुक्तिले हामीलाई दुष्टताको नियन्त्रणबाट हटाउँदछ (प्रेरित २६:१८) ।

किनकि हामी परमेश्वरका हौं, हामीसँग भएका सबै कुरा परमेश्वर कै हुन् ।

► तपाईंले आफ्नो सम्पत्ति परमेश्वरको लागि कसरी व्यवस्थापन गर्नुहुन्छ भन्ने कुराको उदाहरण दिनुहोस् ।

## परमेश्वरको विशिष्ट निर्देशनहरू

कहिलेकाहीं परमेश्वरले हामीसँग भएका कुराहरूको एक भागको लागि विशेष निर्देशनहरू दिएर सबै कुरामा आफ्नो स्वामित्व देखाउनुहुन्छ । जब हामी त्यो भागको लागि परमेश्वरको निर्देशनहरू पालना गर्छौं, हामी सबै कुरामा उहाँको आज्ञा पालन गर्न इच्छुक छौं भनेर देखाउँछौं ।

उदाहरणका लागि, जब परमेश्वरले आदम र हव्वालाई अदनको बगैंचामा राख्नुभयो, उहाँले तिनीहरूलाई एउटा निश्चित रूखको फल खानबाट प्रतिबन्ध लगाउनुभयो । त्यो विशेष आज्ञाले आज्ञाकारिताको प्रदर्शन प्रदान गर्‍यो ।

परमेश्वरको विशिष्ट आवश्यकताहरूले हामीलाई आज्ञाकारिता प्रदर्शन गर्ने मौका दिन्छ । यदि कुनै व्यक्तिले आफ्नो जीवनका केही भागहरूको बारेमा परमेश्वरको विशेष निर्देशनहरू पालना गरिरहेको छैन भने, यसले देखाउँछ कि उसले बाँकीको लागि परमेश्वरको सामान्य निर्देशनहरू पालना गरिरहेको छैन ।

एक महिलाले एक पास्टरलाई गुनासो गरिन् कि उनले बुझिनन् कि परमेश्वरले उनलाई किन आशिष् दिनुभएको छैन। पास्टरले उनीलाई सोधे कि उनी परमेश्वरको आज्ञा पालन गरिरहेकी छिन् कि छैनिन्। उनले भनिन्, "हो, म जे सही छ त्यो गर्न खोजिरहेको छु। मलाई हेरक कुराहरु थाहा छैन कि मैले के फरक तरिकाले गर्नुपर्छ।" पास्टरले उनलाई सम्झाए कि उनी मण्डलीमा उपस्थित भईरहेकी थिइनन्। उसले भन्यो, "तपाईंलाई थाहा नहुन सक्छ कि परमेश्वरले तपाईंलाई केहि दिनहरूमा के गर्न चाहनुहुन्छ, तर तपाईंलाई थाहा छ कि उहाँले तपाईंलाई शनिबारको दिन के गर्न चाहनुहुन्छ। यदि तपाईंले त्यस दिन आफूले जानेको कुरा जुन ठीक सँग गरिरहनुभएको छैन भने, सायद तपाईंले अरू दिनहरूमा परमेश्वरको आज्ञा पालन गरिरहनुभएको छैन।"

त्यहाँ परमेश्वरले कसैको जीवनको एउटा कुनै पक्षको बारेमा विशेष निर्देशन दिनुभएको समयमा बाइबलका थुप्रै उदाहरणहरू छन्। परमेश्वरले आज्ञाकारिताको लागि इनाम र अनाज्ञाकारितालाई दण्ड दिनुभयो। इनाम र दण्डले तिनीहरूको जीवनको भागलाई मात्र असर गरेन जुन आवश्यकता अन्तर्गत थियो। तिनीहरूको छनौटले तिनीहरूको जीवनको हरेक पक्षलाई असर गऱ्यो।

## विशिष्ट दिशाका उदाहरणहरू

### (१) अदनको बगैंचामा निषेधगरिएको रूख

परमेश्वरले आदम र हव्वालाई एउटा खास रूखको फल नखानू भन्नुभयो। तिनीहरूको अनाज्ञाकारिता नभएसम्म, तिनीहरू आशिषित भए र परमेश्वरको उपस्थितिमा रहे। जब तिनीहरूले एउटा रूखको बारेमा प्रतिबन्ध उल्लङ्घन गरे, तिनीहरूले अदनमा भएको पहुँच गुमाए, परमेश्वरसँगको आफ्नो सम्बन्ध तोडे, र सम्पूर्ण मानवजातिमाथि श्राप ल्याए (उत्पत्ति ३:१७-१९)।

### (२) सातौं दिन

परमेश्वरले विश्राम दिनको लागि प्रतिबन्धहरू दिनुभयो। त्यस दिनको लागि परमेश्वरको निर्देशनहरू पालना नगर्ने व्यक्तिले अरू दिनहरूमा उसले आज्ञा पालन गरिरहेको थिएन भनेर देखायो। अनाज्ञाकारिताले परमेश्वरबाट श्राप ल्यायो जसले जीवनको हरेक भागलाई असर गर्यो (यशैया ५८:१३-१४)।

### (३) यरीहो

इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्दा इस्राएलीहरूले नष्ट गरेको पहिलो शहर यरीहो थियो। परमेश्वरले यरीहोबाट ल्याईएको सबै कुरा चिजहरु परमेश्वरप्रति समर्पित गर्नुपर्छ भनेर तिनीहरूलाई भन्नुभयो। अरू शहरहरूको चिजहरु यो आवश्यकता थिएन तर परमेश्वरले यरीहोलाई विशेष निर्देशन दिनुभयो। अनाज्ञाकारिताले गर्दा युद्धमा पराजय भयो, ३६ जना मानिसहरूको मृत्यु भयो र एउटा परिवारको मृत्यु भयो (यहोशू ७:५)।

### (४) शाऊल र अमालेकीहरू

परमेश्वरले इस्राएलका राजा शाऊललाई अमालेक जातिलाई नाश गर र सबै मानिसहरू र पशुहरूलाई मार भन्नुभयो। शाऊलले केहीलाई जीवित राखे। उनले परमेश्वरको आज्ञा पालन गरेको दाबी गरे, यद्यपि उनले विशेष आज्ञा पालन गरेनन्। परमेश्वरले शाऊललाई राजा हुनबाट अस्वीकार गर्नुभयो (१ शमूएल १५:३, ९, २०-२३)।

### (५) भूमिको शबाथहरू

यो भूमिले सातौं वर्ष विश्राम गर्नुपर्ने थियो। मानिसहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरे र यस भूमिको लागि शबाथहरू पालन गरेनन्। यदि कुनै किसानले सातौं वर्षमा परमेश्वरको आज्ञा पालन गरेन भने, सम्भवतः उसले अन्य वर्षहरूमा परमेश्वरको आज्ञा पालन गरिरहेको हुदैन। जब

मानिसहरूले अनाज्ञाकारि भए, परमेश्वरले तिनीहरूलाई आफ्नो भूमि पूर्ण रूपमा गुमाउन अनुमति दिनुभयो। भूमिको शबाथहरू ७० वर्षको कैदद्वारा पूरा भए (२ इतिहास ३६:२१)।

### (६) पहिलो फलहरु

इस्राएलीहरूले परमेश्वरलाई आफ्नो खेतको पहिलो फल दिनु पर्थ्यो। यदि तिनीहरूले आज्ञा पालन गरे भने, परमेश्वरले खेतहरूको उत्पादनलाई आशिष् दिनुभयो (हितोपदेश ३:९-१०)। आशिष् तिनीहरूले दिएको भागको लागि मात्र थिएन, यो तिनीहरूको सम्पूर्ण फसलको लागि थियो। यदि तिनीहरूले आफ्नो आवश्यकता पूरा गरेनन् भने, तिनीहरूको भूमिले आशिष् पाउने थिएन। यदि कुनै व्यक्तिले परमेश्वरले चाहनुहुने भाग दिँदैन भने, उसले अरू भागहरूमा पनि परमेश्वरको आज्ञा पालन गर्दैन।

### (७) दशांश

परमेश्वरले दसौं भागलाई दिने आज्ञा दिनुहुन्छ। यदि कुनै व्यक्तिले यो दिँदैन भने, उसले आफ्नो पैसा परमेश्वरलाई समर्पण गरिएको छैन भनेर देखाउँछ। उहाँले अरू ९०% परमेश्वरको महिमाको लागि पनि प्रयोग गरिरहनुभएको छैन। परमेश्वरले दशांश दिने व्यक्तिको सम्पत्तिमा आशिष् दिनुहुनेछ (मलाकी ३:१०)। यदि कुनै व्यक्तिले सेवकाईलाई सहयोग गर्न दिँदैन भने, उसको सबै सम्पत्ति श्रापित हुन्छ (हाग्गै १:६)।

एक पसलको मालिक यात्राको लागि प्रस्थान गरे। त्यहाँबाट निस्कनु अघि उसले आफ्ना कर्मचारीलाई भने, "पसलको हेरचाह गर र भुइँ सफा गरेको नगरेको पक्का गर।" जब उनी फर्के, भुइँ सफा भएको थिएन। कर्मचारीले भन्यो, "मैले तपाईंको लागि पसलको हेरचाह गरें।" मालिकले भने, "मैले आदेश दिएको एउटा खास काम तिमीले गरेनौ, त्यसैले मलाई थाहा छ कि तिमीहरूका सबै कामहरूमा तिमीले मेरो साटो आफैलाई खुसी तुल्यायौ।"

► एक जना व्यक्तिले परमेश्वरको आज्ञा पालन गरिरहेको छु भनेर उसले कसरी देखाउन सक्छ ?

## दशांशको मूल उद्देश्यहरू

► दशांश केका लागि प्रयोग गरिन्थ्यो ?

पुरानो करारका पूजाहारीहरूलाई दशांशद्वारा सहायता गरिएको थियो (गन्ती १८:२०-२१)। लेवीहरू, पूजाहारीहरूको कुल, लाई भूमिको हिस्सा दिइएको थिएन (व्यवस्था १८:१-४)। तिनीहरूलाई मन्दिरमा सेवकाईको लागि आर्थिक सहयोग गरिएको थियो। परमेश्वरको योजना लेवीहरूले सेवकाईमा ध्यान केन्द्रित गरून् र व्यापारमा संलग्न नहोऊन् भन्ने थियो।

दशांश मन्दिरको आराधना र त्यसका लागि जिम्मेवारहरूलाई समर्थन गर्न प्रयोग गरिन्थ्यो। दशांश आराधनाको समुदायको भोजको लागि पनि प्रयोग गरिन्थ्यो, जसमा गरिबहरूलाई निमन्त्रणा गरिन्थ्यो (व्यवस्था १२:१७-१८, व्यवस्था १४:२२-२९)। दशांश गरिब, एकल महिला, र विदेशी आप्रवासीहरूलाई मदत गर्न प्रयोग गरिन्थ्यो (व्यवस्था २६:१२)।

► आज दशांशको प्रयोगमा तपाईंले कस्तो भिन्नता देख्नुहुन्छ ?

विश्वासयोग्य भई तिनीहरले दशांश दिएको थाहाँ पाएपछि, इस्राएलीको मानिसहरूले परमेश्वरको आशिषको लागि प्रार्थना गर्न सक्थे (व्यवस्था २६:१२-१५)। दशांश राख्नु भनेको परमेश्वरलाई लुट्नु हो, तर परमेश्वरको भण्डारगृहमा दशांश दिनाले कहिल्यै नथामिने आशिष् ल्याउँछ (मलाकी ३:८-१०)।

► दशांश दिनको लागि म नसक्ने गरिब छु भन्ने व्यक्तिलाई तपाईंले के भन्नुहुन्छ ?

## दशांशको आधुनिक सान्दर्भिकता

केही मानिसहरू भन्छन् कि दशांश केवल पुरानो नियमको लागि मात्र एउटा प्रणाली थियो।

► के दशांशको प्रणाली पुरानो नियमको अस्थायी आवश्यकता थिएन भनेर विश्वास गर्ने कुनै कारणहरू छन् ?

**(१) अब्राहाम**

इस्राएललाई मोशाको व्यवस्था दिनुभन्दा धेरै अघि अब्राहामले मल्कीसेदेकलाई दशांश दिएको थियो। यसले मोशाको अघि यो एउटा सामान्य नियम थियो भनेर देखाउँछ। दशांश पुरानो नियमको व्यवस्थाबाट सुरु भएको थिएन, यो सुरुदेखि नै एउटा नियम थियो (उत्पत्ति १४:२०, हिब्रू ७:४)।

**(२) याकूब**

याकूबले परमेश्वरलाई दशांश दिने प्रतिज्ञा गरे (उत्पत्ति २८:२०-२२), यद्यपि मोशाको व्यवस्था अहिलेसम्म दिइएको थिएन। परमेश्वरलाई दिने नियम पहिल्यै देखि नै हो भनेर याकूबलाई थाहा थियो।

**(३) येशू**

येशूले दशांश दिने कुरालाई पुष्टि गर्नुभयो र यो केवल विगतको समयको लागि मात्र हो भनेर भन्नुभएन (मत्ती २३:२३)।

**(४) पावल**

पावलले मण्डलीका सदस्यहरूलाई हप्ताको पहिलो दिन तिनीहरू समृद्ध भएको हुनाले दिन भने (१ कोरिन्थी १६:२)। त्यसकारण, तिनीहरूले प्राप्त गरेको कुराको अनुपातमा दिनुपर्थ्यो। पुरानो नियमको १०% को निर्देशिकाले हामीलाई परमेश्वरले उचित अनुपातलाई के विचार गर्नुहुन्छ भनेर देखाउँछ। परमेश्वरको विचार परिवर्तन भएको छ भनेर सोच्ने कुनै कारण छैन।

> "अहिले कहिलेकाहीं हामी कसैले छक्क परेर यसो भनेको सुन्छौं, 'त्यो मानिसले दशांश दिन्छ!' यो कति ठूलो अपमान हो, म सोध्छु, यहूदीहरूबीच के थियो भन्ने कुरा कुनै आश्चर्यको वा प्रसिद्धिको विषय थिएन जुन अहिले ख्रीष्टियनहरु माझ अचम्मको विषय बनेको छ ? यदि त्यो बेला दशांश दिन नसक्नु खतरनाको कुरा थियो भने, पक्कै पनि यो अहिले धेरै खतरनाक छ।"
>
> - यूहन्ना क्रिसोस्टम
>
> *एफिसी मा प्रवचन*
>
> (इ. सं ४०० भन्दा पहिले लेखिएको)

**(५) आज**

पूर्ण-समय सेवकाईमा लागेकाहरूलाई तिनीहरूको सेवकाईले आर्थिक सहयोग गरून् भनेर परमेश् वर अझै पनि योजना बनाउनुहुन्छ। सुसमाचार प्रचार गर्नेहरूले सुसमाचारको जीवन बिताउनुपर्छ। परमेश्वरले पास्टरहरूले काम गरून् र आफैंलाई सहयोग गरून् र आफ्नो सेवकाईमा समर्पित गर्न समय नपाऊन् भन्ने योजना बनाउनुभएको थिएन। १ कोरिन्थी ९:११-१४ ले आत्मिक लाभ दिने व्यक्तिले आफूले सेवा गर्नेहरूबाट आर्थिक लाभ प्राप्त गर्नुपर्छ भनी बताउँछ। २ कोरिन्थी १२:१३ ले देखाउँछ कि पावलले तिनीहरूको सेवा गर्दा मण्डलीहरूले प्रायजसो आर्थिक रूपमा सहयोग गर्थे।

## मण्डलीको नीतिहरु

मण्डलीका तिनीहरु जो प्रतिबद्ध सदस्यहरूबाट दशांशको आशा गर्नुपर्छ। मण्डलीले उद्धार नपाएका मानिसहरूलाई दशांश बारे सिकाउनु हुँदैन।

पहिलो चोटि मण्डलीमा आउने व्यक्तिले मण्डलीलाई पैसा दिन उसलाई बाध्य भनाएको छ भन्ने उसले महसुस कहिल्यै गर्नु हुँदैन।

मण्डलीले मण्डलीमा हेर्न आउने र मण्डलीमा प्रतिबद्ध नभएका मानिसहरूबाट दशांश सङ्कलन गर्ने प्रयास गर्नु हुँदैन।

दशांश तिर्नु मुक्तिको भाग हो भनेर मानिसहरूले नसोचोस् भनेर मण्डलीले पक्का गर्नुपर्छ। दशांशले मानिसलाई उद्धार पाउन मदत गर्छ भनेर कसैले पनि सोच्नु हुँदैन।

मण्डलीले पैसाको आवश्यकता बिना भक्त विश्वासीहरुको र समुदायको सेवा गर्नुपर्छ।

मण्डलीको पैसा कसरी प्रयोग गरिन्छ भन्ने कुरा सबै सदस्यहरूलाई थाहाँ हुनुपर्छ। मण्डलीले पैसाको प्रबन्ध गर्ने होसियारीपूर्वक प्रक्रियाहरू पालन गर्नुपर्छ ताकि सबैले यो इमानदारीपूर्वक गरिएको छ भनेर थाहाँ पाओस्।

दशांश केवल पास्टरको मात्र होइन। दशांशले मण्डलीको सेवकाईलाई सहायता गर्ने अपेक्षा गरिएको छ। तथापि, पास्टरलाई सहायता गर्नु मण्डलीको प्राथमिकता हुनुपर्छ।

## सात सारांश भनाईहरु

१. परमेश्वर हामी र हामीसित भएका सबै थोकका मालिक हुनुहुन्छ।
२. दशांश भनेको मण्डली र परमेश्वर दुवैप्रतिको प्रतिबद्धता हो।
३. दशांश दिन नचाहने व्यक्तिले सामान्य तवरमा उसको आर्थिक अवस्थाले परमेश्वरको आज्ञा पालन गरिरहेको हुदैन।
४. दशांशले मुक्तिको लागि पैसा तिर्दैन।
५. दशांशले मण्डलीको सेवकाईलाई समर्थन गर्ने परमेश्वरको योजना हो।
६. परमेश्वरले दशांश र बलिदानपूर्ण दानलाई आशिष् दिनुहुन्छ।
७. दशांश परमेश्वरको प्रबन्धमा भर पर्ने हाम्रो प्रतिबद्धता हो।

## पाठ ९ को कार्यभारहरु

१. पाठ ९ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. अन्तरबार्ताको कार्यभार: तपाईंको मण्डलीका धेरै सदस्यहरूलाई सोध्नुहोस् कि तिनीहरूले दशांश दिन्छन् कि दिर्दैनन्, र तिनीहरूले किन दिन्छन् वा दिर्दैनन्। सारांश लेख्नुहोस्।

# पाठ १०

# बप्तिस्मा

## बप्तिस्माको रीतिको उत्पत्ति

► एक बिद्यार्थीले समूहको लागि मत्ती ३:१-१२ पढ्नुपर्छ।

नयाँ नियममा बप्तिस्मा दिने यूहन्नाको सेवकाईद्वारा बप्तिस्माको अवधारणासित हामी परिचित भएका छौं। तथापि, यूहन्ना ले बप्तिस्मा दिने चलनको आविष्कार गरेनन्। फरिसीहरूले यहूदी धर्ममा परिवर्तन भएका अन्यजातिहरुलाई यो बप्तिस्मा दिए। फरिसीहरूले यहूदीहरूलाई बप्तिस्मा दिएनन्, किनभने यहूदीहरू पहिल्यै परमेश्वरका जनहरू हुन् भन्ने तिनीहरूको अनुमान थियो। यूहन्नाले यहूदीहरूलाई बप्तिस्मा दिएकाले तिनले यो चलनलाई अर्कै तरिकाले अभ्यास गरे।

► यूहन्नाले बप्तिस्मा दिन बाट कसलाई इन्कार गरे ? किन ? यसले बप्तिस्माको आवश्यकताबारे हामीलाई के बताउँछ ?

कोही-कोही फरिसीहरू बप्तिस्मा लिन आए, तर तिनीहरूले पश्चात्ताप नगरेकाले यूहन्नाले तिनीहरूलाई बप्तिस्मा दिन इन्कार गरे।

फरिसीहरूले आफू यहूदी भएकोले पश्चात्ताप गर्न र क्षमा पाउन आवश्यक छैन भनेर सोचे। यूहन्नाले परमेश्वरका वास्तविक जनहरू उहाँलाई प्रेम गर्ने र उहाँको सेवा गर्नेहरू हुन् भनेर तिनीहरूले बुझून् भन्ने चाहन्थे। यहूदीहरूको रूपमा जन्मेको कारण परमेश्वरका जनहरू हुँ भनी दाबी गर्नेहरू फल नफलाउने फलफूलका रूखहरू जस्ता हुन्छन्। परमेश्वरले तिनीहरूलाई इन्कार गर्नुहुन्छ।

► एक बिद्यार्थीले समूहको लागि यूहन्ना ३:२२-२३ र यूहन्ना ४:१-२ पढ्नुपर्छ।

येशूले उहाँको सेवकाईमा बप्तिस्मालाई वास्तबमा जोड दिनुभयो। येशू आफैले बप्तिस्मा दिनेकाम गर्नु भएको होइन, तर उहाँका चेलाहरूलाई त्यो जिम्मेवारी दिनुभयो। तिनीहरूले यूहन्ना भन्दा पनि धेरै मानिसहरूलाई बप्तिस्मा दिए।

► एक बिद्यार्थीले समूहको लागि मत्ती २८:१८-२० पढ्नुपर्छ।

येशूको पार्थिव सेवकाईको अन्तमा, उहाँले चेलाहरूलाई संसारका सबै ठाउँमा गएर चेला बनाउन भन्नुभयो। उहाँले तिनीहरूलाई बप्तिस्मा दिनु भन्नुभयो।

हामी जान्दछौं कि यो आज्ञा प्रेरितहरूका लागि मात्र थिएन, किनभने यो मिसन पूरा हुन शताब्दीयौं लाग्नेछ। येशूले "अन्तसम्म" तिनीहरूसँग रहने प्रतिज्ञा गर्नुभयो जसले आज्ञा र प्रतिज्ञा सबै पुस्तामा मण्डलीका लागि हो भनेर देखाउँछ।

प्रथम शताब्दीको मण्डलीले यस आज्ञालाई शाब्दिक रूपमा पालन गरेको कुरा हामी नयाँ नियमका प्रेरितहरुको पत्रहरूबाट पाउँछौं (प्रेरित २:३८, प्रेरित ८:३८)।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १:१२-१७ पढ्नुपर्छ। कोरिन्थका थुप्रै मानिसहरूलाई व्यक्तिगत रूपमा आफैले बप्तिस्मा नदिएकोमा पावल किन खुसी भए ?

बप्तिस्माले मण्डलीमा प्रवेशको प्रतिनिधित्व गर्दछ। कोरिन्थीको मण्डली विभाजित भएको थियो र सदस्यहरूले विभिन्न अगुवाहरूलाई पछयाइरहेका थिए। पावलले तिनीहरूलाई बप्तिस्मा गर्नुको अर्थ तिनीहरू कुनै खास व्यक्तिको अनुयायी हुनु हो भन्ने कुरा होइन भनेर सम्झाउँछन्; यसको अर्थ तिनीहरू ख्रीष्टको अनुयायी बन्छन् भन्ने हो। उनी खुसी थिए कि उनले धेरैलाई व्यक्तिगत रूपमा बप्तिस्मा दिएका थिएनन्, ताकि कसैले पनि सोच्न नपाओस् कि उनी तिनीहरूलाई आफ्नो व्यक्तिगत अनुयायी बनाउन चाहन्छन्। पावलको प्राथमिकता भनेको सुसमाचार प्रचार गर्नु थियो।

► प्रारम्भिक मण्डलीमा बप्तिस्माको सामान्य अभ्यासबारे यस खण्डले हामीलाई के बताउँछ ?

प्रारम्भिक मण्डलीले जताततै विश्वासीहरूलाई बप्तिस्मा दिएको कुरा यस खण्डले बताउँछ। तिनीहरूले येशूको आज्ञा पालन गरिरहेका थिए। बप्तिस्मा केवल इस्राएलका मानिसहरूका लागि मात्र थिएन। यो कुनै अस्थायी चलन थिएन। जहाँ सुसमाचार पुगेको थियो त्यहाँ जताततै यो गरिएको थियो।

सुरुदेखि नै, मण्डलीले पापीहरुले पश्चात्ताप गरेको छ र विश्वासीहरूको संगतिमा प्रवेश गरेको छ भन्ने सार्वजनिक गवाहीको आधारमा बप्तिस्माको अभ्यास गर्दै आएको छ।

> "ख्रीष्टियन बप्तिस्मा येशू ख्रीष्टको प्रायश्चितको लाभहरू स्वीकार गर्ने एक गम्भीर संस्कार हो, र यो पवित्रता र धार्मिकतामा आज्ञाकारिताको पूर्ण उद्देश्यको साथ प्रतिज्ञा हो।"
> - विली र कल्बर्टसन,
> *ख्रीष्टियन ईश्वरशास्त्रको परिचय*

धेरैजसो मानिसहरूका लागि, बप्तिस्मा भनेको त्यो क्षण होइन जुन बेला तिनीहरु ख्रीष्टियन बन्ने। पश्चात्ताप गर्ने पापीहेरुले ख्रीष्टमा विश्वास गर्ने बित्तिकै उद्धार पाउँछ। मुक्ति पाइसकेपछि, प्रभुको रूपमा येशूप्रति आज्ञाकारी हुने आफ्नो नयाँ जीवनको प्रदर्शनको रूपमा बप्तिस्मा लिने आज्ञा पालन गर्नुपर्छ। केही-केही अपवादहरू पनि छन् किनभने बप्तिस्माको समयमा नै तिनीहरूले ख्रीष्टमा तिनीहरुले विश्वास गरे र रूपान्तरणको अनुभव गरे। तर साधारणतया, बप्तिस्मा भनेको उद्धार भइसकेको छ भन्ने कुराको गवाही हो।

► बप्तिस्मा लिएपछि आफू ख्रीष्टियन भएँ भनेर बताउने व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

### तर्किनको लागि एउटा त्रुटि: बप्तिस्मालाई ख्रीष्टमा परिवर्तनको एउटा भाग हो भनि सोच्नु

कोही मानिसहरूले बप्तिस्मा मुक्तिको एउटा भाग हो भनेर धर्मशास्त्रका केही पदहरूको व्याख्या गर्छन्। बप्तिस्मा नलिएसम्म कुनै पनि व्यक्तिले साँच्चै उद्धार पाउन सक्दैन भनी तिनीहरू विश्वास गर्छन्। हननियाले शाऊललाई भने, "उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्" (प्रेरित २२:१६) तथापि, हाम्रा पापहरू ख्रीष्टको रगतले धोईएको छ (१ यूहन्ना १:७)। पानीको धुवाईले केवल आत्मिक वास्तविकतालाई प्रतिनिधित्व गर्न सक्छ। हननियाले शाऊललाई विश्वासको चरणको शारीरिक प्रदर्शन गर्नुपर्छ भनी बताइरहेका थिए। बप्तिस्मा भनेको उनका पापहरू पखालिएका छन् भन्ने गवाही थियो।

हिब्रू १०:२२ मा, हामीलाई भनिएको छ कि विश्वासीहरूले परमेश्वरको नजिक जानुपर्छ "हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर।" सायद पानीले बप्तिस्मालाई जनाउँछ। त्यो बिल्कुल निश्चित छैन। यद्यपि, यदि यसले बप्तिस्मालाई जनाउँछ भने, यस पदले बप्तिस्माले हामीलाई बचाउँछ भनी भन्दैन। यसले बप्तिस्मा लिने परमेश्वरको आज्ञा पालन गर्नुपर्छ भन्ने कुरा मात्र बताउँछ।

यूहन्ना ३:५ मा येशूले निकोदेमसलाई भन्नुभयो कि एक जना व्यक्ति "पानी र आत्माद्वारा जन्मनु" पर्छ। यो भनाइ उहाँले मानिसले फेरि जन्मनु पर्छ भनेर अघि गर्नुभएको कथनपछि आएको हो र त्यसले निकोदेमसलाई अलमल्यायो। निकोदेमसले शारीरिक रूपमा जन्मिने बारे सोचिरहेका थिए। स्वर्गको राज्यमा प्रवेश गर्न शारीरिक रूपमा मात्र होइन तर आत्मिक रूपमा पनि मानिस जन्मनै पर्छ भनेर येशूले भनिरहनुभएको थियो। "पानीद्वारा जन्मनु" भनेको शारीरिक जन्म हो।

## ख्रीष्टको आज्ञाकारितामा बप्तिस्मा

बप्तिस्मा कुनै व्यक्तिले मुक्तिको लागि योग्य हुन वा उद्धार कमाउन गरेको काम होइन। केही मानिसहरूले यो सिकाउँछन् किनभने बप्तिस्मा मुक्ति कमाउने काम नभएकोले, हामीले यसलाई अभ्यास गर्नु हुँदैन। मानिसहरूले प्रायश्चितमा दिइएको अनुग्रहमा भर पर्नुको साटो बप्तिस्मामा विश्वास गर्न सक्छन् कि भनेर तिनीहरू चिन्तित छन्। तथापि, ख्रीष्टको कुनै पनि आज्ञा पालन गर्नुपर्छ र परमेश् वरका आज्ञाहरू पालन गर्दा नै हाम्रो उद्धार हुन्छ भनेर हामीले सोच्नु हुँदैन।

## अनुग्रहको माध्यमको रूपमा बप्तिस्मा

बप्तिस्मालाई अनुग्रह प्राप्त गर्ने माध्यम भन्न सकिन्छ। यसको अर्थ यो होइन कि यसले हामीलाई बचाउँदछ, वा ति कार्यले स्वचालित रूपमा अनुग्रह दिन्छ। यदि कुनै व्यक्तिले विश्वासबिना नै बप्तिस्मा लिएको छ भने, त्यसको कुनै मुल्य छैन। बप्तिस्मा अनुग्रहको एउटा माध्यम हो किनभने यो परमेश्वरले हाम्रो लागि बनाउनुभएको कार्य हो। जब हामी आज्ञाकारिता र विश्वासमा यो गर्छौं भने, परमेश्वरको आत्माले हामीलाई ख्रीष्टियन जीवनमा स्थापित गर्न हाम्रो हृदयमा काम गर्दछ।

► हामीले किन बप्तिस्मा लिनुपर्छ ?

## ईश्वरशास्त्रीय प्रतीकवाद

► एक बिद्यार्थीले समूहको लागि रोमी ६:३-११ पढ्नुपर्छ। धर्मशास्त्रको यस खण्ड अनुसार बप्तिस्माले के लाई सङ्केत गर्छ ?

बप्तिस्मा ख्रीष्टको मृत्यु, दफन र पुनरुत्थानको प्रतीक हो भनेर बाइबलले बताउँछ। जब कुनै विश्वासीले बप्तिस्मा लिन्छ तब उसले ख्रीष्टले दिनुभएको प्रायश्चितसित जोडिरहेको छ भनेर गवाही दिन्छ। प्रेरितले त हामी "ख्रीष्ट येशूमा बप्तिस्मा" हो भनेर पनि बताए।

मुक्तिमा, हामी ख्रीष्टको मृत्युको लाभ हरू प्राप्त गर्दछौं; तर, एक विशेष अर्थमा, हामी पनि उहाँको मृत्युमा भाग लिन्छौं। येशू पापको कारण मर्नुभयो, आफ्नै पापले होइन, तर संसारका पापहरूले गर्दा। त्यसरी नै, मुक्तिमा हामी पापको निम्ति मर्छौं, किनभने हामी त्यसको पश्चात्ताप गर्छौं र त्यसलाई छोड्दछौं।

रोमी ६ को विषय पापमाथिको विजय हो। यसले केवल क्षमाको बारेमा मात्र उल्लेख गर्दैन। यो स्पष्ट छ कि विश्वासी पापको नियन्त्रणबाट मुक्त हुनुपर्छ (१२-१४) र पापमा निरन्तर लागिरहनु हुँदैन (१)।

मुक्तिमा हामी येशूको पुनरुत्थानमा भाग लिन्छौं। जसरी उहाँ मरेकाहरूबाट बौरी उठ्नुभयो, त्यसरी नै हामी पापको कारण मरेपछि नयाँ जीवन सुरु गर्छौं। हामी विजय र पापबाट स्वतन्त्रताको जीवन सुरु गर्छौं।

## बप्तिस्माको तरिकाको मुद्दा

तरिकाको प्रश्न यो हो: के विश्वासीले डुबाएर, खन्याएर वा छर्केर बप्तिस्मा लिनुपर्छ ?

विश्वभरका अधिकांश ख्रीष्टियनहरू जसले विश्वासीहरूको बप्तिस्माको अभ्यास उनीहरूले डुबाएर बप्तिस्माको अभ्यास गरि रहेका छन्।

धेरै ख्रीष्टियनहरूले डुबाएर बप्तिस्मा लिनु नै बप्तिस्मा गर्ने सही तरिका हो भन्ने विश्वास गर्नुका धेरै कारणहरू छन्।

१. *बप्तिस्मा* शब्द ग्रीक शब्दबाट आएको हो जसको अर्थ डुबाउनु वा डुब्नु हो।

२. बप्तिस्माले ख्रीष्टको मृत्यु, गाड्नु र पुनरुत्थानको प्रतीक हो, जसलाई डुबाएर सबैभन्दा राम्रोसँग प्रतीकात्मक रूपमा चित्रण गरिन्छ (रोमी ६:३-५)।

३. बाइबलमा, मानिसहरू बप्तिस्मा लिनको लागि पानीमा गए (मर्कूस १:१०, प्रेरित ८:३८)।

४. खराब स्वास्थ्य वा पानीको अभावका कारण असम्भव भएको अवस्थामा बाहेक प्रारम्भिक मण्डलीले डुबाउनेको अभ्यास गर्थ्यो। प्रेरितहरूको शिक्षाको दोस्रो शताब्दीको सारांशमा, *दिदाचे* ले धेरै पानी उपलब्ध नभएमा विश्वासीलाई पानीले खन्याएर बप्तिस्मा दिन सकिन्छ भनी बताउँछ।

> "हामीलाई चाहिएको अनुग्रह पानीमा होइन, तर पवित्र आत्माको काममा छ जुन यसको बप्तिस्माको प्रयोगले प्रतिनिधित्व गर्दछ; रोटी र दाखमद्यमा होइन, तर प्रायश्चितमा जुन तिनीहरूको धार्मिक प्रयोगले सङ्केत गर्छ।"
> - जोन माइली,
> *सुव्यवस्थित ईश्वरशास्त्र*

यी कारणहरूले गर्दा, थुप्रै ख्रीष्टियनहरू बप्तिस्माको बाइबलीय र ऐतिहासिक तरिका डुबाउनु हो भनी विश्वास गर्छन्।

कोही ख्रीष्टियनहरु बप्तिस्माको अर्को तरिका धर्मशास्त्रीय हो भनी विश्वास गर्छन्। पुरानो नियममा प्रायश्चितको प्रतिनिधित्व गर्ने छर्किने समारोहहरूको वर्णन गरिएको थियो। नयाँ नियमले रगत छर्किने कुरालाई पनि बुझाउँछ। रगत छर्कनुले प्रायश्चितको प्रतीक हुन सक्ने भएकोले, छर्केर बप्तिस्मा लिनु पनि सम्भव छ। (छर्किने बाइबलीय सन्दर्भहरूको लागि प्रस्थान २४:८, हिब्रू ९:१९-२०, हिब्रू १०:२२, हिब्रू १२:२२-२४, गन्ती ८:६-७, यशैया ५२:१५, इजकिएल ३६:२५, र १ पत्रुस १:२ हेर्नुहोस्।)

बाइबलले बप्तिस्माको कुन तरिका आवश्यक छ भन्ने बारेमा कहिल्यै निश्चित बयान नदिएको हुनाले, यस विषयको मुद्दामा फरक विचार राख्ने ख्रीष्टियनहरूप्रति हामी सहने हुनुपर्छ।

## शिशुको बप्तिस्माको मुद्दा

मण्डली परमेश्वरसितको करारमा बस्ने विश्वासको समुदाय हो। जब कुनै पापीले पश्चात्ताप गर्छ र विश्वासको समुदायमा प्रवेश गर्छ, बप्तिस्मा उसको ख्रीष्टमा रूपान्तरणको सार्वजनिक गवाही हो।

तर मण्डलीमा भएका ख्रीष्टियन अभिभावकबाट जन्मेको बच्चाबारे के भन्न सकिन्छ? बच्चा विश्वासको समुदायको भाग हो। परमेश्वरले सानो बालकलाई ख्रीष्टमा परिवर्तनबारे छनौट गर्न परिपक्व नभएसम्म स्वीकार गर्नुहुन्छ।

कुनै मण्डलीले बच्चाले विश्वासको समुदायमा भएको अनुसारको कुराको सङ्केतको रूपमा बप्तिस्मा लिनुपर्छ भनी विश्वास गर्छन्। यदि बच्चाले ठूलो भएपछि मण्डलीका सिद्धान्तहरू स्वीकार्छ भने, यी मण्डलीहरूमा भनिने एउटा समारोह हुन्छ। “"पुष्टिकरण" confirmation.” कुनै मण्डलीहरूले ख्रीष्ट\मा रूपान्तरणलाई आवश्यक ठान्दैनन्, किनभने बच्चा मण्डलीमा जन्मिएको थियो र उसलाई सिकाएका कुराहरू स्वीकारेको थियो। (उदाहरणका लागि रोमन क्याथोलिक मण्डली, लुथरन मण्डली र इंग्ल्याण्डको मण्डली हुन्।) शिशुको बप्तिस्मा गर्ने अन्य मण्डलीहरूले पनि परिवर्तन महत्त्वपूर्ण छ भनी विश्वास गर्छन्। (उदाहरणका लागि, जोन वेस्लीको नेतृत्वमा सुरुका मेथोडिस्टहरू बाल्यावस्थामा बप्तिस्मा लिएका व्यक्तिका लागि पनि ख्रीष्टियन परिवर्तन आवश्यक छ भनी विश्वास गर्थे।)

कसैले पुरानो नियममा पनि खतनाले त्यस्तै उद्देश्य पूरा गर्‍यो भनी विश्वास गर्छन्। करारमा भएको कुराको प्रतीकको रूपमा एउटा बालकको खतना गरिएको थियो। करारको अर्थ बुझ्न तिनले बूढो नहुञ्जेल सम्म पर्खनु परेन।

प्रारम्भिक मण्डलीले शिशुको बप्तिस्माको अभ्यास गरेको देखिन्छ। हिप्पोलिटसले इ.सं २१२ मा अपोस्टोलिक परम्पराबारे लेखे र बालबालिकाहरूले बप्तिस्मा लिनुपर्छ भने; र, यदि तिनीहरू बोल्न को लागी धेरै सानो छन् भने, तिनीहरूका आमाबाबुले तिनीहरूको लागि बोल्न

सक्छन्। ओरिजेनले इ.सं २४८ मा यो कुरा लेखेका थिए कि प्रेरितहरूले शिशुको बप्तिस्माको अभ्यास गरे भनी लेखे। अगस्टिनले इ.सं ४०० मा यो कुरा लेखेका थिए कि प्रेरितहरूको समयदेखि नै सम्पूर्ण मण्डलीले शिशुको बप्तिस्माको अभ्यास गर्दै आएको थियो र शिशुहरूको बप्तिस्मा लिन अस्वीकार गर्ने कुनै पनि व्यक्तिको बारेमा तिनले कहिल्यै सुनेका थिएनन्।

प्रेरितको पुस्तकमा, प्रेरितहरूले कहिलेकाहीं सम्पूर्ण परिवारलाई बप्तिस्मा दिए (प्रेरित ११:१४, प्रेरित १६:१५, ३३)। तिनीहरूले छोराछोरीलाई पनि बप्तिस्मा दिए भनेर हामी अनुमान गर्न सक्छौं।

### शिशुको बप्तिस्माको विरोध

१. नयाँ नियममा, विश्वासीहरूले विश्वासको गवाहीपछि बप्तिस्मा लिएका थिए। तिनीहरू पश्चात्ताप गरेका र सुसमाचारमा विश्वास गरेका मानिसहरू थिए। त्यहाँ बच्चाहरूलाई बप्तिस्मा दिने कुनै निर्देशन छैन।

२. शिशुको बप्तिस्माले विश्वासी पापका कारण मरेको छ र परमेश्वरको लागि बाँचेको छ भन्ने गवाही दिने मूल उद्देश्य पूरा गर्न सक्दैन।

३. धेरैजसो ठाउँहरूमा शिशुको बप्तिस्माको ऐतिहासिक परिणाम भनेको आफूलाई ख्रीष्टियन ठान्ने ख्रीष्टमा परिवर्तन नगरिएका मानिसहरूको मण्डली सिर्जना गर्नु हो।

बच्चाहरूलाई बप्तिस्मा दिनुको साटो, कुनै मण्डलीहरूले "समर्पण" भनिने बच्चाहरूको लागि एउटा समारोह आयोजना गर्छन्। त्यस समारोहमा, आमाबाबुले बच्चालाई परमेश्वरलाई समर्पण गर्छन् र उसलाई ख्रीष्टियन तालिम दिएर हुर्काउने प्रतिज्ञा गर्छन्। ती मण्डलीहरूमा, बच्चाले पश्चात्ताप र विश्वासको बारेमा बुझ्न सक्ने उमेर नपुगेसम्म बप्तिस्मा दिन हुँदैन।

बाल्यावस्थामा बप्तिस्मा लिएका मानिसहरूलाई प्रचार गर्दा तिनीहरूको बप्तिस्मालाई बदनाम गर्नु आवश्यक छैन। बरु, पश्चात्ताप नगरी र बचाउने विश्वास बिना कुनै व्यक्तिले उद्धार पाउन सक्दैन भनेर प्रचार गर्नुहोस्। यदि कोही व्यक्ति पापमा बाँचिरहेको छ भने, उसको बप्तिस्माले ऊ ख्रीष्टियन हुँ भनी सोच्ने कारण होइन।

### समयको मुद्दा

► ख्रीष्टमा परिवर्तन भएका व्यक्तिलाई बप्तिस्मा दिन मण्डलीले कति समय पर्खनुपर्छ ?

नयाँ नियममा, ख्रीष्टमा परिवर्तन भएकाहरूले तुरुन्तै बप्तिस्मा लिए। बप्तिस्माले परिपक्वता वा ज्ञानको स्तरलाई प्रतिनिधित्व गर्दैन।

कुनै मण्डलीहरूले बप्तिस्मा लिनु अघि ख्रीष्टमा परिवर्तन गरेकाहरूलाई शिक्षा र ख्रीष्टियन विकासको अवधि पार गर्नुपर्ने हुन्छ। ख्रीष्टमा परिवर्तन हुनेहरू ख्रीष्टियनहरूको असल उदाहरण हुन् भनेर तिनीहरू पक्का गर्न चाहन्छन्। तिनीहरू पहिला केही समयको लागि ख्रीष्टियन जीवन बिताएको हेर्न चाहन्छन् ताकि बप्तिस्मा पछि तिनीहरूमध्ये कमै मात्र पतन होऊन्।

बप्तिस्मा गवाही हो कि कुनै व्यक्ति ख्रीष्टमा परिवर्तित भएको हो। यो आत्मिक परिपक्वता वा ज्ञानको भनाई होइन। तसर्थ, बप्तिस्मा परिवर्तन भएको केही समयपछि नै गर्नुपर्छ। पर्खनुको अर्थ कुनै व्यक्ति साँच्चिकै परिवर्तित भएको छ कि छैन भनेर हामीलाई थाह छैन जस्तो देखिन्छ। यसले तिनको गवाहीमा शङ्का देखाउँछ, जसले गर्दा तिनी आफ्नै विश्वासमा कमजोर हुन सक्छन्।

बप्तिस्मा पनि अनुग्रहको एउटा माध्यम हो, किनभने कुनै व्यक्तिको रुपले विश्वासमा आज्ञा पालन गर्छ र यो सार्वजनिक प्रदर्शन गर्दछ, परमेश्वरले उसलाई स्थापित अनुग्रह दिनुहुन्छ। हामीले ख्रीष्टमा परिवर्तन गर्ने व्यक्तिलाई बप्तिस्मा लिन पर्ख्यौं भने, तिनलाई सबैभन्दा बढी आवश्यकता परेको बेला हामी उहाँबाट यो मदत लिइरहेका हुन्छौं।

यदि कुनै व्यक्तिले सुसमाचार बुझेको देखिँदैन र अनुग्रहद्वारा रूपान्तरण देखाउँदैन भने, उसले बप्तिस्मा लिनु हुँदैन। यदि उसमा ती योग्यताहरू छन् भने, उसले आफ्नो विश्वासलाई बलियो बनाउने माध्यमको रूपमा चाँडै बप्तिस्मा लिनु पर्छ।

## ढिलाइ भएको बप्तिस्माको मुद्दा

कहिलेकाहीं ख्रीष्टियन हुँ भनेर दाबी गर्ने मानिसहरू तिनीहरु बप्तिस्मामा ढिलाइ गर्न चाहन्छन्। तिनीहरूले सुसमाचारमा विश्वास गरेको र पश्चात्ताप गरेको बताएका छन्, तर तिनीहरू अझै बप्तिस्मा लिन चाहँदैनन्। कहिलेकाहीं तिनीहरू वर्षौंसम्म ढिला गर्छन्। कहिलेकाहीं मानिसहरू नमरेसम्म पर्खन्छन्।

यदि कोही व्यक्ति बप्तिस्मा लिन इच्छुक छैन भने, बप्तिस्मासित सम्बन्धित एउटा प्रतिबद्धता हुन्छ जुन उसले गर्न चाहँदैन। सायद उनी मण्डलीप्रति प्रतिबद्ध हुन चाहँदैनन्। सायद त्यहाँ पाप छ कि उसले वास्तवमा अझै पनि रोकेको छैन। सायद उनी आफू ख्रीष्टियन हुँ भनेर सार्वजनिक रूपमा गवाही दिन चाहँदैनन्।

यदि ऊ साँच्चिकै परिवर्तित भएको छ भने, बप्तिस्मा लिनु अघि नै कोही व्यक्ति ख्रीष्टियन हुन्छ। उनलाई ख्रीष्टियन बनाउनको लागि बप्तिस्माको आवश्यकता पर्दैन। तथापि, यदि उसले पापको पूर्ण पश्चात्ताप गर्न र ख्रीष्टको लागि गवाही दिन इच्छुक छैनन् भने, उ अझै पनि ख्रीष्टियन होइन।

► उ ख्रीष्टियन हुँ भन्छ तर बप्तिस्मा लिन नचाहने व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

## नामको मुद्दा

► ख्रीष्टमा परिवर्तन भएको व्यक्तिलाई बप्तिस्मा दिंदा पास्टरले के भन्नुपर्छ ?

जब येशूले प्रेरितहरूलाई महान् आज्ञा दिनुभयो, उहाँले तिनीहरूलाई "पिता र पुत्र र पवित्र आत्माको नाउँमा" बप्तिस्मा दिनु भन्नुभयो (मत्ती २८:१९)।

त्रिएकको "नाउँमा" बप्तिस्मा लिनुको अर्थ तिनीहरूको अधिकारमा बप्तिस्मा लिनु हो। येशूले पनि नाम शब्दलाई त्यस्तै गरी प्रयोग गर्नुभयो जब उहाँले भन्नुभयो कि उहाँ आफ्नै नाममा आउनुभएको होइन (यूहन्ना ५:४३)।

कुनै मण्डलीहरूले बप्तिस्मा दिने पास्टरले "म तिमीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु" भन्नै पर्छ भन्ने कुरा विश्वास गर्छन्। अरू मण्डलीहरूले त्रिएकका तीनै जना व्यक्तिहरूको अधिकारमा बप्तिस्मा गर्ने उचित तरिका भनेको "म तिमीहरूलाई येशूको नाउँमा बप्तिस्मा दिन्छु" भन्नु हो भनी विश्वास गर्छन्।

नयाँ नियममा, हामी बप्तिस्माको लागि निर्देशनका थुप्रै उदाहरणहरू पाउँछौं र यी शब्दहरू येशूले महान् आज्ञा दिंदा प्रयोग गर्नुभएका शब्दहरू भन्दा फरक छन्। पेन्तिकोसको दिन पत्रुसले ख्रीष्टमा परिवर्तन गर्नेहरूलाई भने, "येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ" (प्रेरित २:३८)।

पावलले येशूको नाउँमा एफिससका विश्वासीहरूलाई बप्तिस्मा दिए (प्रेरित १९:५)। पत्रुसले कर्नेलियसको घरमा भएका विश्वासीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लिनु भने (प्रेरित १०:४८)। पावलले कोरिन्थीको विश्वासीहरूले येशूको नाउँमा बप्तिस्मा लिएका थिए भनी संकेत गरे (१ कोरिन्थी १:१२-१३)।

प्रेरितको पुस्तकमा, येशूको नाममा गरिने बप्तिस्मालाई यसले यूहन्ना (जसलाई प्रेरितको पुस्तकमा सात पटक पनि उल्लेख गरिएको छ) को बप्तिस्मा र अन्य धर्महरूको बप्तिस्माबाट अलग देखाएको छ।

यो बप्तिस्मामा येशूको नाउँलाई जोड दिनु नै मण्डलीले येशूको आज्ञा पूरा गर्ने तरिका जस्तो देखिन्छ। सम्भवतः पहिलो शताब्दीको मण्डलीमा बप्तिस्मा दिने एक जना पास्टरले यसो भनेका थिए, "म तिमीहरूलाई येशूको नाउँमा बप्तिस्मा दिन्छु।" मण्डलीको सुरुका वर्षहरूमा, येशूमा विश्वास गर्नु मुख्य मुद्दा थियो। यदि एक व्यक्तिले येशूमा विश्वास गर्‍यो भने, ऊ ख्रीष्टियन थियो।

तथापि, मण्डलीको प्रारम्भिक इतिहास अनुसार मण्डलीले बप्तिस्मामा त्रिएकलाई जोड दिएको थियो। मण्डलीको पहिलो पुस्ताभित्र, येशूमा विश्वास गर्ने तर परमेश्वरको बारेमा सही कुराहरूमा साँच्चै विश्वास नगर्ने मानिसहरू थिए। *दिदाचेले* ख्रीष्टमा परिवर्तन गर्नेहरूलाई तिन पटक सम्म डुबाउनु पर्छ, त्रिएकका प्रत्येक सदस्यमा विश्वासको भनाईको साथ भनेर बताउँछ। इ.सं २४८ वा त्यस भन्दा अघिका अन्य लेखकहरूले बप्तिस्मा (हिप्पोलिटस, ओरिजेन, टर्टुलियन र अरूहरु) मा पिता, पुत्र र पवित्र आत्माको उल्लेख गर्नु मण्डलीको सामान्य अभ्यास थियो भनी लेखे।

आजको समस्या के हो भने केही धार्मिक समूहहरूले त्रिएकलाई इन्कार गर्छन्। तिनीहरूले भन्छन् कि तिनीहरू येशूमा विश्वास गर्छन्, तर तिनीहरू येशू पिता र पवित्र आत्माभन्दा फरक व्यक्ति हुनुहुन्छ भनेर विश्वास गर्दैनन्। तिनीहरूले येशूको नाउँमा बप्तिस्मा दिन्छन किनभने तिनीहरू पिता, पुत्र र पवित्र आत्माको नाउँ येशू हुनुहुन्छ भनी विश्वास गर्छन्। तिनीहरूको विश्वास गर्छन कि तीनै जना एउटै व्यक्ति हुन्।

आज त्रिएकमा विश्वास गर्ने अधिकांश मण्डलीहरूले यी शब्दहरूद्वारा बप्तिस्मा लिन्छन्, "म तिमीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु।" तिनीहरूले येशूमाथिको विश्वास र त्रिएकप्रतिको विश्वासलाई पुष्टि गरिरहेका छन्।

**बप्तिस्माको लागि एक रुप**

**भेला:** त्यहाँ हेर्न आउने मानिसहरूलाई देखाउनको लागि ख्रीष्टमा परिवर्तन भएकाहरू बप्तिस्मा लिनका लागि सँगै उभिनुपर्छ। भीड जम्मा हुँदा, कसैले तिनीहरूलाई केही मिनेटको लागि गाउन अगुवाइ गर्न सक्छ।

**धर्मशास्त्र:** कसैले मत्ती २८:१८-२० पढ्न सक्छ।

**घोषणा:** पास्टरले भीडसँग कुरा गर्नुपर्छ र यी कुरा भन्नुपर्छ, "आज बप्तिस्मा लिनेहरूले पश्चात्ताप गरेर र ख्रीष्टमा विश्वास गर्ने गवाही दिएका छन्। बप्तिस्माले येशूको मृत्यु र पुनरुत्थानलाई प्रतिनिधित्व गर्ने भएकोले, यी विश्वासीहरूले बप्तिस्माद्वारा गवाही दिन्छन् कि तिनीहरू पापको लागि मरेका छन् र अब परमेश्वरको लागि बाँचिरहेका छन्। तिनीहरूले परमेश्वरप्रति आज्ञाकारी भई नयाँ जीवन सुरु गरेका छन्।"

**प्रार्थना:** त्यसपछि पास्टरले ख्रीष्टमा परिवर्तन भएकाहरूको लागि प्रार्थनामा मण्डलीको अगुवाई गर्नुपर्छ। उनको प्रार्थनामा यस्ता भनाईहरू समावेश हुनुपर्छ: "हे प्रभु, हामी तपाईंको अनुग्रहको लागि धन्यवाद दिन्छौं जसले तिनीहरूलाई उद्धार र आत्मिक जीवनमा ल्यायो। तपाईंले तिनीहरूलाई पापको शक्तिबाट बचाउनुभएकोमा हामी तपाईंलाई धन्यवाद दिन्छौं। हामी पवित्र आत्माको शक्तिको लागि प्रार्थना गर्दछौं ताकि तिनीहरूलाई भर्नुहोस् र तिनीहरूलाई हरेक दिन विजय दिनुहोस्। तिनीहरूलाई तिनीहरूको समुदायको साक्षी र मण्डलीको लागि आशिष् बनाउनुहोस्।"

**बप्तिस्मा:** ख्रीष्टमा परिवर्तन गर्नेहरू व्यक्तिगत रूपमा पास्टरकहाँ पानीमा जानुपर्छ। प्रत्येकलाई बप्तिस्मा दिनुअघि उसले यसो भन्नुपर्छ, "म तिमीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु।"

**भजन:** बप्तिस्मा पछि मण्डलीले सँगै भजन गाउन सक्थ्यो। कसैले अर्को छोटो प्रार्थनामा अगुवाई गर्न सक्छ।

## सात सारांश भनाईहरु

१. येशूका चेलाहरूले उहाँको सेवकाईको दौडानमा बप्तिस्मा दिए।
२. प्रारम्भिक मण्डलीले सुसमाचार जहाँ पुगे पनि जताततै मानिसहरूलाई बप्तिस्मा दियो।
३. बप्तिस्मा येशूको मृत्यु, दफन र पुनरुत्थानको प्रतीक गर्दछ।
४. बप्तिस्मा मुक्ति र ख्रीष्टमा नयाँ जीवनको गवाही हो।
५. ख्रीष्टमा परिवर्तन भएको व्यक्तिले परिवर्तन गर्ने बित्तिकै बप्तिस्मा लिनुपर्छ।
६. बप्तिस्मा लिएको कारणले गर्दा कुनै पनि व्यक्तिले आफू ख्रीष्टियन भएको अनुमान गर्नु हुँदैन।
७. मण्डलीले बप्तिस्मामा त्रिमूर्तिवादी सिद्धान्तलाई पुष्टि गर्नुपर्छ।

## पाठ १० को कार्यभारहरु

१. पाठ १० को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. अन्तरबार्ताको कार्यभार: तीन जना फरक-फरक बप्तिस्मा लिएका विश्वासीहरूसँग कुरा गर्नुहोस् र तिनीहरूको बप्तिस्माले तिनीहरूलाई के अर्थ राख्यो भनेर सोध्नुहोस्। संक्षिप्त सारांश लेख्नुहोस्।

# पाठ ११

# प्रभु भोज

## कक्षाको अगुवालाई नोट

*तपाईंले इस्राएलीहरूले मिश्रबाट छुटकारा पाएको कथा छोटकरीमा बताउनुपर्छ (वा विद्यार्थीलाई भन्न दिनुपर्छ)। विभिन्न विद्यार्थीहरूलाई विवरणहरू योगदान गर्न दिनुहोस् । प्रस्थान ११-१२ ले पहिलो निस्तार चाडको बारेमा बताउँछ ।*

## प्रभु-भोजको अभ्यासको उत्पत्ति

निस्तार-चाड यहूदीहरूको एउटा चाड थियो जुन इस्राएलीहरूले मिश्र छोडेको रात मनाइएको थियो । यो उत्सव मिश्रबाट छुटकारा पाउने बारे मात्र थिएन; यो तिनीहरूप्रति परमेश्वरको दयाको उत्सव थियो जब उहाँले मिश्रीहरूलाई मार्नुभयो तर इस्राएलीहरूका घरहरूबाट भएर जानुभयो (प्रस्थान १२:२७) । त्यसकारण, यो घटना परमेश्वरको आफ्ना मानिसहरू प्रतिको दयाको प्रतीक थियो ।

मिश्रबाट छुटकारा पाएपछि इस्राएलीहरूले हरेक वर्ष निस्तार चाड मनाउँथे । परमेश्वरले तिनीहरूलाई त्यस दिनको लागि विशेष भोजन र रगतको औपचारिक प्रयोग सहितका समारोहहरू दिनुभयो ।

यो घटना मुक्तिको एउटा प्रकार थियो । यसको अर्थ यो होइन कि त्यस दिन उद्धार पाएका मानिसहरू सबैले आफ्ना पापहरूको क्षमा पाएका थिए र परमेश्वरसित सही सम्बन्ध राखेका थिए । तथापि, तिनीहरू दासत्वबाट मुक्त भए, तिनीहरूले परमेश्वरबाट दया पाए, र रगत परमेश्वरको आवश्यकताको भाग थियो । ती विवरणहरूले यस घटनालाई ख्रीष्टले प्रदान गर्नुभएको मुक्तिको एउटा उदाहरण बनाउँछ । अधिकांश इस्राएलीहरूले यसको पूर्ण अर्थ नबुझी निस्तार चाड मनाए ।

येशूले आफ्ना चेलाहरूसँग बाँड्नु भएको अन्तिम निस्तार चाडमा, उहाँले यसको अर्थ व्याख्या गर्नुभयो । येशूले मण्डलीको अभ्यासको लागि एक समारोह स्थापना गर्नुभयो जब उहाँले भन्नुभयो "मेरो सम्झनामा यो गर्ने गर" (लूका २२:१५-२०) । मण्डलीहरूले यस समारोहलाई "प्रभुको भोज" वा "प्रभु भोज" वा "युचरिस्ट *(Eucharist)"*वा "मास *(Mass)*" भन्छन् ।

पावलले लेखे कि येशू नफर्केसम्म मण्डलीले यो प्रथा नियमित रूपमा पालन गर्नुपर्छ (१ कोरिन्थी ११:२३-२६) । मण्डलीमा भोज भतेर र संगतिको अन्य विशेष समयहरू थिए जुन प्रभु भोजको साथ भ्रमित हुनु हुँदैन । उदाहरणका लागि, जब बाइबलले भन्छ कि प्रारम्भिक विश्वासीहरूले "घर-घरमा रोटी भाँच्थे," हामीले सम्झनु पर्छ कि रोटी भाँच्थे शब्दले खानको लागिलाई मात्र बुझाउँछ (प्रेरित २:४६) । तिनीहरू विभिन्न घरहरूमा सँगै खाना खाएर संगति गर्दै हिड्थे । मण्डलीमा "प्रीतिभोज" पनि थियो जुन त्यो प्रभु भोज जस्तै थिएन (यहूदा १२) ।

## प्रभु-भोजको अर्थ

► एक बिद्यार्थीले समूहको लागि यूहन्ना ६:४७-५८ पढ्नुपर्छ ।

जब उहाँ स्वर्गबाट आएको रोटी हुँ र तिनीहरूले उहाँको मासु खानुपर्छ र उहाँको रगत पिउनुपर्छ भनेर भन्नुहुँदा येशूले भीडलाई छक्क पार्नुभयो ।

► येशूले यी भनाइहरूको अर्थ के भन्नुभएको थियो ?

येशूले भन्नुभयो कि उहाँ संसारको जीवनको लागि आफूलाई अर्पण गर्दै हुनुहुन्छ (यूहन्ना ६:५१)। उहाँ प्रायश्चित प्रदान गर्न आफ्नै बलिदानको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो। उहाँले आफ्नो बलिदानलाई भोजन र पिउने कुरासँग तुलना गर्नुभएको थियो। जसरी कुनै मानिसलाई शारीरिक जीवनको लागि भोजन चाहिन्छ, त्यसरी नै उसले अनन्त जीवनको लागि ख्रीष्टको बलिदान स्वीकार गर्नै पर्छ।

► एक बिद्यार्थीले समूहको लागि लूका २२:१५-२० पढ्नुपर्छ।

चेलाहरूसँग येशूको अन्तिम निस्तार-चाडको भोजमा, उहाँले रोटीलाई उहाँको शरीर हो र दाखमद्यलाई उहाँको रगत हो भन्नुभयो। उहाँले तिनीहरूको मुक्तिको निम्ति आफ्नो जीवन दिनुहुन्थ्यो।

## रोटी र दाखमद्य

► येशूले किन भोजको लागि रोटी र दाखमद्य प्रयोग गर्नुभयो ?



येशूले प्रभु भोजको लागि रोटी र दाखमद्य प्रयोग गर्नुका थुप्रै कारणहरू हुन सक्छन्।[7] रोटी सबैभन्दा आधारभूत भोजन थियो, जस्तै यो संसारका धेरै भागहरूमा भोजनको रुपमा भएको छ। रोटीले सामान्य तवरमा भोजनलाई मात्र बुझाउँदैन, तर जीवनलाई पनि बुझाउँछ किनभने जीवनको लागि भोजन आवश्यक छ। त्यस समयमा पानी बाहेक दाखमद्य सबैभन्दा सामान्य पेय पदार्थ थियो। दाखमद्यले उत्सवलाई पनि बुझाउँछ।

कुनै-कुनै आधुनिक मण्डलीले अरू कुनै समयमा दाखमद्य नपिए तापनि प्रभु भोजको लागि दाखमद्य प्रयोग गर्छन्। अरू मण्डलीहरूले अंगुरको रस प्रयोग गर्छन् किनभने तिनीहरू कुनै पनि रक्सी पिउन प्रोत्साहन दिन चाहँदैनन्। नयाँ करारमा अङ्गुरको रसलाई दाखमद्य भनिएको थियो चाहे त्यो ताजा होस् वा किण्वनको कुनै पनि चरणमा भएको होस्।

कुनै-कुनै मण्डलीहरूले प्रभु भोजको लागि खाने र पिउने कुराहरू पूर्णतया फरक-फरक कुराहरूमा परिवर्तन गरेका छन्। प्रभु भोजको लागि केही फरक कुरा प्रयोग गर्दा हामी निकै होसियार हुनुपर्छ। मोर्मोनहरूले रोटी र पानी प्रयोग गर्छन्, तर तिनीहरू प्रायश्चितको ख्रीष्टियन सिद्धान्तमा विश्वास गर्दैनन्।

संसारका केही भागहरूमा रोटी र दाखमद्य सामान्य नहुन सक्छ; अन्य चीजहरू आधारभूत खाना र पेय पदार्थ हुन सक्छ। यस्तो अवस्थामा मण्डलीले प्रार्थनापूर्वक विभिन्न विकल्पहरूबारे विचार गर्न सक्छ।

## शाब्दिक शरीर र रगत होइन

रोमन क्याथोलिक मण्डलीले र पूर्वी अर्थोडक्स मण्डलीले रोटी र दाखमद्य येशूको शाब्दिक शरीर र रगत बन्छ भनी विश्वास गर्छन्। रोटी र दाखमद्यमा उहाँको शरीर र रगत साँच्चै छ भनेर विश्वास गर्ने अन्य मण्डलीहरू पनि छन्। अधिकांश प्रोटेस्टेन्ट मण्डलीहरूले रोटी र दाखमद्यले ख्रीष्टको शरीर र रगतको प्रतीक हो जुन तिनीहरूको भौतिक उपस्थिति बिना नै हो भनि विश्वास गर्छन्।

जब येशूले आफ्ना चेलाहरूलाई निस्तार चाड खुवाउँनु हुदा, उहाँले भन्नुभयो, "यो मेरो शरीर हो... यो मेरो रगत हो।"

---

[7] स्वरूप: अक्टोबर १४, २०२२ मा Allison Estabrook द्वारा लिइएको "The Lord's Supper", https://www.flickr.com/photos/sgc-library/52476662295/ बाट पुन: प्राप्त भयो, licensed under CC BY ४.०.

येशू अझै पनि त्यहाँ उभिनुभएको थियो र तिनीहरूसँग शारीरिक रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँको शरीर र रगत बलिदानको लागि अझै दिइएको थिएन। रोटी र दाखमद्य उहाँको शरीर र रगतको प्रतीक हो, न कि शाब्दिक अर्थमा उहाँको शरीर र रगत नै हो भन्ने कुरा स्पष्ट देखिन्छ। प्रभु भोजमा प्रयोग गरिने रोटी र दाखमद्यलाई तेही स्वरूप समान मान्नु पर्छ।

मुक्ति चाहिँ येशूको एक-पटकको बलिदानद्वारा मात्र हो। उहाँको मृत्यु पटक–पटक हुँदैन। किनभने प्रभु भोज भनेको येशूको मृत्युको एउटा मात्र घटनामा आराधना र विश्वासको कार्य हो, त्यसैले रोटी र दाखमद्य शाब्दिक रूपमा उहाँको शरीर र रगत हुनु आवश्यक छैन।

किनभने रोमी क्याथोलिकहरू ख्रीष्टको शाब्दिक शरीर र रगत दिनको लागि मण्डलीको नियन्त्रण छ भनी विश्वास गर्ने भएकोले, तिनीहरूमध्ये धेरैले मुक्ति पाउन सक्ने व्यक्तिलाई मण्डलीले नियन्त्रण गर्छ भन्ने कुरामा विश्वास गर्छन्। पूजाहारीले प्रभु भोज दिन इन्कार गरेमा कुनै व्यक्तिले उद्धार पाउन सक्दैन भन्ने तिनीहरूको सोचाइ छ। लाखौं मानिसहरूले सोच्दछन् कि एक व्यक्ति प्रभु भोज प्राप्त गरेर मुक्ति पाउँछ।

प्रभु भोजको उचित दृष्टिकोण यो हो कि यो हाम्रो लागि ख्रीष्टको मृत्युको प्रतीक आराधनाको एक कार्य हो, जुन समयमा परमेश्वरले सहभागीको विश्वासको प्रतिक्रियामा अनुग्रह दिनुहुन्छ। यो ती मानिसहरूका लागि हो जो मुक्ति पाएका छन्, र तिनीहरूको मुक्ति प्रभु भोजको उपलब्धतामा निर्भर गर्दैन।

► येशूले रोटी र दाखमद्यलाई शाब्दिक अर्थमा उहाँको शरीर र रगत हो भन्नुभएको थियो भनेर हामीले किन सोच्नु हुँदैन ?

► मुक्तिको लागि किन प्रभु भोजलाई शाब्दिक रूपमा ख्रीष्टको शरीर र रगत मान्नु आवश्यक छैन ?

## अनुग्रहको माध्यम

प्रभु भोजलाई अक्सर अनुग्रहको एक साधन भनिन्छ। ख्रीष्टको प्रायश्चितमा विश्वासका साथ ग्रहण गर्दा परमेश्वरले यसलाई अनुग्रहको साधनको रूपमा रचना गर्नुभएको छ। ख्रीष्टियनहरूले धर्मशास्त्रीय आज्ञाहरू पालन गरेर परमेश्वरको आज्ञा पालन गर्नुपर्छ। एक जना ख्रीष्टियनले अनुग्रहको यस साधनलाई बेवास्ता गर्नु हुँदैन।

> "अनुग्रहका साधनहरू ईश्वरीय रूपमा नियुक्त माध्यमहरू हुन् जसद्वारा पवित्र आत्माका प्रभावहरू मानिसहरूका आत्माहरूमा संचारित सम्प्रेषित हुन्छन्।"
> - विली र कल्बर्टसन,
> *ख्रीष्टियन ईश्वरशास्त्रको परिचय*

यदि कुनै व्यक्तिले ख्रीष्टमा विश्वास नगरी प्रभु भोज खान्छ भने त्यसले स्वतः उसलाई अनुग्रह ल्याउदैन।

यदि कुनै व्यक्तिले यसको अर्थको लागि आदर नगरी यसलाई लिन्छ भने, उसले आफैलाई निन्दा ल्याउँछ (१ कोरिन्थी ११:२७-२९)।

मुक्तिको लागि पश्चात्ताप र विश्वास अत्यावश्यक छ। मुक्तिको लागि प्रभु भोज अत्यावश्यक छैन। प्रभु भोज आज्ञाकारिता र विश्वासको अभिव्यक्तिको कार्य हो। यदि कुनै ख्रीष्टियनले प्रभु भोजको पहुँच नपाएको भए तापनि ऊ ख्रीष्टियन रहनबाट रोकिने छैन।

► के ख्रीष्टियनहरूले प्रभु भोज लिनु आवश्यक छ ? आफ्नो उत्तर व्याख्या गर्नुहोस्।

## प्रभु भोजको लागि उचित तरिका

प्रेरित पावलले कोरिन्थीहरूको प्रभु भोज बाँड्ने गलत तरिकालाई सच्याए। उनका निर्देशनहरू हाम्रो लागि मूल्यवान छन्।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी ११:२०-३४ पढ्नुपर्छ। कोरिन्थीहरूले के गलत कार्य गरिरहेका थिए ?

तिनीहरूले प्रभुको भोजको लागि भोजन बनाई रहेका थिए र भोजन ल्याइरहेका थिए। प्रत्येक मानिसले बाँड्नुको साटो आफ्नै भागबाट खाना खान्थे। तिनीहरूले एक अर्कालाई पर्खेनन् र एकै समयमा सुरु गरे। कोही व्यक्तिहरु धेरै खाइरहेका थिए भने, र अरूहरु अझै भोकमा थिए। कोही व्यक्तिहरु धेरै रक्सी पिइरहेका थिए र रक्सीले मात्तिरहेका थिए।

► पावलले तिनीहरूलाई कस्तो विशेष निर्देशन दिए ?

उनले तिनीहरूलाई यसलाई भोजन नबनाउन भन्नुभयो। मण्डलीहरूमा भोज र संगतिको भोजन हुन्थ्यो, तर ती प्रभु भोजहरू होईन। उहाँले तिनीहरूलाई एक अर्कालाई पर्खन र सँगै सुरु गर्न भन्नुभयो।

येशूले मण्डलीको लागि कसरी चलन सुरु गर्नुभयो भनेर पावलले समीक्षा गरे। येशूले रोटी दिनुभयो, त्यसपछि दाखरस दिनुभयो, तिनीहरूको अर्थ बुझाउदै दिनु भयो। सहभागीले तिनीहरूलाई आदरपूर्वक लिनु महत्त्वपूर्ण छ, प्रभु भोजको अर्थ के हो भनेर सम्झिदै लिनु पर्छ।

पावलले भने कि एक व्यक्तिले आफूलाई जाँच्नुपर्छ कि उसले अयोग्य तरिकाले प्रभु भोज लिदैन भनेर पक्का हुनुपर्छ। कतिपय मानिसहरूले यसको अर्थ यो हो कि कुनै पनि व्यक्तिले आफ्नो जीवनले परमेश्वरलाई हरेक विवरणमा खुशी पार्छ भन्ने कुरामा निश्चित नभएसम्म प्रभु भोज लिनु हुँदैन भन्ने कुरा बुझाउँछन्। यस पदले सिकाएको कुरा त्यो होइन। प्रेरितले प्रभु भोज लिने तरिकाको बारेमा कुरा गरिरहेका थिए। यदि कुनै व्यक्तिले यसलाई अमर्यादित र लापरवाह तरिकाले लिन्छ भने उसलाई निन्दा गरिन्छ।

मण्डलीले प्रभु भोजको दौडान सँगै प्रार्थना गर्नु राम्रो हो। सेवाको विभिन्न भागहरूमा प्रार्थनामा अगुवाइ गर्न विभिन्न मानिसहरूलाई व्यवस्थित गर्न सकिन्थ्यो। समूहले कुनै पनि समयमा सँगै गाउन पनि सक्छ। सेवा शान्त र व्यवस्थित तरिकाले गर्नुपर्छ। यो चर्को स्वरमा, स्वतःस्फूर्त रमाउने समय होइन। यो हाम्रो मुक्तिको लागि दिइएको येशूको बलिदानमा मनन गर्ने समय हो।

## प्रभु भोजको उचित प्रापकहरू

► कसलाई प्रभु भोज प्राप्त गर्न अनुमति दिनुपर्छ ?

येशूले आफ्ना चेलाहरूलाई यो अभ्यास सिकाउनुभयो र तिनीहरूलाई मिलेर गर्नु भन्नुभयो, त्यसैले हामी जान्दछौं कि प्रभु भोज ख्रीष्टियनहरूको लागि मात्र हो। अर्को धर्मलाई पछयाउने व्यक्तिलाई प्रभु भोज दिनु हुँदैन। एक व्यक्ति जसले अन्य देवताको पूजा गर्छ, उसले राक्षसहरूको पूजा गरिरहेको हुन्छ। उसले ख्रीष्टको आराधना पनि गर्न सक्दैन (१ कोरिन्थी १०:२०-२१)।

यदि कोही व्यक्ति खुला पापमा बाँचिरहेको छ र उसले पश्चात्ताप गरेको छैन भने, उसलाई प्रभु भोज दिनु हुँदैन। प्रभु भोज लिनु भनेको हामीले ख्रीष्टको मृत्युसँग पहिचान गरेका छौं भनेर गवाही दिनु हो। जानीजानी पाप गर्दै जाने व्यक्तिसित त्यो गवाही हुँदैन।

व्यभिचार, मूर्तिपूजा वा मद्यपान जस्ता स्पष्ट पापमा बाँचिरहेको व्यक्ति ख्रीष्टियन होइन (१ कोरिन्थी ६:९-१०)। बाइबलले हामीलाई बताउँछ कि यी पापहरू गर्ने र अझै पनि ख्रीष्टियन हुँ भनी दाबी गर्ने व्यक्तिसँग हामीले संगति गर्न सक्दैनौं (१ कोरिन्थी ५:११)। त्यसकारण, उसलाई प्रभु भोजको सेवा गर्नु ठीक हुनेछैन।

यदि कुनै सदस्यले पाप गरेको छ र मण्डलीको सुधारलाई इन्कार गरेको छ भने, उसलाई मुक्ति नपाएको मानिनेछ (मत्ती १८:१७), र यसैले उसलाई प्रभु भोजको सेवा गर्नु हुँदैन।

प्रभु भोजले ख्रीष्टियनहरूको विशेष एकतालाई अभिव्यक्त गर्छ। प्रेरितले भने कि प्रभु भोजमा हामी एक शरीर हौं भनेर देखाउँछौं (१ कोरिन्थी १०:१६-१७)। त्यसकारण, यदि कुनै व्यक्ति लापरवाह, बेफिक्री पापीको रूपमा चिनिन्छ भने, उसले त्यो एकतामा सामेल हुन सक्दैन।

एक जना पास्टरले ख्रीष्टियनहरूलाई प्रभु भोजको सेवा प्रदान गर्न जिम्मेवार छ, तर तिनीहरूको जीवनको हरेक विवरण जाँच्ने जिम्मेवारी तिनको होइन। यदि कुनै व्यक्तिले आफू ख्रीष्टियन भएको दाबी गर्छ र खुला पापमा बाँचिरहेको छैन भने, पास्टरले उसको गवाही स्वीकार गर्न सक्छ।

साँचो मुक्ति पाएको प्रत्येक व्यक्तिले प्रभु भोजले प्रतिनिधित्व गर्ने प्रायश्चित प्राप्त गरेको छ, चाहे त्यो कुनै खास स्थानीय मण्डलीको सदस्य होस् वा नहोस्। तसर्थ, स्थानीय मण्डलीको सदस्यता प्रभु भोजको लागि आवश्यक हुनुहुँदैन।

एक साँचो ख्रीष्टमा परिवर्तन गर्ने व्यक्ति प्रभु भोज र बप्तिस्मा दुवैको लागि योग्य हुन्छ। यदि तिनी बप्तिस्मा लिन इच्छुक छन् भने, तिनले बप्तिस्मा लिए पछि मात्र प्रभु भोज लिन्छु भन्ने कुरा सम्म पर्खनु पर्दैन।

यदि मण्डलीमा विभिन्न प्रकारका ख्रीष्टियनहरू छन् र मुक्ति नपाएका मानिसहरू पनि मिसिएका छन् भने, जो स्पष्ट पापमा बाँचिरहेका मानिसहरू पनि समावेश छन् भने, साधारणतया मण्डलीलाई प्रभु भोजको सेवा गर्नु हुँदैन। प्रभु भोज प्राप्त गर्नु पर्ने ति व्यक्तिहरूको लागि फरक समयमा प्रभु भोजको समय निर्धारण गर्न सकिन्छ।

► स्पष्ट पापीलाई प्रभु भोजको सेवा गर्न नहुने केही कारणहरू के के हुन् ?

## प्रभु भोजको आवृत्ति

► कति चोटि सम्म प्रभु भोजको सेवा गर्न सकिन्छ ? किन ?

कुनै-कुनै मण्डलीहरूले हरेक हप्ता प्रभु भोजको सेवा गर्छन्। अन्य मण्डलीहरूले प्रत्येक महिना एक पटक यसको सेवा गर्छन्। कोही-कोही वर्षमा एक पटक यसो गर्छन्। कोही-कोहीले यो काम विरलै गर्छन्, कुनै तालिका बिना।

बाइबलले हामीलाई कति चोटि प्रभु भोजको सेवा गर्ने भनेर बताउँदैन।

कोही मानिसहरूले मुक्ति पाउनु अघि मुक्तिको लागि रितिरिवाजहरूमा भरोसा गर्थे। जब तिनीहरूले मुक्ति पाउँछन् र त्यस प्रकारको धर्म त्याग्छन्, तिनीहरू कुनै पनि धार्मिक रितिरिवाजप्रति असहज हुन सक्छन्। तिनीहरूलाई लाग्न सक्छ कि प्रभु भोज बारम्बार गर्नु हुँदैन।

कोही-कोही मानिसहरूले गलत तरिकाले यस रीतिरिवाजमा विश्वास गर्छन्। तिनीहरू बारम्बार प्रभु भोज गर्न चाहन्छन् किनभने यसले तिनीहरूलाई आफूले मुक्ति पाएको महसुस गर्न मदत गदर्छ।

पास्टरले प्रभु भोजको अर्थ व्याख्या गर्न महत्त्वपूर्ण छ। परमेश्वरसितको सम्बन्धमा गलत तरिकामा विश्वास नगरी यसलाई आशिषको रूपमा कसरी प्रयोग गर्न सकिन्छ भनेर बुझ्न उनले आफ्ना जनहरूलाई मदत गर्नुपर्छ।

## प्रभु भोजको प्रशासनको लागि उचित अधिकार

► प्रभु भोजको सेवा गर्ने अधिकार कसलाई छ?

बाइबलले हामीलाई बताउँछ कि प्रत्येक विश्वासी एक पूजाहारी हो (प्रकाश १:६, १ पत्रुस २:५, ९)। यसको अर्थ हामी सीधै परमेश्वरको आराधना गर्न सक्छौं र अरूलाई पनि उहाँको आराधना गर्न मदत गर्न सक्छौं। हामीलाई परमेश्वरकहाँ ल्याउनको लागि पृथ्वीमा कुनै मध्यस्थकर्ताको आवश्यकता पर्दैन, किनकि येशू हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ, र उहाँले हामीलाई पहुँच दिनुभएको छ (१ तिमोथी २:५, हिब्रू ४:१४-१६)। उहाँद्वारा हामीले निरन्तर प्रशंसाको बलिदानहरू चढाउन सक्छौं (हिब्रू १३:१५)।

किनभने प्रत्येक विश्वासी पूजाहारी भएकोले, कुनै पनि विश्वासीले अन्य विश्वासीहरूलाई विशेष गरी पास्टर उपलब्ध नभएको बेला पनि प्रभु भोजको सेवा गर्न सक्छ भनेर हामी तर्क गर्न सक्छौं। तथापि, सामान्यतया पास्टरको निर्देशनमा प्रभु भोजको सेवा गर्नु पर्ने कारणहरू पनि छन्।

बाइबलले पास्टरले मात्र प्रभु भोजको सेवा गर्नुपर्छ भनेर प्रत्यक्ष रूपमा बताएको छैन। तथापि, पावलले व्यवस्थित र आदरणीय तरिकामा प्रभु भोजको सेवा गर्न विशेष निर्देशन दिए। निर्देशनहरू समूहको लागि थियो, र अगुवाले समूहलाई मार्गदर्शन गर्नको लागि जिम्मेवार थियो। मण्डलीका मानिसहरू स्वाभाविक रूपले पास्टरमा निर्भर हुनेछन् ताकी यो सुनिश्चित गर्न कि प्रभु भोज सही तरिकाले गरिएको छ, र पास्टरले त्यो जिम्मेवारी लिनुपर्छ।

► १ कोरिन्थी ११:२७-३४ मा दिइएका चेताउनीहरूलाई फेरि हेर्नुहोस्।

पावलले ख्रीष्टको शरीर र रगतप्रतिको श्रद्धाले गर्दा यी निर्देशनहरू महत्त्वपूर्ण भएको बताए। यदि कोही व्यक्तिले लापरबाही गर्छ भने, ऊ दोषी ठहरिन्छ। बिरामी र मृत्युको न्याय तिनीहरूमध्ये धेरैमाथि आइसकेको थियो। पावलले भने कि यदि तिनीहरूले आफैलाई जाँच्न होसियार भए भने, तिनीहरू परमेश्वरको न्यायबाट बच्नेछन्। पावलले तिनीहरूका लागि पछि थप निर्देशनहरू भएको कुरा बताए।

यो उचित तरिकाले प्रभु भोज बाँड्नु महत्त्वपूर्ण छ, दुरुपयोगबाट हुने हानिबाट बच्न मात्र होइन, तर परमेश्वरले हाम्रो लागि बनाउनुभएको लाभ प्राप्त गर्न पनि हो।

यो सोच्नु उचित छ कि प्रेरितले मण्डलीका अगुवाहरूले यी निर्देशनहरू पालना गरेको छ कि छैन भनेर सुनिश्चित गरेको अपेक्षा गरेका थिए। मण्डलीका सदस्यहरूले आफ्ना पास्टरहरूले तिनीहरूलाई प्रभु भोजको महत्त्वको कारणले उचित रूपमा बाँड्न मद्दत गरेको चाहन्थे।

पास्टरको पनि विशेष जिम्मेवारी हुन्छ किनभने अर्को धर्ममा संलग्न भएको वा स्पष्ट पापमा संलग्न भएको व्यक्तिलाई प्रभु भोजको सेवा गर्नु हुँदैन।

त्यसकारणले, सामान्यतया पास्टरले वा पास्टरको निर्देशनमा कसैले प्रभु भोजको सेवा गर्नुपर्छ। पास्टरले अरूलाई पनि प्रभु भोजको सेवामा मदत गरिदिन आग्रह गर्न सक्छन्। पास्टर उपस्थित नभएको बेलामा पनि अरु मानिसहरूलाई प्रभु भोजको सेवा गर्न कसैलाई पास्टरले स्वीकृति पनि दिन सक्छन्।

## प्रभु भोजको लागि एउटा रुप

**भेला:** मानिसहरूलाई भेला गर्ने नियमित तरिका हुनुपर्छ जसले प्रभु भोज बाँड्छन्। यदि यो सार्वजनिक पूजा सेवामा गरिन्छ भने, तिनीहरूले सही मानिसहरूको सेवा कसरी गर्ने भनेर अगुवाहरूलाई थाहा हुनुपर्छ।

धर्मशास्त्र: प्रभु भोज गर्नु अघि धर्मशास्त्र पढ्नुपर्छ। धर्मशास्त्रको बारेमा केही भनाईहरु भन्न सकिन्छ, तर छोटो हुनुपर्छ। प्रयोग गर्न सकिने धर्मशास्त्रका पदहरूका उदाहरणहरूमा मत्ती २६:२६-३०, मर्कूस १५:२२-२८, लूका २२:१४-२०, यूहन्ना १०:११-१८, यूहन्ना १९:१-६, यूहन्ना १९:१६-१९, यूहन्ना २०:२६-२९, १ कोरिन्थी ११:२३-२६, हिब्रू १०:११-१७, हिब्रू ९:२४-२८, हिब्रू ४:१२-१६, प्रकाश १:१२-१८, यशैया ५३:१-५, वा यशैया ५३:६-१२ पनि समावेश छन्।

**प्रार्थना:** प्रार्थनामा कसैले अगुवाई गर्नुपर्छ। प्रार्थनामा यस्ता भनाईहरू समावेश हुनुपर्छ: "प्रभु, येशूको बलिदानद्वारा तपाईंले दिनु भएको मुक्तिको लागि हामी तपाईंलाई धन्यवाद दिन्छौं। तपाईंले हामीलाई स्वतन्त्र रूपमा दिनुभएको अनुग्रहको लागि हामी तपाईंलाई धन्यवाद दिन्छौं। जब हामी एक आपसमा सँगै प्रभु भोज बाडछौं, तब हामी आत्मिक जीवनको लागि तपाईंमा निर्भर छौं भनेर गवाही दिन्छौं। विश्वासीहरूको हैसियतमा हामी एक साथ भएको एकतालाई हामी देखाउँछौं। हामी अनुग्रहको लागि प्रार्थना गर्दछौं ताकि हरेक दिन तपाईंलाई प्रसन्न पार्न सकौ।"

**रोटीको वितरण**: रोटी पास्टरले वा तिनले नियुक्त गरेका व्यक्तिहरूद्वारा वितरण गर्न सकिन्छ। उसले यसो भन्न सक्छन्, "यो रोटीले ख्रीष्टको शरीरको प्रतिनिधित्व गर्छ, जुन हाम्रो मुक्तिको निम्ति दिइएको हो।" सबै जना प्रभु भोजको समयमा शान्त र आदरणीय हुनुपर्छ। कुनै मण्डलीमा, पास्टरले मानिसहरूलाई सबैले रोटि नपाए सम्म रोटी थाम्न भन्छन्, त्यसपछि सँगै खानु भन्छन्। अन्य मण्डलीहरूमा, प्रत्येक व्यक्तिले रोटी प्राप्त गरेपछि खानु पर्ने चलन छ।

**प्रार्थना:** पास्टरले वा पास्टरले रोजेको व्यक्तिले परमेश्वरको अनुग्रहको लागि धन्यवाद दिंदै छोटो प्रार्थनाको अगुवाई गर्न सक्छ।

**दाखमद्यको वितरण:** पास्टरले यसो भन्न सक्छ, "यो दाखमद्यले येशूको रगतलाई प्रतिनिधित्व गर्छ, जुन हाम्रो उद्धारको निम्ति दिइएको हो।" कुनै-कुनै मण्डलीहरूले छुट्टाछुट्टै कपहरू वितरण गर्छन्। अरूले एउटा कप सबैलाई दिन्छन्। कुनै-कुनै मण्डलीहरूमा प्रत्येक व्यक्तिले आफ्नो रोटीको टुक्रा दाखमद्यमा डुबाउँछन्। महत्त्वपूर्ण कुरा यो हो कि यो व्यवस्थित, आदरणीय तरिकामा गरिएको छ।

**प्रार्थना:** पास्टरले वा पास्टरले रोजेको व्यक्तिले आराधनाको प्रार्थनाको अगुवाई गर्न सक्छ।

**भजन:** समूहले सँगै भजन गाउन सक्छ।

## सात सारांश भनाईहरु

१. यहूदीहरूले मनाएका निस्तार-चाड को उत्सवबाट प्रभु भोज आएको हो।
२. निस्तार चाडले ख्रीष्टले दिनुभएको प्रायश्चितलाई उदाहरण दियो।
३. रोटी र दाखमद्य येशूको शरीर र रगतको प्रतीक हो।
४. प्रभु भोजले प्राप्तकर्तालाई स्वतः मुक्ति दिंदैन।
५. यदि कुनै व्यक्तिले ख्रीष्टको प्रायश्चितमा विश्वास गरेर प्रभु भोजलाई ग्रहण गर्छ भने, प्रभु भोजले अनुग्रह दिन सक्छ।
६. स्पष्ट पापीहरुलाई वा अर्को धर्मका अनुयायीहरूलाई प्रभु भोजको सेवा दिनु हुँदैन।
७. प्रभु भोजको सही अभ्यास गरिएको छ कि छैन भनेर सुनिश्चित गर्नु नै पास्टरको जिम्मेवारी हो।

## पाठ ११ को कार्यभारहरु

१. पाठ ११ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. अन्तरबार्ताको कार्यभार: तीन जना विश्वासीहरूको अन्तरवार्ता लिनुहोस् कि तिनीहरूको लागि प्रभु भोजको अर्थ के हो भनेर सोध्नुहोस्। संक्षिप्तमा सारांश लेख्नुहोस्।

# पाठ १२
# मण्डलीको अनुशासन

## परिचय

पाठ ३ मा, हामीले स्थानीय मण्डलीको लागि यो परिभाषा सिक्यौं:

> स्थानीय मण्डली विश्वासीहरूको समूह हो जसले आत्मिक परिवार र विश्वासको समुदायको रूपमा कार्य गर्दछ; पश्चात्ताप गर्ने सबैलाई सुसमाचार र मण्डलीको संगति प्रस्ताव गर्दै; बप्तिस्मा र प्रभु भोजको अभ्यास गर्दै; आराधना, संगति, सुसमाचार प्रचार र चेलापनमा सहयोग गर्दै; पवित्र आत्माको वरदानद्वारा ख्रीष्टको शरीरको कार्य पूरा गर्दै; परमेश्वरको वचनमा समर्पित; बाइबलीय सिद्धान्तमा आधारित एकताको, अनुग्रहको अनुभव, र आत्माको जीवनको साथमा ।

अब मण्डलीको अनुशासनको परिभाषा विचार गरौं ।

**मण्डलीको अनुशासनको परिभाषा**

मण्डलीको अनुशासन भनेको मण्डलीको एकताबद्ध, मण्डलीको एकताको रक्षा गर्ने चौखण्ड उद्देश्य सहित सदस्यको पापको लागि उद्देश्यपूर्ण जवाफ, सत्यताको पक्षमा उभिनु, गलत प्रभावबाट भक्त विश्वासीहरुलाई जोगाउनु, र पाप गर्ने सदस्यलाई मुक्ति र संगतिमा फर्काउनु हो ।

► मण्डलीको परिभाषा र मण्डलीको अनुशासनको परिभाषा हेर्नुहोस् । मण्डली के हो भनेर विचार गर्दा, मण्डलीको अनुशासन किन आवश्यक छ भनेर बताउनुहोस् ।

## मण्डलीको अनुशासनको आवश्यकता

जब मण्डलीको कुनै सदस्य पापमा फर्किन्छ, तर अझै पनि मण्डलीमा सहभागी हुन्छ भने के हुन्छ ? यदि कुनै सदस्यले मण्डलीको जगको सिद्धान्तहरूमा साँच्चै विश्वास गर्दैन र गलत शिक्षाहरू सिकाउँछ भने के गर्ने ? यदि कुनै सदस्यले अरू कसैलाई गल्ती गरेको छ र त्यसलाई स्वीकार गर्दैन भने के गर्ने ?

मण्डलीको अनुशासन प्रयोग गर्न मण्डलीहरु असफल भएकोले येशूले केहि मण्डलीहरूलाई हप्काउनुभयो । पर्गाममको मण्डलीमा झूटो सिद्धान्त भएको शिक्षकहरू थिए जसलाई हटाउनु पर्थ्यो (प्रकाश २:१४-१६) । थिआटीराको मण्डलीमा एउटी स्त्री थिइन्, जसलाई येशूले ईजेबेल नाउँ भनि बोलाउनु भयो , जसले मानिसहरूलाई व्यभिचार गर्न र मूर्तिहरूको आराधना गर्न डोऱ्याउँ थिन्; यसैले, परमप्रभुले मण्डलीलाई हप्काउनुभयो (प्रकाश २:२०) ।

बाइबलले हामीलाई बताउँछ कि प्रकाश र अन्धकारको बीचमा त्यहाँ संगति हुन सक्दैन, ख्रीष्टको सेवा गर्नेहरू र अन्य देवताहरूको सेवा गर्नेहरूको बीच कुनै पनि संगति हुन सक्दैन (२ कोरिन्थी ६:१४-१५) ।

यहाँ हामी चर्च अनुशासन आवश्यक हुनुका चार कारणहरू हेर्नेछौं । पाठमा थप, हामी यी कारणहरूको लागि धर्मशास्त्रीय समर्थन हेर्नेछौं, तर तिनीहरूलाई सिक्न सजिलो बनाउनको लागि हामी यहाँ ति कुराहरुलाई सारांश गर्छौं ।

१. **मण्डलीको अनुशासन आवश्यक छ किनभने मण्डलीमा एकता हुनैपर्छ।** मण्डलीको एकता बाइबलीय सिद्धान्त र आत्माको जीवनमा आधारित छ। मण्डलीको परिभाषाले मण्डलीका सदस्यहरू आत्मिक संगतिमा रहनु कत्तिको महत्त्वपूर्ण छ भनेर देखाउँछ। यो संगति परमेश्वरसितको तिनीहरूको सम्बन्ध र अनुग्रहको अनुभवमा आधारित छ। यदि कुनै व्यक्तिले आफ्नो आत्मिक जीवन गुमाइसकेको छ भने, उसले ख्रीष्टियन संगति गर्न सक्दैन। यदि कुनै सदस्यले सत्यता स्वीकार्न, पापको पश्चात्ताप गर्न वा गलत स्वीकार गर्न इन्कार गर्छ भने, उसको मण्डलीसित एकता हुँदैन।

२. **मण्डलीको अनुशासन आवश्यक छ किनभने मण्डलीले सत्यताको समर्थन गर्नैपर्छ।** कुनै सदस्यलाई पापमा लागिरहन दिनु भनेको सत्यताको समर्थन गर्न असफल हुनु हो। मण्डलीका सदस्यहरूले सत्यताको उल्लङ्घन गरेर जीवन यापन गरेमा मण्डली संसार सामु सत्यको पक्षमा खडा हुन सक्दैन।

३. **मण्डलीका मानिसहरूलाई गलत प्रभावबाट जोगाउनको लागि मण्डलीको अनुशासन आवश्यक छ।** मण्डलीको कुनै सदस्य स्पष्ट पापमा छ तर पनि ख्रीष्टियनको रूपमा आदर गरिरहन्छ भने, अन्य सदस्यहरू पनि त्यस्तै गर्न परीक्षामा पर्नेछन्।

४. **पाप गरेको सदस्यलाई पुनर्स्थापित गर्नको लागि मण्डलीको अनुशासन आवश्यक छ।** यदि कुनै सदस्य पापमा बाँचिरहेको छ र उसको सामना कसैले गरिएको छैन भने, उसले पश्चात्ताप गर्ने सम्भावना कम हुन्छ। यदि उसले सामना गर्नु पर्‍यो भने तिनी रिसाएका हुन सक्छ, तर पछि पश्चात्ताप गर्ने सम्भावना बढी हुन्छ।

> "ख्रीष्टको मण्डलीको सरकार धर्मनिरपेक्ष सरकारहरू भन्दा व्यापक रूपमा भिन्न छ। यो नम्रता र भ्रातृप्रेममा आधारित छ: यो मण्डलीको महान् शिर, ख्रीष्टबाट लिइएको हो, र उहाँका उपदेशहरू र आत्माद्वारा सँधै सञ्चालन गरिन्छ।"
> - एडम क्लार्क,
> *ख्रीष्टियन ईश्वरशास्त्र*

सजाय मण्डलीको अनुशासनको कारण होइन। सजाय दिनु मण्डलीको जिम्मेवारी होइन। परमेश्वरले मात्र पापको सजाय दिन सक्नुहुन्छ। मण्डलीको कार्यबाही सुधारको उद्देश्यको लागि हुनुपर्छ, दण्डको लागि होइन।

► यदि मण्डलीले खुलेआम पाप गर्ने सदस्यलाई अनुशासनको अभ्यास गर्न लगाउन सकेन भने के हुनेछ ?

## मण्डलीको अनुशासनबारे येशूका निर्देशनहरू

► एक बिद्यार्थीले समूहको लागि मत्ती १८:१५-२० पढ्नुपर्छ।

येशूले विश्वासीहरू बीचको बिबाद समाधान गर्न निर्देशन दिनुभयो। यदि कुनै विश्वासीलाई लाग्छ कि कसैले आफूमाथि अन्याय गरेको छ भने, उसले त्यस व्यक्तिसित व्यक्तिगत रूपमा कुरा गर्नुपर्छ। अधिकांश समस्याहरू यस बिन्दुमा समाधान हुन्छन्। अधिकांश समयमा त्यहाँ एक गलत बुझाई भएको हुन सक्छ। यदि दुई जना विश्वासीहरू इमानदार र नम्र छन् भने, तिनीहरूले तिनीहरू बीचको समस्यालाई सुल्झाउन सक्छन्।

विश्वासीहरू बीचको सम्बन्ध बहुमूल्य छ। यदि कुनै व्यक्तिले आफूलाई अरू कसैले अन्याय गरेको छ भन्ने विश्वास गर्छ भने, सम्बन्ध बिग्रन्छ। उसले नम्रता र दयाका साथ गल्ती गर्ने व्यक्तिकहाँ जानुपर्छ र आफ्नो लागि सम्बन्ध महत्त्वपूर्ण छ भनेर देखाउनुपर्छ। उसले यस्तो कुरा भन्न सक्छ: "भाइ, मण्डलीमा तपाईले दिनुभएको आशिषको म कदर गर्छु। तिमी मेरो एक महत्वपूर्ण साथी हौ। तर म चिन्तित छु किनभने मलाई लाग्छ कि तिमीले मलाई गलत कार्य गर्नुभयो। म तिमीसँग यस विषयमा कुरा गर्दैछु किनभने म चाहन्छु कि हाम्रो सम्बन्ध ठिक होस्।" गलत कुराको व्याख्या गर्नुहोस्, तर कठोर र दोषारोपण नगर्न होसियार हुनुहोस्। सुन्न र बुझ्न तयार हुनुहोस्। क्षमा गर्न तयार हुनुहोस्।

येशूको निर्देशन अनुसार यदि कसैले साँच्चै गल्ती गरेको छ र त्यसलाई स्वीकार्दैन भने, अर्को व्यक्तिले उससँग एक वा दुई जना आदरणीय विश्वासीहरूको साथमा फेरि कुरा गर्नुपर्छ। फेरि, गल्ती गर्ने व्यक्तिलाई जोड दिनुहोस् कि उसलाई प्रेम गरिएको छ र सम्बन्ध महत्त्वपूर्ण छ भन्दै।

यदि गल्ती गर्ने व्यक्तिले अझै पनि गल्ति स्वीकार गर्न इन्कार गर्छ भने, उसको बारेमा मण्डलीका अगुवाहरूलाई खबर गर्नुपर्छ। तिनीहरूले उहाँसँग कुरा गर्नुपर्छ। यदि उसले अझै पनि सुन्न इन्कार गर्छन् भने, मण्डलीले उसलाई अविश्वासी हो भनि ठान्न एकसाथ सहमत हुनुपर्छ।

कुनै व्यक्तिलाई अविश्वासी ठान्नुको अर्थ उसलाई अशिष्ट व्यवहार गर्नु होइन। यसको अर्थ उ अब मण्डलीको सहभागी सदस्य होइन वा मण्डलीको कुनै पनि सेवकाईको अगुवाई गर्दैन। उसले प्रभु भोज प्राप्त गर्न सक्दैन किनभने उसलाई एक विधर्मीको रूपमा लिनुपर्छ (पद १७)। मण्डलीले उसलाई थाहा दिनु पर्छ कि अब उसलाई तिनीहरूले विश्वासी मान्दैनन् र उसले पश्चात्ताप गरून् भनेर प्रार्थना गरिरहेका छन् भनेर थाहा हुनुपर्छ।

यी निर्देशनहरू पछि, येशूले क्षमाको लागि एउटा पाठ दिनुभयो (मत्ती १८:२१-३५)। कुनै व्यक्तिले आफ्नो गल्ती स्वीकारेर पश्चात्ताप गऱ्यो भने हामीले क्षमा दिन तयार हुनैपर्छ।

► जब तपाईंले सम्बन्ध पुनर्स्थापित गर्ने प्रयास गर्दा तपाईंमाथि अन्याय गरेको व्यक्तिसित तपाईं कसरी कुरा गर्नुहुन्छ ?

## मण्डलीको अनुशासनबारे पावलका निर्देशनहरू

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी ५ पढ्नुपर्छ। पावलले यस अध्यायमा कस्तो परिस्थितिलाई सम्बोधन गरे ?

प्रेरित पावलले कोरिन्थीमा भएको मण्डलीमा एउटा विशेष घटनाको लागि मण्डली अनुशासनको लागि निर्देशन दिए। त्यो मण्डलीको एक जना सदस्य अनैतिक सम्बन्धमा थिए।

पावलले तिनीहरूलाई मण्डलीको अनुशासन मण्डली बाहिरका मानिसहरूका लागि होइन, तर सदस्यहरूका लागि हो भनी बताए (११-१२)। मण्डलीले एकतामा कदम चाल्नु पर्थ्यो ("जब तिमीहरू...भेला हुन्छौ")। तिनीहरूले यस व्यक्तिलाई आफ्नो संगतिबाट हटाउनु पर्ने थियो।

एक जना भाइ भनिने व्यक्तिले पद ११ मा बताइएझैं पाप गर्दैछ भने, ख्रीष्टियनहरूले उससँगको संगति गर्न सकेसम्म इन्कार गर्नुपर्छ। यसको उद्देश्य यो सुनिश्चित गर्नु हो कि त्यो व्यक्तिले आफू ख्रीष्टियन होइन र संसारले यो व्यक्ति मण्डलीको भाग होइन भनेर जान्न सकोस्। यसमा उसलाई मण्डलीको कुनै पनि पदबाट हटाउनु पनि समावेश छ। उसलाई प्रभु भोजको सेवा गर्न सकिंदैन किनभने यसले सँगै खाना खानुभन्दा पनि घनिष्ठ ख्रीष्टियन संगतिलाई बुझाउँछ।

पावलले यस कार्यका दुइटा लक्ष्य हरू औंल्याए। एउटा लक्ष्य भनेको मण्डलीलाई शुद्ध राख्नु हो (६-७)। यदि सदस्यहरू पापमा छन् भने मण्डली एकतामा हुन असम्भव छ।

दोस्रो लक्ष्य पापीलाई मुक्तिमा फर्काउनु हो ("त्यसको आत्माचाहिँ बाँचोस्")। यदि मण्डलीले उसलाई पाप गरिरहँदा पनि सदस्यको रूपमा स्वीकार गरिरहन्छ भने, उसले सोच्नेछ कि ऊ ठीक छ र पश्चात्ताप गर्नु पर्ने सम्भावना नै छैन। यदि मण्डलीमा अनुशासन दिइयो भने उसले पश्चात्ताप गर्नु पर्छ भन्ने सम्भावना बढी हुन्छ।

यो कार्यलाई "शैतानकहाँ सुम्पिदैछ" भनिन्छ। अर्को घटना थियो जहाँ पावलले झूटा सिद्धान्तका शिक्षकहरूलाई शैतानको हातमा सुम्पेका थिए (१ तिमोथी १:२०)। पापीले बुझ्नु आवश्यक छ कि ऊ परमेश्वरको आशीर्वाद र सुरक्षामा छैन। पापीको रूपमा ऊ मण्डली बाहिर छ र शैतानको दास हो। यदि उसले पश्चात्ताप गर्दैन भने पापको जीवनले उसलाई नष्ट गर्नेछ।

► एक बिद्यार्थीले समूहको लागि तीतस ३:१०-११ पढ्नुपर्छ।

यदि कुनै व्यक्तिले धर्मविरोधी शिक्षा सिकाउँदैछ भने, उसलाई सच्याउन मण्डलीले दुई चोटि सम्म प्रयास गर्नुपर्छ। त्यसपछि, उसलाई अस्वीकार गर्नुपर्छ। बाइबलले हामीलाई बताउँछ कि यो व्यक्तिले आफ्नो विवेकको उल्लङ्घन गरिसकेको छ।

धर्मविरोधहरु सिद्धान्तको सानो भिन्नताहरू होइनन्। धर्मविरोध एउटा झूटो शिक्षा हो जुन सुसमाचारको जगको सिद्धान्तहरूको विपरीत छ। हामीले कसैलाई पाखण्डी भएको आरोप लगाउन हतार गर्नु हुँदैन। कुनै-कुनै सिद्धान्त अनुसार कोही-कोही गलत भए तापनि ख्रीष्टको निष्कपट अनुयायी हुन सक्छ।

► २ थेसलोनिकी ३:६, १४-१५ मा हेर्नुहोस्। यी पदहरूमा दिइएका निर्देशनहरू व्याख्या गर्नुहोस्।

## पास्टरको अनुशासन

पास्टरहरूको अक्सर आलोचना गरिन्छ। पास्टरहरू अक्सर यस्तो परिस्थितिमा हुन्छन् जहाँ तिनीहरूलाई झूटो आरोप लगाउन सकिन्छ। पास्टरले सधैं असल उदाहरण बनेर आफ्ना जनहरूको विश्वास बलियो बनाउनु महत्त्वपूर्ण छ।

दुई वा तीन जना साक्षी हरू नभएसम्म पास्टरमाथि लागेको आरोपलाई विचार गर्नु हुँदैन (१ तिमोथी ५:१९)। मण्डलीको संघ वा सम्प्रदायका अगुवाहरू पास्टरहरूलाई जवाफदेही राख्न जिम्मेवार हुन्छन् र पास्टरलाई जाँच्ने वा हटाउने हो भने त्यसमा संलग्न हुनुपर्छ। मण्डलीको सेवकाई माथि प्रश्न उठिरहेको समयमा तिनीहरूले मण्डलीलाई एकसाथ राख्नको लागि मदत गर्न सक्छन्।

► पास्टरको पाप किन गम्भीर हुन्छ ?

## पुनर्स्थापनाको प्रक्रिया

मण्डलीको अनुशासनको एउटा लक्ष्य भनेको सदस्यलाई मुक्ति र संगतिमा पुनर्स्थापित गर्नु हो भनेर हामीले बिर्सनु हुँदैन। मण्डलीले पाप गर्ने सदस्यलाई पर्याप्त सजाय दिइयो भनेर पक्का गर्नु आवश्यक छैन। जब कुनै सदस्यले पाप स्वीकार गर्छ र पश्चात्ताप गर्छ, मण्डलीमा पुनर्स्थापनाको लागि प्रक्रिया हुनुपर्छ।

केहि पापको सन्दर्भमा, यदि सदस्यले तुरुन्तै आफ्नो गल्ती स्वीकार गरेर आफ्नो व्यवहार सुधार्यो भने, उसले मण्डलीमा आफ्नो सहभागितालाई निरन्तरता दिन सक्छ। १ कोरिन्थी ६:९-१० मा, यौन अनैतिकता, चोरी र मद्यपान लगायत अझ गम्भीर पापहरूको सूची दिइएको छ। यी मध्ये कुनै एक पाप गर्ने सदस्यलाई सदस्यता र कुनै पनि अगुवापनको पदबाट हटाउनुपर्छ।

सदस्यले आफ्नो पापको पश्चाताप गरेपछि पुनर्स्थापनाको प्रक्रिया सुरु हुन्छ। अझ गम्भीर पापको मामलामा, त्यो तुरुन्तै अगुवापनको वा सदस्यताको सहभागितामा पुनर्स्थापित गर्न सकिँदैन। कहिले कहिँ पूर्ण पुनस्थापनाको लागि केही समय आवश्यक छ।

पुनस्थापनाका चरणहरू ;

### (१) स्वीकारोक्ति

सदस्यले आफूले गरेको गल्तीलाई हानि पुऱ्याएकाहरू, आफूसित गलत काममा भाग लिएकाहरू र आफूमाथि आत्मिक अधिकार भएकाहरू सामु स्वीकार्नु पर्छ।

**(२) अलग**

गलत सम्बन्धको अन्त्य गर्नैपर्छ। गलत प्रभाव पार्ने सम्बन्धलाई पनि अन्त्य गर्नुपर्छ। पापको लागि मात्र प्रयोग गरिने कुनै पनि चीजहरू त्याग्नु पर्छ। सम्भवतः पापको लागि दुरुपयोग गरिएका कुराहरू पनि त्याग्नुपर्छ। सदस्यले आफू पापमा फर्कन चाहँदैनन् भनेर देखाउनुपर्छ।

**(३) जवाफदेहिता**

यो कार्य नै हो जसको लागि समय लाग्छ। सदस्यले नियमित रूपमा आफ्नो आत्मिक अधिकारीलाई प्रतिबेदन दिर्नुपर्छ, जुन पास्टर वा डिकनहरूको बोर्ड हुन सक्छ। उसले प्रलोभन माथि विजयको प्रतिबेदन दिन सक्षम हुनुपर्छ। प्रलोभनमा पर्नबाट जोगिन आफू होसियार छु भनेर तिनले देखाउनुपर्छ।

आत्मिक अधिकारीद्वारा अनुमोदित आत्मिक सल्लाहकारसँग बारम्बार सम्पर्क गरेर जवाफदेहिता कायम राख्नुपर्छ। सल्लाहकारले सदस्यसँग बारम्बार कुरा गर्नेछ, सम्भवतः केही समयको लागि दैनिक रूपमा पनि कुरा गर्न सक्छ। सल्लाहकारले सल्लाह दिइएको व्यक्ति र सल्लाहकार त्यहिँ लिंगको हुनुपर्छ।

जवाफदेहिताको अवधि कम्तिमा पनि धेरै महिना सम्म रहनु पर्छ। अरूलाई समावेश गर्ने नैतिक पापको सन्दर्भमा, र विशेष गरी यदि पाप केही समय सम्म जारी रह्यो भने, जवाफदेहिताको अवधि धेरै लामो हुनुपर्छ। यस अवधिमा, सदस्यलाई कुनै पनि रूपमा अगुवाई गर्न वा सिकाउन अनुमति दिनु हुँदैन। यदि उसको पश्चात्ताप साँचो हो जस्तो लाग्छ भने तिनलाई प्रभु भोज गर्न दिनुपर्छ।

समयको कारण सदस्यलाई ख्रीष्टियन होइन भन्ने होइन। यदि उसले पश्चात्ताप गरेको छ भने, उसलाई क्षमा गरिन्छ र उद्धार गरिन्छ। यो समयावधि भनेको उसले आफ्नो पापको प्रभावबाट मुक्त हुन सकून्, बलियो आत्मिक अनुशासन निर्माण गर्न सकून् र स्थिर ख्रीष्टियन जीवन प्रदर्शन गर्न सकून् भन्नको लागि हो।

बाइबलले हामीलाई बताउँछ कि मण्डली बाहिरका मानिसहरूसित उसको राम्रो प्रतिष्ठा नभएसम्म कुनै पनि व्यक्ति अगुवा हुनु हुँदैन (१ तिमोथी ३:७, १०)। यदि कोही व्यक्ति खुला पापको जीवनबाट भर्खरै परिवर्तित भएको छ भने, अगुवा बन्नु अघि संसारले उसलाई केही समयको लागि ख्रीष्टियनको रूपमा बाँचेको देख्नुपर्छ। अन्यथा, मण्डलीले पापीहरूलाई अगुवापनमा नियुक्त गरिरहेको जस्तो देखिन्छ। पतनपछि पुनर्स्थापना भइरहेको व्यक्तिको सन्दर्भमा पनि यही नियम लागू हुन्छ।

**(४) पुष्टिकरण**

यो पूर्ण पुनर्स्थापना हो। सदस्यसँग अब मण्डलीको विश्वास छ र मण्डलीले उसलाई दिने कुनै पनि भूमिकामा सदस्यको रूपमा पूर्ण रूपमा भाग लिन सक्छ। अगुवापनको उच्च पदहरूको लागि, विशेष गरी पास्टरको भूमिकाको लागि थप समय आवश्यक पर्न सक्छ।

► जवाफदेहिता अवधिको वर्णन गर्नुहोस्। यो कसरी काम गर्छ, र यसको उद्देश्य के हो ?

## मण्डलीको सदस्यताको आवश्यकताहरू

अधिकांश मण्डलीहरूमा ईसाई धर्मको आधारभूत सिद्धान्तहरू भन्दा बाहिर भएको सिद्धान्तको भनाई पाइन्छ। यस सिद्धान्तको यी विवरणहरूले मण्डलीलाई अन्य मण्डलीहरू भन्दा फरक पार्छ। विशिष्ट सिद्धान्त भएका मण्डलीहरूलाई मेथोडिस्ट, प्रेस्बिटेरियन, लुथरन, ब्याप्टिस्ट वा अरू जस्ता नामले चिनिन्छ। मण्डलीहरू बीचको भिन्नता सामान्यतया विधर्मी हुँदैन, र ती भिन्नताहरूको कारण कुनै पनि व्यक्तिलाई पापी भन्नु हुँदैन।

मण्डलीका सदस्यहरूले सँगै आराधना गर्न र सेवकाईमा सहयोग गर्न सक्षम हुनको लागि सिद्धान्तको विवरणमा सहमति हुन आवश्यक छ। त्यसैले, मण्डलीले आफ्ना सदस्यहरूलाई आफ्नो सैद्धान्तिक भनाइलाई समर्थन गर्नुपर्ने हुन सक्छ। तिनीहरूले ख्रीष्टियन हुनको लागि कुनै पनि व्यक्तिले आफ्ना सिद्धान्तहरूमा विश्वास गर्नैपर्छ भनेर भन्नुहुँदैन, तर त्यस विशेष स्थानीय मण्डलीसँग एकतामा रहनको लागि हो।

यदि कुनै व्यक्तिले कुनै खास मण्डलीका सिद्धान्तहरूमा विश्वास गर्दैन भने, त्यस मण्डलीले उसलाई सदस्यको रूपमा लिन इन्कार गर्नु उचित कुरा हुनेछ। यदि कुनै सदस्यले मण्डलीको सिद्धान्त विपरीत सिद्धान्तहरू सिकाउँछ वा तर्क गर्छ भने, उसलाई मण्डली सदस्यताबाट हटाउन सकिन्छ।

यदि ईसाई धर्मको लागि आवश्यक नभएको सैद्धान्तिक भिन्नताका कारण कुनै पनि सदस्यलाई हटाइयो भने, यो कार्य मण्डलीको अनुशासनको कार्य जस्तो होईन किनभने यो विधर्म वा स्पष्ट पापको कारण होइन। मण्डलीले त्यो व्यक्तिलाई ख्रीष्टियन होइन भनेर भन्न हुँदैन किनभने उसले सदस्यताको लागि आवश्यकताहरू पूरा गरेको छैन भन्ने होईन।

यदि कुनै मण्डलीमा सदस्यता आवश्यकताहरू छन् जसमा लुगाफाटा, मनोरञ्जन वा अन्य व्यवहार सम्बन्धी नियमहरू समावेश गरिएको छन् भने, त्यो सदस्यलाई ती आवश्यकताहरू पूरा गर्न इन्कार गरेमा हटाउन सकिन्छ। यो स्पष्ट पापको लागि मण्डलीको अनुशासनको रूपको जस्तै होइन। मण्डलीले त्यो व्यक्ति ख्रीष्टियन होइन भनेर भन्न हुँदैन किनभने ऊ मण्डलीको सदस्यता आवश्यकताहरू प्रति प्रतिबद्ध हुन इच्छुक छैन।

► कुनै-कुनै मण्डलीले राख्ने र अरूले नराख्ने सदस्यता आवश्यकताका केही उदाहरणहरू के-के हुन्?

> "पवित्र धर्मशास्त्रमा मुक्तिको लागि आवश्यक पर्ने सबै कुराहरू समावेश छन्। बाइबलमा समावेश नगरिएका र त्यसबाट प्रमाणित हुन नसक्ने कुनै पनि कुरालाई, विश्वासको लेख वा मुक्तिको आवश्यकता बनाउनु हुँदैन।"
>
> - *इंग्ल्याण्डको मण्डलीको धर्मका लेखहरू* बाट अनुकूलित

## अगुवापन र सहभागिताको आराधना

मण्डलीको आराधना सेवाहरू सामान्यतया जो कोहीका लागि पनि खुला हुनुपर्छ। मानिसहरूलाई भ्रमणको लागि निम्तो दिनुपर्छ।

नशालु व्यक्ति जस्तै विध्वंसकारी व्यवहार भएको व्यक्तिलाई मण्डलीले प्रवेश गर्न अनुमति नदिन सक्छ। मण्डलीले अपमानजनक र अशोभनीय पहिरन लगाएको व्यक्तिलाई पनि भित्र पस्न अनुमति नदिन सक्छ। तथापि, खराब पहिरन लगाएका कारण वा मण्डलीको उचित व्यवहारबारे थाहा नभएको कारण मानिसहरूलाई बहिष्कृत गर्न नहुने कुरा चाहिँ महत्त्वपूर्ण छ। मानिसहरूले आफूसँग राम्रो लुगा नभएको कारणले मण्डलीमा जान सकिंदैन भन्ने महसुस गर्ने अवस्था सिर्जना हुनु दुःखद कुरा हो।

यदि कुनै व्यक्तिले आराधना सेवामा आफ्नो व्यवहारले गर्दा अरुलाई बाधा पुर्‍याएको छ भने, पास्टर वा पास्टरले नियुक्त गरेको व्यक्तिले ऊसित कुरा गर्नुपर्छ। यदि उसले मिलेर काम गर्न इन्कार गर्छ भने, उसलाई सेवाहरूमा हुन अनुमति दिनु हुँदैन।

कहिलेकाहीं मण्डलीले कसैलाई सांगीतिक बाजा बजाउन वा गाउन अनुमति दिन्छ, यद्यपि उसको जीवन हेर्दा राम्रो उदाहरणको छैन। गायनको अगुवाई गर्ने वा मण्डलीको अगाडि सांगीतिक बाजा बजाउने जो कोहीले पनि मण्डलीको चरित्रको प्रतिनिधित्व गर्दछ। यदि उनी पापमा बाँचिरहेका छन् भने, मानिसहरूले सोच्छन् कि मण्डलीले उसलाई ख्रीष्टियनको रूपमा स्वीकारेको छ, यद्यपि उसले पाप गरिरहेको छ।

► आराधना सेवामा अगुवाइ गर्नेहरूका लागि मण्डलीमा कस्ता आवश्यकताहरू हुनुपर्छ?

## त्याग्नु पर्ने त्रुटिहरू

मण्डलीका मानिसहरूले मण्डलीमा भएको समस्याहरूको सामना गर्दा तीनवटा त्रुटिहरूलाई त्याग्नु पर्छ।

### (१) अस्थिरता

केहि पापहरू अरू पापको तुलनामा गम्भीर देखिन्छन्। कहिलेकाहीं भिन्नता सांस्कृतिक अनुमानहरूको कारण हुन्छ। कुनै-कुनै पापहरूलाई कडाइका साथ सामना गर्ने तर अरूलाई सहने प्रवृति मण्डलीमा हुन सक्छ। परमेश्वरले मण्डलीलाई धर्मशास्त्रीय सत्यताको पक्षमा खडा हुन आह्वान गर्नुहुन्छ तर केवल संस्कृतिको मूल्यमान्यताको पक्षमा होईन।

मण्डलीका विभिन्न व्यक्तिहरूसित मण्डलीहरूले गर्ने व्यवहारमा पनि विसंगति छ। यदि कोही व्यक्ति प्रभावशाली परिवारको हो भने, अगुवाहरूले उसलाई गर्ने व्यवहारमा अझ बढी होसियारका साथ व्यवहार गर्ने हुन सक्छन्; तर बाइबलले हामीलाई तिनीहरूको हैसियतको कारण ति मानिसहरूको पक्ष लिई कृपा नगर्न चेतावनी दिन्छ (याकूब २:१-९)।

### (२) अधैर्य

कहिलेकाहीं मण्डलीका मानिसहरूले कुनै समस्या चाँडै समाधान हुन सकिरहेको छैन भन्ने सोच्छन्। तिनीहरूले विभिन्न मानिसहरूलाई समस्याको बारेमा कुरा गर्न सुरु गर्छन, यद्यपि मण्डली भन्दा बाहिरका मानिसहरूलाई समेत कुरा गर्न थाल्छन्। अगुवाहरूले तिनीहरु समस्याको सामना नगरेको तिनीहरूको गुनासो छ। यसले मण्डलीका लागि नयाँ समस्याहरू खडा गर्छ र मण्डलीको प्रभावलाई चोट पुर्याउँछ।

### (३) प्रेमको अभाव

कोही-कोही मानिसहरू अरूमा दोषहरू खोजेर देखाउनको लागि खुसी हुन्छन्। तिनीहरूले गलत कामको प्रतिबेदनलाई तुरुन्तै विश्वास गर्छन्। तिनीहरूले अरूहरुलाई बुझ्ने कोसिस नगरी कडाइका साथ न्याय गर्छन्। तिनीहरू मण्डलीका सदस्यहरूको पापको निम्ति दुःखी हुँदैनन्। नराम्रो समाचार सुनाउन पाउँदा तिनीहरू खुसी छन्। ति कार्यले मण्डलीको गवाहीमा भएको हानिको बारेमा तिनीहरूलाई कुनै पछुतो छैन।

प्रत्येक पास्टर र शिक्षकले अरुको कुरा काट्ने पापको विरुद्धमा बोल्नुपर्छ। उसले आफ्ना जनहरूलाई अरुको कुरा काट्ने कार्यलाई घृणा गर्न र त्यो सुन्न इन्कार गर्न सिकाउनु पर्छ।

यदि कुनै मानिसले परमेश्वर, मण्डली र ख्रीष्टमा भएका आफ्ना भाइबहिनीहरूलाई प्रेम गर्छ भने, उसले पापलाई एउटा दु:खान्त घटनाको रूपमा हेर्नुपर्छ। उसले पापको प्रतिबेदन सत्य होइन भनेर आशा गर्नुपर्छ। यदि यो साँचो हो भने, उसले पापीलाई पुनर्स्थापित भएको हेर्न चाहनुपर्छ। उसले मण्डलीलाई हानि हुन नदिन मदत गर्नुपर्छ। उसले आवश्यकता भन्दा बढी समाचार फैलाउने कार्य गर्ने छैन।

## सात सारांश भनाईहरु

१. मण्डलीको अनुशासन भनेको मण्डलीको एकतालाई जोगाउने, सत्यताको पक्षमा उभिने, भक्त विश्वासीहरूलाई गलत प्रभावबाट जोगाउने, र पाप गर्ने सदस्यलाई मुक्ति र संगतिमा फर्काउने चौखण्ड उद्देश्यसहित पापप्रति उद्देश्यपूर्ण प्रतिक्रिया हो।

२. पाप गर्ने र पश्चात्ताप नगर्ने सदस्यलाई मण्डलीले विश्वासी ठान्नु हुँदैन।

३. मण्डलीको अनुशासनको उद्देश्य दण्ड होइन, तर सुधार र पुनस्थापना हो।

४. मण्डलीले आफ्नो विशिष्ट सिद्धान्त र सदस्यताको आवश्यकतासँग असहमत हुने प्रत्येक व्यक्तिलाई पापी ठान्नु हुँदैन।

५. पुनस्थापनाका चरणहरू स्वीकारोक्ति, अलग, जवाफदेहिता र पुष्टिकरण हुन्।

६. पुनस्थापनागर्न समय लाग्छ किनभने सदस्यले आफ्नो पापको असरबाट मुक्त हुनुपर्छ, बलियो आत्मिक अनुशासन निर्माण गर्नुपर्छ र स्थिर ख्रीष्टियन जीवन प्रदर्शन गर्नुपर्छ।

७. मण्डलीले अस्थिरता, अधैर्य र प्रेमको अभावबाट सुरक्षा दिनुपर्छ।

## पाठ १२ को कार्यभारहरु

१. पाठ १२ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. लेखन कार्यभार: तलका धर्मशास्त्रका सन्दर्भहरू विद्यार्थीहरू बीच बाँडफाँड गरिदिनु पर्दछ। प्रत्येक विद्यार्थीले यस पदले हामीलाई के गर्न भन्छ भनेर व्याख्या गर्दै एउटा अनुच्छेद लेख्नुपर्छ।

- १ तिमोथी ५:१३
- तीतस *२:३*
- गलाती ५:१५, २६
- गलाती *६:१*
- कलस्सी *३:८-९*
- कलस्सी *३:१२-१५*
- फिलिप्पी *४:८*
- एफिसी *४:२९-३२*

# पाठ १३
# ख्रीष्टियन अगुवाको चरित्र

## ख्रीष्टियन अगुवापनको चुनौती

यस पाठमा हामीले अध्ययन गर्ने धर्मशास्त्र विशेष गरी पास्टरहरु र डिकनहरूमा लागू हुन्छ, त्यसै गरि मण्डलीका अन्य अगुवाहरूमा पनि लागू हुन्छ। जसले कक्षामा पढाउछ, घरेलु मण्डलीको अगुवाई गर्छ, वा आराधनाको सेवा अगुवाई गर्छ, ति कुनै पनि व्यक्ति एक अगुवा हो। ती व्यक्तिहरू मण्डलीद्वारा अनुमोदित भनेको व्यक्तिको उदाहरण हुन्। त्यसकारण, यो महत्त्वपूर्ण छ कि तिनीहरू ख्रीष्टियन चरित्र भएको राम्रो उदाहरण हुन्।

अगुवाको व्यक्तिगत चरित्र उसको प्राकृतिक क्षमता भन्दा बढी महत्त्वपूर्ण हुन्छ। परमेश्वरले ख्रीष्टियन अगुवालाई आफ्नो सेवकाईको लागि आवश्यक क्षमताहरू दिनुहुन्छ।

► एक बिद्यार्थीले समूहको लागि १ तिमोथी ३:१-७ पढ्नुपर्छ।

यदि कुनै व्यक्तिसँग ठिक मनसाय छ भने उसले पास्टरको पदको चाहना गर्नु गलत होइन। यदि उसले आदर र अधिकार वा आर्थिक लाभ कमाउने अवसर चाहन्छ भने, ऊसँग पास्टरको हृदय छैन। उसले सेवा गर्ने मौकाको इच्छा गर्नुपर्छ।

पास्टर र डिकनहरूको योग्यताको बारेमा हामीसँग धर्मशास्त्रका दुई खण्डहरू छन्। ती कुराहरू प्रेरित पावलले तिमोथी र तीतसलाई लेखेका थिए। तिमोथी एफिससका मण्डलीहरूमाथि थिए; तीतस क्रेटका मण्डलीहरूमाथि थिए। तिनीहरूले प्रत्येक स्थानीय मण्डलीका लागि पास्टरहरू नियुक्त गर्ने काम गर्थे।

मण्डलीको पहिलो पुस्तामा एक जना मानिस पास्टर हुनको लागि कस्तो थियो भनेर कल्पना गरम त! उनीसँग शैक्षिक तालिम पनि थिएन। उसले अध्ययन गर्नका लागि सेवकाई सम्बन्धी कुनै पुस्तकहरू थिएन्। उसले अरू पास्टरहरूलाई अवलोकन गर्न मौका पाएनन्। मण्डली नयाँ भएकोले उसले लामो समयसम्म मण्डलीको जीवन अवलोकन गर्ने अवसर पनि पाएको थिएन। यहाँसम्म कि नयाँ नियमका अधिकांश भागहरू पनि लेखिएका थिएनन्।

पावलले तिमोथीलाई आफ्ना जनहरूको आदर कसरी प्राप्त गर्ने भनेर बताए। उनले उनलाई एक उदाहरणको बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा (१ तिमोथी ४:१२) हुन भने। पास्टरले आदरको माग गरेर आदर प्राप्त गर्दैन।

► पास्टरले कसरी आदर कमाउन सक्छन्?

प्रेरितले तिमोथी र तिनतसलाई पास्टरहरूको योग्यताबारे बताए। प्रायजसो योग्यताहरूले विशेष क्षमताको सट्टा ख्रीष्टियन चरित्र र परिपक्वतालाई बुझाउँछ। तसर्थ, हरेक ख्रीष्टियनलाई यी गुणहरू विकास गर्न प्रोत्साहन दिनुपर्छ।

## पास्टरहरुको योग्यताहरु

### (१) दोष लगाउन नसक्ने

पास्टरले गलत काम गरेर दोषी हुनु हुँदैन। पास्टरले अरूलाई ठिक काम गर्न डोऱ्याउन सक्दैनन् यदि उसले ठिक काम गरिरहेको छैन भने। पास्टर एक तेस्तो व्यक्ति हुनुपर्छ जसले समयको दौडानमा स्थिर ख्रीष्टियन जीवन देखाएको छ। यो आवश्यक छ ताकि मण्डलीले उसलाई विश्वास गर्न सकोस् र समुदायमा राम्रो गवाही दिन सकोस्।

### (२) एउटै पत्नीका पति

संसारका धेरै भागहरूमा, बहुविवाह सामान्य चलन भएको छ। परमेश्वरको योजना एक पुरुषको लागि एउटै पत्नी भएको हो। पास्टरहरूले उदाहरण बसाल्ने छन्।

### (३) संयमी

पास्टरले आफ्नो सेवकाई प्रति गम्भीर हुनैपर्छ। उनी असाध्यै छिटो निर्णय गर्ने आवेगपूर्ण व्यक्ति हुनुहुँदैन। उसले महत्त्वपूर्ण विषयहरूबारे शान्तिपूर्वक सोच्न सक्नुपर्छ। व्यक्तिगत चासो, मनोरञ्जन वा परिक्षामा परेर उसले आफ्नो मनलाई विचलित हुन दिनुहुँदैन।

### (४) सम्मानित

पास्टरको व्यवस्थित व्यवहार हुनुपर्छ। उसले अनुचित हुने कुनै पनि तरिकाको व्यवहार गर्नु हुँदैन। आफूले सेवा गर्ने ठाउँको रीतिरिवाजप्रति मान गर्ने र श्रद्धा देखाउन उसले सिक्नुपर्छ।

> "सुसमाचारको प्रचार, सेवकाइको कार्यालयसँग सम्बन्धित पास्टररिय हेरचाहको साथ, पापीहरूको ख्रीष्टमा रूपान्तरण र विश्वासीहरूको आत्मिक उन्नतिको लागि ईश्वरीय रूपमा स्थापित माध्यम भन्ने हो। त्यसैले परमेश्वरले आफ्ना अभिकर्ताहरू छानेर तिनीहरूलाई विशेष गरी आफ्नो सेवामा बोलाउनु एकदमै तर्क संगत छ।"
>
> - जोन मिली,
>
> *ख्रीष्टियन ईश्वरशास्त्र*

### (५) अतिथिसत्कार गर्ने

पास्टर अरूको आवश्यकता प्रति जवाफ दिने व्यक्ति हुनुपर्छ। उसमा साझा गर्नको लागि इच्छुक हुनुपर्छ। आफूले पहिलो चोटि भेटेका मानिसहरूप्रति पनि उनि मिलनसार र सहयोगी हुनुपर्छ।

### (६) सुयोग्य शिक्षक

पास्टरले सत्यतालाई व्याख्या गर्न सक्षम हुनुपर्दछ ताकि मानिसहरूले यसलाई राम्रो बुझ्न सकून्। उसले आफैलाई पढ्ने र सिकाउने जिम्मेवारी लिनुपर्छ।

### (७) मतवाला होइन

पास्टरले आफूलाई दाखमद्यबाट प्रभावित हुन दिनु हुँदैन। उसले रक्सीले असर परेको व्यक्तिजस्तो व्यवहार कहिल्यै गर्नु हुँदैन। यो नियम त्यस्तै प्रभाव पार्ने कुनै पनि अन्य पदार्थमा लागू हुनेछ।

### (८) रिसाहा होइन

पास्टरले बलप्रयोगको धम्कीले आफ्नो बाटो खोज्ने कोसिस गर्नु हुँदैन। आफूलाई ठेस पुऱ्याउनेलाई चोट पुऱ्याउन ऊ तयार हुनु हुँदैन ( २ तिमोथी २:२४-२५ पनि हेर्नुहोस्।)

▶ पास्टरले सही किसिमको रिस देखाउने उचित तरिका हरू के-के हुन् ?

### (९) धनको लोभ नगर्ने

संसारका मानिसहरूले आफूले भनेको कुरा फाइदाको लागि परिवर्तन गर्छन्। वकिल, विक्रेता, वा राजनीतिज्ञ जस्ता कुनै-कुनै पेसामा लागेका मानिसहरू मानिसहरूलाई प्रसन्न पार्न सत्यता परिवर्तन गर्न लालायित हुन्छन्। एक जना पास्टरपनि परीक्षामा पर्छन्, किनभने परमेश्वरको वचनको सत्यताले सबैलाई खुसी पार्दैन। पास्टरले सत्यता प्रति विश्वासयोग्य हुनै पर्छ चाहे त्यसले उसलाई आर्थिक रुपमा लाभ होस् वा नहोस्।

एउटा पास्टरले मण्डलीको सेवकाईलाई आर्थिक सहयोग गरेको हेर्न चाहनुपर्छ। उसले मण्डलीलाई आफ्ना सदस्यहरूको हेरचाह गर्ने परिवारको जस्तै काम गर्न अगुवाई गर्नुपर्छ, सधैं तिनीहरूले उसलाई के दिनुपर्छ भनेर सोच्नुको सट्टा।

### (१०) आफ्नो घर राम्ररी चलाउँछ

पास्टरको अगुवापनको क्षमता घरमा नै देखाउनुपर्छ। उसले आफ्ना छोराछोरीलाई नियन्त्रणमा राखेको हुनुपर्छ। यदि उसले आफ्नै घरलाई निर्देशित गर्न सक्दैन भने, उसले मण्डलीलाई निर्देशन दिन सक्दैन। यसमा वयस्क र उसको अधिकारबाट टाढा रहेका छोराछोरीहरु समावेश छैन किनभने तिनी अझै पनि तिनीहरूको लागि जिम्मेवार भएको छैन।

### (११) नयाँ विश्वासी होइन

यदि कुनै व्यक्तिलाई चाँडै अधिकारको ओहदामा राखियो भने, ऊ घमन्डले गर्दा परीक्षामा पर्नेछ। घमण्ड त्यो पाप हो जसले शैतानलाई पतन गरायो। पदोन्नति अनुभवको साथ बिस्तारै आउनुपर्छ।

▶ यदि कुनै व्यक्तिलाई तुरुन्तै ओहदामा राखियो र राम्रो काम गरेन भने कस्तो क्षति हुन्छ ?

### (१२) असल ठहरिन्छ

कुनै पनि मानिसलाई पास्टर नियुक्त गर्नु अघि मण्डली बाहिरका मानिसहरू माझ उसको राम्रो प्रतिष्ठा हुनुपर्छ। आफूले गर्ने हरेक कुरामा उ इमानदार र विश्वासयोग्य छ भनेर तिनीहरूले थाहा पाउनुपर्छ। यदि उ ख्रीष्टमा परिवर्तन हुनु अघि उसको प्रतिष्ठा खराब थियो भने, पास्टर हुनु अघि तिनलाई अझ राम्रो प्रतिष्ठा स्थापित गर्न समय चाहिन्छ।

> "सर्वशक्तिमान परमेश् वर, हाम्रा स्वर्गीय पिता, जसले तिमीहरूलाई यी सबै कुराहरू गर्ने असल इच्छा दिनुभएको छ, उहाँले तिमीहरूलाई पनि त्यसै गर्ने बल र शक्ति दिनुहोस्। त्यसैले, उहाँले तिमीहरूमा जुन असल काम सुरु गर्नुभएको छ, त्यो पूरा गर्नुभयो भने, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा तिमीहरू अन्तिम दिनमा सिद्ध र दोष रहित हुनेछौ। आमीन।"
> - "बिशपहरूको अभिषेक,"
> *साझा प्रार्थनाको किताब*

▶ एक बिद्यार्थीले समूहको लागि तीतस १:५-११ पढ्नुपर्छ।

तीतसमा पास्टरको लागि धेरै जसो योग्यताहरू सूचीबद्ध गरिएका कुराहरु पनि १ तिमोथीबाटको खण्डमा पनि सूचीबद्ध गरिएका छन्।

▶ तीतस को पदमा पास्टरका लागि थप कस्ता विशेषताहरू छन् ?

यस खण्डले पास्टरको झूटो शिक्षाको जवाफ दिन सक्ने क्षमतालाई जोड दिन्छ। पास्टरले आफ्नो मण्डलीको संरक्षक हुनुहुन्छ। उसले झूटा शिक्षाहरू र गलत प्रभावहरूको विरुद्ध होसियारि भई रक्षा गर्नुपर्छ। उनले आफ्ना जनहरूलाई सिकाउनुपर्छ ताकि तिनीहरूले आफ्ना सिद्धान्तहरूमा सुरक्षित हुन सकून्। तिनी हरेक व्यक्तिहरूलाई आत्मिक खतराको बारेमा चेतावनी दिन तयार हुनुपर्छ।

▶ यदि आफ्ना जनहरूले सामना गरिरहेको आत्मिक खतराहरूबारे पास्टरलाई थाह छैन भने के हुन्छ ?

पास्टरले साँचो शिक्षामा राम्ररी प्रशिक्षित हुनुपर्दछ र चित्तबुझ्दो तरिकाले व्याख्या गर्न सक्षम हुनुपर्दछ। यसको उद्देश्य झूटा सिद्धान्तमा लागेकाहरूलाई सच्याउनु हो, तर अझ महत्त्वपूर्ण कुरा, भक्त विश्वासीहरुको समूहलाई त्रुटितर्फ डोऱ्याउनदेखि जोगाउनु हो।

## डिकनहरूको योग्यताहरु

► एक बिद्यार्थीले समूहको लागि प्रेरित ६:१-६ पढ्नुपर्छ। यस खण्डमा कुन समस्याको वर्णन गरिएको छ ?

पेन्तिकोसको केही समयपछि पहिलो डिकनहरू नियुक्त भए। प्रेरितहरूले प्रार्थना र प्रचारमा ध्यान केन्द्रित गर्नुपर्थ्यो। मण्डलीको प्रबन्धको विवरण तयार पार्न सात जना मानिसहरूलाई नियुक्त गरियो। डिकनले पास्टरलाई सेवकाईको विवरण दिन मदत गर्छ। डिकन प्रचारक हुन सक्छ, तर यो आवश्यक छैन।

► प्रथम डिकनहरूको योग्यताहरु के के थियो ?

प्रथम डिकनहरूको योग्यता यो थियो कि तिनीहरूसँग इमानदारीको लागि प्रतिष्ठा छ र पवित्र आत्मा र बुद्धिले भरिएको छ। तिनीहरूले मण्डलीको लागि पैसाको प्रबन्ध गरिरहेका हुने थिए, त्यसैले इमानदारीको लागि प्रतिष्ठा आवश्यक थियो। तिनीहरूको कामले मण्डलीमा आत्मिक प्रभाव पार्ने थियो, त्यसैले तिनीहरको डोऱ्याइ, अभिषेक र पवित्रता पाउन तिनीहरूले पवित्र आत्माले भरिनु आवश्यक थियो। तिनीहरूले थुप्रै कठिन परिस्थितिहरूको सामना गर्न सक्थे, त्यसैले बुद्धि महत्त्वपूर्ण थियो।

प्रेरित पावलले डिकनहरूको लागि केही योग्यताहरू सूचीबद्ध गरे।

► एक बिद्यार्थीले समूहको लागि १ तिमोथी ३:८-१३ पढ्नुपर्छ।

### (१) गम्भीर

डिकन परिवार, साथीभाइ, र समुदायसितको सम्बन्धमा आदरणीय व्यक्ति हुनुपर्छ।

### (२) दुई-जिब्रे होइन

डिकन आफूले भनेका सबै कुरामा भरपर्दो व्यक्ति हुनुपर्छ। उसले मण्डलीमा मानिसहरूको बारेमा आलोचना सुन्नेछ र मण्डलीका समस्याहरूबारे धेरै विचारहरू सुन्नेछ। ऊ तेस्तो व्यक्ति हुनुपर्छ जो इमानदार छ।

### (३) बढ़ी मद्य पिउने होइन

डिकन रक्सीले प्रभावित भएको व्यक्ति हुनुहुँदैन। तिनको व्यवहार आदरणीय र स्थिर हुनुपर्छ।

### (४) धनको लोभी होइन

मण्डलीको लागि पैसाको प्रबन्ध गर्न र मण्डलीका मानिसहरूको आवश्यकताहरु पूरा गर्न डिकन जिम्मेवार हुनेछ। उसको सेवकाईबाट आफूलाई लाभ उठाउन खोज्नको लागि प्रयास गर्ने व्यक्ति हुनुहुँदैन।

### (५) विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्छ

जब कुनै व्यक्ति पापमा फस्छ, उसले अक्सर गलत सिद्धान्तमा विश्वास गर्न थाल्छ। यदि कोही व्यक्ति आत्मिक विजयमा बाँच्दछ भने, उसले साँचो सिद्धान्त धारण गर्ने सम्भावना बढी हुन्छ।

**(६) पहिले तिनीहरूको जाँच पनि होस्**

कुनै व्यक्तिलाई डिकनको ओहदा दिनु अघि, उसले सेवकाईमा आफू बुद्धिमान् र भरपर्दो छु भनेर देखाउने मौका पाउनुपर्छ। बुद्धिमान् अगुवाहरूले मानिसहरूलाई कुनै अधिकारको ओहदा दिनु अघि सेवा गर्ने मौका दिनेछन्।

► अधिकारको ओहदा मण्डलीबाट नदिएको भए पनि मण्डलीको सेवकाईमा मदत गर्न सक्ने केही उदाहरणहरू के-के हुन् ?

**(७) स्त्रीहरू विश्वासयोग्य हुनुपर्छ**

डिकनको पत्नीले अरुको कुरा गर्दै हिड्दा डिकनको सेवकाईलाई हानि पुग्छ र यो ख्रीष्टियनको राम्रो उदाहरण होइन।

**(८) आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने**

पास्टरले जस्तै, डिकनले पनि आफ्नो घर राम्ररी सम्हाल्न सक्नुपर्छ।

## प्रतिबद्ध समूहको प्राथमिकता

मण्डली विश्वासीहरूको एउटा समूह हो जसले परमेश्वर र एक-अर्काप्रति प्रतिबद्धता बनाएका हुन्छन्, स्थानीय मण्डलीको मिशन पूरा गर्ने उद्देश्यले सङ्गठित भएका छन्। सेवकाईलाई सफल बनाउनको लागि काम र स्रोतहरू त्यही समूहबाट आउँछन्। त्यो समूह बिना, त्यहाँ कुनै मण्डली छैन।

एक अपरिचित व्यक्ति जो व्यवसायको ठाउँमा हिंड्छ त्यो महत्त्वपूर्ण छ किनभने ऊ एक सम्भावित ग्राहक हो। त्यसैगरि, मण्डलीमा आउने आगन्तुक महत्त्वपूर्ण छ किनभने ऊ प्रतिबद्ध समूहको सम्भावित सदस्य हो। व्यवसायको लागि सबैभन्दा महत्त्वपूर्ण व्यक्ति त्यो व्यक्ति हो जो नियमित ग्राहक हो। मण्डलीमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति त्यो हो जो मण्डलीप्रति प्रतिबद्ध छ।

त्यसकारण, मण्डलीका कर्मचारीहरूले प्रतिबद्ध समूहको सेवा गर्नुपर्छ। प्रत्येक पास्टर र शिक्षकले समूहका सदस्यहरूको सेवा गर्ने र समूहमा सामेल हुन धैरै भन्दा धैरै मानिसहरूलाई आकर्षित गर्ने उद्देश्य राख्नुपर्छ। जब मानिसहरूले उद्धार पाउँछन् र मण्डलीमा प्रतिबद्ध हुन्छन्, वा जब पहिल्यै उद्धार पाइसकेका मानिसहरूले समूहप्रति प्रतिबद्ध हुन आवश्यक छ भन्ने महसुस गर्छन्, तब समूहको संख्या बढ्दै जान्छ। मण्डलीका कर्मचारीहरूले समूहका आवश्यकताहरू अध्ययन गर्नुपर्छ र चेलापन, आत्मिक निर्देशन, सेवकाईको तालिम र सङ्गतिको लागि रुपहरू प्रदान गर्नुपर्छ। तिनीहरूले समूहमा भएकाहरूको सबै आवश्यकताहरू पूरा गर्न सँगै काम गर्न समूहलाई मार्गदर्शन गर्नुपर्छ।

**विश्वासको परिवारको रूपमा, मण्डलीले मानव स्रोतहरू प्रतिबद्ध गर्दछ र संगतिमा रहेकाहरूको लागि सबै प्रकारका आवश्यकताहरू पूरा गर्न ईश्वरीय स्रोतहरू फेला पार्छ, जीवनको हरेक पक्षमा परमेश्वरको बुद्धि संसारलाई प्रदर्शन गर्दछ र मुक्ति नपाएकाहरूलाई परिवर्तन हुन र परिवारमा प्रवेश गर्न निमन्त्रणा दिन्छ।**

► मण्डलीका अगुवाहरूले एक अर्काप्रति प्रतिबद्ध हुने विश्वासीहरूको समूह विकास गर्ने प्राथमिकता पाउदा कस्तो देखिनेछ ?

## मण्डलीको आत्मिक प्राथमिकता

यद्यपि मण्डलीको लागि आर्थिक मामिलाहरू आवश्यक भए तापनि (पास्तरहरूको सहयोग, मण्डलीको हेरचाह र अन्य स्थानीय सेवकाईहरूको लागि), मण्डलीले मुख्यतया सुसमाचार प्रचारमा र चेलापनको आत्मिक प्राथमिकताहरूमा ध्यान केन्द्रित गर्नुपर्छ। पास्टर मुख्यतया आत्मिक अगुवा हुनुपर्छ। यसको अर्थ पास्टरले व्यवसाय व्यवस्थापनको अत्यधिक बोझ बोक्नु हुँदैन। आदर्श भनेको मण्डलीका सदस्यहरूको लागि रोजगार वा व्यवसायहरू हुनु हो जसबाट तिनीहरूले दशांश दिन्छन्। मण्डलीले सञ्चालन गर्ने व्यवसायको लागि, विश्वासयोग्य डिकनहरूले धैरै जिम्मेवारी वहन गर्नुपर्छ। प्रेरितहरू प्रार्थना र वचनको सेवकाईमा समर्पित हुन सकून् भनेर पहिलो डिकनहरू नियुक्त गरिएका थिए (प्रेरित ६:२-४)।

## राम्रोसँग नेतृत्व गर्ने पास्टरका गुणहरू

► प्रत्येक बुँदाको महत्त्वबारे छलफल गर्नुहोस्, र "थो गुण किन महत्त्वपूर्ण छ ?"भन्ने प्रश्नबाट सुरु गर्नुहोस्।

१. उनको वफादारी अन्य संगठनहरूमा विभाजित छैन।
२. उसले सेवकाईको टोली बनाउन र अरूको क्षमता प्रयोग गर्न इच्छुक हुनुहुन्छ।
३. उसले आफ्नो मण्डलीलाई आत्मिक परिवारको रूपमा जीवन बिताउन डोऱ्याउने छ र सबै आवश्यकताहरूप्रति चिन्तित हुनेछ।
४. उसले व्यक्तिगत लाभको लागि भन्दा पनि परमेश्वर र मानिसहरूप्रतिको प्रेमले गर्दा आफ्नो मण्डलीको सेवा गर्नेछ।
५. आराधना, सुसमाचार प्रचार र आत्मिक उन्नति जस्ता आत्मिक प्राथमिकताहरू उसको सेवकाईको केन्द्रबिन्दु हुन्।
६. उसँग आफ्ना जनहरूको भरोसा र आत्मविश्वास छ।
७. उसले मण्डलीलाई आफ्नो हुने भन्दा नि स्थायी संस्थाको रूपमा निर्माण गर्न इच्छुक छ।
८. उसले मण्डलीलाई परिपक्वतातर्फ डोऱ्याउने छ, आवश्यकताहरू पूरा गर्ने दशांश र संगति सिकाउनुहुन्छ।
९. उ पैसाको प्रयोग लगायत सबै कुरामा इमानदार हुन्छ।
१०. उसले पैसा र कर्मचारीहरूलाई राम्रोसँग व्यवस्थापन गर्ने क्षमता देखाउँछन्।

## सेवकाई परियोजनाको अगुवाका गुणहरू

मण्डलीद्वारा सञ्चालित उद्यमको अगुवाई गर्न छानिएका व्यक्तिमा यी गुणहरू हुनुपर्छ। मण्डलीका अगुवाहरूले मण्डलीको जिम्मेवारीमा सहयोग गर्न सक्ने सदस्यहरूमा यी गुणहरू विकास गर्न र अगुवापनको टोलीमा थप्न काम गर्नुपर्छ।

► प्रत्येक बुँदाको महत्त्वबारे छलफल गर्नुहोस्, र "थो गुण किन महत्त्वपूर्ण छ ?"भन्ने प्रश्नबाट सुरु गर्नुहोस्।

१. उनी उपस्थिति, दशांश र सहभागितामा स्थानीय मण्डली प्रति विश्वासयोग्य छन् र उसँग विश्वसनीय ख्रीष्टियन गवाही छ।
२. उसले पहिले नै स्थानीय मण्डलीमा आफ्नो प्रयास र जोश लगानी गर्दैछन्।
३. उनीसँग पूर्ण इमानदारी र नैतिकताको उच्च भावना छ।
४. उसले पहिले नै आफ्नो सबै भन्दा राम्रो गर्न पहल र प्रेरणा देखाउँछन्।
५. उनी व्यक्तिगत रूपमा अनुशासित, आत्म-प्रेरित र निरन्तर सुधार गरिरहेका छन्।
६. उसले अरूको निर्देशनमा काम गर्ने क्षमता मात्र होइन, अरूलाई सङ्गठित गर्ने र डोऱ्याउने क्षमता पनि उसले प्रदर्शन गर्छ।
७. उनीसँग परियोजनामा आफ्नो भूमिकाको लागि आवश्यक क्षमता छ।

## सात सारांश भनाईहरु

१. अगुवाको व्यक्तिगत चरित्र उसको प्राकृतिक क्षमता भन्दा बढी महत्त्वपूर्ण हुन्छ।
२. कुनै पनि व्यक्तिले अगुवा बन्नु अघिको समयको आवादीको लागि ख्रीष्टियन गुणहरू देखाउनै पर्छ।
३. मण्डलीमा जिम्मेवारी पाएको व्यक्ति चाहिँ मण्डलीको चरित्रको एउटा उदाहरण हो।
४. मण्डलीको पास्टरीय सहयोग, मण्डलीको हेरचाह र अन्य स्थानीय सेवकाईहरूको लागि आर्थिक व्यवस्थापन आवश्यक छ।
५. मण्डलीले मुख्यतया सुसमाचार प्रचार र चेलापनको आत्मिक प्राथमिकताहरूमा केन्द्रित हुनुपर्छ।
६. मण्डलीका अगुवाहरूले मण्डलीप्रति प्रतिबद्ध मानिसहरूको समूह विकास गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ।
७. मण्डलीलाई भक्त विश्वासीहरुको सम्बन्धित हुने गरि स्थायी संस्थाको रूपमा स्थापित गर्नुपर्छ।

## पाठ १३ को कार्यभारहरु

१. पाठ १३ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. लेखन कार्यभार: इजकिएल ३४:१-१० अध्ययन गर्नुहोस् र यस पदको सन्देशलाई संक्षेप हुने गरि केही वाक्यहरू लेख्नुहोस्।

# पाठ १४

# आत्मिक वरदानहरु

**आत्मिक वरदानहरुको परिभाषा**

आत्मिक वरदान भनेको विश्वासीलाई पवित्र आत्माद्वारा मण्डलीको सेवकाईमा प्रयोग गर्नको लागि दिइएको क्षमता हो। यो विश्वासीमार्फत आत्माको काम हो, तैपनि विश्वासीले आफ्नो वरदानलाई कसरी प्रयोग गर्छ र यसलाई अनुचित तरिकाले प्रयोग गर्न सक्छ भन्ने निर्णय आफै गर्छ। आत्मिक वरदान प्राकृतिक क्षमताको जस्तै उस्तै होइन, तर वरदानहरू प्राकृतिक क्षमतासँग मिल्दोजुल्दो हुन सक्छन् र यसलाई सजिलै छुट्याउन सकिंदैन।

## आत्मिक वरदानहरूको सूचीकरण

आत्मिक वरदानहरू र सेवकाईको भूमिकाहरू नयाँ नियममा धेरै ठाउँमा सूचीबद्ध गरिएको छ। सूचीहरू उस्तै उस्तै छन् तर समान छैनन्। बाइबलले हामीलाई सबै आत्मिक वरदानहरूको सूची दिंदैन।

► एक बिद्यार्थीले समूहको लागि एफिसी ४:७-१२ पढ्नुपर्छ।

पद ७-८ ले हामीलाई बताउँछ कि परमेश्वरको अनुग्रह प्रत्येक व्यक्तिलाई आत्मिक वरदानको रूपमा दिइएको छ। प्रेरितले मुक्तिको अनुग्रहको बारेमा कुरा नगरेको जस्तो देखिन्छ, किनकि पद ११ मा तिनले परमेश्वरले दिनुभएको सेवकाईका थुप्रै भूमिकाहरू उल्लेख गरेका छन्।

परमेश्वरले मानिसहरूलाई विशेष सेवकाईमा बोलाउनुहुन्छ र तिनीहरूलाई आवश्यक पर्ने आत्मिक वरदानहरू दिनुहुन्छ। पावलले १ कोरिन्थी को पुस्तकमा आफुले गरेको जस्तै आत्मिक वरदानहरूको सूची दिनुको साटो, केही सेवकाईहरूको सूची दिए। सूचीबद्ध सेवकाईको भूमिकाहरू प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, मण्डलीका पास्टरहरू, र शिक्षकहरू हुन्। निस्सन्देह, यो सबै सेवकाईको भूमिकाहरूको पूर्ण सूची हुन भन्ने अर्थको लागि होइन।

### प्रेरितहरू

येशूको पार्थिव सेवकाई पछि मण्डली विस्तार गर्नको लागि प्रेरितहरूलाई विशेष गरी छानिएको थियो। तिनीहरू आफ्नो सेवकाईमा आश्चर्यकर्महरूको लागि चिनिन्थे (२ कोरिन्थी १२:१२)। तिनीहरू सबैले येशूलाई उहाँको पार्थिव सेवकाईको दौडान व्यक्तिगत रूपमा चिनेका थिए (१ कोरिन्थी ९:१, प्रेरित १:२१-२२)।

प्रकाश को पुस्तकमा, हामी पढ्छौं कि शहरका बाह्र जगहरूले बाह्र प्रेरितहरूको प्रतिनिधित्व गर्दछ, जसको अर्थ यो हो कि तिनीहरू मण्डलीको इतिहासमा अद्वितीय थिए (प्रकाश २१:१४)। बाह्र जना मात्र प्रेरितहरू छन् भनेर सङ्केत गर्ने अन्य पदहरू मत्ती १०:२ र प्रेरित १:२६ मा छ। यहूदा १७ ले प्रेरितहरू अतीतमा थिए भनेर बुझाउँछ। आज जीवित प्रेषितहरू यहाँ छैनन्।

**अगमवक्ताहरू**

केही मानिसहरूले अगमवाणी भविष्यका घटनाहरूको भविष्यवाणी हो भन्ने ठान्छन्, तर नयाँ नियमले प्रचारलाई अगमवाणीको रूपमा बुझाउँछ। पुरानो नियममा, अगमवाणीमा अक्सर भविष्यवाणी समावेश थियो, किनकि अगमवक्ताले आफ्नो सन्देश परमेश्वरबाट आएको हो भनेर प्रमाणित गर्ने एउटा तरिका यही थियो। पुरानो नियमको समयमा, प्राय बाइबलको धेरै भाग लेखिएको थिएन।

अगमवक्ता भनेको परमेश्वरबाट एउटा सन्देश प्राप्त गर्ने व्यक्ति हो, जसमा भविष्यवाणी समावेश हुन सक्छ वा नहुन पनि सक्छ। उसको सन्देश सधैं बाइबलका शिक्षाहरूसित मेल खानुपर्छ।

**प्रचारकहरू**

सुसमाचार प्रचारक एउटा त्यस्तो व्यक्ति हो जसले सुसमाचार व्यक्तिहरूलाई वा मण्डलीहरूलाई संचार गर्छ। प्रत्येक ख्रीष्टियनले सुसमाचार बाँड्नु पर्छ, तर कोही-कोही व्यक्तिहरु यस कामको लागि विशेष रूपमा वरदान पाएका हुन्छन्। एउटा पास्टरले आफ्नो सेवकाईको भागको रूपमा सुसमाचार प्रचार गर्नुपर्छ (२ तिमोथी ४:५)।

**मण्डलीका पास्टरहरू**

पास्टर भनेको प्रचारक मात्र होइन, तर मानिसहरूको एउटा खास समूहलाई आत्मिक हेरचाह गर्ने व्यक्ति पनि हो।

**शिक्षकहरू**

मण्डलीमा, शिक्षक त्यो व्यक्ति हो जसले अरूलाई बाइबलीय र आत्मिक सत्यताको व्याख्या गर्छ। प्रत्येक पास्टर एक शिक्षक हुनुपर्दछ (१ तिमोथी ३:२, तीतस १:९), तर अन्य व्यक्तिहरु जो पास्टरहरू होइनन् उनीहरूलाई पनि शिक्षक हुनको लागी वरदान दिइएको हुन्छ।

► एक बिद्यार्थीले समूहको लागि रोमी १२:६-८ पढ्नुपर्छ।

यहाँ प्रेरित भन्छन् कि कुनै पनि व्यक्तिले आफ्नो प्रयास र समयलाई विभिन्न प्रकारका सेवकाईमा छरपस्ट पार्नुको साटो, परमेश्वरले दिनुभएको वरदानसँग आफ्नो प्रयास केन्द्रित गर्नुपर्छ।

केही खास प्रकारका सेवकाईका लागि केही विशेष प्रोत्साहनहरू दिइएका छन्। उदाहरणका लागि, अगुवाई गर्ने व्यक्ति लगनशील हुनुपर्छ, आफूले चाहेको बेला मात्र अगुवाई गर्ने होईन, तर जिम्मेवारीहरू सधैं पूरा हुन्छन् भनेर पक्का गर्नुपर्छ। जसले दिन्छ उसले आफ्नो लागि ध्यान दिने तरिकाले गर्नु हुँदैन तर सरल तरिकाले दिनुपर्छ। तत्काल आवश्यकता परेका मानिसहरूलाई सहयोग गर्ने, दयालु कार्य गर्ने व्यक्तिले यो काम खुशीसाथ गर्नुपर्छ, झर्को मानेर होइन।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:२८ पढ्नुपर्छ।

पावलले यस पदमा सबै वरदानहरु वा सेवकाईको भूमिकाको पूर्ण सूची दिन चाहेका थिएनन् जस्तो देखिन्छ। उदाहरणका लागि, तिनले यस सूचीमा पास्टरहरूको नाम उल्लेख गरेनन्, यद्यपि तिनले तिनीहरूलाई एफिसीको सूचीमा उल्लेख गरे।

यस पाठमा पहिले नै प्रेरितहरू, अगमवक्ताहरू र शिक्षकहरूको बारेमा छलफल गरिसकेको छ।

कोही मानिसहरुलाई आश्चर्यकर्म र चङ्गाइको सेवकाईमा बोलाइएको हुन्छ। प्रत्येक विश्वासीलाई आश्चर्यकर्महरूको लागि प्रार्थना गर्ने सुअवसर छ, र परमेश्वरले विश्वासलाई जवाफ दिनुहुनेछ (याकूब ५:१५)। तथापि, केही विश्वासीहरूले परमेश्वरको इच्छा बुझ्ने र आश्चर्यकर्महरूको लागि विश्वासलाई अभ्यास गर्ने वरदान पाएका छन्।

कोही मानिससँग सहयोगको वरदान हुन्छ। तिनीहरूले अन्य मानिसहरूको तुलनामा आवश्यकताहरू छिटो देख्छन्। तिनीहरूले व्यक्तिगत आवश्यकताहरू वा मण्डलीको काममा मदत गर्ने अवसरहरूमा ध्यान दिन्छन्। तिनीहरूसँग विभिन्न व्यावहारिक क्षमताहरू छन्।

कसैलाई नेतृत्व गर्न र प्रशासन गर्न विशेष क्षमता दिइएको हुन्छ। धेरै मानिसहरू सोच्छन् कि अगुवाहरु सबैभन्दा महत्त्वपूर्ण व्यक्तिहरू हुन्, तर मण्डलीमा अन्य वरदानहरू बिना अगुवापन बेकार हुनेछ।

भाषाहरूको वरदान अन्तिममा सूचीबद्ध गरिएको छ। सायद प्रेरितले ती व्यक्तिहरूलाई सच्याउन चाहन्थे जसले यसलाई सबैभन्दा महत्त्वपूर्ण वरदान ठान्थे।

### पत्रुसबाटको सिद्धान्तहरू

प्रेरित पत्रुसले आत्मिक वरदानहरूबारे सबैभन्दा महत्त्वपूर्ण सिद्धान्तहरू बारे संक्षेपमा बताए।

► एक बिद्यार्थीले समूहको लागि १ पत्रुस ४:१०-११ पढ्नुपर्छ।

यी पदहरूमा हामीले आत्मिक वरदानहरूबारे कम्तीमा छवटा महत्त्वपूर्ण बुँदाहरू देख्न सक्छौं।

१. विश्वासीहरूलाई परमेश्वरले दिनुभएको आत्मिक वरदानहरू सुम्पिएको छ। त्यसकारण, तिनीहरूले तिनीहरूलाई व्यक्तिगत मालिकको रूपमा होइन तर परमेश्वरको लागि प्रयोग गर्न बाध्य छन्। हामी आत्मिक वरदानहरू प्रयोग गर्नको लागि परमेश्वरप्रति जवाफदेही छौं।

२. वरदानहरू अरूको लागि प्रयोग गर्नुपर्छ। तिनीहरू व्यक्तिगत पदोन्नति वा नाफाको लागि होइनन्।

३. परमेश्वरको अनुग्रह विविध छ। त्यहाँ एक ठूलो विभिन्न प्रकारका बरदानहरु छन्।

४. कुनै पनि व्यक्तिको बोली बाइबलसित मिल्दोजुल्दो हुनुपर्छ।

५. मानिसले सेवा गर्दा परमेश् वरको शक् तिमा भर पर्नुपर्छ।

६. सबै सेवकाईमा परमेश् वरको महिमा गर्ने लक्ष्य हुनुपर्छ।

### पावलबाटको सिद्धान्तहरू

कोरिन्थीको मण्डलीले थुप्रै आत्मिक वरदानहरू पाएको थियो। तिनीहरूमा केही असमझदारीहरू थिए, त्यसैले प्रेरित पावलले तिनीहरूलाई आत्मिक वरदानहरूबारे १ कोरिन्थी १२-१४ मा व्याख्या गरे।

धर्मशास्त्रका यी अध्यायहरूले हामीलाई आत्मिक वरदानहरूबारे थुप्रै सिद्धान्तहरू सिकाउँछन्। हामीले अध्ययन गर्नका लागि यहाँ केही सिद्धान्तहरू लेखिएका छन्।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:१-३ पढ्नुपर्छ।

**(१) *सैद्धान्तिक परीक्षाको सिद्धान्त:* आत्मिक अनुभवको मूल्यांकन हामीले जानेको सत्यताद्वारा गर्नुपर्छ।**

कोरिन्थीका विश्वासीहरू पहिले पनि मूर्तिपूजक थिए। मूर्तिहरू बोल्दैनन्, तर आत्माहरू बोल्छन्। थुप्रै धर्मका अनुयायीहरूले आत्माहरूको कार्यहरूको लागि आफैलाई खोल्छन्। कुनै पनि आत्मिक अनुभव राम्रो हुन्छ भन्ने तिनीहरूलाई लाग्छ। तिनीहरू मूर्खतापूर्ण अचेत अवस्थाहरु वा भावनात्मक उन्माद खोज्छन्। आत्माले तिनीहरूलाई पागल वा अश्लील तरिकामा बोल्न वा व्यवहार गर्न लगाए तापनि तिनीहरू आत्माको अधीनमा आउन पाउँदा खुसी हुन्छन्।

> "तैपनि आत्मामा बोल्ने हरेक मानिस अगमवक्ता हुँदैनन्, तर यदि ऊसित परमप्रभुको मार्ग छ भने मात्र। यसकारण उसकै चालबाट झूटा अगमवक्ता र अगमवक्ता पहिचान हुनेछन्।"
> \- *डिडाचे*
>
> (दोस्रो शताब्दीको मण्डलीबाट)

पवित्र आत्माद्वारा बोल्ने कुनै पनि व्यक्तिले येशूको बारेमा नराम्रो कुराहरू बोल्नेछैन भनेर प्रेरितले चेताउनी दिए। यदि दुष्ट आत्माले आराधना सेवा माथि नियन्त्रण लियो भने, त्यसले मानिसहरूलाई आफूले गर्ने र बोलेका कुराहरूद्वारा परमेश्वरको अनादर गर्नेछ। पवित्र आत्माले परमेश्वरको अनादर गर्ने तरिकामा डोऱ्याउनु हुनेछैन।

हामीले यो अलौकिक भएको कारणले आत्मिक गतिविधि राम्रो हो भनेर मान्नु हुँदैन। यहाँ गरिएको परीक्षा १ यूहन्ना ४:१-३ सँग तुलना गर्न सकिन्छ। यदि कुनै आत्माले परमेश्वरको वचनको विपरीत केही भन्यो भने, त्यो स्वीकार गरिनु हुँदैन।

► कुन धर्मले दुष्ट आत्माहरूलाई आराधकहरूलाई नियन्त्रण गर्न अनुमति दिन्छ ?

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:४-११ पढ्नुपर्छ।

**(२) *वरदानहरूको विविधताको सिद्धान्त:* पवित्र आत्माले प्रत्येक विश्वासीमा काम गर्नुहुन्छ, तर विभिन्न तरिकामा।**

एउटै पवित्र आत्माले विभिन्न तरिकामा काम गर्छ भन्ने कुरामा यी पदहरूले जोड दिन्छन्। उहाँले कसरी आत्मिक वरदानहरू वितरण गर्ने भनेर रोज्नुहुन्छ। प्रत्येक विश्वासीसँग कम्तीमा पनि एउटा आत्मिक वरदान हुन्छ। कसैसँग पनि सबै वरदान छैन।

एक जना सदस्यले आफ्नो वरदान शरीरलाई फाइदा पुऱ्याउन प्रयोग गर्नुपर्छ। परमेश्वरले तिनलाई आफ्नो फाइदाको लागि कुनै वरदान दिनुभएन।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:१२-२६ पढ्नुपर्छ।

**(३) *शरीरको सिद्धान्त:* प्रत्येक अंग महत्त्वपूर्ण छ, र प्रत्येक अंगलाई अरूको आवश्यकता छ।**

प्रेरितले मण्डलीका सदस्यहरूलाई भौतिक शरीरका अङ्गहरूसित तुलना गरे। तिनीहरूसँग विभिन्न क्षमता र उद्देश्यहरू छन्। शरीरको कुनै पनि अङ्गले यो सोच्नु हुँदैन कि ऊ शरीरमा हुनको लागि अर्को अङ्ग जस्तै हुनुपर्छ। उदाहरणका लागि, कानले शरीरमा हुनको लागि आँखा हुनुपर्छ भनेर सोच्नु हुँदैन। त्यहाँ एक निश्चित बरदान छैन कि एक व्यक्ति शरीरमा हुनुपर्छ।

कुनै पनि अङ्गले यो सोच्नु हुँदैन कि उसको बरदानको कारण उसलाई अन्य अङ्गहरूको आवश्यकता पर्दैन। शरीरले सबै अङ्गहरू बिना राम्रोसँग काम गर्न सक्दैन।

केहि बरदानलाई अरूको तुलनामा बढी ध्यान दिएको हुन्छ। मानिसहरू सोच्छन् कि केही बरदानहरू आत्मिक स्थितिको संकेत हो भनि ठान्छन्। परमेश्वरले वरदानहरू कसरी दिने भनेर निर्णय गर्नुहुन्छ, र वरदानको कारणले कुनै अन्तर्निहित स्थिति हुँदैन।

► प्रचार गर्ने व्यक्ति मण्डलीको भवन सफा गर्ने व्यक्ति भन्दा सधैं आत्मिक हुन्छ भन्ने सोचाइ राख्ने कोहि व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १२:२७-३१ पढ्नुपर्छ।

**(४) *सेवकाईको भूमिकाको सिद्धान्त:* परमेश्वरले प्रत्येक सदस्यलाई आफ्नो विशेष सेवकाई पूरा गर्न उसलाई आवश्यक पर्ने सबै कुरा दिनुहुन्छ।**

धर्मशास्त्रको यस खण्डले अध्याय १२ को सारांश दिन्छ। परमेश्वरले मानिसहरूलाई विभिन्न प्रकारका सेवकाइहरू पूरा गर्न बोलाउनुहुन्छ। सेवकाई भनेको कुनै व्यक्तिले आफ्नो पदोन्नतिको लागि प्रयोग गर्नु होइन, तर मण्डलीको सेवा गर्नु हो।

*तपाईंले १ कोरिन्थी १२:२९-३० मा भएको प्रश्नहरू पढ्नुपर्छ र कक्षाले त्यसको उत्तर दिनुपर्छ। उदाहरणका लागि, जब तपाई प्रश्न पढ्नुहुन्छ। "के सबै प्रेरितहरू हुन् ?" तब कक्षाले "होइन" भन्नुपर्छ।*

किनभने सेवकाईहरू फरक हुन्छन्, बरदानहरू फरक हुन्छन्। पावलले शृङ्खलाबद्ध तरिकामा प्रश्नहरू सोधे र प्रत्येकले "होइन" भन्ने उत्तरलाई सङ्केत गरे। हरेक विश्वासीबाट आशा गर्न सकिने कुनै वरदान छैन भनेर उसले स्पष्टसित भनिरहनु भएको छ।

एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १३ पढ्नुपर्छ।

**(५) *प्रेमको सिद्धान्त:* प्रेम अनन्तको प्राथमिकता हो, र आत्मिक वरदानहरू स्थायी हुँदैनन्।**

पहिलो तीन पदले ठूलो प्राकृतिक प्रतिभा, आत्मिक वरदान वा व्यक्तिगत बलिदानद्वारा प्रेमको कमीको क्षतिपूर्ति तिर्न सक्दैनौं भनेर देखाउँछ।

व्यक्तिगत परिक्षणको लागि, पद ४-७ मा प्रेमको ठाउँमा आफ्नो नाउँ राख्ने प्रयास गर्नुहोस् र यो कत्तिको उपयुक्त छ भनेर विचार गर्नुहोस्।

पद ११ परिपक्वताको आह्वान होइन। प्रेरितले हाम्रो पार्थिव जीवनलाई बाल्यकालसित तुलना गरे र स्वर्गको जीवनलाई वयस्कतासित तुलना गरे। कुनै दिन हामीलाई अहिले आवश्यक पर्ने कुराहरूको खाँचो पर्नेछैन। अगमवाणी र ज्ञानका वरदानहरू अहिले आवश्यक छन् किनभने हाम्रो बुझाई अपूर्ण छ। अनन्तकालमा, ती आत्मिक वरदानहरूको आवश्यकता पर्नेछैन र तिनीहरूलाई "बाल्यकालका तरिकाहरू"-झैं हटाइनेछ। विश्वास र आशा पनि कुनै दिन अनावश्यक हुनेछ किनभने सबै कुरा पूर्ण हुनेछ, तर प्रेम अझै पनि सर्वोच्च मूल्यको हुनेछ।

**१ कोरिन्थीको अध्याय १४ मा एउटा सिद्धान्तलाई जोड दिइएको छ: सञ्चारको सिद्धान्त।** यस अध्यायमा अन्य सत्यताहरू पनि सिकाइएको छ, तर प्रेरितले यस सिद्धान्तलाई धेरै पटक व्याख्या गरे र उदाहरण दिए।

**(६) *सञ्चारको सिद्धान्त:* सेवकाई सत्यताको सञ्चारमा बुझ्ने तरिकाले निर्भर गर्दछ।**

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १४:१-५ पढ्नुपर्छ।

**अरू भाषामा बोल्नुभन्दा प्रचार गर्नु महत्त्वपूर्ण छ।**

यस पाठमा पहिला बताएको अनुसार, अगमवाणी गर्नुको अर्थ भविष्यमा हुने घटनाहरूको भविष्यवाणी गर्नु मात्र होइन। अगमवाणी भनेको प्रचार गर्नु हो।

आज एक जना प्रचारकले बाइबलबाट प्रचार गर्न सक्छन् र आफ्नो सन्देश परमेश्वरबाट आएको हो भनेर देखाउन सक्छन्। त्यहाँ अझै पनि अलौकिक पक्ष छ किनभने परमेश्वरले प्रचारकलाई विशेष समझ दिनुहुन्छ र परिस्थितिहरूमा सत्यता लागू गर्नुहुन्छ।

जबसम्म मानिसहरूले बोलिने भाषा बुझ्दैनन् तबसम्म बोल्नुले कुनै फाइदा गर्दैन। यदि कुनै मानिसले अरूले नजानेको भाषामा बोल्छ भने, परमेश्वरले मात्र उसलाई बुझ्नुहुन्छ।

कोही मानिसहरूले “उसले के भन्दैछ कसैले बुझ्दैन” भन्ने शब्दहरू लिन्छन् जसको अर्थ यो हो कि वक्ताले आफैलाई पनि बुझ्दैन, तर यो वाक्यको प्राकृतिक अर्थ होइन। यदि एक जना जर्मनले गैर-युरोपेली मण्डलीमा गवाही दिए भने र पछि मानिसहरूले भन्यो, "उसलाई कसैले पनि बुझेन," हामीले यो भन्न सक्दैनौं कि उसले आफैलाई बुझेनन्।

जबसम्म शब्दहरूको व्याख्या गरिँदैन, तबसम्म मण्डली सुधारिएको हुँदैन।

► मण्डलीमा प्रायः कसैले नबुझेको र कसैले पनि अनुवाद नगर्ने भाषामा बोल्ने त्यस व्यक्तिबारे पास्टरले के गर्नुपर्छ ?

पद ५ मा, पावलले भने कि तिनीहरू सबैले अन्य भाषाको वरदान पाए राम्रो हुनेछ; तर १ कोरिन्थी ४:८ र १ कोरिन्थी ७:७ मा पनि हेर्नुहोस्। पावलले ४:८ मा भन्नुभएको थियो कि यदि तिनीहरूले राजाहरूझैं शासन गरे भने राम्रो हुनेछ, तर तिनले वास्तवमा त्यहिं तिनीहरूको आशा गरेनन् किनभने प्रेरितहरूले समेत दुःख भोगिरहेका थिए। उनले 7:7 मा भन्नुभयो कि यो राम्रो हुनेछ यदि तिनीहरू सबै ऊ जस्तै ब्रह्मचारी भएको; तर उनले भन्नुभयो कि सबैलाई यसको लागि बोलाइएको छैन, र हामी जान्दछौं कि विवाह अधिकांश मानिसहरूको लागि परमेश्वरको योजना हो। १४:५ मा, उहाँले केवल यो कुरा पुष्टि गर्नुहुन्छ कि सबैको लागि अन्य भाषाहरूको वरदान पाउनु राम्रो हुनेछ; उनले सबैले गर्नेछन् भन्ने संकेत गर्नुहुन्न। १ कोरिन्थी १२:२९-३० मा, उहाँले स्पष्ट रूपमा देखाउनुहुन्छ कि त्यहाँ कुनै निश्चित वरदान छैन जुन सबैले पाउनुपर्छ।

> “मण्डलीमा सार्वजनिक प्रार्थना गर्नु वा मानिसहरूले नबुझेको अन्य भाषामा संस्कारहरू सञ्चालन गर्नु परमेश्वरको वचन र आदिम मण्डलीको रीतिरिवाजसित बाझिने कुरा हो।”
>
> *- मेथोडिस्ट मण्डलीको धर्मको लेख*

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १४:६-१९ पढ्नुपर्छ।

**यदि भाषण बुझिएन भने त्यसको कुनै अर्थ हुँदैन।**

६ पदमा, प्रेरितले यस्तो प्रश्न सोधे, “तिमीहरूलाई के फाइदा हुन्छ ?” जबसम्म कुनै कुरा बुझिँदैन, तबसम्म त्यसले केही फाइदा गर्दैन। संगीत बाजाहरू पनि कुनै न कुनै ढाँचा वा धुन अनुसार बजाउनुपर्छ वा तिनीहरूको कुनै अर्थ हुँदैन, केवल कोलाहल मात्र हुन्छ। तुरहीको प्रयोग सेनालाई सङ्केत गर्न गरिन्छ। यदि तुरहीले व्यवस्थित सङ्केतहरू नगरिएको आवाज निकाल्छ भने, कसैले पनि शत्रुलाई आक्रमण गर्ने वा पालहरू पत्याउ भनेर थाहा पाउनेछैन। यस सम्पूर्ण अध्यायमा सञ्चारलाई जोड दिएको छ।

नबुझ्ने शब्दहरू बोल्नु भनेको " “हावामा बोलिरहे” (९) जस्तै हो। यसको भन्नुको तात्पर्य के हो भने यस्ता शब्दहरू बेकारका हुन्छन्।

पावलले भने कि यदि मानिसहरूले एक-अर्कालाई बुझ्दैनन् भने, तिनीहरू एक-अर्कालाई असभ्य मानिसहरू जस्तै देखिन्छन् (११)। यदि कुनै व्यक्ति नबुझी कन बोली रहन चाहन्छ भने, उसले मण्डली निर्माण गर्ने प्रयास गर्दैन तर आफ्नै कुनै उद्देश्य पूरा गर्ने कोसिस गरिरहेको हुन्छ (१२)।

► कसैले नबुझेका कुराहरू बोल्नुको कारण ति व्यक्तिसँग के हुन सक्छ ?

पावलले भने कि यदि कुनै व्यक्तिले अरू मानिसहरूलाई नचिनेको भाषामा बोल्छ भने, उसको आफ्नै समझले फल दिँदैन (१४)। पावलले त्यो मानिसले आफूलाई बुझ्न सक्दैन भनेर भनिरहेका थिएनन्, तर आफ्नै समझले अरूको भलाइ गर्दैन भनेर भनिरहेका थिए।

तिनले भन्यो कि सबै भन्दा राम्रो तरिका आत्मामा र एकै समयमा समझको साथ सेवकाई गर्नु हो (१५)। आत्मामा हुनुको अर्थ यो होइन कि कुनै व्यक्तिलाई बुझ्न सकिंदैन।

उनले भने कि अशिक्षित व्यक्तिले के भनिएको छ भनेर बुझ्न नसक्ने सम्भावना बढी हुन्छ (१६)। यसले यो कुरा पुष्टि गर्छ कि उनले वास्तविक भाषाहरूको बारेमा कुरा गरिरहेका छन्। उनले भने कि हामीले नबुझेको कुरालाई हामीले “आमीन” भन्नु हुँदैन।

पावलले थुप्रै भाषामा बोल्न पाएकोमा खुसी लागेको बताए। तथापि, तिनले भने कि नबुझेका १०,००० भन्दा बुझेका पाँच वटा शब्दहरू असल छन् (१८-१९)।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १४:२०-२५ पढ्नुपर्छ।

बुझ्न सकिने आत्माद्वारा अभिषिक्त वचनहरूले परमेश्वरको महिमा गर्छन्।

अन्य भाषाहरूको वरदानको उद्देश्य सुसमाचारको सञ्चार हो (see मर्कूस १६:१५-१७ हेर्नुहोस्)।

यदि मण्डलीमा आउने आगन्तुकले विश्वासीहरू सबै बोलिरहेको र नबुझेको सुन्छ भने, उसले सोच्नेछ कि तिनीहरू पागल हुन्। तर यदि कुनै अविश्वासीले आफ्नो हृदयलाई दोषी ठहराउने सत्यता सुन्यो भने, उसले परमेश्वर त्यहाँ हुनुहुन्छ भनेर थाह पाउनेछ।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १४:२७-३५ पढ्नुपर्छ।

**(७) *व्यवस्थाको सिद्धान्त:* मण्डलीले आराधनामा सुव्यवस्था कायम राख्नुपर्छ।**

प्रेरितले यस्तो प्रश्न सोधे: “सेवामा केही गर्नुपर्छ भनेर सबैले किन सोच्छन् ? ” कोरिन्थीका विश्वासीहरूले कुनै व्यक्तिले कुनै भाषामा बोलेको वा आराधनाको अगुवाइ गरेको खण्डमा त्यो महत्त्वपूर्ण छ भन्ने सोचाइ राख्थे, त्यसैले सबै जना त्यसो गर्न चाहन्थे।

उनले भने, 'यदि कुनै व्यक्तिले अरूले नजानेको भाषामा बोलिरहेको छ भने, त्यसको अनुवाद गर्नुपर्छ। तिनीहरूले अनुवाद गर्नुपर्ने कुराहरूको लागि आराधनाको समयमा धेरै समय लिनु हुँदैन (२७)।

अरूले नजानेको भाषा बोल्ने व्यक्तिले अनुवाद गर्ने कोही छैन भने बोल्नु हुँदैन (२८)।

एक पटकमा एकभन्दा बढी व्यक्ति बोल्नु हुँदैन (३१)। सबै जना बोल्न चाहन्थे, त्यसैले एकैचोटि धेरै जना बोलिरहेका थिए। आराधना अस्तव्यस्त थियो।

तिनीहरूमध्ये कोही व्यक्तिले आफू नियमको अधीनमा रहन नसक्ने बताएका हुन सक्छन् किनभने आत्माले तिनीहरूलाई उत्प्रेरित गर्दा तिनीहरूले आफूलाई नियन्त्रण गर्न सकेनन्। पावलले अगमवक्ताले आफैलाई नियन्त्रण गर्न सक्छन् भनी भने (३२)। उहाँले भन्नुभयो कि परमेश्वरले मण्डलीमा अराजकता उत्पन्न गर्नु हुनेछैन (३३)। पवित्र आत्माले कुनै पनि व्यक्तिलाई बाइबलको शिक्षा विपरीत काम गर्न उत्प्रेरित गर्नुहुन्न।

► आराधनामा सुव्यवस्था कायम राख्न केही असल प्रक्रियाहरू के-के हुन् ?

स्पष्ट रूपमा, कोरिन्थीको मण्डलीका महिलाहरूले अव्यवस्था निम्त्याइरहेका थिए जस्तो देखिन्छ। तिनीहरूले प्रश्नहरू सोधिरहेका र बहस गरिरहेका हुन सक्छन्, किनकि पावलले भनेका थिए कि तिनीहरू अधिकारको अधीनमा हुनुपर्छ र घरमा आफ्ना प्रश्नहरू सोध्न पर्खनु पर्छ। राम्रो परिस्थितिमा, महिलाहरूलाई सेवा गर्न र आराधनामा भाग लिन अनुमति दिन सकिन्छ, तर तिनीहरू व्यवस्थित हुनुपर्छ।

► एक बिद्यार्थीले समूहको लागि १ कोरिन्थी १४:३६-४० पढ्नुपर्छ। अन्य मण्डलीहरूसित तिनीहरूको सम्बन्धबारे पावलले के भने ?

**(८) *प्रेरितताको सिद्धान्त:* प्रत्येक मण्डलीले प्रेरितहरूको मौलिक सिद्धान्तको अधीनमा बस्नुपर्छ।**

कोरिन्थीका विश्वासीहरू आत्मिक वरदानहरूले अशिषित भएका थिए। सायद तिनीहरूले अरू कुनै अधिकारवालाको कुरा सुन्नु पर्दैन भनेर सोच्न थाले होला। पावलले तिनीहरूलाई सुसमाचार अरूबाट आएको कुरा सम्झाए। तिनीहरूले परमेश्वरको सम्पूर्ण मण्डलीको सिद्धान्तहरूको अधीनमा बस्नु पर्ने आवश्यक थियो। यदि कुनै व्यक्तिले प्रेरितको निर्देशन भन्दा आफूलाई अझ राम्ररी थाहा छ भन्छ भने, ऊ अज्ञानी छ र उसलाई बुद्धिमान् वा आत्मिक ठान्नु हुँदैन।

पावलले तिनीहरूलाई विभिन्न भाषाहरू प्रयोग गर्न निषेध नगर्न भने। अन्य भाषाहरूको वरदान महत्त्वपूर्ण छ, विशेष गरी विभिन्न भाषाहरू प्रयोग गरिएका ठाउँहरूमा; तर यो वरदान बाइबलले निर्देशन गरेको तरिकामा प्रयोग गर्नुपर्छ।

## आत्मिक शक्तिसँग मण्डलीको प्रतिस्पर्धा

त्यहाँ केही मण्डलीहरू छन् जसले आत्मिक शक्तिको प्रदर्शन गरेर ध्यान आकर्षित गर्ने प्रयास गर्छन्। आचार्यकर्म र आत्मिक वरदानहरूले सर्वोत्तम मण्डलीको पहिचान गर्छ भन्ने कुरामा तिनीहरू विश्वास गर्छन्। तिनीहरूले निको पार्ने थुप्रै आचार्यकर्महरू दाबी गर्छन्। कोही-कोही सदस्यहरूले परमेश्वरबाट बारम्बार प्रकाशका वचनहरू पाएको दाबी गर्छन्। तिनीहरूको आराधना सेवा बाइबलमा भन्दा आत्मिक वरदानको प्रदर्शनमा बढी केन्द्रित हुन्छ। तिनीहरूका अगुवाहरू प्रसिद्ध हुन खोज्छन्, तिनीहरूको आत्मिक शक्तिबारे घमण्ड गर्छन् र अरू मण्डलीहरूको आलोचना गर्छन्।

आत्मिक प्रदर्शनसँग प्रतिस्पर्धा गर्ने मण्डलीहरूमा थुप्रै समस्याहरू अवस्थित छन्। तिनीहरूका थुप्रै सदस्यहरूले र अगुवाहरूले समेत, खुला पापमा बाँचिरहेका छन्। जीवनका समस्याहरू सहने विश्वासद्वारा प्रदर्शित परिपक्व आत्मिकतालाई तिनीहरूले बुझ्दैनन्। तिनीहरूका धेरै अगुवाहरू जवान मानिसहरू छन् जो पापमाथि विजय हासिल गर्दैनन् र वृद्ध, विश्वासयोग्य विश्वासीहरूलाई सम्मान गर्दैनन्। तिनीहरूसँग अन्य भाषाहरूको वरदानबारे अधर्मशास्त्रीय अभ्यासहरू छन्। तिनीहरूका अधिकांश मानिसहरूले वास्तवमा आश्चार्यकर्महरू अनुभव गरेका छैनन्, तर आशा गरिरहेका छन्।

साँचो अर्थमा पवित्र आत्माद्वारा अभिषिक्त भएको मण्डलीले धर्मशास्त्रीय अभ्यासहरूमा विश्वास देखाउनुपर्छ र आत्मिक वरदानहरू प्रदर्शन गर्नुपर्छ। मण्डलीले आफ्ना सदस्यहरूलाई यस्तो परिपक्व विश्वास विकास गर्न डोऱ्याउनुपर्छ जसले कठिन परिस्थितिहरूमा पनि सहन सक्छ र पापमाथि विजय प्रदान गर्छ। आत्मिक वरदानहरूलाई प्रदर्शनजस्तो देखाउने सट्टा, मण्डलीले तिनै वरदानहरू विश्वासको परिवारको आवश्यकता पूरा गर्न प्रयोग गर्नुपर्छ।

► आत्मिक शक्ति प्रदर्शन गरेर अरू मण्डलीहरूसित प्रतिस्पर्धा गर्न खोज्ने मण्डलीका केही संकेतहरू के के हुन् ?

## सात सारांश भनाईहरु

१. आत्मिक वरदान भनेको विश्वासीलाई पवित्र आत्माद्वारा मण्डलीको सेवकाईमा प्रयोग गर्न दिइएको क्षमता हो।
२. प्रत्येक विश्वासीले आत्मिक वरदानहरु पाउँछ, तर प्रत्येक व्यक्तिले एउटा निश्चित वरदान पाउने आशा गर्न सकिंदैन।
३. मण्डलीका विभिन्न सदस्यहरुले आवश्यकता र महत्त्वपूर्ण प्रत्येक वरदानका साथ एउटै शरीरको रूपमा मिलेर काम गर्नुपर्छ।
४. सेवकाईको बोलावटसँगै आत्मिक वरदानहरू पनि हुन्छन्।
५. बोलेका शब्दहरू यदि बुझिएन भने त्यसको कुनै मुल्य हुँदैन।
६. विश्वासीले परमेश्वरको महिमा गर्न र मण्डलीको प्रशंसा गर्न आफ्नो वरदानलाई होसियारीपूर्वक प्रयोग गर्नुपर्छ।
७. परमेश्वर र मानिसहरूप्रतिको प्रेम अहिले र सधैंको लागि सबैभन्दा महत्त्वपूर्ण छ।

**पाठ १४ को कार्यभारहरु**

१. पाठ १४ को लागि सात सारांश भनाईहरू कण्ठ गर्नुहोस्। सात सारांश भनाईहरू (सात अनुच्छेदहरू) मध्ये प्रत्येकको अर्थ र महत्त्व को व्याख्या गर्दै एक अनुच्छेद कसैलाई लेख्नुहोस् जो तपाईको कक्षामा भाग लिएको छैन। अर्को कक्षा सुरु हुन अगाडी नै यो कार्य तपाईको कक्षा अगुवालाई बुझाउनु होला। छलफलको समयमा कक्षा अगुवाले तपाईंलाई सोध्नुभयो भने समूहलाई अनुच्छेद बाँड्न तयार हुनुहोस्। अर्को कक्षा सत्रको सुरुमा सम्झनाबाट भनाईहरू लेख्नुहोस्।

२. तपाईले आफ्नो कक्षा बाहिरको शिक्षण अवसरहरूको तालिका आफैं बनाउन सम्झनुहोस् र तपाईंले सिकाए पछि कक्षा अगुवालाई प्रतिबेदन दिनुहोस्।

३. परिक्षा: अर्को कक्षाको सत्रको सुरुमा, तपाईंले आत्मिक वरदानहरूबारे पावलका आठवटा सिद्धान्तहरू मध्ये कम्तीमा सातवटा कुरा स्मरणबाट लेख्नुपर्छ।

# पाठ १५
# मण्डलीको परिपक्वताको लागि प्रश्नहरु

## परिचय

यस पाठले प्रश्नहरूको रूपमा परिपक्व मण्डलीको विशेषताहरू दिन्छ। मण्डलीले यी प्रश्नहरूले तिनीहरु कसरी विकास गर्नुपर्छ भनेर बुझ्न विचार गर्नुपर्छ।

*यस कक्षाका विद्यार्थीहरूको समूहमा सबै एउटै मण्डलीबाट नहुन सक्छन् र मण्डलीमा हुने परिवर्तनहरूबारे निर्णय गर्न सक्नेहरू पनि नहुन सक्छन्। तिनीहरूले यी प्रश्नहरू मण्डलीको परिपक्वता स्तरको मूल्यांकन गर्न र आफ्नै सेवकाईको लागि लक्ष्यहरू निर्धारण गर्न प्रयोग गर्न सक्छन्।*

*तलको प्रत्येक प्रश्नको लागि, प्रदान गरिएको स्पष्टीकरणहरू प्रयोग गरेर प्रश्नको अर्थ छलफल गर्नुहोस्। त्यसपछि, मण्डलीलाई आवश्यक पर्ने विशेषताहरू विकास गर्न के गर्न सकिन्छ विचार गर्नुहोस्।*

## मण्डलीको परिपक्वताको लागि प्रश्नहरू

### (१) मण्डलीलाई आत्मिक जीवन दिने स-साना समूहहरू कहाँ छन् ?

स्वस्थ मण्डलीमा सामान्यतया कुनै न कुनै प्रकारका स-साना समूहहरू हुन्छन् जहाँ आत्मिक जीवन दिगो भएको हुन्छ। यी समूहहरू घर मण्डलीहरू, आइतबार स्कूलका कक्षाहरू, वा अन्य प्रकारका समूहहरू हुन सक्छन्। यी कुराहरु संगठित हुन सक्छन्, वा तिनीहरू अनौपचारिक हुन सक्छन्। आत्मिक जागृति सामान्यतया सानो समूहमा सुरु हुन्छ। मण्डलीको आत्मिक जीवन केवल आराधना सेवामा मात्र दिगो वा पुनर्जीवित हुँदैन। आत्मिक जवाफदेहिता र जीवन परिवर्तन सामान्यतया सानो समूहमा हुन्छ। मण्डलीका अगुवाहरूले यी उद्देश्यहरू पूरा गर्ने स-साना समूहहरू अस्तित्वमा छन् कि छैनन् भनेर पक्का गर्नुपर्छ। यदि मण्डलीमा अवस्थित संरचनाहरूले आत्मिक जीवनलाई सक्षम बनाइरहेका छैनन् भने, परिवर्तनहरू आवश्यक छन्।

### (२) मण्डलीको मालिक को हो ?

सेवकाई र यसको आर्थिक सहयोगको जिम्मेवारी लिने प्रतिबद्ध सदस्यहरूको समूह नभएसम्म मण्डली परिपक्व हुँदैन।

यदि सेवकाई पास्टरको लागि व्यक्तिगत व्यवसायको रूपमा सञ्चालन गरिन्छ भने, मण्डली कहिल्यै परिपक्व हुनेछैन। यदि मण्डलीको भवन भाडामा लिइएको छ भने, कुनै व्यक्ति वा बाहिरी संगठनले भाडा तिर्यो भने मण्डली परिपक्व हुँदैन।

आदर्शतया, भवन र सेवकाई मण्डलीका सदस्यहरूको समूहको स्वामित्वमा हुनुपर्छ। भवन भाडामा लिएको छ भने, त्यसको भाडा तिर्ने जिम्मेवारी मण्डलीले मिलेर लिनुपर्छ।

ख्रीष्टको दोस्रो आगमन नभए सम्म एक संस्थाको रूपमा जारी रहन स्थानीय मण्डलीको सेवकाई स्थापित गर्नुपर्छ।

**(३) स्थानीय सेवकाईलाई कसरी आर्थिक सहयोग गरिन्छ ?**

मण्डलीको लागि सबैभन्दा राम्रो आर्थिक अवस्था दशांश दिने सदस्यहरूद्वारा समर्थित हुनु हो । यदि मण्डलीलाई बाहिरी संगठनले समर्थन गरेको छ भने यो परिपक्व मण्डली होइन र कमजोरी छ । यदि यसलाई पास्टर वा केही दाताहरूले समर्थन गर्छन् र साधारण भक्त विश्वासीहरुको समूहले होइन भने, भक्त विश्वासीहरु विश्वासको परिपक्व परिवारको रूपमा विकसित भएको छैन ।

दशांश स्थानीय मण्डलीलाई समर्थन गर्ने परमेश्वरको तरिका हो। मण्डलीका अगुवाहरूले दशांशको बारेमा सिकाउनुपर्छ र बिस्तारै मण्डलीको सेवकाईको लागि स्थानीय समर्थन निर्माण गर्नुपर्छ। मण्डलीले आफ्नो सञ्चालनका लागि बाहिरी समर्थनमा भर पर्नु हुँदैन। मण्डलीको क्षमता निर्माण गर्ने परियोजनाहरूको लागि बाहिरी समर्थन प्रयोग गर्नुपर्छ ।

**(४) के मण्डलीले पूर्ण-समय सेवाकाई गर्ने पास्टरलाई समर्थन गर्छ ?**

पास्टरको लागि बाइबलीय योजना यो हो कि उसले आफ्नो सेवकाईमा पूर्ण रूपमा आफ्नो समय समर्पित गर्दछ । कहिलेकाहीं यो नयाँ मण्डलीको लागि सम्भव हुँदैन, तर मण्डलीसँग समर्थन विकास गर्ने लक्ष्य हुनुपर्दछ जसले पास्टरलाई आर्थिक आवश्यकताहरूबाट विचलित नभइकन सेवकाईमा ध्यान केन्द्रित गर्न अनुमति दिन्छ ।

**(५) आर्थिक कुराको जवाफदेहिताको लागि प्रणाली के हो ?**

भेटीहरू एक भन्दा बढी व्यक्तिहरूले सङ्कलन र गणना गर्नुपर्छ। मण्डलीको आर्थिक प्राथमिकता र नीतिहरू निर्धारण गर्न थुप्रै विश्वासयोग्य व्यक्तिहरू संलग्न हुनुपर्छ । मण्डलीका सदस्यहरूले मण्डलीको आर्थिक प्रणालीले कसरी काम गर्छ भनेर थाहा पाउनुपर्छ ।

**(६) मण्डली बाहिरका मानिसहरूलाई सुसमाचार सुनाउन कस्ता माध्यमहरू प्रयोग गरिंदैछ ?**

मण्डलीको पहिलो जिम्मेवारी मण्डलीका प्रतिबद्ध सदस्यहरूको हेरचाह गर्नु हो। तथापि, मण्डलीसधैं छिमेकका मानिसहरूसम्म पुग्नुपर्छ । मण्डलीबाहिरका मानिसहरूले मण्डलीको काम हेरिरहेका छन् र सुसमाचार सुनिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्ने गतिविधिहरू मण्डलीसित हुनैपर्छ । यीमध्ये केही गतिविधिहरू स्वतःस्फूर्त रूपमा भइरहेका हुन सक्छन् । नेताहरूले अरूलाई पनि सङ्गठित गर्नुपर्छ। क्षमता भएका सदस्यहरूलाई यी गतिविधिहरूको लागि आमन्त्रित र प्रशिक्षित गर्नुपर्छ ।

> "ख्रीष्टियन धर्मको मिशन पूरा गर्न ईश्वरीय रूपमा स्थापित सबै साधनहरू मध्ये मुख्य स्थान सुसमाचारको प्रचारको लागि तोकिएको छ ।"
> - जोन मिली,
> ख्रीष्टियन ईश्वरशास्त्र

**(७) मण्डलीले छरछिमेकको आवश्यकताहरु प्रति कस्तो प्रतिक्रिया देखाइरहेको छन् ?**

मण्डलीले छरछिमेकका आवश्यकताहरू पूरा गर्ने तरिकाहरू खोज्नुपर्छ । प्राथमिकता सधैं परमेश्वरको प्रेम देखाउनु र बाइबलका सिद्धान्तहरू प्रदर्शन गर्नु हुनुपर्छ ।

**(८) के त्यहाँ जातीय वा आर्थिक वर्गका मानिसहरू छन् जुन मण्डलीको पहुँचबाट बहिष्कृत छन् ?**

के गरीब मानिसहरूले आफूसँग भएको लुगा लगाएर मण्डलीमा उपस्थित हुदा स्वागतको महसुस गर्छन् ? आमाबाबुले नगरे तापनि के समुदायका बालबालिकाहरूलाई उपस्थित हुन स्वागत गरिएको छ ? के त्यहाँ मानिसहरूको कुनै जातीय समूह छ जसले मण्डली तिनीहरूका लागि होइन भनेर सोच्दछ ?

**(९) आगन्तुकहरूलाई कसरी अभिवादन गरिन्छ ?**

मण्डलीले मण्डलीका मानिसहरूलाई मण्डलीमा आउने मानिसहरूलाई अभिवादन गर्न तालिम दिनुपर्छ । आगन्तुकहरूलाई अभिवादन गर्ने सबैभन्दा महत्त्वपूर्ण उद्देश्य आगन्तुकलाई स्वागत र सहज महसुस गराउनु हो । धेरै मान्छेले आगन्तुक सँग परिचय प्राप्त गर्न प्रयास गर्नुपर्छ । उसलाई अर्को आराधना सेवामा मात्र होइन, तर सानो समूहको भेला वा घरको भेलामा पनि निमन्त्रणा गर्नुपर्छ जहाँ तिनले सिक्न सक्छन र प्रश्नहरू सोध्न सक्छन् ।

**(१०) नयाँ ख्रीष्टमा परिवर्तन गर्नेहरूलाई तुरुन्तै चेला बनाउन मण्डलीको तरिका के हो ?**

जब कुनै व्यक्तिले उद्धार पाउँछ, चाहे त्यो मण्डलीमा होस् वा अन्यत्र, उसलाई आराधना सेवामा मात्र होइन, तर तुरुन्तै चेला बनाउने प्रणालीमा पनि आमन्त्रित गर्नुपर्छ । यो पास्टरसँग व्यक्तिगत भेटबाट सुरु हुन सक्छ । साप्ताहिक रूपमा भेला हुने एउटा सानो समूहमा उसलाई निमन्त्रणा गर्न सकिन्छ । मण्डलीले नयाँ ख्रीष्टमा परिवर्तन गर्नेहरूको सेवा गर्न तयार हुनुपर्छ ।

**(११) मण्डलीले आत्मिक परिपक्वतालाई कसरी वर्णन गर्छ ?**

आत्मिक तवरमा परिपक्व व्यक्तिहरू कस्तो देखिन्छन् ? भक्त विश्वासीहरुलाई आत्मिक परिपक्वताका विशेषताहरू सिकाउनुपर्छ । यी विशेषताहरू सँधै अगुवापनको क्षमता वा प्रतिभासँग मेल खाँदैनन्, तर यी विशेषताहरू भएका व्यक्तिहरूलाई उदाहरणको रूपमा सम्मान गर्नुपर्छ ।

**(१२) उद्देश्यपूर्ण आत्मिक विकासको लागि प्रणाली के हो ?**

मण्डलीको एउटा महत्त्वपूर्ण कार्य भनेको यसका सदस्यहरूको आत्मिक विकासमा सहयोग गर्नु हो (एफिसी ४:११-१३) । मण्डलीका अगुवाहरूले आत्मिक विकास भइरहेको छ भनेर मात्र आशा गर्न सक्दैनन् । तिनीहरूले मण्डलीमा प्रचार मात्र गर्नुहुँदैन र सम्पूर्ण आत्मिक विकासलाई व्यक्तिगत पहलमा छोड्नु हुँदैन। पास्टरहरूसित मानिसहरूलाई आत्मिक अनुशासनहरू प्रयोग गर्न प्रोत्साहन दिने प्रणाली हुनुपर्छ। तिनीहरूले यसलाई स्वीकार गर्ने सबैलाई जवाफदेही प्रदान गर्नुपर्छ । यो व्यक्तिगत कुराकानी, सानो समूह, कक्षाहरू र अन्य तरिकाहरू मार्फत गर्न सकिन्छ ।

**(१३) के त्यहाँ सदस्यता संरचना छ जसले मानिसहरूलाई मण्डलीमा प्रतिबद्ध हुने तरिका प्रदान गर्दछ ?**

मण्डलीप्रति प्रतिबद्ध हुन चाहने मानिसहरूले प्रतिबद्धताको अर्थ के हो भनेर विशेष गरी जान्न आवश्यक छ। कुनै-कुनै मण्डलीले सदस्यता संरचना नभएको दाबी गर्छन्, तर हरेक मण्डलीसँग आफ्ना मानिसहरू को हुन् भनेर थाहा पाउने कुनै न कुनै तरिका हुन्छ । मण्डली बनाउने मानिसहरू को हुन् भनेर सबैले जान्न आवश्यक छ ।

> "येशूले धर्मत्यागीहरूलाई व्यक्तिगत रूपमा बोलाएर र आफूवरिपरि भेला गरेर, तालिम दिएर, अनुशासन दिएर र तिनीहरूलाई उद्घोषणा र संस्कारको सेवकाईमा खटाएर मण्डलीको स्थापना गर्नुभयो, स्पष्ट रूपमा शक्तिले सुसज्जित र बप्तिस्मा, प्रचार, अनुशासन र पुनरुत्थान हुनुहुने प्रभुसँग पास्कल भोजन मनाउन अधिकार प्राप्त हुने एउटा चलिरहेको समुदायलाई निर्माण गर्ने आफ्नो अपरिवर्तनीय मनसाय प्रकट गर्नुभयो ।"
>
> - थोमस ओडेन,
>
> *आत्मामा जीवन*

**(१४) के सदस्यता आवश्यकताहरू स्पष्ट छन् र सबैलाई थाहा छ ?**

सदस्यताका लागि के कस्ता प्रतिबद्धताहरू आवश्यक छन् भन्ने कुरा सबैलाई थाहा हुनुपर्छ । एक सदस्य बन्नको लागि आवश्यकताहरु र प्रक्रियाको विवरण छापिएको हुनु पदर्छ ।

**(१५) के सदस्यता आवश्यकताहरूले ख्रीष्टमा परिवर्तन भएका व्यक्तिलाई चाँडै संलग्न हुन अनुमति दिन्छ ?**

एक ख्रीष्टमा परिवर्तन भएका व्यक्ति जो मण्डलीमा प्रतिबद्ध हुन तयार छ, तुरुन्तै मण्डलीलाई मद्दत गर्न सक्षम हुनुपर्दछ । यसको अर्थ यो होइन कि उसलाई पद वा अगुवापनको जिम्मेवारी दिइनुपर्छ, तर उसले आफू मण्डलीको भाग हो भनेर थाहा पाउनुपर्छ ।

**(१६) मण्डलीको मूल्य मान्यताहरु र स्तरहरू कायम राख्न जिम्मेवार समूह के हो ?**

भक्त विश्वासीहरुको भेला भित्र प्रतिबद्ध सदस्यहरूको एउटा समूह छ जसले मण्डलीको प्रकृति निर्धारण गर्छ । तिनीहरू डिकनहरूको बोर्ड हुन सक्छन् वा तिनीहरू मतदान गर्ने सदस्यहरूको समूह हुन सक्छन् जसलाई परिचालक निकाय भन्न सकिन्छ । अगुवाहरूले यस समूहको विकासमा विशेष ध्यान दिनुपर्छ । त्यस समूहमा हुने परिवर्तनले मण्डलीको भविष्य निर्धारण गर्नेछ । पास्टर तिनीहरूप्रति जवाफदेही हुनुपर्छ र तिनीहरूलाई जानकारी गराउनुपर्छ । मण्डलीका लागि तिनीहरू र अगुवापनको टोलीको एउटै प्राथमिकता हुनुपर्छ ।

**(१७) के मण्डली स्पष्ट दर्शनप्रति प्रतिबद्ध छ ?**

पास्टर, अगुवापन टोली र प्रतिबद्ध सदस्यहरूको समूहले मण्डलीको उद्देश्य र लक्ष्यहरूबारे छलफल गर्न धेरै समय बिताउनुपर्छ । तिनीहरूले मण्डलीको दर्शन विकास गर्नुपर्छ जुन तिनीहरूले समर्थन गर्न सक्दछन् । भक्त विश्वासीहरुले मण्डलीको दर्शनसित परिचित हुनु आवश्यक छ ।

**(१८) के मण्डलीका सदस्यहरूलाई मण्डलीका सिद्धान्तहरू थाहा छ ?**

मण्डलीले आफ्ना मानिसहरूलाई आराधना सेवा गर्न र आत्मिक अनुभवहरू प्राप्त गर्न अगुवाई गर्नु बाहेक अरू धेरै केही गर्नै पर्छ । जब कुनै बाहिरी व्यक्तिले कुनै सदस्यलाई सोध्छ, "तपाईंको मण्डलीले के विश्वास गर्छ ?" सदस्यसँग राम्रो जवाफ हुनुपर्छ । सदस्यहरूले ईसाई धर्मका आधारभूत सिद्धान्तहरू र आफ्नो मण्डलीका विशेष सिद्धान्तहरूको व्याख्या गर्न सक्षम हुनुपर्छ ।

**(१९) के सदस्यहरूले मण्डली र यसको संगठन बीचको सम्बन्ध बुझ्छन् ?**

मण्डलीले आफ्नो संगठन प्रतिको आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्छ । संगठनमा भएको सङ्गतिले मण्डलीको सिद्धान्तलाई समर्थन गर्न मदत गर्न सक्छ । मण्डलीका मानिसहरूलाई संगठनका कार्यक्रमहरूमा भाग लिन प्रोत्साहन दिनुपर्छ ।

**(२०) आराधना सेवाहरूको योजना र मूल्यांकन कसरी गरिन्छ ?**

अगुवाहरूले प्रार्थनाका साथ आराधना सेवाको योजना बनाउनुपर्छ । यदि पवित्र आत्माले सेवालाई अनपेक्षित दिशामा अगुवाई गर्नुहुन्छ भने, यो अचम्मको कुरा हो; तर अन्यथा, अगुवाहरूले पछयाउने योजना बनाउनुपर्छ । त्यहाँ बैठकहरू हुनु पर्दछ जहाँ धेरै अगुवाहरूले सेवाहरूको विवरणमा सँगै काम गर्छन् ।

यदि मण्डलीको राम्रो आराधना सेवा छ भने, भक्त विश्वासीहरु संलग्न हुन्छन् र चासो राख्छन् । मण्डलीले सेवाका विभिन्न भागहरूमा धेरै मानिसहरूलाई प्रयोग गर्ने प्रयास गर्नुपर्छ ताकि अझ धेरै मानिसहरूलाई चासो र प्रतिबद्ध राख्न मदत मिलोस् ।

**(२१) के बप्तिस्मा र प्रभु भोजको अभ्यास धर्मशास्त्रीय र अर्थपूर्ण तरिकामा गरिएको छ ?**

प्रत्येक साँचो ख्रीष्टमा परिवर्तन गर्ने व्यक्तिले पहिल्यै बप्तिस्मा लिएको हुनुपर्छ वा चाँडै बप्तिस्मा लिने तालिकामा हुनुपर्छ । जो सँग अनुग्रहको गवाही भएकाहरूलाई प्रभु भोज दिनुपर्छ । सहभागीहरूलाई आराधना गर्न मदत गर्ने गरी प्रभु भोजको अभ्यास गर्नुपर्छ ।

**(२२) के मण्डलीले बाइबलीय मण्डलीको अनुशासनको अभ्यास गर्छ ?**

मण्डलीले पापको विरुद्धमा उभिनुपर्छ । मण्डलीको कुनै सदस्य पापको दोषी छ भने, उसलाई सामना गर्नै पर्छ । उसलाई पश्चात्तापमा ल्याउने र उसलाई आत्मिक विजय तर्फ पुनर्स्थापना गर्न लक्ष्य हुनुपर्छ ।

**(२३) के सेवकाईको जिम्मेवारीहरु बाँड्ने कुनै टोली छ ?**

अगुवापनको टोली नबनाए सम्म सेवाकाई अघि बढ्न सक्दैन । प्रत्येक व्यक्ति आफूले प्रभाव पार्न सक्ने मानिसहरूको संख्या र उसले बोक्न सक्ने जिम्मेवारीहरूमा सीमित हुन्छ । मण्डलीको सेवकाई एक व्यक्तिको सेवकाई हुनु हुँदैन ।

**(२४) सेवकाईको टोलीमा सदस्यहरू छान्नको लागि, प्रशिक्षण दिनको लागि र थप्नको लागि प्रणाली कस्तो छ ?**

अगुवापनको टोलीका लागि नयाँ सदस्यहरू विकास नगरे सम्म सेवकाई अघि बढ्न सक्दैन । टोलीका लागि सदस्यहरू धेरै सावधानीपूर्वक छान्नु पर्दछ, तर मण्डलीले सधैं भविष्यमा जिम्मेवारी लिन सक्ने व्यक्तिहरू फेला पार्न र विकास गर्न काम गरिरहेको हुनुपर्छ। सेवकाईको वृद्धि अधिक अगुवाहरूको विकासमा निर्भर गर्दछ ।

> "उही एकल शरीर जसले शासकहरू र शक्तिहरू विरुद्ध संघर्ष गर्दछ, र जसले भविष्यमा अझ गम्भीर कठिनाइहरूको अपेक्षा गर्दछ, एकै समयमा स्वर्गीय शहरमा आफ्नो शिरको साथ एकताबद्ध भएको कारण पहिले नै विजयी भएको छ, प्रभुमा पूर्ण आनन्दको अनुमान गर्दै जहाँ सबै विश्वासीहरूले अन्तको दिनमा एक साथ परमेश्वरको प्रशंसा गर्नेछन् ।"
>
> - विलियम पोप,
>
> *ख्रीष्टियन ईश्वरशास्त्रको एक संग्रह*

**(२५) मण्डलीमा हुने विवाद र समस्याहरूको जवाफ दिने प्रणाली कस्तो छ ?**

नसुल्झिएका विवादहरूले मण्डलीलाई ध्वस्त पर्दछ। मानिसहरूसितको व्यक्तिगत विवादलाई कसरी सुल्झाउन सकिन्छ भनेर भक्त विश्वासीहरुलाई सिकाउनुपर्छ । मण्डलीका अगुवाहरूले विवादलाई बेवास्ता गर्नुहुँदैन तर मेलमिलाप ल्याउन मदत गर्न तयार हुनुपर्छ ।

**(२६) के मण्डलीले अन्य मण्डलीहरूसँगको साझेदारीमा मिसनहरूलाई समर्थन गरिरहेको छ ?**

यदि कुनै मण्डली साँच्चै परमेश्वरको राज्यलाई अघि बढाउन चाहन्छ भने, यसले आफ्नो स्थानीय प्रभाव विस्तार गर्ने काम गर्नु मात्र होइन, तर अन्य सेवकाईहरूलाई पनि समर्थन गर्नु हो । एउटा मण्डलीले परमेश्वरको महिमाको लागि हो भनेर देखाउँछ जब यी कुराहरु सेवकाईको लागि दिईन् छ जसले आफैलाई फाइदा गर्दैन ।

**(२७) के मण्डलीले नयाँ मण्डली सुरु गर्न मदत गरिरहेको छ ?**

एउटा परिपक्व मण्डलीले नजिकैको इलाकामा नयाँ मण्डली सुरु गर्न मदत गर्नुपर्छ । नयाँ मण्डलीले ती मानिसहरूसम्म पुग्नेछ जसको पहुँच पहिले नै अवस्थित मण्डलीले पुऱ्याएको थिएन ।

**(२८) के मण्डलीको सेवकाईले मण्डलीका सबै उमेर र वर्गका मानिसहरूको सेवा गर्छ ?**

बच्चाहरू, वृद्धहरू, जवान मानिसहरू, जवान परिवारहरू, पुरुषहरू, अविवाहित व्यक्तिहरू र अरूहरूको आवश्यकताहरू मण्डलीको लागि महत्त्वपूर्ण हुनुपर्छ। मण्डलीले आत्मिक परिपक्वताको सबै स्तरका मानिसहरूको आवश्यकताबारे पनि सोच्नुपर्छ।

**(२९) के मण्डलीका जनहरूले सदस्यहरूको आवश्यकता पूरा गर्न मिलेर काम गर्छन् ?**

मण्डलीका मानिसहरूको आर्थिक आवश्यकताबारे मण्डलीले ख्याल गर्नुपर्छ। प्रायजसो आवश्यकताहरू मण्डलीका अगुवाहरूद्वारा प्रशासन विना नै एकअर्कालाई मदत गर्ने मानिसहरूले पूरा गर्नुपर्छ। यदि अधिकांश सदस्यहरूले अरूलाई मदत गर्ने जिम्मेवारी महसुस गर्दैनन् भने, तिनीहरूले अझै पनि परिपक्व मण्डली गठन गरेका छैनन्।

**(३०) मण्डलीका मानिसहरूको आर्थिक आवश्यकतापूरा भएको कुरा मण्डलीले कसरी सुनिश्चित गर्छ ?**

मण्डलीमा डिकनहरू हुनुपर्दछ जसले आवश्यकताहरू ध्यान दिइएको छ भनेर सुनिश्चित गर्दछ। प्रेरित को पुस्तकमा मण्डलीले यस प्रयोजनको लागि पहिले डिकनहरू नियुक्त गऱ्यो।

# कार्यभारको अभिलेक

विद्यार्थीको नाम ________________________________________

प्रत्येक कार्यभारहरू पूरा भएपछि पहिलो अक्षर लेख्नुहोस। विद्यार्थीले ७०% वा सोभन्दा बढी अंक प्राप्त गरेपछि परीक्षा समापन भएको मानिन्छ। Shepherds Global Classroom बाट प्रमाणपत्र प्राप्त गर्न सबै कार्यभारहरू सफलतापूर्वक पूरा हुनुपर्दछ।

| पाठ | सात भनाईहरु र अनुच्छेदहरु | अन्तर्वार्ताहरु | लेखन | परिक्षा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| कक्षा बाहिरको शिक्षण | | | | |

Shepherds Global Classroom बाट पूर्णताको प्रमाणपत्रको लागि आवेदन हाम्रो वेबपेज www.shepherdsglobal.org मा पूरा हुन सक्छ। प्रमाणपत्रहरू SGC को अध्यक्षबाट प्रशिक्षकहरू र सहजकर्ताहरूलाई डिजिटल रूपमा प्रेषित गरिनेछ जसले उनीहरूको विद्यार्थी (हरू) को तर्फबाट आवेदन पूरा गर्दछ।

ख्रीष्ट-केन्द्रित। तालिम। सबैतिर।

shepherds
GLOBAL CLASSROOM

SHEPHERDSGLOBAL.ORG